६२

# अमर ज्योति

साहित्यिक त्रैमासिक





## समालोचना विशेषाङ्क

जेठ-२०८१

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

# साहित्यकार पारिजात



जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २१, पूर्णाङ्क ६२
(चैत २०८०–जेठ २०८१)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea .org .np, फोन नं. : ०१-४१५३०८९

मूल्य रूः १२०.००

# समालोचनाः सास्ती र प्रशस्ति बीचको विवेकशील बाटो

शब्दकोशीय अर्थका आधारमा हेर्दा 'आलोचना' र 'समालोचना'लाई समानार्थी शब्द मान्नुपर्ने देखिन्छ । तर यी दुई शब्दको लोकप्रचलित अर्थ चाहिँ अलिक बेग्लै छ । लोकले 'आलोचना' शब्दलाई लाञ्छना, तेजोवध, मानमर्दन, नकारात्मक टिप्पणी आदि अर्थमा मात्र स्वीकार गर्दै आएको देखिन्छ ।

आलोचना अकारण पनि गरिन सक्छ । परपीडनरतिमा रमाउनेहरू अकारण आलोचना गर्छन् र त्यसैलाई विद्वता ठान्छन् । सकारण आलोचना चाहिँ समालोचनाको धेरै नजिक छ । कसैले तथ्यमा टेकेर तर्कपूर्ण आलोचना गर्छ भने त्यसलाई आलोचनाभन्दा बढी समालोचनाकै रूपमा बुझ्नु उपयुक्त हुन्छ । तर त्यस्तो आलोचनाले समालोचनाको मान्यता प्राप्त गर्न कमजोरीसँगै गुण र गरिमा पक्षको पनि वस्तुनिष्ठ समीक्षा गरिएको हुनैपर्छ ।

उठान गर्न लागिएको सन्दर्भ हो-साहित्यिक समालोचनाको । साहित्यिक समालोचना मूलतः साहित्यिक रचनाहरूको वस्तुपक्ष तथा रूप पक्षको विश्लेषण र मूल्याङ्कन् कसँग सम्बन्धित हुन्छ । यो कोरा आलोचना जस्तो दोषानुसन्धान गर्ने कार्य मात्र होइन । यो त साहित्यिक सङ्कथनमा निहित गुण, दोष, विशेषता, उपयोगिता आदि पक्षलाई द्रष्टा भएर निष्पक्ष रूपले व्याख्या-विवेचना गर्ने दृष्टिकोण, प्रक्रिया र कर्म हो ।

पूर्वस्थापित मापदण्डको कसीमा घोटेर रचनाको मूल्य, स्तर र स्थान निर्धारण गर्ने न्यायिक कार्यलाई व्यावहारिक समालोचना भनिन्छ । समालोचनाको नयाँ सैद्धान्तिक मूल्यको अन्वेषण गर्नु चाहिँ सैद्धान्तिक समालोचनाको विषयक्षेत्र हो । जुनसुकै प्रकारको समालोचना किन नहोस्, यसको मूल ध्येय सिद्धान्त निर्माण गर्नु तथा सैद्धान्तिक ज्ञान, व्यावहारिक अनुभव र सामाजिक सन्दर्भसँग जोडेर अमूक सिर्जनाको विश्लेषण गर्नु नै रहेको हुन्छ ।

साहित्य सामान्यतयाः कसिलो र मितव्ययी आयाममा संरचित हुन्छ । यो सूत्रात्मक, विम्बात्मक, प्रतीकात्मक र वक्रोक्तिपूर्ण हुने हुँदा सहजै बोधगम्य पनि हुँदैन । तसर्थ सिर्जनाको गर्भमा लुप्त-गुप्त रूपमा रहेको विचार, सन्दर्भ र त्यसमा निहित कलात्मक मूल्यलाई तन्काएर, फिँजाएर अनि आवश्यक ठाउँमा खोलुवा समेत दिएर पाठकलाई रचनाको प्राकृतिक स्वादको आस्वादन गराउने काम समालोचनाले गरिदिन्छ । समालोचनालाई सिर्जनापछिको उत्तरवर्ती कार्यकलाप र 'कथनको पुनः सिर्जना'को रूपमा पनि हेर्ने गरिन्छ ।

समालोचना गर्ने व्यक्तिहरू नै समालोचक हुन् । स्वस्थ सिर्जना उमार्नका लागि साहित्यिक फूलबारीलाई यथोचित मलजल गरिराख्नु समालोचकको धर्म हो । उसको काम सर्जकको टाउकामा बारूलाको गोलो खन्याउनु होइन बरू सर्जक चिप्लन सक्ने खुड्किलाहरूलाई खस्रो तुल्याइदिनु हो; सर्जकलाई अतिशय भावुकता र सतही लेखनको चङ्गुलमा फस्नबाट जोगाउनु हो । तसर्थ रचनाको विश्वसनियता अभिवृद्धि गर्न, रचनाको सामाजिक स्वीकार्यताको दायरालाई फराकिलो तुल्याउन तथा लेखनप्रति लेखकको अभिरूचि बढाउन सहयोग पुऱ्याएर समालोचकले आफूलाई 'मेन्टर' र 'मोटिभेटर' को रूपमा उभ्याउनु आजको टड्कारो आवश्यकता देखिन्छ ।

सिर्जनाविना समालोचना गर्ने आधारभूमि नै खडा नहुने रहेछ । समालोचनाविनाको सिर्जना पनि कुपोषणले चाउरिएको बालकजस्तो हुँदोरहेछ । यी दुईबीचको सहसम्बन्धलाई गम्भीर रूपले मनन गरेपछि हामीमा समालोचना विशेषाङ्क प्रकाशन गर्ने हुटहुटी जागेको हो । त्यसपछि "क्षणे क्षणे यन्वतामुपैति, तदेव रूपं रमणीयतायाः" अर्थात् क्षण क्षणमा नवीनता प्राप्त गर्नु नै रमणीयता हो भन्ने महाकवि कालीदासको सूक्तिलाई मनन गर्दै हामी विद्युतकर्मीले यसपटक नवीनताको खोजमा केही बेग्लै कदम उठाएका हौँ । नित्य निरन्तर साहित्यिक फाँटमा केही फरक काम गरेर 'सत्यम्, शिवम् र सुन्दरम्' को पक्षमा उभिइरहने हाम्रो चाहनाको प्रकट रूप बनेर समालोचना विशेषाङ्क– २०८१ आएको छ ।

हामीले यस अङ्कमा विशिष्ट विद्वानहरूले तयार पार्नु भएको समालोचनालाई सङ्गृहीत गरेका छौँ । समालोचक अन्तिम न्यायाधीश हो कि पाठक ? भन्ने पेचिलो बहस चलिरहेको तथा निसमालोचना, प्रतिसमालोचना जस्ता नयाँ अवधारणाहरूले बजार तताउँदै गरेको समयमा हामीले समालोचना अङ्क सार्वजनिक गरेका छौँ । यी सबै खालका बहसहरू नेपाली समालोचनाको विकासका लागि नै हुन् भन्ने हाम्रो ठम्याइ छ । यस अङ्कमा प्रकाशित समालोचनात्मक रचनाहरूले नेपाली समालोचना लेखनको वर्तमान प्रवृत्तिलाई मात्र प्रतिनिधित्व नगरेर समालोचना लेखनको गति र भावी कार्यदिशालाई समेत निर्देश गर्न सक्छ भन्ने हामीलाई विश्वास लागेको छ ।

र, अन्त्यमा

हामीप्रति सदभाव दर्शाएर एकै वचनमा यति गहकिला समालोचनात्मक आलेखहरू उपलब्ध गराउनु हुने तमाम समालोचकज्यूहरूप्रति नम्रतापूर्वक कृतज्ञता प्रकट गर्दछौँ । हामी सिक्दैछौँ; त्यसैले लजाउन र धकाउन आवश्यक ठानेका छैनौँ । जति जानेका छौँ त्यति गरेका छौँ । कुनै कोणबाट अल्पज्ञान प्रदर्शन भएको पाइयो भने त्यसलाई सिकारू प्रयास ठानेर औँल्याइ दिनुहोला । त्यो हाम्रा लागि सुध्रने ठूलो मौका हुनेछ ।

**– अतृप्त**

# ◆ विषय क्रम

■ **मूल लेख**
साहित्यिक समालोचनाको सैद्धान्तिक विमर्श
- डा. नेत्र एटम/७

■ **समालोचना**
● 'सम्झनाका झिल्काहरू' सङ्ग्रहका संस्मरणात्मक निबन्धमा वस्तु र विचार
- उपप्रा. अनुपमा रेग्मी/१९

● अतृप्तको 'घर फर्कने तिर्खा'मा राष्ट्रियताको भावबोधन
- उपप्रा. आर.एम्. डङ्गोल/२९

● 'जिल खाइरहेको एक्काइसौं शताब्दी' भित्रका जिल खुवाउने कविता
- डा. कौशिला रिसाल/४१

● जीवनबोधको उच्चतम कृति 'तँ अब बुढो भइस्'
- छविरमण सिलवाल/५०

● छोटा कायका धारिला कविताको कृति 'आखरको आरन'
- ठाकुर बेलवासे/५४

● 'सन्दिग्ध शताब्दीभित्र' का निबन्धहरूको अवलोकन
- ठाकुर शर्मा भण्डारी/६३

● कवि अनिल श्रेष्ठको कवितामा संसद् र सरकार विषयक बहस
- तेजविलास/७३

● 'ढुङ्गाको बीउ' लाई शब्दको उकेरा
- प्रा.डा. भागवत ढकाल/८२

● 'घाम झुल्किनुअघि': आलोचनात्मक यथार्थवाददेखि समाज यथार्थवादसम्म
- डा. मधुसूदन गिरी/१००

● 'सागरदेखि सगरसम्म'मा विचरण गर्दा
- मुकुन्द्रप्रसाद प्रसाईं/१०८

● 'अचानक यो साँझ'मा घोत्लिँदा
- डा. रामदयाल राकेश/११८

● 'पर्दाभित्र...' उपन्यासमाथि समालोचकीय दृष्टिपात
- वासुदेव गुरागाईं/१२५

● 'हिमालका आवाज' कविताकृतिका कवितामा प्रतिरोध चेतना
- उपप्रा. हेमबहादुर भण्डारी/१४१

**साहित्यिक गतिविधि**
वसन्त काव्य गोष्ठी, पुस्तक लोकार्पण तथा अमरज्योति साहित्य सम्मान- २०८१ समर्पणको कार्यक्रम सम्पन्न/१६७

# साहित्यिक समालोचनाको सैद्धान्तिक विमर्श



डा. नेत्र एटम

## प्रवेश र प्रकार्य

१. समालोचना के हो र यसको स्वरूप कस्तो हुन्छ ?

२. समालोचनाले कृति, इतिहास, लेखक र समाजको विचारलाई कसरी समेटेको हुन्छ ?

३. साहित्यको विकासका लागि लेखक र समालोचकका बीच केकस्तो सम्बन्ध आवश्यक पर्छ ?

४. समालोचनाको भाषा कस्तो हुनुपर्छ ?

५. साहित्य र समालोचनाबीच कसरी समन्यव र सहकार्य गर्न सकिएला ?

प्रस्तुत लेखमा उपर्युक्त प्रश्नहरूमा केन्द्रित रही साहित्यिक समालोचनाको सैद्धान्तिक आधारबारे विमर्श गरिएको छ । समालोचना भनेको कृतिबारे गरिने निम्नलिखित चार प्रमुख कामलाई समष्टिमा बुझाउने शब्द हो : (१) अध्ययन, (२) तुलना, (३) मूल्याङ्कन, र (४) व्याख्या । त्यसै क्रममा समालोचनाले साहित्यसिद्धान्तको पनि काम गर्छ साथै कृतिको विश्लेषण गर्ने, लेखकलाई कृति बुझ्ने-ग्रहण गर्ने नयाँ एवम् उदार दार्शनिक ढाँचा पनि प्रदान गर्छ । समालोचक अध्ययनमा अद्यावधिक हुने हुँदा उसले ज्ञानका विभिन्न विषयक्षेत्रसित साहित्यिक कृतिलाई जोडेर उसले अन्तरविषयक समालोचनामा प्रवेश गर्ने बाटो बनाउँछ । समकालीन, ऐतिहासिक वा वैचारिक, शिल्पगत आधारहरूको तुलना गरेर समालोचनामा कृतिको सापेक्षित स्तरको मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनको तथ्यगत र तार्किक व्याख्या गरेर त्यसलाई पाठकसमक्ष चित्तबुझ्दो तरिकाले पुष्टि गर्नु समालोचनाको काम हो । समालोचनाले समग्रमा कृति, सौन्दर्य, सिद्धान्त, कृतिकार, भाषा, समाज, परम्परा, विचारधारा आदि अनेकौँ सन्दर्भहरूमा रहेर मूल्याङ्कन पद्धतिलाई व्यवस्थित गर्ने हुँदा यसका प्रमुख प्रकार्यहरू निम्नलिखित छन् :

(क) समाजमा साहित्य र साहित्यकारको भूमिकाको मूल्याङ्कन
(ख) विधाका तत्त्वहरूका आधारमा साहित्यिक कृतिहरूको निरूपण
(ग) अझै सुन्दर सिर्जनाका निम्ति लेखकहरूलाई उपयुक्त सुझाव र सल्लाह
(घ) साहित्यले पाठकमा पारेको प्रभावको परीक्षण
(ङ) सौन्दर्यशास्त्रीय आधारमा कृतिकेन्द्रित अध्ययन
(च) समाज, साहित्य, चिन्तन, भाषा, पाठक र लेखकको मूल्याङ्कनका सन्दर्भमा साहित्यिक इतिहासको लेखन
(छ) कृतिगत अध्ययन, विश्लेषणका आधारमा सिद्धान्तहरूको निर्माण

यसरी हेर्दा समालोचनाका क्षेत्रहरू विस्तृत देखिन्छन् र साहित्यका सिद्धान्तहरूका निर्माता, व्याख्याता, सौन्दर्यशास्त्री, साहित्येतिहासकार, कृतिका विश्लेषक, मूल्याङ्कनकर्ता सबैका कर्महरू समालोचनाका रूपमा रहँदारहेछन् । कृतिकारको योगदानको सामान्य आकलन गर्न र तिनका विविध प्रकारका कृतिहरूको सार, पात्र, कथानक, भाषा, चिन्तन आदिका बारेमा बुझ्न भने यसले सघाउँछ ।

## समालोचनाको महत्त्व

साहित्यिक समालोचनाको एउटा उद्देश्य पाठकको कृतिबारेको बुझाइ र त्यसको अर्थ ग्रहण गर्ने क्षमतालाई विस्तारित गर्नु हो । त्यस क्रममा पाठक सारांश भन्न, व्याख्या गर्न र मूल्यको अन्वेषण गर्न सक्षम हुन्छ । यसका निम्ति समालोचकले पाठकलाई कृतिको सघन पठनतिर आकर्षित गरी डोऱ्याउन सक्नुपर्छ र मात्र पाठकले कृति पठनका चुनौतीहरू पार गरेर त्यसमा निहित गूढ अर्थहरू बोध गर्न सक्छ । साहित्यिक समालोचकको मनशाय पाठकका निम्ति कृतिबारे विमर्श गर्न उपयुक्त अवकाश दिने प्रकृतिको हुनुपर्छ, त्यसबाट नै पाठकले कृतिको सौन्दर्यका छटा पर्गेल्न र कृतिमार्फत सांसारिक जटिलताको भेउ पाउन सक्छ । यस्तो समालोचना खुला प्रकारको हुन्छ, जसमा समालोचकले कृतिबारे आफ्नो एकल निर्णय पाठकसमक्ष प्रस्तुत गर्दैन । समग्रमा समालोचना पढेर लेखक र पाठकले तीन प्रकारका लाभ लिन सक्छ :

१. यसले पाठकको विश्वदृष्टिकोण (वरल्ड भ्यू) उदार बनाउँछ किनभने समालोचनाले कृतिको मूल्याङ्कन गर्ने विभिन्न आयामहरू दिन्छ र पाठकलाई साहित्यिक संसार हेर्ने नयाँ र पृथक् दृष्टिकोणहरू उपलब्ध गराउँछ । यसबाट पाठकले आफ्नै मूल्याङ्कन पद्धति तयार गर्ने आधार पनि पाउँछ ।

२. यसले साहित्यलाई अझै राम्रोसँग बुझ्न उत्प्रेरित गर्छ किनभने साहित्यिक समालोचनाले पाठकलाई कृति अध्ययन, तुलना, मूल्याङ्कन र व्याख्या गर्ने उपकरणहरू दिन्छ । यसले साहित्यिक विधाको अवधारणाको औचित्य, तिनका विशिष्टता तथा तिनलाई आलोचनात्मक ज्ञानबाट विश्लेषण गर्ने पद्धति देखाइदिन्छ ।

३. यसले लेखनमा प्रचलित परम्परागत सिद्धान्तहरू सिकाएर लेखकलाई शैली नवप्रवर्तन गर्ने अवसर सिर्जना गर्छ किनभने समालोचकले इतिहासमा रहने समय र सन्दर्भका सीमाहरू पार गरेर अन्य गोलार्द्धहरूको खोजीमा जान लेखकलाई साहस दिन्छ ।

## समालोचकको क्षमता र अध्ययनक्षेत्र

कृतिको मूल्यनिर्णय वा समालोचना गर्ने व्यक्ति समालोचक हो । उसले कृतिको व्याख्या र अन्तर्य एवम् रूपका बारेमा प्राज्ञिक, तार्किक र वैकल्पिक विमर्श गर्छ । समालोचकको मूल केन्द्र कृतिको तात्पर्यको वर्णन गर्नु नै हो तर त्यसका निम्ति उसले कृतिलाई सौन्दर्यशास्त्र, समाज, राजनीति, संस्कृति, आदि सन्दर्भहरूलाई पनि उपयोग गरेको हुन्छ । उसको नियत तार्किक कारणहरूको खोजी गरेर कृतिका तात्पर्यहरूलाई निर्क्यौल गरेर मात्र पूरा हुँदैन, विभिन्न विचारधारा र सांस्कृतिक परिप्रेक्ष्यमा त्यसले कसरी पृथक् पृथक् तरिकाले मुद्दालाई सम्बोधन र प्रस्तुत गर्छ भन्ने कुराको निरूपणमा पनि केन्द्रित हुनुपर्छ । त्यसैले समालोचकमा केही विशेष ज्ञान, सिप र अभिव्यक्ति क्षमता हुनु आवश्यक छ । उसमा व्यापक अध्ययन, साहित्यका विभिन्न विधालाई पर्गेल्ने प्राज्ञिक योग्यता, प्राविधिक कुशलता एवम् दार्शनिक चिन्तनलाई अवलम्बन गर्न सक्ने क्षमताका साथै साहित्यप्रतिको संवेदनशीलता, कलाको परख गर्ने योग्यता र कुशल निर्णय गर्ने दक्षता पनि हुनुपर्छ । उसले वैयक्तिक, धार्मिक, जातीय, वर्गीय, राष्ट्रिय आदि पूर्वाग्रहबाट मुक्त भएर वस्तुपरक हुने प्रयास गर्नुपर्छ । उसमा मानवीय मनोविज्ञान र प्रकृतिप्रति सूक्ष्म दृष्टि हुनुपर्छ । जुन भाषामा सिर्जित साहित्यिक कृतिको विमर्श गर्ने हो, त्यसको समग्र परम्परा बुझेको, व्यक्तिप्रतिभा पहिचान गर्न सक्ने र तिनका सीमा एवम् सम्भावनाहरूको समीक्षात्मक क्षमता भएको व्यक्ति नै प्रखर समालोचक बन्न सक्छ ।

समालोचकको अभिरूचि, विचारधारा, उसले अवलम्बन गर्ने पद्धति वा दृष्टिकोणका अनुसार उसले उपयोग गर्ने मानदण्ड भिन्न प्रकारका हुन्छन् र त्यसैअनुसार उसले आफ्नो क्षेत्र निर्धारण गरेको हुन्छ । साहित्यिक कृतिलाई समालोचना गर्दा समालोचकले हेर्ने आधारभूत क्षेत्रहरू पाँचओटा छन् :

**(१) कृतिलाई स्वायत्त रूपमा हेर्ने क्षेत्र :** यसमा कृतिलाई पूर्ण, स्वतन्त्र र स्वायत्त रचना ठानी त्यसको रूप, संरचना, भाषा, विषयवस्तु आदिमा केन्द्रित भएर तटस्थ रूपमा समालोचना गरिन्छ तर कृतिभन्दा बाहिरका सन्दर्भहरू लिइँदैन ।

**(२) कृतिलाई तत्कालीन समय र स्थानसँग जोडेर हेर्ने क्षेत्र :** यसमा कृतिलाई प्रथम प्रकाशनको बेलाको लेखक, उसको समाज, अर्थतन्त्र, संस्कृति, चिन्तन, पाठक आदिमा केन्द्रित रहेर अध्ययन गरिन्छ र त्यसको प्रभावको बारेमा मूल्याङ्कन हुन्छ ।

**(३) कृतिलाई त्यसभन्दा अघिको साहित्यिक एवम् सामाजिक इतिहाससँग जोडेर हेर्ने क्षेत्र :** यसमा कृतिले त्यसको प्रकाशनभन्दा अघिको मूल्य र प्रवृत्तिलाई पुनरावृत्ति, विस्तार, परिष्कार, परिवर्तन के गरेको छ भनी मूल्याङ्कन गरिन्छ ।

**(४) कृतिलाई त्यसभन्दा पछिको साहित्यिक एवम् सामाजिक इतिहाससँग जोडेर हेर्ने क्षेत्र :** यसमा कृतिले त्यसको प्रकाशनभन्दा पछिको लेखक, पाठक, समाज, चिन्तन आदिलाई कसरी प्रभाव पारेको छ भनी विश्लेषण गरिन्छ ।

**(५) कृतिलाई बाह्य धारणासँग जोडेर हेर्ने क्षेत्र :** यसमा कृतिलाई कलासौन्दर्यको आदर्श र पूर्णताको स्तरमा राखेर त्यसले सत्यको पहिचान एवम् दर्शन कसरी गरेको छ भनी हेरिन्छ ।

साहित्यिक समालोचना यिनै क्षेत्रमध्ये कुनै एक वा बहुल स्वरूपभित्र रहेर लेखिएका हुन्छन् । यस्ता समालोचनाको मूल्य र सामयिकता भिन्न भिन्न हुन्छ भने तिनले लिने आधारअनुरूप पाठकीय प्रभाव पनि फरक फरक हुन्छ ।

## समालोचनाका केन्द्रक

समालोचनाको परम्पराको अध्ययनमा केन्द्रक (कोअर्डिनेट्स) को भूमिकाले पनि महत्त्वपूर्ण सहयोग गर्छ । समालोचनाले केन्द्रित हुने प्रवृत्तिका आधारमा केन्द्रक चार प्रकारका हुन्छन् र तिनले पृथक् पृथक् प्रकृतिका समालोचनाहरू रचना गर्छन् । तीमध्ये कतिपय समालोचनाले एक वा एकभन्दा अधिक केन्द्रकलाई महत्त्व दिएका पनि हुन सक्छन् । एम.एच. अब्राम्सका अनुसार यस्ता केन्द्रकहरूमा विश्वप्रकृति (युनिभर्स), भावक (अडियन्स), लेखक (अथर) र कृति (टेक्स्ट) पर्दछन् । विश्वप्रकृति केन्द्रक भएका समालोचना अनुकृतिमूलक (मिमेटिक) हुन्छन्, यसमा कृतिसँग वास्तविक समाज, वर्ग, संस्कृति, प्रभुत्वको सामञ्जस्य खोजिन्छ, जस्तै अनुकरण सिद्धान्त, मार्क्सवादी समालोचना, नीतिपरक समालोचना,

पर्यावरणीय समालोचना आदि । भावक केन्द्रक भएका समालोचना व्यावहारिक (प्राग्माटिक) हुन्छन्, यसमा कृतिले पार्ने पाठकीय प्रभावको मूल्याङ्कन हुन्छ, जस्तै : विरेचन सिद्धान्त, रस सिद्धान्त, मूल्य सिद्धान्त, पाठकीय अनुक्रिया आदि । लेखक केन्द्रक भएको समालोचना अभिव्यञ्जनात्मक हुन्छ, यसमा कृतिसँग लेखकीय धारणा, जातीयता, युग, परिवेश आदिको सामञ्जस्य हेरिन्छ, जस्तै : जीवनीपरक समालोचना, अभिव्यञ्जनावाद, निर्वैयक्तिकता सिद्धान्त आदि । कृति केन्द्रक भएको समालोचनाचाहिँ वस्तुपरक (अब्जेक्टिभ) हुन्छ, यसमा कृतिको रूप, संरचना, शैली, भाषालाई मात्र महत्त्व दिएर समालोचना गरिन्छ, जस्तै : रूपपरक समालोचना, संरचनापरक समालोचना, शैलीवैज्ञानिक समालोचना, ध्वनि, अलङ्कार, रीति आदि सिद्धान्तहरू । पाश्चात्य समालोचनाको शिक्षणका उपयोगिताका सन्दर्भमा उपर्युक्त केन्द्रकसम्बन्धी अवधारणालाई वासुदेव त्रिपाठीले नेपाली समालोचनामा पहिलो पटक प्रवेश गराएका हुन् ।

## भिन्न विधाका रूपमा समालोचना

नेपाली समालोचनाको विकास र प्रवृत्तिहरूको अध्ययनका क्रममा समालोचनाको विधागत स्वरूपको निर्धारण पनि आवश्यक छ । समालोचनामा साहित्यिक सिर्जना, तिनका आधार, विकास, तुलना आदिका बारेमा अध्ययन, विमर्श एवम् मूल्याङ्कन गरिने हुनाले यो मूलतः द्वितीयक साहित्य हो । त्यसैले यसमा समालोचकले आफ्नो अनुभूतिको न्यून र संज्ञानको अधिक प्रयोग गरेको हुन्छ । आफ्नो मूल्याङ्कनात्मक अभिव्यक्तिलाई पुष्टि गरी पाठकलाई सन्तुष्ट पार्नुपर्ने हुनाले समालोचनामा कृतिगत तथ्य र तार्किकताको महत्त्वपूर्ण भूमिका रहन्छ । समालोचना मूल रूपमा गद्यभाषामा लेखिन्छ र यसमा विचारलाई अनुनयपूर्वक प्रतिपादन गरिन्छ । अतः साहित्यिक विधाहरूमध्ये यसको आन्तरिक संरचना निबन्धको निकट रहन्छ । साहित्यिक सिर्जनालाई भाषिक कलाका रूपमा व्याख्या, विश्लेषण र मूल्याङ्कन गरिने हुनाले समालोचनामा सौन्दर्यशास्त्रका नियमहरूको भूमिका रहन्छ तर समय, परिवेश र ज्ञान तथा सिर्जनामा भइरहने अनवरत नवीनताका कारण कलासौन्दर्यको निक्र्यौलमा पनि परिवर्तन, परिवर्द्धन र रूपान्तरण हुन्छ । त्यसै गरी साहित्यको विकासप्रक्रियाको अध्ययन, इतिहासका खण्डहरूको निर्धारण तथा तिनका प्रवृत्तिहरूको निरूपणमा पनि समालोचना लेखनका अतिरिक्त पृष्ठभूमिका रूपमा राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक, वैचारिक कारणहरू पनि बलियो रूपमा प्रकट भएका हुन्छन् । त्यसैले नेपाली समालोचनाको ऐतिहासिक विकासका चरणहरूको रेखाङ्कन एवम् तिनमा देखिने

प्रवृत्तिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा कृतिभित्रका तथा कृतिबाहिरका सन्दर्भहरूको भूमिका टड्कारो देखिन्छ ।

## साहित्यिक समालोचनाका सिद्धान्त

समालोचनाको सैद्धान्तिक दृष्टिकोणबाट अहिले हामी साहित्यिक कृतिमा निम्नलिखित तीन ओटा प्रश्न गरेर तिनको उत्तर पत्ता लगाउने प्रयास गर्छौं :

(१) कृतिमा के छ ?– विषयवस्तु, सार, विचार

(२) कृतिको रचना कसरी भएको छ ?– शैली, शिल्प, उपकरण

(३) कृतिको रचना कहाँ भएको छ ?– स्थान, भूपरिदृश्य, पर्यावरण

उपर्युक्त प्रश्नमध्ये पहिलो प्रश्नले साहित्यमा अन्तर्वस्तु (कन्टेन्ट), दोस्रो प्रश्नले रूप (फर्म) र तेस्रो प्रश्नले स्थान (स्पेस) लाई महत्त्व दिएका छन् । पहिलेका समालोचकहरूले कृतिको प्राविधिक उत्कृष्टतालाई महत्त्व दिएका हुन्थे, जस्तै : कथानकको योजना र विकास, शब्दशैय्या, शैली, छन्द, भाषा । यस्ता तत्त्वहरूको कुशलतापूर्वक संयोजन गर्न सक्दा नै कृति उदात्त प्रकृतिको बन्छ भन्ने मान्यता उनीहरूमा थियो । त्यसपछिका समालोचकहरूले पनि तीन पक्षमै समालोचनालाई केन्द्रित गरेका थिए : (क) विषयवस्तु (म्याटर), (ख) रीति (म्यानर), र (ग) आनन्दको सामर्थ्य (एस्थेटिक प्लेजर) । समालोचकले कुन सिद्धान्तमा अडिएर कृतिको मूल्याङ्कन गर्छ भन्ने कुरा महत्त्वको हो तर सिद्धान्तका प्रमुख कुरा पनि समय र परिस्थितिअनुसार परिवर्तन भइरहन्छन् । सिर्जनामा यस्ता नियम र सिद्धान्तलाई जति लामो समयसम्म रूढिका रूपमा उपयोग गऱ्यो, तिनले त्यति नै सिर्जनात्मक विकासलाई अवरूद्ध गर्छन् । त्यसो भए पनि मानवीय चिन्तनको प्रकृति, सामाजिक मूल्य र सभ्यताको विकासलाई हेर्दा समालोचनाका मूलभूत सिद्धान्त तीन प्रकारका देखिन्छन् :

१. **सत्यको सिद्धान्त :** यो स्वादको उत्कृष्टतामा आधारित हुने सिद्धान्त हो । यहाँ सत्यको अर्थ सांसारिक यथार्थभन्दा भिन्न काव्यिक यथार्थ हो किनभने यसमा वैज्ञानिक तर्क र नियम लागु हुँदैनन्; त्यसमा मानवीय अनुभूति, अनुभव र कल्पनाबाट सिर्जित चिन्तन, विचार, विम्ब र सारपूर्ण विषयवस्तुको सत्य अभिव्यक्त भएको हुन्छ । समालोचकले सत्यको यस प्रकृतिलाई आत्मसात् गरेको हुनुपर्छ ।

२. **समरूपताको सिद्धान्त :** यो सन्तुलनको सिद्धान्त हो । यसलाई कृतिमा विषय, शैली, भाषा आदिको औचित्यपूर्ण छनोटको सिद्धान्त भन्न सकिन्छ ।

लेखकले लिएको यथार्थ वा सत्यको एउटा विषयलाई निश्चित उपकरणहरूका आधारमा व्यवस्थित गरेर एउटा संरचना तयार पारेको हुन्छ र त्यसमा प्रभावको तीक्ष्णता सिर्जना गरेको हुन्छ । समालोचकले रचनाप्रक्रियाको त्यस समानुपातिक समरूपीय आधारलाई आत्मसात् गरेको हुनुपर्छ र त्यसमा निहित पूर्णताको सौन्दर्य खोजी गर्नुपर्छ ।

३. **आदर्शीकरणको सिद्धान्त :** साहित्यिक कृतिमा छनोट गरिएका विषय, विचार, उपकरण तथा तिनबाट नवप्रवर्तनशील निर्मितिले पाठकको सौन्दर्यमूलक चेतनालाई उच्चतम स्थितिमा पुऱ्याएर आनन्दित बनाउने कुरालाई समालोचकले महत्त्व दिनुपर्छ ।

## साहित्यिक समालोचनाका विधि

विधि भनेको समालोचना गर्ने तरिका वा नियम हो । निश्चित विधिको प्रयोगले नै समालोचकबाट समालोचनाको रचना हुन्छ । साहित्यिक समालोचनाले साहित्यिक कृति र त्यससँग सम्बन्धित भएर आउने लेखक, सामाजिकता, पाठक, भाषा, साहित्यको इतिहास, लेखनका धारा आदिबारे गहन विमर्श गर्छ र साहित्यिक परम्परालाई संस्कृतिको महत्त्वपूर्ण अङ्गका रूपमा स्थापित गर्छ । त्यस क्रममा अवलम्बन गर्नुपर्ने साहित्यिक समालोचनाका केही विधिहरू यस प्रकारका छन् :

(१) **व्याख्या :** समालोचनाले कृतिको अर्थ, सार, प्रतीक, नवीनता आदिबारे गहन अन्तर्दृष्टि दिएर व्याख्या गर्छ ।

(२) **मूल्याङ्कन :** समालोचनाले कृतिको कलात्मक स्तरको निरूपण गर्छ र त्यसको मूल्य, सान्दर्भिकता एवम् योगदानको रूपरेखा प्रदान गर्छ ।

(३) **विश्लेषण :** समालोचनाले कृतिको संरचना, शैली, भाषा, लय आदिको विश्लेषण गरेर ती तत्त्वहरूले लेखकको समग्र अर्थसिर्जनामा खेलेको भूमिका र प्रभाव स्पष्ट पार्छ ।

(४) **सन्दर्भीकरण :** समालोचनाले साहित्यिक कृतिलाई त्यसको ऐतिहासिक, सांस्कृतिक र सामाजिक सन्दर्भमा राख्छ र त्यसको सिर्जनामा परेको प्रभाव र त्यसले तत्कालीन सन्दर्भमा दिएको उत्प्रेरणा बुझ्न पाठकलाई सहयोग गर्छ ।

(५) **तुलना :** समालोचनाले विभिन्न कृतिहरूको तुलना गर्छ र तिनका बिच देखिने समानता, भिन्नता, विभिन्न समयावधि, सांस्कृतिक चिन्तन र विधाहरूमा आएको नवप्रवर्तनलाई स्थापित गर्छ ।

(६) **कथ्यान्वेषण :** समालोचनाले प्रचलित कथ्यको अन्वेषण, परीक्षण र प्रस्तुति शैलीको विकासबारे विमर्श गर्छ ।

(७) **लेखकीय मनसायको खोजी :** समालोचनाले कृतिलाई लेखकको जीवन, उसको विचारधारा, विश्वास, अनुभव, सामाजिक पृष्ठभूमिमा राखेर कृतिका विभिन्न पक्षको लेखकीय मनसाय स्पष्ट पार्छ ।

(८) **पाठकप्रतिक्रिया :** समालोचनाले कृतिको पठन, आत्मगत पहिचान र व्याख्यामा पाठकको मानसिक प्रक्रियाको भूमिका र अनुभवको खोजी गर्छ ।

(९) **सामाजिक-राजनीतिक भाष्यनिर्माण :** समालोचनाले साहित्यक कृतिलाई समाजका मुद्दा, विचारधारा, सङ्घर्ष, राजनीतिक वातावरणका सन्दर्भमा गूढ पक्षहरूको विश्लेषण गरेर एउटा भाष्य निर्माण गर्छ ।

(१०) **प्रभाव र ग्रहण :** समालोचनाले साहित्यिक कृतिले उत्तरवर्ती साहित्य, कला, संस्कृतिलाई पारेको प्रभाव र विभिन्न पाठकीय समुदायले त्यस कृतिलाई ग्रहण एवम् आलोचना गरेको तरिकालाई पनि अध्ययन गर्छ ।

(११) **सांस्कृतिक उपादेयता :** समालोचनाले साहित्यिक कृतिको सांस्कृतिक उपादेयताको आकलन गर्छ किनभने सांस्कृतिक पहिचान, विश्वास र मूल्यलाई सुनिश्चितता दिन वा प्रतिरोध गर्नमा कृतिले पनि भूमिका खेलेको हुन्छ ।

(१२) **समालोचनाको प्रवर्द्धन** : साहित्यिक समालोचनाले पाठकलाई पठनसंस्कृतितिर आकर्षित गरेर र सिर्जनात्मक क्रियाकलापमा संलग्न गराएर साहित्यको उन्नत आलोचनात्मक मूल्याङ्कनका निम्ति वातावरण बनाउने काम गर्छ ।

## समालोचनाका विमर्श र समाधानका प्रयास

समालोचना जीवन्त विधा भएकाले यसमा विभिन्न मतमतान्तर र समस्याहरूमा विमर्श भइरहन्छ । कलासाहित्यको समालोचनाका केही स्थापित शास्त्रीय आधारहरू पाइए पनि साहित्य निरन्तर परिवर्तनशील, प्रयोगशील र विद्रोही प्रवृत्तिको हुने हुँदा समालोचकले आफ्नो व्यावहारिक ज्ञान र व्यापक पठनशीलताको जगमा उभिएर नयाँ नयाँ मान्यताहरू विकास गर्न सक्नुपर्छ । टी.एस. इलियटले भने जस्तो नयाँ कृतिको सन्दर्भलाई मूल्याङ्कन गर्न तम्सने समालोचकले चित्त बुझाउन सक्ने पृथक् मापदण्ड आफैँले पनि निर्माण गर्न सक्नुपर्छ र आफ्नो मूल्याङ्नमा दृढ रहन सक्नुपर्छ अनि मात्र ऊ पहिलो दर्जाको समालोचक बन्न सक्छ । अन्यथा रवीन्द्रनाथ टैगोरले भने जस्तो कच्चा समालोचकको समालोचना काँचो आँप जस्तो हानिकारक मात्र बन्न पुग्छ । यिनै अवधारणालाई मूलमा राखेर समालोचनामा देखिने केही समस्याहरू र तिनलाई समाधान गर्ने प्रयासहरू केलाउन सकिन्छ :

(१) समालोचक साहित्यको सहृदयी पाठक हुनुपर्छ अन्यथा कृतिको मर्म पहिल्याउन र कृतिकारको संवेदना अनुभूत गर्न गाह्रो पनि पर्दछ । मोतीराम भट्ट, रामकृष्ण शर्मा, कृष्णचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, मोहनराज शर्मा, लक्खीदेवी सुन्दास, कृष्ण गौतम, ऋषिराज बराल, कृष्णहरि बराल, सुधा त्रिपाठी, लक्ष्मणप्रसाद गौतम, गोविन्दराज भट्टराई, बिन्दु शर्मा आदि समालोचकहरू स्रष्टासमेत भएकाले समालोचनामा त्यसको सकारात्मक प्रभाव परेको छ भने यसैका कारण फेरि मूल्याङ्कनमा तटस्थता वा स्पष्ट नहुने आरोप लाग्न पनि सक्छ । यसबाट बच्नका लागि समालोचकहरूले तटस्थता अवलम्बन गर्नुपर्छ तर यसको वैज्ञानिकताका नाममा हृदयहीन भने बन्नु हुँदैन ।

(२) समालोचनामा कतिपय कृतिको मूल्याङ्कन नबुझेर वा क्षणिक प्रभावमा परेर गरिएको पनि देखिन्छ । यसले समालोचनामा अस्वस्थ गालीगलौज गर्ने वातावरण सिर्जना हुन्छ । रामकृष्ण शर्मा र यदुनाथ खनालको सूक्तिसिन्धुसम्बन्धी विवाद वा तानासर्माले बालकृष्ण सम तथा सिद्धिचरण श्रेष्ठबारे गरेको मूल्याङ्कनलाई यसै सन्दर्भमा हेर्न सकिन्छ ।

(३) पाठकका रूचि, स्तर र समालोचना-प्रक्रियाको वास्ता नगरी आफ्नो विद्वत्ता प्रदर्शनमै रमाउने समालोचकले बुझ्नै गाह्रो हुने गरी समालोचना लेख्ने गरेको पनि पाइन्छ । त्यसैले ईश्वर बराल, इन्द्रबहादुर राई वा वासुदेव त्रिपाठीका समालोचना सशक्त हुँदाहुँदै पनि तिनको पुनः समालोचना गर्नुपर्ने आवश्यकता पर्न सक्तछ । यसो हुनु समालोचकको आत्मसम्मोहनका कारण उत्पन्न ऋणात्मक पक्ष हो ।

(४) समालोचकले आफ्नै सङ्कीर्ण विचारलाई जुनसुकै कृतिमाथि पनि लाद्न खोज्ने प्रवृत्तिका कारण कतिपय स्रष्टाहरू लेखनबाटै विचलित बन्न सक्तछन् । व्यक्तिगत अहम्, अनावश्यक लिँडेढिपी, वैचारिक आग्रह वा अज्ञानताका कारण यस्तो समस्या उब्जेको हुन्छ । शुद्धतावादी साहित्यकारहरूमा यस्तो सङ्कीर्ण प्रवृत्ति बढी देखिएको छ । बहुल विचारलाई स्वीकार गर्न नसक्ने सङ्कुचित मानसिकता त समालोचकले बदल्नै पर्छ । निरङ्कुश र एकाधिकारवादी समालोचक भएको साहित्यमा विविध विचार कसरी फस्टाउलान् ?

(५) समालोचक न्यायाधीश जस्तो न्यायकर्ता त हो तर उसमा कसैलाई पनि कठोर सजाय दिने अधिकार हुँदैन, उसले त्यस्तो प्रक्रिया अपनाउनु पनि उचित हुँदैन । उसले सुधारका उपाय बताउन त सक्तछ तर स्रष्टासित द्वेष बढाउने

गरी कठोर भएर मात्र साहित्यको हित हुँदैन । एउटा स्रष्टाले समालोचनामा आफ्नो प्रतिविम्ब हेर्न पाउने अवस्था नेपालीमा कमै उपलब्ध छ । बुझक्कड समालोचकले मूल्यहीन कृतिमाथि कलम नचलाउनु नै वेश हो ।

(६) अग्रगामी साहित्यलाई अधिकांश समालोचकले उदारतापूर्वक सम्मान गर्न सकेको पाइँदैन । सौन्दर्य भनेको नवीनता नै हो । उही विचार, उही शैली, उस्तै विषय र संरचनाबाट साहित्य अघि बढ्न सक्तैन भन्ने चेत समालोचकमा आउनुपर्छ अनि त्यस्ता साहित्यलाई मुख्य धारमा ल्याएर चर्चा गर्नुपर्छ र नवीनताका लागि वातावरण बनाउन मद्दत गर्नुपर्छ ।

(७) समालोचनामा धेरैजसो प्राध्यापन पेसाकै प्रतिभा संलग्न हुन्छन् तर केवल पाठ्यक्रममा रहेका कृतिलाई विद्यार्थीका लागि भनेर हल्का ढङ्गले मात्र विश्लेषण गर्ने प्रवृत्ति पनि हुर्कन सक्छ । बिनाक्षमता एउटा संरचनालाई अनुकरण गरेर जबर्जस्ती गरिने यस्तो समालोचना अत्यन्त प्रत्युत्पादकसमेत हुन सक्तछ । यसका लागि प्राध्यापक तथा पाठकलाई एउटै मञ्च दिएर वैचारिक विमर्शमा संलग्न गराउनु जरूरी छ ।

(८) समालोचकको काम विवरण, सूची वा उदाहरण दिने मात्र नभई त्यसलाई विश्लेषण गर्दै औचित्य पुष्टि गर्नु र सौन्दर्यको निष्कर्ष दिनु हो । भाषा र साहित्यिक कलाको सहसम्बन्ध देखाउन नसक्ने समालोचना अर्थहीन हुँदै जान्छ । त्यसैले यसलाई बौद्धिक विलास वा प्राज्ञिक क्रियाकलाप मात्र नठानी सामाजिक अन्तर्क्रियाका रूपमा पनि विकास गर्नुपर्छ ।

(९) संस्कृत समालोचनालाई नेपालीमा आधार मानिए पनि त्यसलाई अन्तरविषयक बनाउन नसक्ता यो अलि कृत्रिम, वर्गीकरणप्रधान र बौद्धिक विलासलाई प्राथमिकता दिने दिशातिर हिँडेर समसामयिक एवम् सक्षम बन्न नसकेको देखिन्छ । पाश्चात्य समालोनाका पद्धति प्रयोग गर्दा पनि अधिकांशतः नेपाली साहित्यलाई हुबहु त्यसैमा 'फिट' गर्न खोज्दा नेपाली समालोचनाको मौलिकतामा बारम्बार प्रश्नचिन्हहरू उठ्ने गरेका छन् । यसका लागि अन्य सन्दर्भलाई सहयोगी बनाई नेपाली कृतिहरूबाटै विश्लेषणका प्रारूपहरू तयार पार्नु जरूरी छ ।

(१०) समावेशिताको आधार लिएर सीमान्तकृत वर्ग, लिङ्ग, क्षेत्र, जाति, भाषा आदिका साहित्यलाई महत्त्व दिनु, फरक ढङ्गले मूल्याङ्कन गर्नु वा उठाउने प्रयास गर्नु छुट्टै कुरा हो तर उत्तरआधुनिकताका निहुँमा साहित्य, भाषा, इतिहास, सौन्दर्यमान्यता एवम् मूल्याङ्कनमा हिलो छ्याप्नु र गन्जागोल

उत्पन्न गर्नुलाई नै समालोचना मान्ने गैरजिम्मेवार प्रवृत्ति पनि देखिएको छ । यसले साहित्यको पठनशीलता, समालोचना र स्रष्टाको योगदानलाई नै बिरूप पार्न सक्तछ ।

(११) लेनदेनको लाभ वा व्यक्तिगत सान्निध्यका आधारमा समर्थन, प्रशंसा गरेर वा लाञ्छना लगाएर राजनीतिक गुटउपगुट बनाउने गरी समालोचना हुनु दुर्भाग्यपूर्ण हो । यसले एकापसमा शङ्का, अविश्वास सिर्जना गर्छ र स्रष्टा तथा समालोचक दुवैलाई कुण्ठित पार्दछ । यस्तो असन्तुलनले नयाँ साहित्य र सैद्धान्तिक विमर्शको मुहान नै अवरूद्ध पार्दछ ।

(१२) समकालीन साहित्यिक कृतिहरूको मूल्याङ्कनमा समालोचकहरूले कम महत्त्व दिएको देखिन्छ । अध्ययन 'अप–टु–डेट' हुन नसक्ता वा नयाँलाई परख गर्ने क्षमता नहुँदा पनि समकालीन रचनालाई तिरस्कार गर्ने समस्या आउँछ । समालोचकलाई पनि सैद्धान्तिक आधार, विभिन्न धाराका दृष्टिकोण तथा उदार ग्रहणशीलताको उचित वातावरणको पनि अभाव छ । त्यसैले समालोचनाबाट सिर्जना प्रबोधित, संशोधित वा परिष्कृत हुने क्रम शिथिल भई प्राज्ञिकता नै शुष्क बन्न थालेको देखिन्छ । यसरी पाठकमा साहित्यप्रति विश्वास जगाउन सकिँदैन । लेखकहरू अधीर छन्, पाठकहरू आफ्नै मूल्याङ्कन मात्र आधिकारिक ठान्छन्; त्यसैले उनीहरू आफ्नो कृतिलाई प्रशंसापरक ढङ्गले तुरून्तै समालोचना भएको हेर्न चाहन्छन् वा आलोचना पढेर रमाउन रूचाउँछन् । त्यसो नहुँदा समालोचनालाई मृत घोषित गर्नु वा समालोचक नै छैनन् भन्न उनीहरूलाई सहज छ । उपयुक्त प्रतिभा वा कृतिलाई भन्दा पनि आफैँ मात्र पुरस्कार, समालोचना, परिचर्चा र 'ग्ल्यामर' हत्याउनका लागि गलत प्रक्रिया अपनाउन खोज्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्छ ।

उपर्युक्त समस्याहरूबाट मुक्तिका लागि समालोचकहरू समकालीन साहित्यप्रति सचेत, दृष्टिकोणको बहुलता स्वीकार गर्ने तथा साहित्यको सैद्धान्तिक, व्यावहारिक र अग्रगामी पक्षहरूमा स्पष्ट हुनु आवश्यक छ । सच्चा समालोचकमा हरेक खालका कृतिप्रति व्यापक, उदार र सकारात्मक दृष्टिकोण रहनुपर्छ र उसले विविध पद्धतिहरूमध्ये उपयुक्तताका आधारमा एकल वा बहुल पद्धति छनोट गरी मूल्याङ्कनलाई लेखक तथा पाठकमैत्री तुल्याउनुपर्छ ।

## निरूपण र निष्कर्ष

समालोचना साहित्यको सुसंरचना र रागात्मक सौन्दर्यबारे गरिने बौद्धिक विमर्श हो । यसको विकासका लागि पाठक/श्रोता (भावक) मा शिक्षा र पठनसंस्कार

पर्याप्त मात्रामा हुनुपर्छ । नेपालीमा अन्तरविषयक शिक्षा र पठनसंस्कारको न्यूनता छ, त्यसैले समालोचना अति कम पढिन्छ । पढिए पनि पाठ्यक्रममा आधारित हुनाले बाध्यात्मक भई पढिन्छ, या त त्यो आफ्नै बारेमा लेखिएको छ भने मात्र पढिन्छ । यस्तो जटिल अवस्थामा स्वतन्त्र समालोचनाले प्रोत्साहन नपाउनुलाई सामान्य नै ठान्नुपर्छ । गहन अध्ययन, पर्याप्त सन्दर्भसामग्री, तीक्ष्ण एवम् मौलिक दृष्टिकोण र स्पष्ट अभिव्यक्तिको क्षमता आवश्यक पर्ने हुनाले समालोचना लेखन हाम्रो आर्थिक–सामाजिक सन्दर्भमा अत्यन्त दुःसाध्य काम हो । त्यस्तो हुँदाहुँदै पनि विश्वका साथै नेपालमा पनि मूल रूपमा प्राध्यापकहरूले नै यसलाई थामेर अगाडि बढाइरहेका छन् ।

छिटपुट रूपमा भाषापरक समालोचनाको लेखन देखिए पनि मूलतः व्यक्ति–कृतिकेन्द्री, प्रभावपरक, प्रगतिवादी र अन्तरविषयक समालोचना नै अहिलेका मूल धार बनेका छन् । आजको साहित्यको अवस्था हेर्दा समालोचना विधाले नै धेरै प्रगति गरेको छ र यसले नयाँ सामाजिक दिशातिर फड्को मारिरहेको पनि देखिन्छ । बजारीकरण र सञ्चारसाम्राज्य फैलिरहेको अवस्थामा सिर्जनात्मक साहित्यले आफू जीवित रहनकै लागि मात्र पनि समालोचनामा भर पर्नुपर्ने परिस्थिति उत्पन्न भएकाले समालोचना स्वयम्मा सृजना बनेको अवस्था छ । यस सन्दर्भमा विश्वसाहित्यमा चलेका पद्धति र प्रक्रियासँग हातेमालो गर्दै र नेपाली मौलिक संस्कारको विकास गरी बहुलप्रवृत्तिको अन्तरविषयक समालोचना विकसित हुन थालेको छ । यसका लागि हामीलाई संस्कृत काव्यशास्त्रको सहयोग त छँदै छ, त्यसभन्दा अझै बढी निरन्तर परिवर्तनशील विषय र समकालीन साहित्यलाई सँगसँगै लगी सामाजिक सन्दर्भमा राखेर समालोचना गर्न पाश्चात्य काव्यशास्त्रको प्रायोगिक ज्ञान आवश्यक पर्छ । साहित्यलाई मानवको समस्त पक्ष र सभ्यतासँग जोडेर विविध आलोचनात्मक पद्धति अपनाई गरिने यही राजनीतिक चरित्रको समालोचना नै अहिलेको खास पहिचान बन्ने प्रयासमा छ । कृतिमा केन्द्रित हुँदाहुँदै पनि नेपाली समालोचनामा ऐतिहासिक, सामाजिक, सांस्कृतिक र आर्थिक सचेतता आएको छ । यसले अहिलेको समालोचनालाई मजबुत बनाउँदै लगेको छ भने भविष्यको साहित्य र समालोचनालाई निर्देशित पनि गरिरहेको छ ।

# 'सम्झनाका झिल्काहरू' सङ्ग्रहका संस्मरणात्मक निबन्धमा वस्तु र विचार



उपप्रा. अनुपमा रेग्मी

१. विषयप्रवेश :

'सम्झनाका झिल्काहरू' संस्मरणात्मक निबन्धसङ्ग्रहका लेखक विष्णुबहादुर सिंह हुन् । उनका 'तीस पाइला' (२०६१), 'स्मृतिका छालहरू' (२०६२) र 'सम्झनाका झिल्काहरू' (२०७२) संस्मरणसङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । सिंहले निबन्धबाहेक हाइकु, मुक्तक, गजललगायत लघुकविताका सबैजसो उपविधामा पनि सफलता प्राप्त गरेका छन् । उनले आफ्ना संस्मरणात्मक पाठहरूमा स्वदेश र विदेशका विभिन्न स्थानमा रहँदाका स्मृतिलाई विषय बनाएका छन् । 'सम्झनाका झिल्काहरू' निबन्धसङ्ग्रहका निबन्धात्मक पाठमध्ये स्वदेश खण्डअन्तर्गतका निबन्धमा सिंहले त्रिशूली, देवीघाट जलविद्युत् आयोजनामा काम गर्दाका, ककनीस्थित घोप्टेभिरमा विचरण गर्दाका, जिरी भ्रमण गर्दाका, हेटौँडाको सहिद पार्क घुम्दाका, हात्तीवनको डाँडोबाट काठमाडौँ नियाल्दाका, नेपाल बन्द भएका बेला पोखराका कार्यक्रम सकेर भारत पुग्नु परेको बेलाका, अर्घाखाँचीमा साहित्यिक कार्यक्रममा जाँदा भोगेका स्मृतिलाई विषय बनाएका छन् । विदेश खण्डमा रहेका दश ओटा निबन्धमा सिमलामा रेल चढेको प्रसङ्ग, मस्कोमा पढ्न गएका बेला रूसी रेडियो हराएको बेलाका, जापानको डिस्नेल्यान्ड, भारतको हरिद्वार, कोलकाता, चण्डीगढ र मिरिक घुम्दाका, चीनका साङ्घाइ र सेन्जेन भ्रमणका, मदुराईबाट दिल्लीसम्म रेल यात्रा गर्दाका अनुभव, घटना, सोचाइलाई विषय बनाएका छन् । यस लेखमा यसै सङ्ग्रहका निबन्धको विवेचना गरिएको छ ।


## २. संस्मरणात्मक निबन्ध अध्ययनको सैद्धान्तिक आधार

संस्मरण भन्नाले विगतमा देखेका, भोगेका, सुनेका, गरेका, सोचेका आदि विविधखाले घटनाप्रसङ्ग वर्तमानमा भोक्ता, द्रष्टा, श्रोता बनेको सम्बद्ध व्यक्तिको मानसपटलमा दोहोरिएर आउनु हो । यसलाई सम्झना वा स्मृति पनि भनिन्छ ।

संस्मरण सबैको निजी विषय हो । ती कसरी सम्झनयोग्य भए, किन सम्बद्ध व्यक्तिको मानसपटलमा ती दोहोरिएर आउँछन् भन्ने कुरा मनोविज्ञानको विषय हो । कुनै कुरा मानिसले छिटै बिर्सिन्छ, कुनै कुरा विशेष बनेर उसको मस्तिष्कमा बिर्सिन नसकिने गरी रहेका हुन्छन् । यो वृत्ति मानिसको प्राकृतिक र स्वभाविक हो । यस्तो स्वाभाविक कुरा भए पनि स्मृतिमा रहेका कुरालाई साहित्यिक उपकरणका साथमा तालमेल गराई लिपिबद्ध गर्ने क्षमता साहित्यिक व्यक्तिहरूमा मात्र रहन्छ । संस्मरण साहित्यका विभिन्न विधामा प्रस्तुत गर्न सकिन्छ । संस्मरणलाई कवितामा व्यक्त गर्दा संस्मरणात्मक कविता र कथा बनाएर प्रस्तुत गर्दा संस्मरणात्मक कथा बन्दछ । नेपाली साहित्यमा संस्मरणलाई निबन्धात्मक स्वरूपमा ढालेर संस्मरणात्मक निबन्ध लेख्ने चलन अलि बढी देखिएको छ ।

संस्मरणमा जीवनका बिर्सिन नसकिने क्षण वा घटना, त्यसले निर्माण गरेको वैचारिकी, त्यससम्बद्ध परिवेश, पात्र वा व्यक्तिहरू वस्तु बनेका हुन्छन् । तीमध्ये एकको प्रस्तुतिमा कमजोरी हुँदा समग्र पाठ नै कमजोर बन्न पुग्छ । संस्मरणात्मक साहित्यमा यथार्थलाई सौन्दर्यअनुभूतिमा रूपान्तरित गरिएको हुन्छ । यात्रासाहित्यबारे निर्मोही व्यासको भनाइ संस्मरणात्मक साहित्यमा पनि सामान्यीकरण गर्न सकिन्छ । 'यात्रासाहित्य भनेको यात्राजन्य विशिष्ट अनुभवको आत्मपरक शैलीमा कलात्मक ढङ्गबाट लघु आकारमा प्रस्तुत गरेको लिपिबद्ध रूप हो (२०६८, पृ.४१३) । संस्मरणात्मक साहित्यमा पनि संस्मरण बनेका विशिष्ट अनुभवको आत्मपरक शैलीमा कलात्मक ढङ्गबाट लघु आकारमा लिपिबद्ध गरिन्छ । संस्मरण कतै नगई घरमै बसेका बेलाका पनि हुन सक्छन् तर धेरैजसो संस्मरण यात्रासित सम्बद्ध हुन्छन् । साहित्यमा अधिकतर यात्रासंस्मरण लेखिने गरेको छ । 'यात्रासंस्मरणमा गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, आत्मीयता, कल्पनाप्रणवता, चित्रात्मकता रहेका हुन्छन् । न्यून काल्पनिकता, वास्तविक जीवन भोगाइयुक्त सूक्ष्म अन्तराख्यान हुने, अनुभव खण्ड र क्षणको प्रस्तुति हुने, सम्झना र संस्मरणकै वस्तुसत्यमा वर्णन हुने यात्रासंस्मरणको मूलमा अर्कै वस्तु, विषय तथा व्यक्ति अँगालेर आत्मपरकताबाट वस्तुपरकतातिरको प्रस्तुति दिइन्छ (त्रिपाठी, २०६६, पृ.२०३) । यात्रासंस्मरणमा मात्र नभई संस्मरणात्मक घटनाको प्रस्तुतिमा स्थानीयता, तथ्यात्मकता, निजात्मकता, वास्तविक जीवन भोगाइयुक्त अन्तराख्यान, अनुभव खण्ड र क्षण प्रस्तुत गरिएका हुन्छन् । 'वैयक्तिकता, राजनीतिक दृष्टिकोण, ऐतिहासिकता, चित्रात्मकता, स्मृतितत्त्वको प्रधानता जस्ता तत्त्वले यात्रासंस्मरणलाई अरू विधाबाट अलग्गै स्वादको बनाएको हुन्छ' (त्रिपाठी, २०७३, पृ.५३) । यी तत्त्व अन्य संस्मरणका पनि तत्त्व हुन् । यसको बाह्य विषय स्वयम् भोक्ताका अनुभूति र स्मृति हुन् । भोक्ताका स्मृति रमाइला र नरमाइला दुवै थरी हुन्छन् ।

साहित्यमा ती दुवै थरीलाई प्रस्तुत गर्न सकिन्छ तर प्रायः रमाइला घटनालाई नै साहित्यमा विषय बनाइएको पाइन्छ । संस्मरणात्मक साहित्य जुन विधाको हो, सोही विधागत विशेषताअनुरूप शैलीको प्रयोग गरिन्छ । जेजस्तो शैली अपनाइए पनि संस्मरणात्मक साहित्यले लेखकको स्पष्टवादी स्वभावको आग्रह राख्दछ ।




संस्मरणात्मक साहित्यको उद्देश्य सम्बन्धित घटनासन्दर्भ, दृश्य, स्थान, तीसम्बद्ध व्यक्तिका मानसिकता, बानी आदिबारे सूचित गर्नु, त्यसका माध्यमबाट पाठकमा व्यावहारिक ज्ञान दिनु र सचेतता प्रदान गर्नु, भोक्ताको स्मृतिमा रहेको वस्तुको बाह्यीकरण गरी पाठकलाई मनोरञ्जन प्रदान गर्नु, पाठकमा रहेका त्यस्तै खाले स्मृतिसित साधारणीकरण गराउनु, स्मृतिसम्बद्ध तत्त्वले भोक्तामा निर्माण गरेको वैचारिकीको प्रस्तुतीकरण गर्नु आदि हुन सक्छन् ।

संस्मरणात्मक साहित्यलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । विधागत आधारमा यसको वर्गीकरण गर्न सकिने कुराको सङ्केत माथि नै उल्लेख गरिसकिएको छ । त्यसै गरी स्मृतिमा रहेका घटनाले भोक्तामा पारेको प्रभावका आधारमा रमाइला र करूणोत्पादक गरी पनि वर्गीकरण गर्न सकिन्छ । शैलीगत आधारमा पत्रात्मक, विवरणात्मक, व्याख्यात्मक, आख्यानात्मक, नाटकीय, दैनिकीयुक्त, रिपोर्टाजमूलक गरेर पनि वर्गीकरण गर्न सकिन्छ । स्मृतिमा रहेका घटनासन्दर्भको परिवेशका आधारमा स्वदेशको र विदेशको गरेर पनि छुट्याउन सकिने कुरा 'सम्झनाका झिल्काहरू' कृतिबाट पनि ज्ञात भएको छ । संस्मरणात्मक साहित्यलाई ऐतिहासिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, व्यापारिक आदि विभिन्न विषयसँग सम्बद्ध गरेर पनि वर्गीकरण गर्न सकिन्छ ।

संस्मरणात्मक निबन्ध संस्मरणात्मक साहित्यको एउटा वर्ग हो । यसमा भोक्ता (जो पछि लेखक हुन्छ) को स्मृतिमा रहेका सन्दर्भलाई निबन्ध विधाका माध्यमबाट व्यक्त गरिन्छ । निबन्धमा रहने तत्त्व यसमा रहेका हुन्छन् । संस्मरणात्मक विषयमा ती निबन्ध हुने भएकाले संस्मरणात्मक साहित्यमा हुने गुणहरू यसमा पनि स्वतः

अन्तर्निहित भएर आएका हुन्छन् । निबन्धमा विषय, विचार र भाषाशैली प्रमुख तत्त्वका रूपमा रहने हुँदा संस्मरणात्मक निबन्धमा पनि यिनै तत्त्वले प्रमुखता पाउँछन् । वैयक्तिकता वा निजात्मकता, स्थानीयता, स्पष्टवादिता, संस्मरणात्मकता वा स्मृति तत्त्वको प्रधानता, समयाङ्कन र तथ्यात्मकताले संस्मरणात्मक निबन्धलाई अन्य निबन्धबाट अलग्याउँछन् । विगतको घटनासन्दर्भको विषय रहने हुँदा यसमा अधिकांश भूतकालिक वाक्यसंरचनाको प्रयोग गरिएको हुन्छ । त्यस घटनालाई सम्प्रति सामान्यीकरणमा मात्र अभूतकालिक वाक्यसंरचना प्रयोग हुन सक्छन् । संस्मरणात्मक निबन्धको अध्ययन सामान्यतया त्यसमा प्रस्तुत हुने विषय, विचार, भाषा, शैली आदि मूल तत्त्व र वैयक्तिकता वा निजात्मकता, स्थानीयता, स्पष्टवादिता, संस्मरणात्मकता वा स्मृति तत्त्वको प्रधानता, समयाङ्कन र तथ्यात्मकता आदि सहायक तत्त्वका आधारमा गर्न सकिन्छ ।

## ३. 'सम्झनाका झिल्काहरू' सङ्ग्रहका संस्मरणात्मक निबन्धमा अन्तर्वस्तु र विचार

'सम्झनाका झिल्काहरू' संस्मरणात्मक निबन्धसङ्ग्रहमा लेखक विष्णुबहादुर सिंहका स्वदेशका विभिन्न स्थानका स्मृतिमा आधारित सात ओटा र विदेशका स्मृतिमा आधारित दश ओटा गरी सत्र ओटा निबन्ध सङ्गृहीत छन् । 'यी संस्मरणहरू लगभग चार दशक लामो कालखण्डमा केन्द्रित भएका छन् । यी संस्मरणात्मक निबन्धहरू पढेर पाठकहरूले स्थान, समय, संस्कृति, चेतना र विषयको एकसाथ जानकारी प्राप्त गर्न सक्छन् (पोखरेल, २०७२, पृ.ज) । यीमध्ये सबैभन्दा पुरानो संस्मरण रूसमा इन्जिनियरिङ अध्ययन गर्न गएका बेला रेडियो हराएको प्रसङ्ग हो भन्ने अनुमान गर्न सकिन्छ । अन्य संस्मरणहरू लेखकको जागिरे जीवनको अवधिमा घटित भएका छन् । तीमध्ये धेरैजसो नेपाल विद्युत प्राधिकरणमा इन्जिनियरका रूपमा कार्यरत छँदाका स्मृतिहरूलाई यसमा विषयवस्तु बनाइएको छ ।

### *३.१ 'स्मृतिका पानामा त्रिशूली-देवीघाट' निबन्धको अन्तर्वस्तु र विचार*

'स्मृतिका पानामा त्रिशूली-देवीघाट' निबन्ध 'सम्झनाका झिल्काहरू' सङ्ग्रहको पहिलो संस्मरणात्मक निबन्ध हो । यसमा लेखकले आफू त्रिशूली-देवीघाट जलविद्युत सुदृढीकरण आयोजनामा काम गर्न गएका बेलाको स्मृति र अनुभवलाई विषय बनाएका छन् । उनले निबन्धको सुरूमै नुवाकोट जिल्लामा थर्काएर खाने बानी परेकाको हूल रहेछ भन्ने वैचारिकीलाई प्रस्तुत गरेका छन् । उनले २०४९ श्रावण २० गतेदेखि लगभग तीन वर्ष त्यहाँ काम गर्दाको अवधिमा घटेका मध्ये

बिर्सिन नसकेका केही घटना यसमा प्रस्तुत गरेका छन् । उनले त्यहाँ काम गर्दा लगभग सुरूदेखि अन्तिमसम्म आफू र अर्का कर्मचारी गणेशकुमार श्रेष्ठले जनसम्पर्कको जिम्मा लिनुपरेकाले ती घटना भोग्नुपरेको तथ्य प्रस्तुत गरेका छन् ।

आयोजनाको सुरूतिरै मोहन श्रेष्ठको नेतृत्वमा आएका केही पत्रकारले अन्तर्वार्ताका निहुँमा गणेश श्रेष्ठलाई थर्काएको पहिलो घटना यसमा प्रस्तुत भएको छ । केही ठेक्काको काम चाहिएकाले ती पत्रकारहरूले कर्मचारीलाई दबाब दिने, थर्काउने गरेको कुरा उनले खुलाएका छन् । ठेकेदारलाई केही काम दिन भनिदिने वाचा गरेर घटना साम्य पारिएको स्मृतिसित यो घटना जोडिएको छ । प्राधिकरणले त्रिशूली बजारभन्दा माथिको पूरा बगैँचा नै ओगटेकाले र आयोजनाका नयाँ गाडी चढ्ने हुनाले स्थानीयको टेढो आँखा त्यसका कर्मचारीमाथि परेको, काठमाडौँबाट गएका अतिथिलाई नुवाकोट दरबार पुऱ्याउनै पर्ने हुनाले त्यहाँ धेरै चोटि जानुपरे पनि त्यहाँ जाँदा मन ताजा हुने गरेको, फुर्सद र साथ मिल्नासाथ भारतीय मूलका क्यानडेली राज बर्मा अन्य कर्मचारीसित बेत्रावती गएर चिसो हावामा रमाएको, साहुनीसित जिस्केको अनि गणेशकुमारको गीतमा नाचेको जस्ता स्मृति पनि यस निबन्धका विषय हुन् । कसैलाई काठमाडौँ जान गाडी चाहिँदा, कसैलाई दुईचार पेग रक्सी चाहिँदा आयोजनामा प्रयोग भएको बालुवामा दोष देखाएर बखेडा झिक्ने स्थानीय पत्रकार र नेताका क्रियाकलाप, त्रिशूली गएपिच्छे राणाजीका घरमा खाना खानैपर्ने अवस्था यस निबन्धमा प्रस्तुत ससाना स्मृति हुन् । २०४९ पुस २२ गते बेत्रावती गएर योगी नरहरिनाथसित भेटेर कोटिहोमको दर्शन गरेको अनि अर्को दिन काठमाडौँ फर्केको सन्दर्भ, २०५० साल जेठ २२ गते लौहपुरूष गणेशमान सिंह र ढुण्डिराज शास्त्री त्रिशूली भ्रमणमा गएका बेला गणेशमान सिंहसित कुरा गर्न पाएको, प्राधिकरणले आयोजना निर्माण गर्दा नै अधिग्रहण गरेको जग्गा बलिया स्थानीयले हडपेका कारण पछि जग्गा चाहिएका बेला, स्थानीय जग्गाधनी, मालपोत र सिडिओ कार्यालयको चक्कर लगाउँदालगाउँदै नमिलेपछि प्राधिकरणले आफ्नै जग्गाको पुनः मुआब्जा दिनुपरेको स्मृति मुख्य विषय बनेर यस निबन्धमा प्रस्तुत भएका छन् ।

उल्लिखित घटना प्रस्तुत गर्ने सन्दर्भमा नुवाकोटमा हुने लाखेनाच, घाटुनाच, दुप्चेश्वर मेला, जालपादेवीको मूर्ति, बेत्रावतीमा श्राद्ध गरिने, बेत्रावतीमा योगी नरहरिनाथले कोटिहोम गरेको सांस्कृतिक सन्दर्भ, देवीघाटमा पृथ्वीनारायण शाहको समाधिस्थल रहेको, नौ वटा कोट हुनाले नुवाकोट नामकरण भएको,

१८०१ देखि १८२५ सम्म नेपालको राजधानी नुवाकोट रहेको, बेत्रावतीमा चिनिया सेनासित नेपाली सेनाले सन्धि गरेको जस्ता ऐतिहासिक सन्दर्भ, आयोजनाका सामान लैजान बनाएको खाल्डैखाल्डा भएको कच्ची सडक, रानीपौवामा उत्पादन हुने मुला, बेत्रावतीका माछा, गल्छीबाट देवीघाट जाने कच्ची सडक, विदुरबाट नुवाकोट दरबार जाँदाको हरियाली र चिसो बतास यसमा प्रयुक्त प्राकृतिक सन्दर्भ हुन् । यिनले निबन्धमा तथ्यात्मक सूचना प्रस्तुत गरेका छन् । आयोजनास्थलमा आउने धम्क्याइ, थर्काइ आदिलाई कहिले सहृदयी बनेर, कहिले गोजी रित्याएर, नास्ता खुवाएर समाधान गर्ने, कहिले समाधान नगरी तन्काइदिने, बेत्रावतीतिर गएर साहुनीसित जिस्किने, आयोजनाबारे कुरा गर्दा गणेशमान सिंहले अँ अँ मात्र भनेको, मध्यरातमा पनि कामको निरीक्षण हेर्न गएको, हाकिमले कामदारलाई चुरोट बिस्कुट दिएर हौसला बढाएको जस्ता सन्दर्भले लेखकको स्पष्टवादितालाई प्रस्तुत गरेका छन् ।

उल्लिखित विषयसन्दर्भबाट पाठकले त्रिशूली–देवीघाट जलविद्युत सुदृढीकरण आयोजनामा काम गर्दा आइपरेका अप्ठ्यारा, नुवाकोटको राजनीतिक स्थिति, काठमाडौँबाट नजिक हुनाले त्यहाँ काम गर्दा हुने सजिलो अप्ठ्यारो आदिका बारेमा सूचना प्राप्त गरेका छन् । ती सूचनाका माध्यमबाट काम गर्दा सधैँ सजिलो र सोचे जस्तो हुँदैन; अप्ठ्यारो पार्नेलाई थमथमाउन जान्नुपर्छ; सम्बन्धित सबै पक्षलाई मिलाएर अघि बढ्नुपर्छ; काम गर्दा अनुगमन गरिरहनुपर्छ साथै मातहतका कर्मचारीको हौसला र आत्मीयता बढाउनुपर्छ; ठुला आयोजनामा स्थानीय र सरोकारवालाका उचित मागलाई यथाशक्य सम्बोधन गर्दै अघि बढ्नुपर्छ भन्ने विचार प्रस्तुत भएको छ साथै यस निबन्धमा नुवाकोटको सांस्कृतिक, प्राकृतिक, राजनीतिक, सामाजिक परिवेशको सूचना पनि प्रस्तुत भएको छ ।

### *३.२ 'सधैँका लागि 'बन्द' गर्ने प्रतिज्ञा' निबन्धको अन्तर्वस्तु र विचार*

'सधैँका लागि 'बन्द' गर्ने प्रतिज्ञा' शीर्षकको निबन्ध 'सम्झनाका झिल्काहरू' सङ्ग्रहको छैटौँ निबन्ध हो । यसमा लेखकले सन् २००३ मा पोखरा विश्वविद्यालयमा वातावरण विज्ञान विषयमा स्नातकोत्तर पूरा गरी दीक्षान्तमा भाग लिन जाँदा पोखरा बन्द परेकाले भोग्नुपरेको सास्तीलाई विषय बनाएका छन् । सन् २००४ जनवरी २६ को दिन दीक्षान्त समारोहमा भाग लिनेहरू कोही धादिङ बन्दले गर्दा धादिङमा, कोही चितवन बन्दले गर्दा मुग्लिङमा अड्केका, तनहुँ पुगेकाहरू सकिनसकी विजयपुरबाट हिंडेरै पोखरा पुगेका रहेछन् । बन्द सफल भएकामा

विजय मनाउनेप्रति लेखकले आक्रोश व्यक्त गरेका छन् । लेखकलाई एकातिर दीक्षान्तको कार्यक्रम सकेर दिल्ली जानुपर्ने भएकाले हतार थियो भने अर्कोतर्फ एयरपोर्टसम्म जानका लागि सवारी नै नपाइने अवस्था भएको थियो । यसले उनमा ल्याएको त्यस दिनको आक्रोशको स्मृति नै यस निबन्धको मूल विषय हो । यसबाहेक दीक्षान्तमा भाग लिनेहरूले पुराना साथीसितको भेटघाटलाई पुनर्ताजगीकृत गरेका वैदिक प्रार्थनाबाट कार्यक्रम सुरू गरिएको, कुलपतिले दीक्षितहरूलाई देशसेवा र मानवहितमा मात्र काम गर्ने प्रतिज्ञा गराएको सन्दर्भ, जापानबाट आएका अतिथि प्राध्यापकले नेपालीले मर्ने मार्ने स्थिति अन्त्य गर्न आह्वान गरेको, कार्यक्रम समयमै सम्पन्न भएकाले हिँडेरै पनि समयमै विमानस्थल पुगेको जस्ता ससाना सन्दर्भ पनि यसका विषय हुन् ।

पोखराको लेकसाइडबाट पैदलै दीपेन्द्र सभागृह पुगेको र दिउँसो सभागृहबाट पैदलै विमानस्थल पुगेको सन्दर्भले यस निबन्धमा स्थानीयतालाई प्रस्तुत गरेको छ । दमौलीमा माथिल्लो सेती जलाशययुक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन कार्यको सार्वजनिक सुनुवाइको सन्दर्भ, लेकसाइडको साङ्गीतिक रेस्टुरेन्टमा सांस्कृतिक कार्यक्रम हेर्दै खाना खाएको सन्दर्भ, राजनीतिक दलले बन्द आह्वान गर्दा पर्ने घाटासम्बन्धी सन्दर्भ, दीक्षान्त समारोह सकिएपछि फोटो खिच्न सुरू भएको सन्दर्भ जस्ता तथ्यहरू प्रस्तुत भएका छन् । आफ्नै राजनीतिक दलको भ्रातृ सङ्गठनले बन्द आह्वान गरेका बेला नेताहरू भने हवाइजहाज चढेर कार्यक्रममा गएको सन्दर्भ, कुलपतिले देश र मानवसमाजको हितमा काम गर्छु भनी दीक्षितहरूलाई सपथ गराउनुको साटो परीक्षामा अङ्क राम्रो नदिए बन्द गराउनुपर्छ भनी सपथ गराएको भए राम्रो हुने थियो भनी आक्रोश पोखेको सन्दर्भमा पनि लेखकको स्पष्टवादिता झल्कन्छ । जागरूँक नागरिक भएकाले अब हामीले विकृतिविरूद्ध सोच्नुपर्ने बेला आएको सन्दर्भले पनि यस कुरालाई प्रस्तुत गरेको छ । पोखराका केही स्थानको चित्रणबाहेक प्राकृतिक सन्दर्भ भने यस निबन्धमा प्रस्तुत भएको पाइँदैन ।

उल्लिखित विषयबाट लेखकले 'सधैँका लागि 'बन्द' गर्ने प्रतिज्ञा' शीर्षक निबन्धबाट बन्दले कसैलाई फाइदा नहुने भएकाले सधैँका लागि बन्द गर्ने कार्य त्याग्नुपर्ने विचार व्यक्त गरेका छन् । बन्दले वातावरणीय प्रभाव सकारात्मक परे पनि आर्थिक प्रभाव राम्रो नहुने हुनाले बन्द कहिल्यै गर्न नहुने, नेताले पनि बन्दको सफलतालाई विजय मान्न नहुने, बन्दको संस्कार बन्द गर्नमा प्रतिबद्ध हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

*३.३ 'संसारको झ्यालबाट नियाल्दा' निबन्धमा अन्तर्वस्तु र विचार*

'संसारको झ्यालबाट नियाल्दा' निबन्धमा लेखकले चीनको राजधानी बेइजिङबाट सेन्जेन सहर गएको र त्यहाँ गँगटा र माछा खाएको स्मृति प्रस्तुत गरेका छन् । लेखकले सन् १९९७ फेब्रुअरी २५ को बिहान चीनको ग्रेटवाल भ्रमण गरेको र बेलुकी नेता देन सियाओ पिङको अन्त्येष्टि गरिएको बेइजिङको तियानमेन चोकमा भ्रमण गरेको कुरालाई जीवनकै महत्त्वपूर्ण घटनामध्ये भएका भनी स्मरण गरेका छन् । त्यसको अर्को दिन तीन घण्टा हवाइ सयर गरेर सेन्जेन पुगेको र त्यहाँको होटेलमा बसेको घटना यस निबन्धको मुख्य घटना हो । लेखकले पुँजीवादी देशमा हुने सबै मनोरञ्जनात्मक सुविधाले युक्त कम्युनिस्ट देशको सहरको रूपमा सेन्जेनलाई प्रस्तुत गरेका छन् । सेन्जेन सर्वसाधारण चिनियाँका लागि दुर्लभ स्थान रहेछ । भर्खर निर्माण सम्पन्न भएकाले पुल, भवन आदि सबै नयाँ रहेको उक्त सहर जान चिनियाँका लागि पास आवश्यक पर्दो रहेछ । सेन्जेनमा संसारप्रसिद्ध सबै संरचनाको नमुना बनाएको ठाउँलाई 'संसारको झ्याल' भन्दा रहेछन् । सगरमाथा, ताजमहल, पिरामिडलगायत सबै संसारप्रसिद्ध संरचना घुमेर रेस्टुराँमा खान बस्दा सर्प, गँगटा आदि देखाएर के खाने भनी चिनिया पथप्रदर्शकले सोध्दा सर्पबाहेक जे पनि हुन्छ भन्दै गँगटा र माछा खाएको, चिनियाँहरूले दिउँसै कडा रक्सी पिउन उक्साएको रोचक प्रसङ्ग यस निबन्धमा निजात्मक विषय बनेका छन् ।

सेन्जेन गोजी रित्याउने ठाउँ भएकाले आफूलाई चाहिएको चिज माग्न सर्माउन नपर्ने ठाउँका रूपमा प्रख्यात रहेको, त्यहाँका होटेलमा राति कलगर्लले ढोका ढक्ढक्याएर दिक्क बनाएको र सन् १९८० सम्म माझीहरूको गाउँका रूपमा रहेको रोचक सन्दर्भ पनि यसका विषय हुन् । सेन्जेन जाँदा जहाज हल्लिएका कारण डराएको, आफ्नो पथप्रदर्शक नभेटिने हुन् कि भन्ने चिन्ताले सताएको, एउटी कलगर्लबाट बल्लतल्ल छुट्कारा लिएर सुत्न खोज्दा अर्की आएर फेरि 'डिस्टर्ब' गरेको प्रसङ्ग स्पष्टवादिता देखाउने गरी निबन्धमा प्रस्तुत भएका छन् । सन् १९८० ताका सेन्जेनलाई विशेष आर्थिक क्षेत्र घोषणा गरिएको, त्यहाँ करिब १० लाख जनसङ्ख्या रहेको, ८० प्रतिशत मानिस व्यापारिक उद्देश्यले सेन्जेन भ्रमणमा जाने गरेको तथ्याङ्कलगायत माथि उल्लिखित अन्य सन्दर्भले निबन्धमा तथ्यात्मकतालाई प्रस्तुत गरेका छन् ।

उल्लिखित विषयसन्दर्भबाट लेखकले चीन जस्तो कम्युनिस्ट शासन प्रणाली भएको देश क्रमशः पुँजीवादी सभ्यतातिर उन्मुख भइरहेको, आर्थिक विकासका लागि

चीनले खुला व्यापार नीति अपनाएको, चीनको भौतिक विकासको नमुनाका रूपमा सेन्जेन सहर रहेको सूचना प्रस्तुत गरेका छन् । चीनको सेन्जेनमा बढ्दै गएको देहव्यापारबारे पाठकलाई जानकारी दिनु र चीनबारे खास धारणा निर्माण गराउनु यसको उद्देश्य देखा परेको छ ।

### ४. निष्कर्ष

'सम्झनाका झिल्काहरू' सङ्ग्रहमा सङ्गृहीत संस्मरणात्मक सत्र वटा निबन्धमध्ये तीन वटा निबन्धको व्याख्या विश्लेषण गरी सामान्यीकरण गर्दा यस सङ्ग्रहका निबन्धमा लेखकले विगतमा स्वदेश र विदेशका विभिन्न ठाउँमा रहँदा आफूले देखेभोगेका सन्दर्भलाई वर्तमानमा लिपिबद्ध गरी निबन्ध रचना गरेको पाइन्छ । यी निबन्धमा प्रस्तुत विषयले तथ्यात्मकता, स्थानीयता, स्पष्टवादिता, समयाङ्कन, निजात्मकता र संस्मरणात्मकतालाई राम्ररी प्रस्तुत गरेका छन् । यी निबन्धमा प्रस्तुत घटनामा लेखक भोक्ता बनेकाले त्यसबाट खास वैचारिकी निर्माण गरी प्रस्तुत गरेको देखिन्छ । निबन्धमा उल्लिखित विषयबाट ती घटनासित सम्बन्धित स्थान, व्यक्ति, प्रकृतिको जानकारी दिनु, तीबारे पाठकलाई धारणा बनाउन सहयोग गर्नु, तीबाट लेखकमा निर्मित विचार प्रस्तुत गर्नु र पाठकलाई आफ्ना विचारतिर डोऱ्याउन कोसिस गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ ।

प्रत्येक निबन्ध विषयसन्दर्भसित सम्बद्ध खास विचार सम्प्रेषण गरी सुरू गर्नु निबन्धकारको शैली देखिएको छ भने घटना सन्दर्भको प्रस्तुतिमा वस्तुपरकताको प्रबलता रहेको छ । यसले गर्दा कुनै कुनै निबन्धमा घटनासन्दर्भको व्याख्या गर्न आवश्यक देखिएको छ । व्याख्या आवश्यक हुँदा पनि नगरिएकाले पाठक अलमलमा पर्ने स्थिति प्रस्तुत भएको छ । जस्तै : पहिलो निबन्धको तेह्रौँ अनुच्छेदमा नुवाकोट दरबारसम्बन्धी प्रसङ्गमा 'सोही स्थानमा बालाजु बाइसधाराको मेलामा लिङ्गो ठड्याउने बृहत् जात्रा' (पृ.५) भन्ने वाक्यांश प्रस्तुत भएको छ । यस वाक्यमा बाइसधाराको मेलाको लिङ्गो त्यहाँ लगेर ठड्याउने भन्न खोजेको हो वा अरू भन्नेसम्बन्धी अन्योल देखा परेको छ । यस्तै प्रसङ्ग चौथो निबन्धमा 'एभोकाडो र लिडोसित आत्मीयता जोडिइसकेको थियो' (पृ.१९) भन्ने भनाइमा पनि देखा परेको छ । ती फल हुन् वा कुनै होटेलका नाम वा अन्य केही भन्ने कुराको खोलुवा दिनु जरूरी देखिएको छ । अन्य निबन्धमा पनि कतै कतै यस्ता प्रसङ्गहरू पाइएका छन् । यसतर्फ आगामी रचनामा लेखक सचेत हुनु जरूरी देखिन्छ । अन्यथा, संस्मरणात्मक निबन्धको वस्तुपरक लेखनका हिसाबले हेर्दा

'सम्झनाका झिल्काहरू' सङ्ग्रहका निबन्ध सुबोध्य छन् । सजिलै बुझ्न सकिने खालका शब्दको चयन, घटनाको सङ्क्षिप्त वर्णनले गर्दा रोचक बनेका छन् ।

## सन्दर्भसामग्री


कायस्थ, मोहनबहादुर (२०७२), 'सम्झनाका झिल्काहरू देखेपछि', सम्झनाका झिल्काहरू, विष्णुबहादुर सिंह (ले.) (पृ.ग-च), काठमाडौँ : विद्युत्कर्मी साहित्यिक समाज ।

घिमिरे, पुण्य (२०७२), 'प्रकाशकीय' (पृ.क-ख), सम्झनाका झिल्काहरू, विष्णुबहादुर सिंह (ले.) काठमाडौँ : विद्युत्कर्मी साहित्यिक समाज ।

त्रिपाठी, गीता (२०७३), नेपाली नियात्रा सिद्धान्त र प्रयोग, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०६६), साहित्य सिद्धान्त, शोध तथा सृजनविधि, काठमाडौँ : पाठ्य सामग्री पसल ।

पोखरेल, मातृका (२०७२), 'सम्झनाका झिल्काहरूमा विचरण गर्दा', सम्झनाका झिल्काहरू, विष्णुबहादुर सिंह (ले.) (पृ.छ-झ), काठमाडौँ : विद्युत्कर्मी साहित्यिक समाज ।

व्यास, निर्मोही (२०६८), 'यात्रासाहित्यको विधागत स्वरूप र विशेषता', रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), (पृ.४११-४२३), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सिंह, विष्णुबहादुर (२०७२), सम्झनाका झिल्काहरू, काठमाडौँ : विद्युत्कर्मी साहित्य समाज ।

# अतृप्तको 'घर फर्कने तिर्खा'मा राष्ट्रियताको भावबोधन



उपप्रा. आर.एम्. डङ्गोल

## १. विषय परिचय

समकालीन नेपाली कविताको परम्परागत कथ्य प्रवृत्तिका रूपमा राष्ट्रियताको भावबोध सन्दर्भलाई लिन सकिन्छ । नेपाल निर्माणको जग हालिँदै गर्दा कविहरूले एउटा सग्लो, बलियो देशको कल्पना गरे र आफूलाई पनि युद्धमोर्चामा उभ्याए । उनीहरूले वीर शासक र योद्धा सिपाहीहरूको यशोगान गाउँदै कविता/काव्य लेखे । नेपाली कविताको इतिहासमा यो वीरधाराकालीन समय थियो । नेपाल अङ्ग्रेजबिचको सुगौली सन्धिपछि देशको जुन मानचित्र कायम रह्यो, त्यसको महिमागान गर्दै कविहरूले देश चिन्तनाको अभिव्यक्ति दिँदै आइरहेका छन् । अभिव्यक्ति शिल्पको नयाँ खोज र परिधानमा जे जस्तो साहित्यिक धाराहरू देखा परे त्यसभित्रको एउटा कथ्य विषयवस्तुगत प्रवृत्ति राष्ट्रियताको भावबोधन पनि हो ।

राष्ट्र हुनु र त्यसप्रतिको आस्था, अपनत्वबोध, आफ्नोपन, उन्नति प्रगतिको चाहना नै राष्ट्रियताको भावबोधन हो । यसले राष्ट्रप्रतिको चिन्ता, चिन्तन, चासोजस्ता भावलाई जनाउँछ । यतिबेला राष्ट्र/राष्ट्रियतालाई आन्तरिक राष्ट्रिय जीवन र बाह्य/भूमण्डलीकृत विश्व सन्दर्भको कोणबाट हेरिन्छ । राष्ट्रियताभित्र देशको भूगोल वा सिमानाको स्थूल नक्साङ्कन मात्र होइन नागरिकी भूमिकामा रहेका जनसाधारणको रूचि, स्वभाव र सोच, सामाजिक, सांस्कृतिक पहिचान, भाषिक, लैङ्गिक स्वत्वजस्ता आत्मिक पक्ष पनि समेटिन्छन् । अहिलेको विश्व परिवेश विज्ञान र सूचना प्रविधिले अझ खुला बन्दै गएको सन्दर्भमा भूमण्डलीकरण, विश्वव्यापीकरणको नाममा शक्तिराष्ट्रहरूको क्रीडाभूमि बन्न पुगेको र आप्रवासन तथा सांस्कृतिक हेजेमोनीका अनेकौँ समस्याहरूले विश्व आहत बन्न पुगेको छ । यसले राष्ट्रियता सम्बन्धी चिन्तनधारामा पनि नयाँ आयाम थपेको छ ।

समकालीन नेपाली कवितामा राष्ट्र र राष्ट्रियताको भाव बोधनका दृष्टिले के कस्ता कविता लेखिँदै छन्, तिनको प्रवृत्तिगत वैशिष्ट्य के कस्तो छ भनी अध्ययन


गर्नु औचित्यपूर्ण देखिन्छ । यस आलेखमा यसै कोणबाट कवि विष्णु आचार्य 'अतृप्त' को 'घर फर्कने तिर्खा' (कवितासङ्ग्रह, २०७९) मा सङ्गृहीत कविताहरूको अध्ययन गरिएको छ ।

## २. कवि विष्णु आचार्य 'अतृप्त' को कवित्वको आयाम

विष्णु आचार्य 'अतृप्त'को जन्म २०३० सालमा नुवाकोट माझीटारमा भएको हो । पिता स्व. पुष्पनाथ आचार्य र स्व. माता रमादेवी आचार्यको ज्येष्ठ पुत्र आचार्य हाल नेपाल विद्युत प्राधिकरणमा प्रशासकीय अधिकृतका रूपमा सेवारत छन् । जन्मथलो नुवाकोटको माझीटारस्थित च्वाडी पब्लिक माध्यमिक विद्यालयबाट विद्यालय स्तरीय अध्ययन पूरा गरेका आचार्यले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्य र जनप्रशासनमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । आफ्नै जन्मथलो नुवाकोटका विभिन्न शैक्षिक संस्था स्कुल, कलेजमा अध्ययन र प्राध्यापनसमेत गरेका उनी हाल 'विद्युतकर्मी साहित्यक समाज' को आजीवन सदस्य तथा कार्यसमिति सचिव र यसै संस्थाबाट प्रकाशित हुँदै आइरहेको 'अमरज्योति' साहित्यिक त्रैमासिकको कार्यकारी सम्पादकको भूमिकामा सक्रिय छन् ।

कक्षा ८ मा अध्ययनरत हुँदा लेखिएको 'आयो पुस १४' शीर्षकको कविताबाट लेखनारम्भ गरेका आचार्यको रचना प्रकाशनको यात्रा भने २०५८ सालमा 'त्रिशुली प्रवाह' साप्ताहिकमा प्रकाशित 'भिन्नता' शीर्षकको लघुकथाबाट प्रारम्भ भएको हो । मूलतः कविता, गीत, गजल, मुक्तक, हाइकु, बाछिटा, एलाकजस्ता कविता/काव्य विधा तथा लघुकथा, सूत्रकथा, निबन्ध, नियात्रा, संस्मरण, समालोचना जस्ता विधामा पनि कलम चलाउने आचार्यको राष्ट्रिय पत्रपत्रिका तथा अनलाइन पत्रिकाहरूमा सयौँको सङ्ख्यामा साहित्यिक रचनाहरू प्रकाशित छन् । स्कुल कलेजमा अध्ययनरत छँदादेखि नै निबन्ध लेखन, वक्तृत्वकला, हाजिरी जवाफ प्रतियोगिताहरूमा पुरस्कृत हुँदै आइहेका आचार्यले नेपाल विद्युत प्राधिकरण स्तरीय राष्ट्रव्यापी कविता प्रतियोगिता २०६१ मा तृतीय तथा यसै संस्थाबाट आयोजित राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा क्रमशः द्वितीय र प्रथम पुरस्कार प्राप्त गरेका छन् । उनी सशस्त्र प्रहरी बल नेपालको २३ औँ वार्षिकोत्सव (२०८०) को अवसरमा आयोजित राष्ट्रव्यापी खुला कविता प्रतियोगिता, विश्वकविता दिवस (मार्च २१) को उपलक्ष्यमा साहित्य सदन नेपालद्वारा आयोजित राष्ट्रव्यापी खुला कविता प्रतियोगिता (२०८०) मा समेत पुरस्कृत भइसकेका छन् । साहित्य पोस्टबाट आयोजित मुक्तक, लघुकथा र गजल प्रतियोगितामा 'उत्कृष्ट तीन' भित्र पर्न सफल भई पुरस्कृत आचार्यको मुक्तक, गजल र लघुकथाका कृतिहरू प्रकाशनको तयारीमा छन् । 'घर फर्कने तिर्खा' (२०७९) उनको पहिलो प्रकाशित कविताकृति हो ।

## ३. 'घर फर्कने तिर्खा' कवितासङ्ग्रहको संरचना तथा नामकरण




'घर फर्कने तिर्खा' कवितासङ्ग्रहमा लघु र मझौला आयामिक संरचनाका ४९ वटा फुटकर कविता सङ्कलित छन् । यसभित्रका 'प्रश्नहरूको पराकम्प', 'स्वभाव', 'अनुभूति', 'चार छोटा कविता' शीर्षकका 'फरक तर्क', 'आत्मरति', 'विद्वता', 'मित्रता', र 'निषेधाज्ञा', शीर्षकको ८ वटा (शीर्षकमा ५) कविताहरू एउटै मात्र पङ्क्तिपुञ्जमा संरचित छन् । त्यसै गरी 'धर्ती नबिर्सनू', 'समयनदी', 'सम्झना-बिर्सना', 'कमाइ', ' बालिग लोकतन्त्र', 'वर्जित सपना' र ' भक्तेको लक्ष्मीपूजा', गरी ७ वटा कविता दुई पङ्क्तिपुञ्जमा संरचित छन् सङ्ग्रहमा बढीमा ९ पङ्क्तिपुञ्जसम्मको 'आधुनिकता एक शब्दचित्र' जस्ता कविता समेटिएका छन् । यस दृष्टिबाट प्रस्तुत सङ्ग्रहमा लघु र मझौला प्रगीतात्मक, स्वच्छन्दतावादी भावधाराका कविताहरू सङ्कलित छन् । कथ्यमा सूक्तिमयता, वर्णनात्मकता, उक्तिमा संवादात्मकता तथा संबोधनात्मकता, प्रस्तुतिमा व्यङ्गात्मकता यस सङ्ग्रहको वैशिष्ट्य बन्न पुगेको छ । सङ्ग्रहको नामकरण यसैभित्र समेटिएको 'घर फर्कने तिर्खा' (पृ. ३५-३६) बाट गरिएको छ । कोरोना त्रासदीजस्तो सङ्कटको समय आफ्नै घरमा आश्रय लिई सुरक्षित बन्न चाहने नेपालीलाई घर फर्किन समेत कठिनाइ भएको सन्दर्भलाई कथ्य बनाइएको यस कवितामा स्पष्ट रूपमा राष्ट्रियताको भाव बोधन भएको छ । जम्माजम्मी ११२ पृष्ठ आकारको यस सङ्ग्रहमा सङ्कलित कविताहरूको शीर्षक प्रायः प्रतीकात्मक नै छन् ।

## ४. राष्ट्रियताको भावबोधन सन्दर्भमा 'घर फर्कने तिर्खा' सङ्ग्रहका कविताहरूको विश्लेषण

राष्ट्रभित्र बसोबास गर्ने नागरिकहरू नै त्यस देशको अनुकूल-प्रतिकूल राष्ट्रिय जीवनको भोक्ता, द्रष्टा हुन् । राष्ट्रियता भन्नु त्यसै देशभित्रका नागरिकहरूको जात, धर्म, संस्कृति, लिङ्ग, वर्ण, प्रकृति, भौगोलिक परिवेश वा स्थानीयताको

परिचय हो । नागरिकको इतिहासचेतना वा देशको ऐतिहासिकी भूमण्डलीकरणका कारण राष्ट्रिय जीवनमा आइरहेको संकट वा राजनीतिक अस्थिरता, नीति निर्णयगत अस्पष्टता, कूटनीतिक अदूरदर्शीताको कारण देशमा बढ्दै गएको बाह्य हस्तक्षेपको प्रतिक्रियास्वरूप कवि-स्रस्टाहरूबाट के कस्तो चिन्ता, चासो वा चिन्तन प्रकट भइरहेको छ ? यसै कोणबाट यस सङ्ग्रहका कविताहरूमा 'राष्ट्रियताको भाव बोधन ' प्रक्रियाको विश्लेषण गरिएको छ ।

### *४.१ नेपाली जातीय संस्कृति, परम्पराको सन्दर्भमा राष्ट्रियताको भावबोधन*

कवि ब्राह्मण कुल घरानामा जन्मिएका र हिन्दू धर्म संस्कारले दीक्षित भएका हुनाले यस सङ्ग्रहमा यसै कोणबाट राष्ट्रियताको भाव बोधन हुन पुगेको देखिन्छ । भरी गाग्रोको साइत, बोहोताको दही, निधारको अक्षता, तुलसीको मोठ (परदेशीको पत्र), काली नागीन (कृष्णभीर, त्रिशुली र म), नागदेवता (सहरको प्रस्तावित मानचित्र), रामनवमीको बर्को ओढ्ने परम्परा (काँडादेखि सावधान), मन्दिरका गजुर (आधुनिकताः एक शब्दचित्र), फहराइरहेको लुङ्दर, ननुहाई कुनै काम नगर्ने, जुत्ता नखोली धाम नधाउने र भाकल बोल्ने चलन (मूर्तिको मैमत्याइँ), नारनपूजा (कमाई), मन्दिर- शिवालय (मान्छेः एक भ्रम), कल्पवृक्ष, सञ्जिवनी बुटी (कल्पवृक्ष), धूप सल्काउने क्रिया, भजनकीर्तन, अक्षता-भेटी चढाउने परम्परा, क्षमा पूजा गर्ने (जब मैले आफ्नो छाती चौडा बनाएँ), मझेरी लिप्ने चलन (आमाको अर्ती), पञ्चे बाजा, श्राद्धकर्म, पशुपति भाक्ने विश्वास (आऊ अब मसँग पनि भोट माग) दसैंमा दुर्गा भवानीको पूजन, घरको भित्ता लिपपोत गर्ने चलन, अकलादेवीको भाकल, रातो अक्षता, पहेँलो जमरा (बाल्यकालीन दसैं : एक सम्झना) लक्ष्मीपूजा (भक्तेको लक्ष्मीपूजा) जस्ता धार्मिक-सांस्कृतिक कथ्य सन्दर्भबाट कवितामा नेपाली राष्ट्रियताको भाव बोधन गरिएको छ । कवि शुभ-अशुभसम्बन्धी सनातन मान्यता, विश्वासको जगमा उभिएको सांस्कृतिक परम्पराको महत्ताको पक्षमा उभिनुका साथै त्यसभित्र मौलाएको आडम्बर, ढोँगप्रति आलोचनात्मक दृष्टि राख्छन् ।

**साक्ष्य-१**

**म उडेँ अनि भन्छ्यौ-**

**पिपलछेउको बर छैन**
**भरी गाग्राको साइत सपना त थिएन नि हगि !**
**बोहोताभरि दहीको सगुन भ्रम त थिएन नि हगि !**

**यता राता शुभसूचक अक्षता निधारबाट झरी नसक्दै**
**आखिर के भो र भनिरहन्छयौ कान्छी–**
**तिमी हिँडेपछि लच्छिन सबै बोकेर गयौ**
**तिमी छुटेपछि घरको सह लुटेर लग्यौ**
**मैले छोड्दा त सबै ठीकै थियो ।**

*(परेदेशीको पत्र, पृ. २१–२२)*

कवितांशमा 'म' पात्रको रूपमा कविले 'पिपलछेउको बर', भरी गाग्राको साइत, बोहोताभरिको दहीको सगुन, रातो अक्षता आदि शुभसूचनक सांस्कृतिक विम्बको माध्यमबाट राष्ट्रप्रति प्रेमभाव प्रकट गरेका छन् । कविको मनमा राष्ट्रियताको भाव बोधन छ ।

***४.२ नेपाली प्रकृति, भौगोलिक परिवेश (स्थानीयता) को सन्दर्भमा राष्ट्रियताको भावबोधन***

कवितामा हिमाली, पहाडी, भौगोलिक परिवेशको प्रस्तुति छ । कतै डाँडा, पहरो, कतै छङ्गाछुर भीर, कतै चौतारो, पिपलको छहारी, हिमटाकुरा, अनि हरियो टार र फाँटिला बारीजस्ता स्थानीय प्रकृति र स्थानीय परिवेशको माध्यमबाट कविले नेपाली राष्ट्रियताको परिचय दिन खोजेका छन् । 'शालीग्राम बोक्ने नदी', 'हिमालय पर्वत' (नदी र बगर), 'त्रिशूली', 'कृष्णभीर' (कृष्णभीर, त्रिशूली र म), 'ढुङ्गे धारा' (सहरको प्रस्तावित मानचित्र), 'बतासे डाँडा', 'नीलगिरि', 'महाकाली नदी' (घर फर्कने तिर्खा), 'सगरमाथा', 'लुम्बिनी', 'जङ्गे पिल्लर' (आधुनिकता : एक शब्दचित्र) 'तादीको बगर' (बाल्यकालीन दसैं : एक सम्झना), 'सहिदगेट', 'टुँडिखेल' (टुँडिखेलमा कुद्ने घोडाहरू), 'लाङटाङ' (अनुभूति), 'कालापानी' र 'लिम्पियाधुरा' (त्रासदी) जस्ता कवितामा प्रयुक्त शब्द विम्बले मुलुकको सुन्दर चित्र प्रस्तुत गरेको छ । अर्कोतिर 'हठी बादल', 'पहारिलो घाम' (निषेधाज्ञा), 'भदौरे पानी' (भदौरे पानी) जस्ता प्रकृति विम्बबाट राष्ट्रियताको भाव बोधनको स्तुत्य प्रयास भएको छ ।

प्रकृति–विम्बका माध्यमबाट नेपाली राष्ट्रियतासम्बन्धी कविको चिन्तनधाराको एउटा सुन्दर साक्ष्य :

**साक्ष्य–२**

**हाम्रो फूलबारीमा**
**कसैले सिस्नाको स्याउला हुर्काउँदै छ**
**तेल बोकेर उभिने ट्याङ्करहरू**

**युद्धको बख्तरबन्द गाडीझैं लाग्न थालेको छ**

**सुस्ता, कालापानी र लिम्पियाधुरा शब्द**

**मनको भूगोलबाट भाग्न थालेको छ ।**

*(त्रासदी, पृ. १११)*

प्रस्तुत कवितांशमा नेपालको ऐतिहासिक भूगोल प्रस्तुत गर्दै मनको भूगोलमा त्यो सुरक्षित नरहने हो कि भन्ने शङ्का व्यक्त गरिएको छ । कविले देशलाई फूलबारीको उपमा दिएका छन् । त्यति सुन्दर देशरूपी फूलबारीमा सिस्नाको स्याउला हुर्कने हो कि भन्ने चिन्ता प्रकट गरिएको छ । नेपाली प्रकृति, भूगोलको साक्ष्यमा कविबाट राष्ट्रियताको भावबोधन प्रस्तुतिको सुन्दर नमुना प्रस्तुत गरिएको छ ।

### *४.३ चरित्र (सहभागी) को मानसिकताको सन्दर्भमा राष्ट्रियताको भावबोधन*

परदेसिएको 'म' पात्र (परदेशीको पत्र) कान्छीलाई स्वदेश फर्कने सूचना दिंदै भन्छन्ः

**साक्ष्य -३**

**चाहिएन मलाई सुनको बाला**

**चाहिँदैन होला तिमीलाई पनि, मोतीको माला**

**बाँसै नरहे कसरी सुन्नु बाँसुरी धुनहरू**

**फिर्ती टिकट काटैं कान्छी**

**डलर सबै साटैं कान्छी**

**भुरूरू उडेर आउँदै छु आफ्नै पाखा-पखेरामा ।** *(पृ.२२)*

यस कवितांशमा राष्ट्रियताको भावबोधनक्रममा कवि स्वयम् अर्थात् 'म 'पात्रको उपस्थिति गर्विलो छ । 'म' पात्र धन कमाउने मोह त्यागेर आफ्नै देश फर्कने निर्णय लिन्छन् । कविले प्रस्तुत कविताको माध्यमबाट प्रत्येक कर्मठ नेपालीले राष्ट्रिय जीवनमा योगदान दिने तत्परता देखाउनुपर्ने सन्देश प्रस्तुत गरेका छन् ।

त्यसै गरी 'घर फर्कने तिर्खा' कवितामा कोरोना महामारीबिच आफ्नो देश फर्किएर घरमा सुरक्षित आश्रय लिन विदेशी भूमि (भारत) बाट स्वदेश फर्कने चाहना बोकेका इन्द्रराज खत्री, रमेश विष्ट, धनबहादुर नेपालीको मानसिकतालाई साधारणीकरण गरिएको छ । 'जागिर गरेरै बसिस् ?' कवितामा राष्ट्रप्रति आफ्नै स्थानबाट योगदान दिंदै आइरहेका राष्ट्रसेवक कर्मचारीको सोझो इमान्दार जीवनचर्याप्रति व्यङ्ग्य गरिएको छ । 'मजदुर दिवस' कवितामा मानबहादुरजस्ता व्यक्तिहरूले मजदुर दिवसकै

दिनमा पनि कष्टसाध्य श्रम गरी राष्ट्रियता धानिदिएको प्रसङ्गको प्रस्तुति छ । 'आमाको अर्ती' कवितामा देशको स्वाधीनता जोगाउन कसम खाने आफ्ना खसम र देशको सुन्दर मानचित्र सजाउन उत्प्रेरित आफ्नो छोरालाई बलियो आडभरोसा दिने आमाको भूमिका खुम्च्याइएकोमा खिन्नता बोध छ । 'सन्ते र सुन्तली' जस्ता पात्रहरूले रोजगारीको लागि विदेश जानु नपर्ने गरी मौलिक राष्ट्रोन्नतिको क्रान्ति उद्घोष गरियोस् भन्ने आग्रह छ – 'एउटा मौलिक क्रान्तिको उद्घोष' कवितामा । 'खुलापत्र रेश्माको नाममा' शीर्षक कवितामा रेश्माहरूलाई समुद्र, घाम, जूनको कविता मन परे पनि त्यस्तो कविता लेख्न नसकिने राष्ट्रिय जीवनको प्रतिकूल परिस्थितिको सङ्केत गरिएको छ । सहिदहरूको सहादतको अवमूल्यन भइरहेको विद्रुप राष्ट्रिय परिस्थितिप्रति असहमति र असन्तोषको स्वर प्रकट गरिएको छ 'टुँडिखेलमा कुद्ने घोडाहरू' र 'एक सहिदको विज्ञप्ति' शीर्षक कवितामा ।

माल्दाइ, माइली भाउजू, शेर्पा र चौधरी दाजु, काँल्दाइजस्ता प्रतिनिधि चरित्रलाई उभ्याएर कोरोना महामारीबाट राष्ट्रलाई बचाउन व्यक्तिगत सावधानी अपनाइदिन शालीन अनुरोध गरिएको छ 'केही दिन त पर्ख' कवितामा ।

यसरी यस सङ्ग्रहमा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिँदै आइरहेका आमा–बा, दाजु, दिदी बहिनीजस्ता परिवारजन, छरछिमेकी, किसान, मजदुर, सहिद, नेता–कार्यकर्ता, कर्मचारीको मानसिकताका माध्यमबाट राष्ट्रियताको भाव बोधनको चित्रात्मक प्रस्तुति छ ।

### *४.४ ऐतिहासिकी सन्दर्भमा राष्ट्रियताको भाव बोधन*

राष्ट्र निर्माण तथा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिने नायक नामहरूको स्मरण गर्दै इतिहासको विरासत जोगाउनु पर्ने सन्देश पनि यस सङ्ग्रहमा केही कवितामा उद्बोधन भएको छ । 'एउटा मौलिक क्रान्तिको उद्घोष' कवितामा मुलुकको समृद्धिको सुन्दर परिकल्पना प्रस्तुत गरिएको छ । यस्तो क्रान्तिमा किसानहरूको योगदानको उचित कदर हुनेछ । स्वरोजगारको गान गुन्जिनेछ र हिजोको गोपालवंशीय वा महिषपाल वंशीय लोकतन्त्र र संघात्मक शासनको पुनरोदय हुनेछ । कवि भन्छन्ः

**साक्ष्य– ४**

**त्यो क्रान्ति**<br>
**मौलिक होस्, ब्रान्डेड होस्,**<br>
**नाम जुराइयोस्– 'दुग्ध क्रान्ति' को**

**हतियार बनून् बाल्टिन र गबुवाहरू**
**उत्पादनशील होस् आन्दोलनको चरित्र**
**तत्पश्चात् बल्ल पुनःस्थापित हुनेछ**
**गोपालवंशीय लोकतन्त्र**
**महिषपाल वंशीय सङ्घात्मक शासन ।** *(पृ. ७३)*

इतिहासले अमर बनाइदिएर बाँचिरहेका ज्ञात अज्ञात सहिदहरू आफ्नो सहादतको अवमूल्यनप्रति यति रूष्ट छन्, 'एक सहिदको विज्ञप्ति' कवितामा सहिद भन्छन्ः

**साक्ष्य- ५**
**अब मान्छे हुन पाए**
**म कहिल्यै सहिद हुने थिइनँ**
**म आगो पिएर पनि बाँच्ने थिएँ**
**जसरी अरू बाँचेका छन्**
**म काँडाको तरेलीमा पनि नाच्ने थिएँ**
**जसरी अरूहरू नाचेका छन्**
**मलाई सहिदगेटबाट हटाऊ**
**इतिहासका दस्तावेजहरूबाट थुत**
**मलाई पाठ्यपुस्तकका पानामा च्यापिएर बस्नु छैन**
**सन्तानको नजरबाट नालायक भएर खस्नु छैन ।** *(पृ. ९३)*

जीवनको आहुति दिएका सहिदहरूले अब आफ्ना सन्तानका लागि मात्र बाँच्ने चाह राख्नु आफैँमा वर्तमानको शासकीय चरित्रमाथिको व्यङ्ग्य हो ।

### *४.५ भूमण्डलीकरण/ विश्वव्यापीकरण सन्दर्भमा राष्ट्रियता*

पछिल्लो समय सूचना प्रविधिले संसारलाई एउटै घरजस्तो बनाइदिएको छ । अहिले प्रतिभा, क्षमता भएकाहरूका लागि अवसरको ढोका खुला छ । हामीकहाँ पनि विदेशलाई रोजगारीको गन्तव्य बनाएर बिदेसिनेहरूको लर्को छ । यस्तो बेला पल्लाघरे कान्छाहरू स्काइपमा घरपरिवारसँग सन्चो बिसन्चो सोध्छन्, कुराकानी गर्छन् । विश्वव्यापी कोरोना महामारीको चपेटामा प्राणघातक भाइरसबाट सुरक्षित हुन हाम्रो घरआँगनमा पनि 'स्यानिटाइजर' आइपुग्यो । रोजीरोटी र अवसरको लागि हाम्रा युवाहरू मुग्लान् र रेगिस्तान पुगेको सन्दर्भ कोट्याउँदै कवि भन्छन्ः

**साक्ष्य –६**

**सुन्दै छु**

**केही पाइताला मुग्लान**

**र केही पाइताला**

**रेगिस्तान पुगेका छन् रे ।** *(प्रवासिएको पाइताला, पृ. १००)*

यस कवितांशमा विश्वव्यापीकरण र भूमण्डलीकरणका नाममा हाम्रा श्रम र सीप विदेशी बजारमा बेचिएको प्रति असहमति भाव प्रकट गरिएको छ ।

**साक्ष्य – ७**

**घरले नै मलाई**

**घर निखन्न**

**घरभन्दा पर सीमापारिको घरमा पठाएको छ ।**

*(घर फर्कने तिर्खा, पृ. ३६)*

घर बनाउनकै लागि, घरमा अधिकार प्राप्तिका लागि धनको जोहो गर्न सीमापारिको अर्को घर जान बाध्य परिस्थिति भूमण्डलीकरणकै उपज भएको जनाउ दिँदै यस कवितामा राष्ट्रियताको भावबोधन भएको छ ।

### *४.६ राष्ट्रिय स्वाधीनता सन्दर्भमा राष्ट्रियताको भाव बोधन*

अदूरदर्शी कूटनीति, अस्थिर राजनीतिक अभ्यासको कारण मुलुकमा बाह्य हस्तक्षेप बढ्दो छ । यस्तो बेला समकालीन नेपाली कवितामा त्यसप्रतिको असहमति, विरोध, व्यङ्ग्य र प्रतिशोधको स्वर पनि तीव्र बन्दै गइरहेको यथार्थलाई यस सङ्ग्रहका केही कवितामा पनि अभिव्यक्ति दिइएको छ । कवि भन्छन्ः–

साक्ष्य –७

**मानव पिल्लर बनेर**

**जङ्गे पिल्लरको जडता विरूद्ध जेहाद छेड्नु छ**

**अनि सञ्चार गर्नुछ**

**तातो तेलमा भकभकी पाकेका चिसा जनमनहरूमा**

**सीमा सुरक्षाबलको पारिलो अनुभूति ।**

*(आधुनिकता : एक शब्दचित्र, पृ.४६)*

यस कवितांशमा जङ्गे पिल्लरले देशको स्वाधीनताको रक्षा गर्न नसकिरहेको सङ्केत गर्दै नेपालीले नै आफूलाई जङ्गे पिल्लर बनाएर उभ्याउनु पर्ने परि स्थितिप्रति व्यङ्ग्य भाव मुखरित छ । राष्ट्रमाथि छिमेकी देशको बलमिच्याइँ कसरी बढ्दै छ भन्ने कुरालाई 'त्रासदी' शीर्षकको कवितामा यसरी व्यक्त गरिएको छ :

**साक्ष्य -८**

**मेरो अमुक छिमेकी**

**त्रिपालले छोपेर**
**कन्टेनरभरि त्रासदी निकासी गर्छ**
**जस्तो कि**
**दुई-चार टन नुनको त्रासदी**
**पाँच-दस के.जी. सुनको त्रासदी**
**राशनको त्रासदी**
**भुटुनको त्रासदी**
**यो त्रासदीको विषादीले**
**अङ्गभङ्ग शिथिल पारिरहेको छ ।** *(पृ. ११०)*

यस कवितांशमा देश कसरी छिमेकी राष्ट्रहरूको प्रभावले गाँजिएको छ र हामी कसरी कुँजिँदै छौँ भन्ने तीतो सत्य उद्घाटित छ र राष्ट्रियताको भाव बोधनका सन्दर्भमा यो कविता उल्लेखनीय बन्न पुगेको छ ।

यसप्रकार समकालीन नेपाली कविता परम्परामा विष्णु आचार्य 'अतृप्त' को 'घर  फर्कने तिर्खा' (२०७९) कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूले राष्ट्रियताको भावबोधनसँग सम्बद्ध साक्ष्य खडा गरेका छन् । समकालीन नेपाली कविता यी र यस्तै कविहरूको समष्टि प्रवृत्तिबाट गतिशील छ ।

## ५. कवि विष्णु आचार्य 'अतृप्त' को कवितात्मक प्रवृत्ति

कवि आचार्य समकालीन स्वच्छन्दतावादी भावधारा अन्तर्गत सिर्जनशील सक्रियता देखाउँदै आइरहेका प्रतिभा हुन् । यस कृतिमा आयामगत विविधता र विषयवस्तुगत विविधताका मूलतः प्रगीतात्मक संरचनाका वर्णनात्मक शिल्पयुक्त मुक्त लयात्मक कविताहरू सङ्गृहीत छन् । समकालीन राष्ट्रिय जीवनका अफ्ठ्यारा परिस्थिति, समाजका विविध क्षेत्रमा व्याप्त विसङ्गत र विकृत परिवेशप्रति तीव्र व्यङ्ग्यसहित

विरोध र असहमतिको स्वर अभिव्यक्त गर्नु यस सङ्ग्रहको मुख्य विषयवस्तुगत वैशिष्ट्य हो । उनी आफ्नै थातथलोको स्थानिक परिवेश विचरणमा रमाउँछन् । उनलाई हिमाल, पहाड, नदीनाला, फाँटिलो बस्तीहरू प्रिय छ । दसैँ तिहार जस्ता धार्मिक-सांस्कृति पर्व पनि उनलाई उत्तिकै प्रिय छ । सर्वसाधारणलाई मतदाता र रैतीमात्र देख्ने शासकीय अहम्प्रति उनको गुनासो छ । राष्ट्रिय जीवनमा देखापरेको अनेकौँ सङ्कटहरूप्रति कवि उत्तिकै संवेदनशील देखिन्छन् ।

यस सङ्ग्रहका कविताहरूमा राष्ट्रियताप्रतिको सम्मानभाव, किसान, मजदुर र कर्मचारी जीवनको महिमा गानका साथै विश्वजनीन मानवीय समभावप्रति कटाक्ष पनि गरिएको छ । मान्छेको स्वार्थी प्रवृत्ति, ईर्ष्यालु र शङ्कालु स्वभावलाई चित्रण गर्दै कवि भन्छन्ः

**साक्ष्य -९**

**सुख पायो-साथीभाइ सम्भन्छ**
**दुःख पर्दा दाजुभाइ सम्भन्छ**
**बोली सुन्यो- मह चुहिएभैँ लाग्छ**
**व्यवहार हेर्‍यो- पिँडालु कुहिएभैँ लाग्छ**
**उही मान्छे, रूप फरक फरक**
**चित्र एक, चरित्र अनेक**
**मान्छे एउटा जटिल विरोधाभास ।**

*(मान्छे : एक भ्रम, पृ. ५१)*

उनी कवितामा यसरी मान्छेको स्वाभाव, प्रवृत्तिको उत्खनन गर्दछन् । मानवीय वैश्विक समस्याप्रति पनि कवि संवेदनशील देखिन्छन् । उनी कतै नदीको गतिशीलतासँग जीवनको तुलना गर्दै जीवनप्रतिको दार्शनिक दृष्टिकोण प्रस्तुत गर्छन् भने कतै स्वच्छन्दता, कतै आदर्श, कतै सुधार र कतै मानवताको पक्षधरता देखाउनु उनको कविताको मूल प्रवृत्तिगत वैशिष्ट्य बन्न पुगेको छ ।

आफ्नो भाव, विचार प्रस्तुतिका क्रममा अनुप्रासमस, समानान्तरताको अभिव्यक्तिका कारण यस सङ्ग्रहका कविताहरू सङ्गीतात्मक, लयात्मक बन्न पुगेका छन् । भन्डै गजलको लयात्मक संरचनाको प्रभाव उनका धेरै कवितामा पाइन्छ । सरल विम्ब प्रतीकको प्रयोगका साथ व्यङ्ग्यको सशक्त विस्फोट यस कविताकृतिको काव्यकलाको स्वीकार्यता हो । यति हुँदाहुँदै पनि भावको परिपाकसहित वैचारिक

सुस्पष्टताको अभाव भने ठाउँठाउँमा खट्किन्छ । विम्ब र प्रतीकको शाब्दिक खेल र चयन अझ सन्तुलित हुन सकेको छैन । हल्काफुल्का हाँस्य र व्यङ्ग्यबाट काव्यिक ओजलाई अझ माथि उठाउन अभ्यास र धैर्यको खाँचो देखिन्छ ।

## ६. निष्कर्ष

कवि विष्णु आचार्य 'अतृप्त'को साहित्यिक विधागत योगदानको क्षेत्र कविता/काव्य नै हो । साहित्यिक यात्राको दुई दशक लामो समयावधिमा उनको पहिलो कृतिका रूपमा 'घर फर्कने तिर्खा' (२०७९) प्रकाशनमा आएको छ । यसमा लघु र मझौला आयामिक संरचनाका ४९ वटा कविता सङ्कलित छन् । कविताको विषयघेरा राष्ट्रिय जीवनको वरिपरि नै सीमित रहेकोले यसको मूल प्रवृत्तिका रूपमा राष्ट्रियताको भावबोधलाई नै लिन सकिन्छ । यो समकालीन नेपाली कविताको पनि एउटा प्रमुख प्रवृत्ति हो । देशको राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक क्षेत्रमा देखापरेका यावत समस्याहरूलाई राष्ट्रियतासँग जोडेर प्रस्तुत गर्ने कवि आचार्यको कविता शैली/शिल्प पठनीय छ । स्वच्छन्दतावादी भावधाराभित्रको राष्ट्रियताको चिन्तनको केन्द्रमा नेपाली प्रकृति, स्थानीयता, भूगोल, संस्कृति, नागरिकको मानसिकता, भूमण्डलीकरणको प्रभाव र बाह्य हस्क्षेपकारी क्रियाकलापप्रति कवि संवेदनशील देखिन्छन् । यसप्रतिको चिन्ता र चासो नै यस कवितासङ्ग्रहको मूल कथ्य सन्दर्भ हो ।

कविता कथनको शिल्प शैलीमा पनि कविले निजत्व प्रस्तुत गरेका छन् । मुक्तलयमा लेखिएका यी कविताहरू लयात्मक र साङ्गीतिक त छन् नै, कविको व्यङ्ग्योक्ति पनि उत्तिकै सशक्त बन्न पुगेका छन् । राष्ट्रियताको भावबोधनका सन्दर्भमा यो सङ्ग्रह उल्लेखनीय एवम् पठनीय सामग्री बन्न पुगेको छ ।

### सन्दर्भ सामग्री

आचार्य, विष्णु (२०७९), घर फर्कने तिर्खा, काठमाडौँ : विद्युतकर्मी साहित्यिक समाज ।

गिरी, अमर र अन्य (२०७२), (सम्पा.), प्रज्ञा समकालीन नेपाली कविताविमर्श, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौँः पैरवी प्रकाशन ।

घिमिरे, निमग्ना (२०७९), नेपाली कवितामा राष्ट्रिय स्वाधीनता चेत, काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

ज्ञवाली, ईश्वरचन्द्र, "नेपाली प्रगतिशील कवितामा राष्ट्रियताको चेतना" **प्रलेस**, (वर्ष १९, पूर्णाङ्क २१,२०७१) पृ.२१९-२५८ ।

# 'जिल खाइरहेको एक्काइसौं शताब्दी' भित्रका जिल खुवाउने कविता



डा. कौशिला रिसाल

## १. कवि परिचय

शान्ति प्रियवन्दना (मकवानपुर, हेटौँडा) वर्तमान समयकी सशक्त कवि हुन् । प्रगतिशील धारमा कविता लेख्ने उनको 'जिल खाइरहेको एक्काइसौँ शताब्दी' कवितासङ्ग्रह (२०७८) प्रकाशित छ । यो कृति कवि प्रियवन्दनाको पहिलो कवितासङ्ग्रह हो । बाल्यकालदेखि नै कविताप्रतिको मोहले उनलाई कविता लेखनको यात्रा हिंडाएको हो । कविता लेखनमा पारिवारिक वातावरणले सहयोग गऱ्यो भने घरमा बुबाले पढ्ने गरेका पुस्तकहरू लुकेर पढ्ने गर्दा कवितामा उनको रूचि बढाइदियो । उनको २०५४ सालमा पहिलो पटक कविता छापिएको थियो । त्यसपछिका दिनहरूमा नियमित रूपमा हवाइपत्रिका र भित्तेपत्रिकाहरूमा कविताहरू छापिने क्रम जारी छन् । कविता लेखनको लामो समयपछि सङ्ग्रह प्रकाशनमा ल्याएकी शान्तिका कवितामा नारी स्वर बुलन्द भएर आएका हुन्छन् । कविताले अन्याय र सामाजिक विभेदका विरूद्ध बोलेका हुन्छन् । उनी कविताको अलावा निबन्ध लेखनमा पनि कलम चलाउँछिन् ।

## २. कवितासङ्ग्रह परिचय

'जिल खाइरहेको एक्काइसौँ शताब्दी' २०७८ सालमा प्रकाशित कवितासङ्ग्रह हो । यसलाई रत्न पुस्तक भण्डार काठमाडौँले प्रकाशनमा ल्याएको हो । अठार बाइ बाह्रको साइजमा रहेको यस कृतिको आवरणमा अकृनले कला दिएका छन् । पुस्तकको साजसज्जा क्रियटिभ आइडियाजले गरेको छ । सङ्ग्रहभित्र श्यामल, सरिता तिवारी र निमेष निखिलको सङ्क्षिप्त शुभकामना मन्तव्य समावेश छ । कृति ११३ पृष्ठमा संरचित छ । सङ्ग्रहभित्र विभिन्न विषय शीर्षकका ३५ ओटा कविताहरू सङ्कलित छन् । 'आमा मेरो विश्वविद्यालय', 'नाम-वतन नखुलेको डोब', 'एउटा जीर्ण फूलको कथा', 'पक्षपाती घाम', 'जवाफ पाऊँ', 'सरदार', 'म छोरी सुनाखरी', 'विचारमाथि विचार गर्दा', 'नगरवधूको बकपत्र', 'सहर एक सवाल', 'पाइलाको माया', 'याद अनि दिव्य यादहरू', 'गायब रङहरूको खोजी',

'आउँदो युद्धमा', 'सहरमा झरी', 'हिँड्ने कला', 'मै छु काफी', 'आँसु हिँड्ने बाटोमा', 'कलाकारप्रति', 'गुलाबहरूको तमासा', 'कुन माटोले बन्छन् आमाहरू', 'नारीको भागमा', 'मिठास', 'छोरी इतिहास पढिरहेकी छे', 'बैँसमा हजुरआमा', 'आगोको घर', 'स्वतन्त्रता', 'समय', 'सडक', 'विद्रोही आमै', 'राँको', 'केतुकेको नाम्लो', 'पोस्टमार्टम रिपोर्ट', 'जिल खुवाउने गाउँ', 'अखबारमा एउटा ल्यान्डस्केप', 'पाठ जिन्दगीको' सङ्ग्रहभित्रको कविताका शीर्षकहरू हुन् । समग्रमा कवितासङ्ग्रहको रूप पक्षलाई यसरी नै बुझ्न सकिन्छ ।

## ३. सङ्ग्रहभित्रका कविताको विश्लेषण

खास गरेर कृति प्रकाशनको झन्डै एक वर्षपछि अर्थात् गत असोज महिनामा प्रिय मित्र शान्ति प्रियवन्दनासँग पछिल्लो समय भेट भएको थियो । त्यही समयमा प्रगतिशील लेखक सङ्घको कार्यालय बागबजारमा मैले यो पुस्तक प्राप्त गरेकी थिएँ । कवितासङ्ग्रह पढेर समीक्षा लेख्ने मनसाय हुँदाहुँदै पनि ढिलो भयो । एक त म अलि अल्छी छु । दोस्रो अरूका रचना केलाएर लेख्ने काम सजिलो पनि छैन । मेरो मन छोएको रचना वा लेखकले लेखिदिन अनुरोध गरेको खण्डमा मात्रै अरूका रचनामाथि  दृष्टि लगाउँछु । कवि कृष्णदेव रिमालले अमरज्योति पत्रिकाको लागि एउटा समालोचना लेखिदिन आग्रह गरेकै कारण यो सङ्ग्रहले लामो समयपछि समीक्षित हुने मौका पायो । यस लेखमा 'जिल खाइरहेको एक्काइसौँ शताब्दी' कवितासङ्ग्रहमा समाविष्ट कविताहरूको अध्ययन गरेर भाव सम्प्रेषणलगायत विभिन्न कोणबाट सार पक्ष केलाउने प्रयास गरिएको छ ।

### *३.१. मातृशक्तिप्रतिको विश्वास*

कवि शान्ति प्रियवन्दनाको जिल खाइरहेको एक्काइसौँ शताब्दी कवितासङ्ग्रहभित्रका दुईओटा कवितामा मातृशक्तिप्रति अपार श्रद्धा र विश्वास व्यक्त गरिएको छ । यी कविताहरूमा आमाहरूको साहस र ऊर्जालाई उजागर गरिएको छ । 'आमा मेरो विश्वविद्यालय' सङ्ग्रहभित्रकै पहिलो शीर्षकको कवितामा मातृत्व चेतना अभिव्यक्त भएको छ । सन्तानको सुखदुःखमा रमाउन सिकाउने आमाको प्रेरणालाई स्मरण गर्दै ममत्वप्रति सम्मान गरिएको कविता हो । औपचारिक शिक्षा नलिएकी आमा खासमा जीवनव्यवहार सिकाउने विश्वविद्यालय हुन् । आफ्ना सन्तानका लागि जहिले एक उत्प्रेरक र जीवन जिउने आधार बनेर आमाले साथ दिन्छिन् भन्ने यथार्थ भाव कवितामा यसरी व्यक्त भएको छ–

**.......चराले खसेको**

**प्वाँख कहिल्यै पछ्याउँदैन**

**उसले त आकाश पो हेर्ने गर्छ**
**तिमी पनि चरा बन**
**र आकाश चहार, छोरी** *(पृ.२१)*

कविताको यस अंशमार्फत आमाले छोरीहरूको प्रगतिको चाहना राख्दै चराजस्तै स्वतन्त्र उड्न् भन्ने कामना गरेकी छन् । कवितामा दुःख बिर्सेर, आँसु पुछेर जीवनमा नयाँ सपना बुन्न अभिप्रेरित गरिएको छ ।

यस्तै 'कुन माटोले बन्छन् आमाहरू' शीर्षकको कविताले दुःखलाई बोकेर धर्ती उठाउने आमा हुन् भन्दै मातृशक्तिको महिमा बुझाएको छ । जसरी पृथ्वीले सारा प्राणीको बोझलाई थेगेको हुन्छ त्यसरी नै आमाले पनि पहराको छाती बनेर सन्तानका खुसीको लागि बोझ उठाइरहेकी हुन्छिन् । सन्तानले सधैँ सुख पाऊन् भन्ने कामना गर्दै आफूमाथि पहाडै खसे पनि सामना गर्ने मातृशक्तिका कारण आमाहरू महान् हुन्छन् भन्ने भाव उक्त कविताबाट बुझ्न सकिन्छ । प्रस्तुत छ कविताको छोटो अंश–

**दुःख कष्टले वज्र बनेको शरीर**
**आमा सम्झनेबित्तिकै**
**म सोध्छु आफैँलाई**
**कुन माटोले बन्छन् आमाहरू !** *(पृ. ७२)*

### *३.२ निम्नवर्गको पक्षमा वकालत*

सङ्ग्रहभित्रका केही कविताले निम्नवर्गका पक्षमा आवाज उठाएका छन् । 'नाम वतन नखुलेको डोब' कविताले निम्न वर्गको पक्षमा वकालत गरेको छ । अरूको पाउ मोलेर चाकडी गरेर, अरूकै निम्ति बाँच्दा आफ्नो पहिचान बनाउन नसकेका थुप्रै श्रमजीवी वर्गको प्रतिनिधित्व गर्छ यो कविताले । मानिसले आफ्नो पहिचान आफैँ बनाउनुपर्छ भन्ने कविताको भाव बुझिन्छ । यथार्थमा गरिबका लागि घरमा नुन किन्न नसकेको बेला जुत्ता प्राथमिकतामा नपर्ने हुँदा रहर मारेर आफ्नो जिन्दगी अरूकै लागि खर्चनु पर्ने परिस्थिति हुन्छ ।

'पक्षपाती घाम' शीर्षकको कविता उज्यालो अर्थात् सुविधाबाट वञ्चित निम्न वर्गकाप्रति लक्षित छ । कविता शासकको विरूद्धमा उभिएको छ । कवितामा क्रान्ति गरेर उज्यालो ल्याउन लडेका वर्गलाई जुनसुकै शासन व्यवस्थाले न्याय

गर्न नसकेको आशय व्यक्त गर्दै पुनः क्रान्ति आवश्यक रहेको सङ्केत गरिएको छ । उदाहरणका लागि कविताको छोटो अंश प्रस्तुत गरिएको छ–

**यो पक्षपाती घामविरूद्ध**

**अर्को एउटा नयाँ घाम**

**आविष्कार नगरी भा'छैन**

**अब म यो कविता यहीँ टुङ्ग्याउँछु, र**

**मसाल बोक्नेहरूसँग मिसिन जान्छु ।** *(पृ.३०)*

### *३.३. लैङ्गिक विभेद र महिलाहिंसाको यथार्थ चित्रण*

'एउटा फूलको जीर्ण कथा' शीर्षकको कविता फूल फुलुन्जेल भमरा डुलेझैँ उमेरमा सबैले स्वार्थको नजर लगाउने, उमेर र बैँस सकिएपछि सबैको हेला हुने नारीको जीवनमा केन्द्रित छ । समानताको अपेक्षा गर्दै महिलालाई पुरूषको नियन्त्रण आवश्यक नभएकोले आफ्नै नाम र वतनले बाँच्न पाउनुपर्छ र बाँच्न सक्छन् भन्ने भावलाई कविले जोड दिएकी छन् ।

**त्यही बेला**

**चुँडिएर डालीबाट**

**भुइँमा ओइलाउँदै गरेको**

**एउटा वयस्क फूलले**

**हेर्दै बुटातिर कोपिलाहरूलाई भन्छ–**

**'नडराऊ प्रकृतिसँग**


**सबैभन्दा असुरक्षित त तिमीहरू**

**मालीसँग छौ ।'** *(पृ...)*

'पाठ जिन्दगीको' कविताबाट साभार यी अंशले नेपाली समाजमा विद्यमान लैङ्गिक तथा वर्गविभेदलाई उजागर गरेको छ । कवितामा आफ्नै घरपरिवार र अभिभावकबाट समेत छोरीहरू असुरक्षित हुने गरेकाले 'जो रक्षक उही भक्षक' भन्ने कथन कविताले पुष्टि गरेको छ । महिलाहरू घरपरिवारबाटै असुरक्षित हुँदै आएका तितो सत्य कवितामा उजागर भएको छ ।

'म छोरी सुनाखरी' कविताले पनि लैङ्गिक अधिकारको पक्षमा आवाज उठाएको छ । बाबुआमा जोसुकै हुन्, छोरीले उनीहरूको नामबाट मात्र चिनिने जुन

परम्परा नेपाली पितृसत्तात्मक समाजमा रहेको छ यो परम्पराको अन्त हुनुपर्नेमा यस कविताले जोड दिएको छ ।




'नगरवधूको बकपत्र' शीर्षकको कवितामा गरिबीको दुर्दशा र बेरोजगारले सिर्जना गरेको समस्या प्रमुख विषय बनेको छ । महिलामाथि पुरूषको कुदृष्टि पर्ने गरेको, कमजोर आर्थिक अवस्था भएपछि पुरूषले महिलाप्रति लगाउने गिद्धे दृष्टि, सबैको स्वार्थी नजरले घेरिनुपर्ने बाध्यात्मक परिस्थिति कवितामा व्यक्त भएको छ । महिलाले राम्रो काम गरे पनि वेश्यावृत्ति गरेर पैसा कमाएको देख्ने समाजलाई नारीले अस्मिता होइन उमेर अर्थात् जवानी बेच्छन् भन्ने आशय व्यक्त गरिएको छ । कविताले श्रम नबेची अस्मिता बेच्ने भए नारीहरूले भोकभोकै मर्नुपर्थेन भन्ने मूल भाव व्यक्त गरेको छ ।

**...यदि बिक्री हुँदो हो त अस्मिता**

**किन तल्लो गाउँकी फूलमती**

**भोकभोकै मर्थिन्**

**उमेर ढल्केपछि ?** *(पृ.४७)*

'पोस्टमार्टम रिपोर्ट' गज्जबको कविता हो । पितृसत्ताको उपजबाट जन्मिएको यस कवितामा महिलामाथि हुने गरेका अन्याय, अत्याचार र पुरूषको एकाधिकारलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । प्रस्तुत छ कविताको छोटो अंश–

**....पोस्टमार्टम रिपोर्टअनुसार**

**त्यो महिलाको शरीरभित्र एउटा भयानक पुरूष**

**उपरखुट्टी लाएर बसिरहेको थियो**

**र, हाँसिरहेको थियो भद्दा ढङ्गले ।** *(पृ.१०५)*

महिला हिंसाको चरम अवस्थालाई बोध गर्न सकिने कविता सङ्ग्रहभित्रको अर्को महत्त्वपूर्ण कविता 'जिल खुवाउने गाउँ' शीर्षकको कविता हो । हामीलाई समयले मात्र अगाडि लग्यो तर सोच र व्यवहारबाट कहिल्यै माथि उठ्न सकेनौँ । अन्धविश्वासको नाममा महिलामाथि लाञ्छना लगाउँदै हिंसा गरिह्यौँ । यस किसिमको गलत परम्पराको अन्त्य कहिले होला ? यस्तै भाव 'जिल खुवाउने गाउँ' शीर्षकको कविताले बोलेको छ । कविता कृतिको नाम पनि यसै कविताको शीर्षकसँग मिल्ने देखिन्छ । एक्काइसौँ शताब्दीमा नेपालको जिल खुवाउने अवस्था देखेर कविको कविता जन्मिएको छ । यस शीर्षकमा रहेको कविताको अंश यस्तो छ–

**माली गाईलाई खोरैँत लाग्दा**

**बाटाघरेलाई कामज्वरो आउँदा**

**धामीको आदेशमा**

**मुडुलो बनाउँदै गाउँ घुमाइन्छ उनलाई**

**र, खुवाइन्छ मान्छेको बिस्टा** *(पृ.१०७)*

यसरी गाउँमा निर्धा, असहाय एकल महिलालाई बोक्सीको नाममा अनेक किसिमका हिंसा गर्ने गरिएको यथार्थ कविताले बोलेको छ । गाउँघरमा घट्ने विभिन्न घटनामा तिनै निर्धा महिलालाई बोक्सी भनेर यातना दिइन्छ, मानसिक तनाव दिइन्छ । मलमूत्र खुवाइन्छ । कवितामा समय फेरिए पनि मानिसका व्यवहार र सोच नफेरिएको हुँदा महिला हिंसाको अन्त्य नभएको प्रसङ्ग उठाइएको छ ।

### *३.४. सांस्कृतिक विचलनप्रति सचेत*

'गुलाबहरूको तमासा' शीर्षकको कविताले नेपालमा विदेशी संस्कृतिले राष्ट्रिय संस्कृतिमाथि विचलन आएको भाव व्यक्त गरेको छ । पश्चिमा संस्कृतिको सिकोप्रति आलोचना गर्दै सच्चा प्रेम गुलाबमा हुँदैन र किनेर पनि पाइँदैन भन्ने भाव कविताले अभिव्यञ्जित गरेको छ । जस्तै–

**हजुरबुबा-हजुरआमा छक्क छन्**
**प्रेम पनि कहीँ बजारमा पाइने कुरो हो ?** *(पृ.७१)*

### *३.५. जीवनबोध अर्थात् आशावादी कविता*

सङ्ग्रहभित्र आफ्नो बारेमा अर्थात् जीवनलाई माया गर्नुपर्छ, आफ्नो लागि आफैँ हो भन्ने भावका केही कविता छन् । 'पाइलाको माया' कवितामा पाइला अर्थात्

गतिलाई सम्बोधन गरिएको छ । पाइला चाल्ने व्यक्ति हरेक कार्यमा अगाडि हुन्छ । गन्तव्यको, सफलताको पहिलो स्टेप नै पाइला हो । तत्परता पाइला हो । केही गर्नुपर्छ, कुनै पनि काम गर्दा होसियार हुनुपर्छ भन्ने आशय कविताबाट प्राप्त गर्न सकिन्छ ।

'याद अनि दिव्य यादहरू' जीवनसम्बन्धी कविता हो । यसमा जीवनलाई फर्केर हेरिएको छ । जीवन यादहरूको बहीखाता भएकाले अतीतसँग पश्चताप होइन, आनन्द मानेर जिउने गर्नू भन्ने आशय व्यक्त गरिएको छ । यसको साथै भविष्यको सुन्दर कल्पना गर्न नछोड्नु भविष्य भोलि बिहानको घाम हो । आँसु हिँड्ने बाटोमा कविताले दुःखलाई अनुभूति गर्न सकिन्छ तर देख्न सकिँदैन भन्ने भाव अभिव्यञ्जित गरेको छ ।

'सहरमा झरी' शीर्षकको कविताले गाउँको दुःखलाई स्मरण गरेको छ । गाउँका निम्नवर्गका समुदायको जीवन झरीजत्तिकै रूझिलो हुन्छ । सहरका बङ्गलामा बस्नेले अनुभूत गर्न नसक्ने दुःखको झरीलाई सहेर बाँचिरहेका निम्नवर्गको जीवनबोध गर्नेतिर कविता उन्मुख देखिन्छ । दुःखमा बाँचेकाको जीवन सङ्घर्षले सुखतिर फर्कने आशा कवितामा गरिएको छ ।

### *३.६.जातीय विभेदप्रति विद्रोह*

'विद्रोही आमै' कवितामा विद्रोही चेतना छ । ईश्वर र भगवान्को नाममा हुने विभेदको विरोध र विद्रोह आमै अर्थात् भोक्तामार्फत देखाएर अधिकार प्राप्तिको लागि विद्रोह आवश्यक छ भन्ने विचार सम्प्रेषण गरिएको छ । प्रस्तुत छ कविताको छोटो अंश–

**पिठ्युँको छाला खुइलिने गरी**

**ढुङ्गा र पानी बोकेर**

**ठड्याएको मन्दिरमा**

**उँचा भनिने मान्छेहरूले**

**प्रवेशमा रोक लगाएपछि**

**आमैले आस्थालाई नै सेलाइदिइन् ।** *(पृ.९५)*

### *३.७. समाजका विविध विषयलाई उजागर गरिएको कवितासङ्ग्रह*

वर्तमान समाजको विविध किसिमका परिवेशमा बाँचेका मान्छेका सङ्घर्ष र स्वभावसँग जोडिएका विषय कवितामा आएका छन् । कवितामा जीवन, यात्रा,

सङ्घर्ष, आत्मविश्वास, सपना र सकारात्मक सोच मेरूदण्ड बनेर आएका छन् । जीवनमा कर्म महत्त्वपूर्ण छ । कर्मले नै मानिसलाई चिनाउँछ भन्ने मूल भाव कवितामा उठान गरिएको छ ।

'मै छु काफी' कवितामा आफूलाई विश्वास गरेर अगाडि बढ्न आग्रह गरिएको छ । आत्मविश्वासको लागि आत्मविश्वास चाहिन्छ । जीवनमा समस्यासँग जुध्न सक्नुपर्छ । विनास्वार्थ कसैले हात दिँदैनन्, साथ दिँदैनन् आफ्नो लागि म अर्थात् आफूलाई विश्वास गरेर अगाडि बढौँ भन्ने कविताको आशय हो ।

कविताले दुःखलाई देख्न सक्दैन तर अनुभूति रहिरहने कुरा सङ्केत गरेको छ ।

'कलाकारप्रति' शीर्षकको कवितामा कलाकारप्रति सम्मानको भाव व्यक्त गरिएको छ । 'मिठास', 'बैँसमा हजुरआमा', कविताहरूमा कविको स्वतन्त्र विचार व्यक्त भएको छ । जीवनचर्याका क्रममा आफूले सुनेका, देखेका, भोगेका र अनुभूत गरेका कुरालाई नै कवितामा समेटिएको छ ।

'विचारमाथि विचार गर्दा' शीर्षकको कवितामा स्वार्थी बन्दै गएको समाजको चित्रण गरिएको छ । आर्थिक अभावका कारण उपचार नपाएर मृत्युवरण गरेका मानिसप्रति मृत्युपूर्व कुनै सहयोग नगर्ने तर मरेपछि श्रद्धाञ्जली दिन हतारिने नेपाली समाजको चित्रण गरिएको छ । स्वार्थी बन्दै गएको समाज जीवन छँदा सहयोग गर्दैन, महत्त्व दिँदैन तर मृत्युपछि श्रद्धाञ्जली दिन हतारिन्छ कविताको मूल आशय यही रहेको छ । सहानुभूति जनाएको जस्तो सामाजिक सञ्जालमा तस्बिर राखेर समवेदना दिन्छ । अभावमा सहयोग गर्नु, शब्दमा होइन भौतिक उपस्थितिमा सहयोग गर्नु महत्त्वपूर्ण कुरा हो । अहिलेका मानिसको अस्वाभाविक क्रियाकलाप/व्यवहारलाई कवितामा उतारिएको छ । प्रस्तुत छ कविताको छोटो अंश–

**सायद आज ल्याएको विचार**

**केही दिनअघि ल्याएको भए**

**बाँच्दो हो त्यो मान्छे**

**अलिकति लामो आयु ।** *(पृ.४२)*

'छोरी इतिहास पढिरहेकी छ' अबका दिनमा कवितामा राजामहाराजाको इतिहास मात्र होइन जनताको पनि इतिहास लेखिनुपर्छ भन्ने भाव आएको छ । कर्मयोगीको, सर्वहारा वर्ग र श्रमजीवी वर्गको इतिहास लेखिनुपर्छ भन्ने भाव कविताले अभिव्यञ्जित गरेको छ ।

'अखबारमा एउटा ल्यान्डस्केप' शीर्षकको कवितामा जनताको दुःखका समाचार अखबारका पानामा अटाउन नसकेको तितो यथार्थ पोखेको छ । देशको चौथो अङ्ग मानिने पत्रकार अर्थात् सञ्चार माध्यमको पहुँचबाहिर रहेका निम्न वर्गका मानिसका दुःख र दुर्घटनाका समाचार सम्प्रेषण नभैदिँदा ती घटनाहरू प्रति सरोकारवालाको ध्यान नपुगेको भन्ने आशय कविताले व्यक्त गरेको छ । मानवीय र प्राकृतिक दुवै विपत्ति सहनुपरेको गाउँलेको अभिव्यक्ति हो यो कविता । गाउँमा सबै किसिमका सुविधा समान किसिमले पुगून् भन्ने अपेक्षा हो ।

'सहर एक सवाल' कवितामा सहर सभ्यता, विकासको कडी भए पनि भौतिक विकाससँग सोच व्यवहारमा परिवर्तन नहुनु सहरको विशेषता हो भन्ने भाव आएको छ । चिल्ला गाडी, ठुला घर, विद्यालय, विश्वविद्यालय मात्र विकास होइन, मानिसलाई भ्रष्ट र अनैतिक हुनबाट बचाउनु, सभ्य नागरिक बनाउनु नै विकास हो ।

'समय' शीर्षकको कविताले समयको महत्त्व बुझेर समयको गतिसँगै चल्न सचेत गराएको छ । समय घर्किसकेपछि पश्चताप गर्नुभन्दा समयको गतिलाई पक्रन सक्नु महत्त्वपूर्ण छ । प्रत्येक समय हाम्रो अवसर हो ।

## ४. निष्कर्ष

शान्ति प्रियबन्दनाका कवितामा आशावादी स्वर छ । कविताले वर्गीय विभेदले उब्जाएको विभेद र वर्गसङ्घर्षको चेतनालाई उजागर गरेका छन् । कविताहरू नारीका हकअधिकारप्रति सचेत छन् । कविताले महिलाको हृदय बोलेका छन् । कविताले चुनौतीलाई आत्मसात् गर्दै अगाडि बढेको खण्डमा अवसर पनि पाइन्छ । चुनौतीदेखि डराउनु हुन्नँ । अवसरको लागि चुनौती स्वीकार्नु पर्छ भन्ने आशय व्यक्त गरेका छन् । कविताले एक्काइसौँ शताब्दीको नेपाली समाज बोलेका छन् । कविताभित्र समयको छटपटी अनुभूत भएको छ । मानिस विज्ञान र प्रविधिको युगमा आइपुगेसँगै अभाव, चिन्ता र एकआपसमा वैमनस्यको भावका कारण खुसी भएर बाँच्न नसकेको विसङ्गत पक्ष कवितामा आएका छन् भने केही कविताले जीवनलाई गतिशील र सङ्घर्षमय बनाउनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । निराशा र कुण्ठाका बिच पनि जीवन उज्यालो बनाउनु पर्छ, त्यो अरू कसैले नभएर आफैँ बनाउने हो भन्ने एक किसिमको दर्शनलाई शान्तिले कवितामार्फत स्थापित गर्न खोजेकी छन् । लेखनमा कलम नबिसाउनू कवि शान्ति प्रियवन्दनालाई हार्दिक बधाई तथा शुभकामना ।



# जीवनबोधको उच्चतम कृति 'तँ अब बुढो भइस्'

छविरमण सिलवाल


पिँडालु पण्डित उर्फ वासुदेव गुरागाईंको सिर्जनासँग साहित्य जगत परिचित छ । हाल उहाँ निजामती क्षेत्रबाट अवकाशप्राप्त जीवनलाई साहित्यको गाडीमार्फत रमाइलो यात्रामा हुनुहुन्छ । निजामती क्षेत्रमा रहँदै गर्दा पिँडालु पण्डितका नामले सिर्जनामार्गमा दौडनु हुन्थ्यो । अहिले दुवै नाम चर्चित छ, साहित्यमा । पिँडालु पण्डितलाई मैले व्यङ्ग्यकारको रूपमा पहिला पढेको हुँ । अहिले पनि उहाँको बोली चालढाल सबै व्यङ्ग्यात्मक नै हुन्छ, तर व्यङ्ग्यमा पनि जीवनका सत्यतालाई उजागर गरिरहनु भएको छ ।

पिँडालु पण्डितको विगतलाई फर्केर हेर्दा वि.सं २०५३ सालदेखि पुस्तक प्रकाशन भएको देखिन्छ । 'स्वागत' कवितासङ्ग्रहको पहिलो प्रकाशनसँगै नेपाली साहित्यमा हालसम्म डेढ दर्जन पुस्तकहरू प्रकाशन भैसकेका छन् । कवितासङ्ग्रहबाट शुरूवात भएपनि हास्यव्यङ्ग्यलाई मूलविधाका रूपमा लेखिरहनु भएका पिँडालु पण्डितले हाल भजन, खण्डकाव्य, हाइकु, कथा तथा लघुकथामा कलम चलाई रहनु भएको छ । उहाँको अर्को पक्ष चाहिँ नुवाकोटको पशुपति भनेर चिनिने दुप्चेश्वर महादेवको बारेमा ग्रन्थ प्रकाशनका साथै धार्मिक पर्यटनको धाम निमार्णमा उल्लेख्य कामहरू गरिरहनु भएको छ ।

उहाँ साहित्य लेखनसँगै समाजसेवामा पनि निरन्तर रूपमा लागिरहनु भएको छ । समाजले कस्तो साहित्य रूचाउँछ, भन्ने साधनामा समाजप्रति उत्तरदायी भएर सिर्जनाकर्ममा लागिरहनु भएको छ, जीवनको उत्तरार्धतर्फ लाग्दै गर्दा आफ्ना अनुभवहरू पुस्तकका रूपमा लेखिरहनु भएको छ । त्यसको परिणाम हो, 'तँ अब बुढो भइस्' खण्डकाव्य ।

हरेक मान्छे जन्मन्छ, समयसँगै उसले निश्चित उमेरहरू पार गर्छ र, अन्तमा यो संसार छोड्छ पनि । यो सत्य हो यही सत्यतालाई ध्यानमा राखेर लेखिएको यो कृति सबै उमेरका मान्छेहरूका लागि पठन योग्य कृतिको रूपमा आएको छ ।

'तँ अब बुढो भइस्' खण्डकाव्यका लेखक पिँडालु पण्डितका अनुभवले खारिएर आएको यस कृति वास्तवमै जीवनका कटु सत्यमाथि लेखिएको एउटा आलेख हो । हरेक मान्छेका आ-आफ्नै मूल्यमान्यताहरू हुन्छन्, धनी र गरिब हुन्छन्, तर जो कोही पनि जन्मनु र मर्नुको प्रकृया त एउटै हो । यसकारण पनि मान्छेहरूले अहम्का पर्खालहरू ठड्याई रहेका हुन्छन्, अब त्यो अहम्को पर्खाल अग्लिन नदिने साधन भनेकै साहित्य हो, जसले समाजलाई बाँधेर राख्छ । साहित्यकारले सत्यको उजागर गर्छन्, देखेका, भोगेका समयका लिखोट समाजलाई नै सुम्पन्छन्, पिँडालु पण्डितका यी लिखोट पनि समाजमैत्री छन् समाजलाई सत्मार्गमा लैजान सक्ने क्षमता राख्छन् ।




'सृष्टिका सबै चिज बुढा हुन्छन्, जस्तै बिहान उदाएको घाम साँझ बुढो हुन्छ । साँझ उदाएको जून बिहान बुढो हुन्छ । राति उदाएका तारा राति नै बुढा हुन्छन् । सृष्टिका चराचर सबै चिज बुढा हुन्छन् । सृष्टिमा बुढा नहुने केही छैन । सत्ययुग बुढियो, त्रेतायुग बुढियो, द्वापरयुग बुढियो । आज युवा छु भनेर कलि कुर्लिरहेछ । भोलि यसको पनि बुढ्यौली निश्चित छ । ढिलोचाँडो नासिनुपर्छ यसले पनि एक दिन । बुढ्यौलीका सन्दर्भमा स्वाभाविक रूपमा यी महत्त्वपूर्ण मननीय पक्ष हुन् सबैका लागि । यति कुरा मात्र बोध गर्न सक्यो भने पनि बुढ्यौलीको बँचाइ र जीवनयापन केही हदसम्म भए पनि सहज हुन्छ, सरल हुन्छ ।' यस्तै आत्मस्वीकृतिहरूलाई स्वीकार गर्दै साहित्यको फूलबारीमा विविध वासनायुक्त फूलहरू रोप्न सक्ने र ती फूलहरूका वासनाहरू विश्वसमाज भरि नै फैलाउन सक्ने क्षमता उहाँमा छ । 'त अब बुढो भइस्' कृतिमार्फत विश्वका मानव जातिका सत्यतालाई उजागर गर्छन् ।

'तँ अब बुढो भइस्' एउटा काव्य कृतिमात्र नभएर एउटा जीवनको पूर्ण पाठ पनि हो । हो मान्छेलाई थाह छ, म बुढो हुन्छु, तर ऊ पद-प्रतिष्ठामा रहँदा सबै भुल्छ । जसरी उहाँले काव्य-उठान मार्फत काव्यमार्फत जीवनका सत्यताको उत्खनन गर्नु

भएको छ, यो हरेक मान्छेले मनन गर्नैपर्छ । वर्तमानमा मान्छेले आफ्नो हैसियत बिर्सिरहेको समयमा 'तँ अब बुढो भइस्' कृतिले उनीहरूका हैसियतलाई उजागर गरेको छ । वर्तमान समय वास्तवमै ठूलाठूला चुनौति बोकेर आएको छ, प्रत्येक परिवारका युवाजनहरू स्वदेशमा छैनन् । एयरपोर्टमा देखिने भिडले अझै ठूला चुनौतिको सामना गर्न तत्पर रहनु पर्छ भन्ने सङ्केत गरिरहेको छ, यो सत्य हो । कवि पिँडालु पण्डितले उठान गर्न खोजेको सन्दर्भ हरेक मानवीय संवेदनाहरूसँग गाँसिएको छ । जीवनका कटु सत्यतालाई नभुलौँ र हरेक समयमा आफूले गर्न सक्ने कामहरू गरौँ, ता कि ती कार्यहरूको प्रतिफल हामीले बुढ्यौलीमा ऊर्जाका साथ लिन सकौँ, भन्ने उहाँका काव्यका निचोड हुन् ।

'...यो कृति बढीभन्दा बढी वयस्कहरूले पढ्नुपर्छ । भोलि आइपर्ने समस्यासँग जुध्न सक्ने गरी आफूलाई उच्च मानसिक तयारीमा राख्नुपर्छ । किनकि बुढ्यौली सबैले खेप्नु पर्ने नियति हो । परम् सत्य हो । यसबाट कोही पनि भाग्न सक्तैनन् ।' यो कृति किन पढ्नु पर्छ भन्ने कुरामा उहाँका यी धारणाहरूले पनि स्पष्ट गर्दछ । झट्ट हेर्दा सामान्य विषय छ, तर सम्पूर्ण जीवनका यथार्थ चित्र श्रृङ्खलाबद्ध रूपमा 'तँ अब बुढो भइस्' मार्फत आएका छन् । कतिपय लेखकहरू आफैँमा अलमलिएको देखिन्छ, तर उहाँको लेखनी स्पष्ट छ, सटिक छ र हरेक मान्छेका आ–आफ्ना कर्मसँग जोडिएका छन् । र, मान्छेलाई सुकर्म गर्न प्रेरणा प्रदान गर्ने यी कविताहरू सबै उमेरका व्यक्तिहरूका लागि पठनयोग्य छ ।

**पौरखी थिइस् तँ,**

**र त कहिले**

**झुट उद्योग चलाइस्**

**नेता बनेर**

**कहिले**

**कुट उद्योग चलाइस्**

**साधु बनेर**

**कहिले**

**मत उद्योग खोलिस्**

**माग्ने बनेर**

**कहिले**

**गफ उद्योग खोलिस**

**थाङ्ने बनेर**

*(पृ.६७)*

जीवनका सत्यतालाई सरल भाषामा सम्प्रेषण गर्न पक्कै कठिन छ । 'तँ अब बुढो भइस्' काव्य मार्फत उजागर भएका हरेक शब्दहरू हाम्रा जीवन यापनका माध्यम बन्न सक्छन्, यो कृति पढिसकेपछि जीवनका बाटाहरू बदलिन सक्छन् । जीवन बाँच्नुको अर्थ बोध हुन्छ । बुढ्यौलीलाई अरूले हेर्ने दृष्टिकोण फेरिन सक्छ । यी सबै हामी आफैँले आफ्नो जीवनको बाटाहरू मोड्न सक्छौँ, तर हामी त्यो अन्धकारबाट बाहिर निस्कन सक्दैनौँ । 'तँ अब बुढो भइस्' यी र यस्ता कृतिहरूले अन्धकारमा रहेका मानवहरूलाई अन्धकारबाट मुक्ति दिन सक्ने सामर्थ्य राख्छ । स्रष्टालय बुक्स एण्ड पब्लिकेसनद्वारा प्रकाशित कृति 'तँ अब बुढो भइस्' को मूल्य पाँच सय वास्तवमा जीवन बोधको मूल्य भन्दा कमै छ ।



# छोटा कायका धारिला कविताको कृति 'आखरको आरन'

ठाकुर बेलवासे

## कवि परिचय

कृष्णदेव रिमालले नेपाली साहित्यमा तीन दशक लामो समय बिताएका छन् । साहित्य साधनामा मूलतः कविता सिर्जनालाई आफ्नो विधा बनाएका रिमाल साहित्यिक पत्रकारिताका क्षेत्रमा पनि परिचित छन् । विद्युत प्राधिकरणका सरकारी जागिरे उनको जीवन साहित्यिक, सामाजिक अभियन्ता अनि प्राध्यापक व्यक्तित्वबाट प्रज्वलित बनेको देखिन्छ ।

वि.सं. २०२७ मा नुवाकोटको तादी गाउँपालिका वडा नं. २ सतारमा माता सावित्री रिमाल र पिता दाताराम रिमालको प्रथम सन्तानका रूपमा जन्मिएका उनले गायत्री अधिकारीको पति बन्ने सुअवसर प्राप्त गरे । अहिले उनी छोरीहरू दिव्या र कृतिका पिता बनेर गर्वबोध गर्दैछन् ।


समाजशास्त्रमा स्नातकोत्तरसम्मको उच्च शिक्षा हासिल गरेका कवि रिमालले डेढ दशक अघिदेखि विभिन्न कलेजहरूमा प्रध्यापन गर्दै आएका छन् ।

सपाट व्यवहार र स्वभावका कृष्णदेवले दृढ राष्ट्रभक्ति र उच्च इमान्दारीपनमार्फत बेग्लै छवि बनाएका छन् । उनका सिर्जना, जीवन शैली र व्यवहारले उनको राष्ट्रभक्ति र इमान्दारीपनलाई पुष्टि पनि गर्दछ । व्यवहार र जीवन यापनमा अत्यन्तै सामान्य उनी जति सरल मिजासका छन् उत्ति नै कडामिजासका पनि । अर्थात् उनीसँग देखिने गरीको छलकपट छैन ।

## सामाजिक चेत

कवि कृष्णदेव रिमाल कवितामा समाजप्रति अत्यधिक सचेत र जिम्मेवार देखिन्छन् । उनी समाजका ससाना संवेदनालाई निकै गहिरो गरी अध्ययन गर्ने कवि हुन् । प्रस्तुत कविता कृति 'आखरको आरन' का हरेक कवितामा उनले समाजका

अनेकन् पक्षहरूलाई सूक्ष्मरूपमा हेरेका छन् । पुस्तकको शीर्षकदेखि नै कवि रिमालमा सामाजिक संवेदनाको उच्च चेत देखिन्छ ।




आरन भन्नासाथ दुःखको एउटा विम्ब हो । अझ नेपाली समाजमा लामो कालखण्ड एउटा जाति विशेषले आफ्नो रगत पसिना आगोमा डढाउँदै आएको सन्दर्भलाई पनि यसले सम्झना गराउँछ भने आरन फलामलाई गाल्ने, पगाल्ने आगोको भट्टी । आगोको भट्टी आफैँमा सङ्घर्षको प्रतीक हो । 'आखरको आरन' पुस्तक शीर्षक र पुस्तकभित्रका कविताले गम्भीर सामाजिक चेत बोकेका छन् ।

कवि रिमाल हार्दिकतापूर्ण समाज हेर्न चाहन्छन् । उनका कविता पनि हार्दिकतापूर्ण चेतबाट सिर्जना गरिएका छन् । उनले पुस्तकको अग्रपृष्ठमा लेखेका छन् –"जसले हार्दिकताका साथ पढिदिन्छ.... "यी शब्दहरू कृति समर्पणका शब्दहरू हुन् ।

उनीसँग समाज हार्दिक बनिदिए हुन्थ्यो, भन्ने आग्रह छ । यो छोटो वाक्यांशले हार्दिक नबन्नेका प्रति कुनै आग्रह गर्न नसकिने भन्ने अर्थ पनि दिन्छ । यसको अन्तर्य के पनि हो भने, हार्दिकता बोक्न नसक्ने मानिसलाई कुनै पनि आग्रह गर्न सकिँदैन । कवि रिमालको यो छोटो पङ्क्तिको अन्तर्य हार्दिक नबने मानिसहरूले कविता पढ्न सक्दैनन् । त्यस्ता मानिसहरू कविताका पाठक बन्न सक्दैनन्, भन्ने पनि हो ।

कृष्णदेव रिमालका हरेक कवितामा सामाजिक चेत भिन्न ढङ्ग र अर्थबाट देख्न सकिन्छ । कवि रिमालको सामाजिक समता र समानतामाथिको भोक असामान्य रहको छ । हेरौँ दृष्टान्त :

**एउटै खोलाको पानी**

**कतै टर्वाइनका पातामा ठोकिन्छन्**

**कतै दलालका झोलामा रोकिन्छन्**

**एकै देशका जनता हामी**

**कोही फाइभस्टारमा खसीका सेकुवा चपाउँछौँ**

**कोही फुटपाथमा खस्रा बोरामा बेरिन्छौँ ।**

*(पृथक्ता)*

## राष्ट्रभक्तिको शक्ति

कवि रिमालको कविता कृति 'आखरको आरन' भित्रका कविताहरूको ठूलो शक्ति भनेकै राष्ट्रभक्ति हो । उनका हरेक कविताका अक्षर अक्षरमा राष्ट्रचिन्ता, राष्ट्रचिन्तन र राष्ट्रभक्ति कोशी कर्णालीजस्तै उर्लिएको पाइन्छ ।

यो कृतिभित्र कवि रिमाल कतै राष्ट्रभक्ति, कतै आक्रोशित, कतै चिन्तित र कतै उत्साहित देखिन्छन् ।

...........

**त्यसैले भिसा लिएँ मैले**

**छातीमा सिलौटो राखेर**

**मेरै देशको विकल्पमा ।**

*(मैले भिसा लिएँ)*

यो कविताले देश छोडेर बाहिरिनु पर्ने अभिशाप बोकेका नेपालीहरूको पीडालाई उठान गरेको छ ।

कवि रिमाल सामाजिक विग्रह, प्रशासनिक बेइमानी र सांस्कृतिक विकृतिका बारेमा निकै दुःखी छन् । र कविताका माध्यमबाट चिन्तनशील पनि छन् ।

**दुनिया डुबेको छ**

**प्रेमरसमा चुर्लुम्म आज**

**बचाउँदै छु मचाहिँ मेरो देशप्रेम**

**सायद हाम्रो प्रेम पनि हो यो**

*(भ्यालेन्टाइन डे)*

कवि एउटा नागरिकले प्रेमी प्रेमिकाले प्रेमको चरम उत्कर्षमा राष्ट्रप्रतिको चिन्ता गर्न सक्नु पर्छ भन्नेमा जोड दिन्छन् । उनका हरेकजसो कविताले राष्ट्रवादलाई बोकेको छ ।

## सांस्कृतिक चेत

कवि कृष्णदेव रिमाललाई संस्कृतिका नाममा छाडा मन पर्दैन । तर संस्कृति बिर्सेको पनि उनलाई मन पर्दैन । आफ्नोपन गुमाएर मनाउने चाडपर्व नमानाएकै ठिक भन्ने भाव कविमा जागृत भएको पाइन्छ । यो कविको सांस्कृतिक मोह पनि हो । हेरौँ दृष्टान्त–

**खारेज होस् होली**

**युवा जाँडमा डुबाउने भए**

**युवती नालीमा रूझाउने भए ।**

*(होली)*

कृष्णदेवले आफ्ना कैयौँ कविताहरूमा धार्मिक, पौराणिक एवं सांस्कृतिक विम्ब/प्रतीकको प्रयोग गरेर कवितालाई बलियो र धार्मिक/आध्यात्मिक आस्था र पौराणिक सन्दर्भयुक्त बनाउने प्रयास गरेका छन् ।

**चामे आउँदा**

**प्रत्येक पटक**

**जन्माष्टमीको रातमा झैँ**

**वर्षा भएको छ**

**आखिर राज के होला !**

*(चामे मौसम)*

प्रकृतिको मनोरम दृष्यमाथि लेखिएको यो कवितामा कविले हिन्दू धर्मावलम्बीहरूका भगवान् श्रीकृष्ण जन्मिएको तिथिको सन्दर्भको विम्ब प्रयोग गरेर आस्थामाथिको विश्वास त बलियो बनाएका छन् नै । चामेमा भगवान् श्रीकृणको कृपा अत्यन्तै बलियो भएको सङ्केत गरेका छन् ।

## सिङ्गो कविता कृतिको शक्ति

'आखरको आरन' कविता कृतिमा विविध पक्षलाई समातेर लेखिएका ४७ वटा कविता रहेका छन् । कृति कुल १०४ पृष्ठमा बाँधिएको छ । कुल ९६ पृष्ठमा ४७ वटा कविता रहेका छन् । यसको अर्थ कृष्णदेव छोटा कविता लेख्छन् भन्ने हो । अथवा 'आखरको आरन' भित्रका कविता छोटा बान्कीका छन् ।

नेपाली कविता साहित्यमा तीन दशक लामो समयदेखि साधनारत कवि कृष्णदेव रिमाल कविता साहित्यका परिचित र स्थापित स्रष्टा हुन । उनको कवि परिचयमा

यो कृतिले छोटा कविता लेख्ने कविको पनि परिचय थपिएर कविलाई अझ भिन्न बनाएको छ । सिर्जनासँगसँगै साहित्यिक सामाजिक अभियन्ता रिमाल मानवीय, सामाजिक, राष्ट्रभक्ति र सांस्कृतिक चेतनाबाट निर्देशित भएर कविता सिर्जना गर्न सक्ने क्षमता राख्दछन् ।

'शब्दसेना' उपनामबाट पनि परिचित रिमालको 'आखरको आरन' कविताकृति पढेपछि कविताभित्रका रिमालका भिन्न भिन्न रूपसँग परिचित बन्ने अवसर प्राप्त भयो । वास्तवमा भन्दा उनी व्यावहारिक जीवनमा देख्दा जति सरल र सहज छन् । कविताको जीवनमा त्यति गाँठा परेको उग्र र अपराधकाप्रति क्षमाहीन पनि छन् ।

आखर अर्थात् अक्षर, शब्द । 'आखरको आरन' नामको कविताकृति मार्फत रिमालले अक्षरलाई दिमागको आरनमा पिटेर कविता लेख्ने गर्छन्, भन्ने जानकारी पनि हो । अर्थात् सुन्दर कविताका लागि रिमाल अक्षर अक्षर र शब्द शब्दलाई दिमागी आरनमा राखेर पिट्छन्, अनि भिन्न कविता सिर्जना गर्छन् । यसले नेपाली समाजको जातीय विभेद अनि सङ्घर्षको चरम उत्कर्षलाई पनि प्रतिविम्बित गर्दछ ।

साना बान्कीका चोपिला र चोटिला कविता सिर्जना गर्ने रिमालले 'आखरको आरन' कृति मार्फत सामाजिक, राजनीतिक, प्रशासनिक र धार्मिक बेइमानीका विरूद्धमा अक्षरहरूलाई आरनमा पिटेर भाला तरबार बनाएका छन् । ती सबै हतियारहरू विकृतिका विरूद्धमा प्रहार भएका छन् ।

प्रकृति, मौसम, मानवीय स्वभाव, मृत्यु चेत, कला, संस्कृति, राष्ट्र, राष्ट्रियता, विद्रोह, माया, प्रेम र स्थान विशेषलगायतका विविध विषय र सन्दर्भमा लेखिएका उनका छोटा अनि छरिता कविताको यो कृतिले हरकोही पाठकलाई सहजै लोभ्याउन सक्ने क्षमता राख्ने गर्छ ।

कृष्णदेव रिमालको कविता सिर्जना शैली र शिल्पको दृष्टान्त स्वरूप यसै कृति भित्रको 'ऐना' शीर्षक कविता हेरौँ –

**हेरेँ नियालेर बेस्सरी मैले**

**जुन ऐना दिएका थियौ**

**देखिएन अनुहार**

**त्यो**

**घुर्मैलो अनि छियाछिया थियो ।**

यी कविताका पङ्क्तिहरू एउटा पूर्ण कविताका हुन् । यो कविता पढेपछि रिमाल अत्यन्तै थोरै शब्दमा अत्यन्तै बलियो कविता लेख्न सक्ने कवि हुन्, भन्न कुनै अफ्ठ्यारो लागेन । उनका कतिपय कविता वक्रोक्तियुक्त छन्, भने कतिपय सपाट । !!!

कवि कृष्णदेव सरकारी जागिरे पनि हुन् । विभिन्न कलेजहरूमा पनि प्राध्यापन गर्छन् । सामान्यतयाः सरकारी नोकरी खानु सरकार वा सत्ताको सके चाकरी गर्नु नसके विरोधमा नबोल्नु पनि हो । तर उनी भिन्न देखिन्छन् । कवि रिमाल सत्ता र शासकका विरूद्ध आगो ओकल्छन् ।

**हे हिमालय**

**हे 'गिरी' !!**

**तिम्रो सहिष्णुता महान्**

**अराजेय तिमी**

**अदेशेय तिमी**

**यस्ता महान् तिमी**

**तिम्रा सामु**

**जाबो मानव – पुकार !**

'माानव-पुकार' शीर्षकको यो पूर्ण कविता पढेपछि के थाहा लाग्छ, भने कृष्णदेव अन्य सरकारी जागिरे भन्दा भिन्न छन् । उनीभित्रको कवि कृष्णदेव रिमाल ' शब्दसेना' धारिलो छ ।

**दोब्बर तलब दिएँ भन्दै**

**चौबर महँगी दिइने देश मेरो हो**

**जाँगरिलो कुल्लीको पसिना निचोरेर**

**अल्छी मालिकले**

**सावरबाथ गर्ने देश मेरो हो ।**

***'मेरो देश'***

रिमाल कवितामा विद्रोही त छन्, तर उनको विद्रोह अत्यन्तै शालीन र शक्तिशाली छ । 'मानव – पुकार' र 'मेरो देश' शीर्षकका यी दुई कविताले उनको विद्रोहको शालीनता र शक्तिलाई मुखर गरेको छ । विना गालीगलौज अपशब्दको विना प्रयोग एउटा शासकको अकर्मण्यताका विरूद्ध उनले शान्त ढङ्गले कविताका माध्यमले धारिलो प्रहार गरेका छन् ।

हरेक नागरिकमा राष्ट्रप्रेम हुनु सामान्य कुरा हो । अझ कवि, लेखकमा राष्ट्रप्रेम हुनु झन् सामान्य कुरा । यति हुँदाहुँदै पनि कवि रिमालमा राष्ट्रप्रेमको सन्दर्भ अझ भिन्न छ । उनी हर मानवकर्ममा राष्ट्रप्रेमलाई जगाउँछन् । राष्ट्रप्रेम खोज्छन् ।

**दुनिया डुबेको छ**
**प्रेमरसमा चुर्लुम्म आज**
**बचाउँदै छु मचाहिँ मेरो देशप्रेम**
**सायद हाम्रो प्रेम पनि हो** यो ।

*'भ्यालेन्टाइन डे'*

वास्तवमा भ्यालेन्टाइन डेका दिन नव होउन् या पुराना अथवा प्रेमीप्रेमिका प्रेमको सागरमा चुर्लुम्म डुबेर राष्ट्रलाई भुल्छन् । आफूहरूलाई भुल्छन् । सम्पूर्ण परिवेशलाई बिर्सन्छन् । तर प्रेम दिवसका सन्दर्भमा पनि कवि रिमाल देशप्रेमबाट भावुक बन्छन् । अर्थात् हरक्षण हरसमय राष्ट्रप्रेम हराउँदैन, भन्ने सन्देश दिन्छन् । प्रेमीप्रेमीका बीचको प्रेम हुँदाहुँदै पनि राष्ट्रप्रेम बाँचिरहन्छ । राष्ट्रप्रेम गर्दागर्दै पनि प्रेमीप्रेमिकालाई माया गर्न सकिन्छ भन्ने जिकिर रिमालले कविता मार्फत गरेका छन् ।

रिमाल देशको व्यवस्थामाथि गरिएको खेलबाड र प्रजातन्त्रमाथि गरिएको ठट्टाप्रति पनि चिन्तित छन् ।

**भीषण खडेरीका बाबजुद**
**बिर्सन्न म छाता भिर्न**
**शतचूर्ण हुने गरी**
**कतै बर्सन्छ कि प्रजातन्त्र !!**

***'छाता'***

देशमा प्रजातन्त्र पुनःप्राप्ति भएको पनि तीन दशक बढी लामो समय भयो । तर जनताका नाममा ल्याइएको भनिएको प्रजातन्त्रको अनुहार, रूपरंग र व्यवहार जनताले देख्न, जान्न र बुझ्न पाएका छैनन् । प्रजातन्त्र दल र तिनका नेताहरूको पेवा जस्तो छ । यसै सन्दर्भमाथि कवितामार्फत रिमालले कसिलो व्यङ्ग्य कसेका छन् । हेरौँ 'ठेगाना' शीर्षकको यो कविता :

**पत्र–मञ्जुषामा**
**खसाल्या रे प्रजातन्त्र**
**भन्ने सुन्या निकै भो**
**कतै जनताको ठेगाना**
**मिलेन र कि**
**नत्र त्यो कताचैँ गो ?**

रिमालका कविताका बारे यसै कृतिमा कवि प्रोल्लास सिन्धुलीय लेख्छन्– 'सरल शब्दसँग खेलेर त्यसलाई व्यङ्यात्मक विशिष्टता दिने कलामा रिमाल पूर्ण छन् । यी कविताले रिमालको कवित्वको झाँकी त देखाउने नै छन्, समकालीन नेपाली कवितामा पनि शक्तिशाली उपस्थिति अवश्य जनाउने छन् ।'

यो कृति पढिसकेपछि मैले पनि कवि सिन्धुलीयको दाबीमा पूर्ण सहमति जनाउँदै कृणदेव रिमाल नेपाली कविता साहित्यमा पृथक् चेतना बोकेका कवि हुन्, भन्न सक्छु ।

कवि रिमाल ससाना विषयहरूमा अत्यन्त सहज ढङ्गबाट धारिला कविता लेख्न सक्ने कवि हुन् । 'आखरको आरन' कृतिभित्रका सबै कविताले राज्यसत्ताको चरम लापरबाही, राज्यसत्ताबाट पीडित जनताको आवाज र कमजोर बन्दै गएको प्रजातान्त्रिक चेतना र राष्ट्रभाव माथि चिन्ता गरेका छन् । सबैलाई झकझकाउने यत्न गरेका छन् ।

कृष्णदेवको यो कविता कृतिका सबै कविता अब्बल छन्, भन्न म सक्दिनँ । तर यस भित्रका अधिकांश कविता बलशाली छन् । एउटा सङ्ग्रहमा केही थान कविता मात्रै राम्रा भए भने पनि सङ्ग्रह सफल बन्न पुग्छ । यस अर्थले उनको यो कृति नेपाली कविताका पाठकले सम्झिन सक्ने कृति बनेको छ ।

## अन्त्यमा

एउटा सामान्य कविताको पाठकका हैसियतबाट 'आखरको आरन' भित्रका कविता पढेर लेखिएको पाठक प्रतिक्रिया हो यो । कविता भए, भएनन् । कविताको सिद्धान्तमा कविता रहे/रहेनन्, भन्ने कुरा कविताका पाठकले भन्न सक्दैनन्, जुन मैले पनि भन्न सकिनँ ।

कविता अत्यन्तै सापेक्ष र निरपेक्षको विषय हो । हर कविले यो चुनौतीलाई सामना गर्नैपर्छ । अर्थात् एउटै कविता कुनै एक पाठकले अत्यन्तै मन पराएर पढ्छ । त्यही कविताले अर्को पाठकको मन नछुन सक्छ । यो सन्दर्भ अकविता माथि त लागु न होला । तर औसत कवितामा लागु हुन्छ नै । यसको अर्थ उत्कृष्ट कविताको पहिलो अनि असल पाठक भनेकै कवि स्वयम् हो, र हुनुपर्छ । कविले मैले लेखेको कवितालाई आम मानिसले मन पराउँछन्, भन्ने चेत राख्नु पर्छ । त्यो चेत कृणदेवमा देखिन्छ ।

मैले यो कृतिको नराम्रा पक्ष खोज्ने रूचि राखिनँ । ३ दशक लामो समयदेखि कविता साधना गरिरहेको एउटा कविले कवितामा प्रयोग गरेका राम्रा पक्ष मात्रै खोज्ने रूची ममा बढ्यो । यसकारण मैले कृष्णदेवको कविता कृति 'आखरको आरन' भित्रका कविताको सुन्दर पक्षमात्रै खोजेँ । कविताले मलाई बाँधे ।

## तथापि


कवितामा कला पक्षको अनिवार्यता मानिन्छ । तथापि कलाले मात्रै कविता बन्दैन । त्यसो त विचारले मात्रै पनि कविता बन्दैन । कला, भाव, विम्ब, प्रतीकको संयोजन, शैली र बनोट लगायतका तत्त्वहरूले एउटा सुन्दर र बलियो कविता बन्छ ।

'आखरको आरन' भित्रका कतिपय कवितामा कला पक्ष अलि कमजोर हो कि भन्ने अनुभव पाठकले गर्न सक्छन् । कविताका अनेकन् पक्षहरूको चर्चा गरिसके पछि एउटा पक्ष थोरै कमजोर बन्दा कविता बनेन भन्नु अर्को पूर्वाग्रह हुन्छ । तर सबै पक्ष बलिया भए भने कविता बलियो बन्छ, भन्ने तर्कलाई काट्न सकिँदैन ।

जसरी कृष्णदेव रिमालले कवितामा भावपक्षको उडान भरेका छन्, त्यसरी कलापक्षलाई पनि सँगै उठान गरिदिएका भए यी कविता अझ शक्तिशाली हुन्थे कि, हरेक पाठकलाई यो खाले लोभ जाग्न सक्छ ।

कविताको अत्यन्तै सानो आयाममा ठूलो विषयलाई उभ्याउन सक्नु रिमालको अर्को महत्त्वपूर्ण पक्ष हो ।

# 'सन्दिग्ध शताब्दी'भित्रका निबन्धहरूको अवलोकन



ठाकुर शर्मा भण्डारी

## १. लेखक परिचय

माता हेमकुमारी र पिता सुदर्शन कार्कीका सुपुत्र श्रीबाबु कार्की तामाकोसी गाउँपालिका-२, झुले दोलखामा २०३३ चैत्र २६ गते जन्मेका हुन् । स्नातकसम्मको अध्ययन गरेका श्रीबाबु व्यवसायमा संलग्न रहेका देखिन्छन् । उनको पहिलो रचना कविता २०४७ सालमा रेडियो नेपालबाट प्रसारित भयो र उनका कृतिहरू हुन्- च्यापिएको मुस्कान (कवितासङ्ग्रह २०५६), समय-बाछिटा (लघुकथासङ्ग्रह २०६१), यतिको कथा (बालकथासङ्ग्रह २०६६), रमाइलो चरीगाउँ (बालकथासङ्ग्रह २०६९), जराका अनुहार (डिटिजल कवितासङ्ग्रह २०६९) र सन्दिग्ध शताब्दी (निबन्धसङ्ग्रह २०७९) ।

उनलाई नेपाली भाषासाहित्यको सेवा गरेबापत विभिन्न सङ्घ/संस्थाहरूले सम्मान/पुरस्कार प्रदान गरेका छन् । ती हुन्- नवौँ चित्रकला प्रतियोगितामा प्रथम (शिक्षा मन्त्रालय २०४७), दोलखास्तरीय कविता प्रतियोगितामा प्रथम (२०५८), प्रो-पब्लिक राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम (२०५८), उपत्यका अन्तर क्याम्पस कविता प्रतियोगितामा प्रथम (२०४७), रेयुकाई नेपाल राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा उत्कृष्ट (२०६०), विष्णुलक्ष्मी साहित्य पुरस्कार (२०७४) र अनेसास सर्वोत्कृष्ट निबन्ध पुरस्कार (२०८०) ।

सम्पादनको कार्यमा-दोलखाबाट प्रकाशित जिजीविषा द्वैमासिक, काठमाडौँबाट प्रकाशित साझाविचार साप्ताहिक, विजेता मासिक, दोलखाली समकालीन साहित्य, कौशिकी (दोलखा अङ्क), नेपाली लघुकथा आदि रहेका छन् ।

## २. विषयारम्भ र द्रष्टा-दृष्टिकोण

श्रीबाबु कार्की मूलतः कवि एवं निबन्धकार हुन् । यिनले लघुकथा र बालसाहित्यमा पनि कलम चलाएका छन् । आत्मपरक निबन्धलेखनको परम्परामा उदीयमान निबन्धकार श्रीबाबु कार्कीद्वारा लिखित 'सन्दिग्ध शताब्दी' साझा प्रकाशनबाट २०७९

सालमा प्रकाशित भएको हो । नेपाली साहित्यको क्षेत्रमा विधागत रूपबाट कविता, निबन्ध, कथाहरूमा फुटकर रूपमा देखिने गरेका श्रीबाबुको यो निबन्धकृतिले उनलाई बढी चर्चामा ल्याएको छ ।


निबन्धकारको यथार्थ दृष्टिकोणको अभिव्यक्तिले जीवन्तता प्राप्त गरेको अनुभूति हुन्छ र वर्तमान समाज कतातर्फ जानुपर्ने हो कतातिर उन्मुख भएको छ भन्ने कुरामा स्रष्टाहृदय दुःखी छ । यसभित्रका समस्त निबन्धहरूलाई अवलोकन गर्दा विविध विषयको उठानबाट पनि देख्न सकिन्छ ।

'सन्दिग्ध शताब्दी' मूल शीर्षकीकरणलाई दृष्टिप्रक्षेपण गर्दा लाग्छ – के छैन यहाँ ? शताब्दीलाई नै सन्दिग्ध बनाइदिए निबन्धकारले । यस्तो सानो कृतिमा एउटा युग नै समाविष्ट गर्ने कुरा नै सन्दिग्ध छ, तर यो आलङ्कारिता हो कि ? जे होस् यो निबन्धसङ्ग्रहभित्रको चौधवटा निबन्धमध्ये एउटा निबन्ध हो । जसले समस्त निबन्धको आशयलाई समेटेको छ । यसको भूमिका लेखक नेपाली साहित्यका प्रसिद्ध निबन्धकार श्रीओम श्रेष्ठ रोदनको 'श्रीबाबुपन बोकेका निबन्धहरू' शीर्षकमा लेखिएको अभिव्यक्तिले पनि पुष्टि गरेको छ यो कुरालाई । भूमिका लेख्ने क्रममा भूमिकालेखकद्वारा भनिएको छ– 'सन्दिग्ध शताब्दी' नेपाली आत्मपरक निबन्धमा एउटा सङ्ख्या मात्र थप्ने निबन्धसङ्ग्रह होइन । निबन्धको शक्ति छ । पढ्दै जाँदा आफैँसँग कताकता बत्तिएजस्तो लाग्छ । कताकता हराएजस्तो पनि बनाउँछ । धित मार्ने वाक्यहरू सिला खोजेजस्तै खोज्नु पर्दैन । मङ्सिरमा बाला लागेका धानजस्तै छन् भरिभराउ । निबन्धमा कलात्मक वाक्यहरू छन् । सकारात्मक आवाजको शङ्खघोष छ । त्यसैले अक्षरलाई अलिकति पनि नकाम्ने गरेर भनेको हुँ निबन्धहरू काव्यात्मक छन् । रङ्गिएका चित्रहरूजस्ता छन् । निबन्ध गेय छ । गति पनि छ । त्यसैले निबन्धहरू बलिया छन् ।' *(भूमिकाबाट)*

## ३. निबन्धसङ्ग्रहको समीक्षात्मक धारणा

'सन्दिग्ध शताब्दी'मा श्रीबाबुको निबन्धलेखनमा देखिएको सङ्क्षिप्तता, अभिव्यक्ति कला, अनुभूतिजन्य सौन्दर्य, छोटा–छरिता वाक्यले मनलाई छुन्छ । प्रारम्भिक निबन्ध 'ढुङ्गा पो भएछु अचेल' देखि सङ्ग्रहको अन्तिम निबन्ध 'सन्दिग्ध शताब्दी' शीर्षकसम्म पुग्दा कुनै एक/दुई शब्दात्मक, कुनै वाक्यांशात्मक र वाक्यात्मक रूपमा समाविष्ट गरिएका छन् । समसामयिक विषयवस्तु, सामाजिक र राजनीतिक विषयगत सन्दर्भहरूलाई आलेखन गरिएको छ भने विसङ्गति/विकृतिलाई देखाउने प्रयास गरिएको छ । जीवनका अन्तर्मनमा सिर्जित भावनाहरूलाई उधिन्छन् – निबन्धहरूले । कतिपय वाक्यहरू कवितात्मक स्वरूपमा पनि परेका छन् ।

लेखनशैली सुमधुर छ र व्यापकताको धरातललाई प्रतिविम्बन गर्ने प्रयास निबन्धहरूको रहेको छ । यसभित्र सङ्गृहीत चौधवटा निबन्धहरूको सङ्क्षिप्त चर्चा गर्ने प्रयास यस लेखनको अभिप्राय हो ।




'ढुङ्गा पो भएछु अचेल' शीर्षकको निबन्धमा निबन्धकारद्वारा आफूलाई ढुङ्गाको रूपमा परिणत भएको स्थितिबाट निबन्धलेखन प्रारम्भ गरेर ढुङ्गाको जीवन बिताउन नचाहने स्थितिबोध गराउने मानिसको वर्तमान जीवनलाई अवलोकन गरेको छ । अहिले मानिस निष्प्राण जस्तै, निर्जीवजस्तै भएकाले ढुङ्गा स्वरूप हुन चाहेको ईश्वरीय तत्त्व पनि ढुङ्गा भएको परिकल्पना गरिएको छ । यस सन्दर्भमा भनिएको पनि छ–"मानव ढुङ्गा हुनुमा पनि त अथक प्रयास छ । वर्षौंदेखि मानव हुनुबाट भागेर, लुकेर, काँपेर भएको हो– मानव ढुङ्गा । जब मानिस जड बन्छ ऊ ढुङ्गो सिवाय केही हुन्न । जहाँ वय, विचार, चिन्तन, मनन र समन्वय मृतप्रायः हुन्छ । सरल र सहजपन नै मानिसको उत्कृष्ट उपहार हो ।" *(पृष्ठ ३)*

यसमा शीर्षकमा 'भएँछु' हुनुपर्ने होला 'भएछु' भएको छ । ठाउँ ठाउँमा सायद हेर्न छुटेको होला, यसले अर्थभिन्न गराएको महसुस हुन्छ । ढुङ्गाको विषयमा विस्तृत चर्चा वा विचार-विमर्श गर्दै निबन्धकार अर्कोतर्फ मोडिई सकारात्मक आशा-भरोसातिर उन्मुख हुन पुग्छन् र आफ्नो निष्कर्ष यसरी दिन्छन्- "यो अन्यमनस्क जीवन कतिन्जेल बाँच्नु, मानवविना मेरो विकल्प म कदापि सोच्नै सक्दिनँ । म मानव हुँ, म मानव संस्करण नै बाँच्न चाहन्छु । ए ढुङ्गाको संवेदनाशून्य ईश्वर ! मलाई मानिस बनाऊ- मानिस ।" *(पृष्ठ ५)* यी भनाइले अभिधात्मक स्वरूपमा विरोधाभासजस्तो देखिए पनि आलङ्कारिक एवं व्यञ्जनात्मक स्वरूपमा जीवनको कठोरपन, शुष्कता, निस्सारतालाई राम्रोसँग व्याख्या गरिएको छ भन्ने कुरा स्पष्ट देखिन्छ ।

एउटा पुस्तकको समीक्षा गरेजस्तै आफ्नो निबन्ध 'जीवनको पार्श्वमा मृत्युभय'मा मणि लोहनीको कविता उद्धृत गर्दै जीवन त्रासदीलाई सटिक किसिमबाट व्यक्त

गरिएको छ । मानवले मृत्युसँगको त्रासदीयुक्त धारणा बोकेर बारम्बार याचक बनेको स्थिति, मृत्युले कसैलाई नछाड्ने स्थिति, जीवनका सबै पक्ष अमूर्ततामा अडेको यथार्थता, मृत्यु नै सबैभन्दा शक्तिशाली भएको स्थितिलाई निबन्धकारले कविशिरोमणि लेखनाथ पौड्यालको कविता वा आफ्नै वा अन्य विभिन्न कविताहरूको उल्लेख गर्दै राम्रोसँग अभिव्यक्ति दिएका छन् र त्यस सन्दर्भमा भनिएको छ– "हामीले हेरिरहेको आकाश, छोइरहेको भूगोल, बोलिरहेको आवाज, निरन्तर फेरिरहेको सास अनुभूत गरिरहेको अनुभूति यी सबैबाट टाढा रहनु हो मृत्यु । एउटा अनुपम सिलसिलाबाट चुँडिएर फुत्रुक्क कतै अज्ञात गर्तमा झर्नु हो मृत्यु ।" *(पृष्ठ ११)*

जीवनको रङलाई विविध किसिमबाट व्याख्या गरिएको निबन्ध 'जीवन एक जुलुङ्गो अनेक'मा कुनै पनि कुरालाई आकारमा बदल्न सक्नु, परिवर्तनशील जीवनको बीचमा त्यसको रङ खोज्ने काममा संलग्न हुनु आदिलाई केन्द्रविन्दुमा राखेर जीवनलाई अत्यन्त निकटबाट हेरिएको छ । जीवनलाई युद्धको रूपमा लिएर भनिएको छ– "म जुलुङ्गोको तुलना गर्न सक्दिनँ । जीवन हजारौँ गुना जुलुङ्गो भन्दा अतुलनीय छ । अमूल्य छ, अमर छ । जीवनका आफ्नै अनगिन्ती रङहरू छन् । स्वभावहरू छन् । ज्ञान छ, विवेक छ, विचार छ । तृष्णा छ, तृष्णाहरू छन् । तर्कहरू छन्, तर्कनाहरू छन् । जीवन अनुपम र अनुकरणीय छ । जीवनमा सबथोक छ, तसर्थ म भन्छु– जुलुङ्गो एक, जीवन अनेक ।" *(पृष्ठ १७)*

'हृदयमा बयेली खेल्दै असार' शीर्षकमा असारे मनको उमङ्ग, हिलोमा खेल्ने र अन्न लगाउने बेलामा रोपारेको गीत, कृषहरूको महान् चाडको रूपमा लिइएको समय र महान् चाडको हार्दिकता जीवन प्रकृतिसँगको रङ्गमञ्चमा सौरभ, गौरव, पौरख बनेको असारको महिमा गान गरिएको छ । यहाँ असार महिनाको दबदबे हिलोमा - रोपन न रोप रोपारे... जस्ता गीतको लयमा र जनकविकेशरी धर्मराज थापाको - हरियो डाँडामाथि हलो जोत्ने साथी...जस्ता गीतको भाकाले मन रमाएको सुन्दर सन्दर्भ ल्याएर असार महिना कृषकको पर्वको रूपमा आएको भावना व्यक्त गरिएको छ । यस सन्दर्भमा भनिएको छ– "असार अलिकति श्रमले सिँगार्नुपर्छ । असार अलिकति प्रेम र सद्भावनाले रङ्गाउनुपर्छ । असार अलिकति अर्मपर्म र अन्तरसम्बन्धले बचाउनुपर्छ । असार अलिकति संस्कृतिले जोगाउनुपर्छ । साँच्चै असारलाई उत्पादन र उद्यमसँग जोड्नुपर्छ, अनि पो असार असारजस्तै हुन्छ । म जीवनलाई असारभन्दा पर लैजान सक्दिनँ । असारमा म देख्छु आफ्नै जीवनको प्रतिच्छाया । असार जीवनको एक विम्ब हो ।" *(पृष्ठ २४)*

'ल्याम्प पोस्ट' शीर्षकको निबन्धमा अस्पतालको परिवेश ल्याएर भूपी शेरचनको 'मैनबत्तीको शिखा' कविता सम्झँदै जीवनको यथार्थमा मन डोऱ्याइरहेका निबन्धकारले सुत्केरीको मुस्कानलाई नियालेका छन् । जीवनको पैलो पाइलामा रूवाइ छ, मानिस जन्मेपछि पनि मानिस हुन नसकेको र अनेक पीडामा बाँच्नुपरेको बाध्यतातामा जीवनलाई हेरेका छन् निबन्धकारले । यहाँ मूर्तामूर्तको व्याख्या गर्दै सुन्दर अभिव्यक्ति दिएका छन् निबन्धकारले । उनकै कवितात्मक शब्द-वाक्यांशलाई हेरौँ- "ल्याम्प पोस्टको उज्यालोले देखाएका घुर्मैला छायाहरूको जीवनचर्या हेर्दै कुनै कलाकारले क्यानभासमा पोतेको चित्रजस्तै भइरहेछ यो समय । एउटा मूर्त चित्रमा देखिएका छन् अमूर्त अनुहारहरू, अमूर्त आवाजहरू, अमूर्त जिन्दगीहरू, देवदेवादिका आकृतिहरू सबै सबै लागिरहेछन् अमूर्त । एउटा सिङ्गो बस्ती जसमा भगवान्हरू बास गरिरहेछन् । ती सबै लागिरहेछ नितान्त अमूर्त । जहाँ मूर्त केही छैन । छन् त केवल आस्थाहरू, भावनाहरू, भक्तिहरू, प्रेम-प्रणयहरू ।" *(पृष्ठ २८)*

'प्रेम' शीर्षकको निबन्धमा प्रेमलाई घृणा र कुटिल आँखाले हेर्ने प्रवृत्तिलाई भ्रम र भ्रान्तिको रूपमा व्याख्या गर्ने निबन्धकारले प्रेम सर्वव्यापी हुन्छ, सुन्दर हुन्छ, अथाह गहिरो हुन्छ र अजर, अमर हुन्छ, अनुपम, अपार, अमूल्य र अतुलनीय हुन्छ भनेर निष्कर्ष निकालेका छन् । प्रेम प्राप्तिभन्दा पनि अनुभूतिजन्य विषय भएकाले सुन्दर छ भनिएको छ । त्यस सन्दर्भमा निबन्धकारको शब्द-वाक्यांशमा हेरौँ- "प्रेमको न कुनै सिमाना छ न कुनै साँध छ । यो त धर्मका किल्लाहरू भत्काउँदै हिँड्छ । देश देशका सिमानाहरू मेटाउँदै हिँड्छ । रङका भ्रमहरू सिकाउँदै हिँड्छ । विचारका बेमेलहरू फुकाउँदै हिँड्छ । द्वन्द्वका दरारहरू एकताको पाठ पढाउँदै हिँड्छ ।" *(पृष्ठ ३४)*

यसमा धर्मलाई कसरी हेरे भन्ने कुरा मनमा आउँछ । बाहिरी आवरणमा निबन्धकारले भने धर्मको नाममा घुसेका कुरीतिलाई । धर्म यतिमात्र नभएकाले यहाँ विरोधको आभास छ र भ्रम सिकाउँदै आत्मिक प्रेमले हिँड्दैन पनि । प्रेम त यस्तो वस्तु हो जहाँ सबै कुरा प्राप्त हुन्छ र यही जीवनको सार्थकता पनि हो । यहाँ कुकृत्य त हुँदै हुन्न । यहाँ निबन्धकारले ध्यान दिनुपर्छ कि ! यहाँ प्रेमको विषय गहन छ र राम्रो व्याख्या भएको छ तर विरोधाभास चाहिँ लेखनमा आउनुहुँदैन भन्ने मात्र दृष्टिकोण हो । हुन त यस टिप्पणीकारले सूक्ष्म अर्थ नबुझेर पनि होला, सर्जकको दृष्टि पर पुगेको हुन्छ, बुझ्नेले जति जानेको छ, त्यत्तिमात्र अर्थ लिन्छ ।

आफ्नो गाउँप्रतिको ममता दर्शाइएको सुन्दर र भावुक मनले बोलेको निबन्ध हो – 'प्रिय गाउँ' । यसमा प्रकृति प्रदत्त सुन्दर गाउँ आज सुनसान छ, जहाँ जीवन छ त्यो खाली छ, म त्यहाँबाट किन हराएँ भन्ने प्रश्न आफैँलाई गरेका छन् निबन्धकार । आफ्नो गाउँको सम्झना यसरी गरिएको छ– "म हरेक दिन गाउँ सम्झिरहेको हुन्छु । म हरेक पल गाउँ सोधिरहेको हुन्छु । मेरा हृदयका हरेक तरङ्गहरूमा तरङ्गित भइरहने गाउँ नै हुन्छ, मेरा मस्तिष्कका मन्दिरहरूमा गाउँ पुजिरहेको हुन्छु । मनमा राखे पनि बिझाउँदैन मेरो गाउँ । मुटुमा राखे पनि दुखाउँदैन मेरो गाउँ ।" *(पृष्ठ ३९)*

यस्तै 'नाक' शीर्षकको निबन्धमा पनि नाक जोगाउनुपर्ने कुराको उठान गर्दै यसको महत्त्व र गरिमाको सन्दर्भमा कवि छविरमण सिलवाल र आफ्नो संवाद भएको र खुलामञ्चलाई कविता दिएर नाक जोगाउनुपर्ने कुरा गरिएको छ र पहिले पढ्दाको समयमा शिक्षकले पढाइमा नाक जोगाउनुपर्ने सन्दर्भ ल्याएर यसको हरेक क्षेत्रसँग सम्बन्ध रहेको यथार्थतालाई व्यक्त गरिएको छ । नाकको विम्बात्मक धारणाले जीवनको यथार्थ प्रस्तुति दिएका छन् निबन्धकारले । इतिहासका कुरा ल्याएर भनिएको छ– "इतिहास पढ्छु– त्यहाँ कीर्तिपुरेको पृथ्वीनारायण शाहले नाक काटे भन्छ । अहँ ! विश्वास पटक्कै लाग्दैन । लागोस् पनि कसरी ? मानिसको नाक कान काटेर बाइस धार्नी हुने सम्भावना छैन । त्यो पनि एक विम्ब हो । कीर्तिपुरेले हारे, पृथ्वीनारायणले जिते अनि काटिएन त कीर्तिपुरेको नाक । त्यहाँ पनि हामीले विम्ब नबुझेकै भन्ने लाग्छ ।" *(पृष्ठ ४३)*

'नियतिको आकस्मिकता' शीर्षकको निबन्ध लामो छ, पारिवारिक पीडा छ, जन्मदाताको प्रसङ्ग छ । आफ्नो पिताजीलाई कोभिडको समयमा अस्पताल लानुपर्दाको कथाव्यथा र त्यस बेलाको परिवेश र जीवनको नियति वा जीवनको गति, पुनः बिरामी परेर धेरै समय अस्पतालमा बस्नुपरेको पीडा र पछि केही सन्चो हुँदाको खुसीलाई पनि यथार्थको धरातलमा प्रस्तुत गरिएको छ । जीवनमा आइपर्ने विविध पीडाहरूलाई बुद्धको भनाइ ल्याएर निष्कर्षात्मक रूपमा यसरी व्यक्त गरिएको छ– "ढिलै भए पनि जीवनको पुरानै लयमा पिताजी फर्कनुहोला भन्नेमा हामी आशावादी छौँ ।

**जीवनमा दुःख छ ।**

**दुःख नभएको ठाउँ कहाँ छ ?**

**पीडा कहाँ छैन ?**

बुद्धले उसै भनेका होइनन्– "मानवजीवनमा दुःख छन् । दुःख छ भनेर आत्तिनु र सुख छ भन्दैमा मात्तिनु पनि त भएन । सुखदुःख त जीवनका दुई पाटा हुन् ।" *(पृष्ठ ५२)*

'यात्रा जीवनको सौन्दर्य' शीर्षकमा जीवनयात्राको सन्दर्भमा निबन्धकारले निरवच्छिन्न गति भएको जीवनमा पैतालाको महत्तालाई जोड दिएका छन् । यी पैतालाले जीवनलाई हिँडाएको छ, उकाली–ओराली गराएको छ । पाब्लो नेरूदाको कविता सम्झिएर वर्णन गर्छन् निबन्धकार । यसलाई निबन्धमा यसरी व्यक्त गरिएको छ– "जीवन ओरालो, उकालो, तेर्सो, अप्ठेरो–सप्ठेरो सबै यात्राको पवित्र सङ्गम स्थल हो । एउटा स्फूर्त र उत्साहको भारी काँधमा राखेर सधैँ पैताला चालिरहेको हुन्छ जीवन । गतिको एक निरन्तर प्रक्रिया हो – जीवन । जब जब गति निष्क्रिय हुँदै जान्छ, तब तब जीवनको सार्थकता ओझेलिँदै जान्छ ।" *(पृष्ठ ५८)*

'क्यामेला, प्रेम र झरिला मुस्कानहरू' शीर्षकको निबन्धमा प्रकृतिप्रदत्त सन्दर्भहरूले आनन्दको अनुभूति दिनु स्वाभाविक हो । प्रकृतिको काखमा बस्दाको आनन्द बेग्लै हुन्छ र त्यसबाट ऊर्जा प्राप्त हुन्छ । मृत्यु स्वीकार हुनु पनि स्वाभाविक हो । सबैको सोच अनुसार जन्मभूमि स्वर्गभन्दा पनि प्यारो हुन्छ र आनन्दको अनुभूति हुनु पनि स्वाभाविक मानिन्छ । महाकवि देवकोटाको भावना र स्वयम् लेखकद्वारा लेखिएका कविताबाट पनि पुष्टि हुन्छ, यो आफ्नो देश, जन्मभूमिप्रतिको प्रेम हो । यी कुराहरूले निबन्धलाई आकर्षक तुल्याएको छ ।

गाउँको आनन्द शहरमा कहाँ छ ? भन्ने भावना यसरी व्यक्त हुन्छ– "भन, म कसरी शहरमा प्रेमको सपना देखूँ ? कसरी गरूँ तिमीलाई निस्वार्थ प्रेम ? कसरी चिनूँ तिम्रो मौनताको भाषा ? माफ गर क्यामेला, म चाहेर पनि तिम्रो मन र मन्दिरको पूजा गर्न असमर्थ छु । यो सहर छलकपट र जालझेलको अर्काइभभन्दा केही होइन रहेछ । स्वार्थ र अहम्को पिरामिडसिवाय केही होइन रहेछ । बस, यति बेला स्मृतिका चक्काहरूमा घुमिरहेको छ मेरो मेरो जन्मस्थल । सपनामा घुमिरहेका यी प्रेमका न्याना विम्बहरू, स्नेहका स्वादिला विम्बहरू, मित्रताका सुकुमार क्षणहरू, निस्वार्थ मानिसहरूका झरिला मुस्कानहरू र आत्मीयताका न्याना काखहरू सबै सबै गाउँमै छन् ।" (पृष्ठ ६४)

रिसको औषधी संसारमा छैन भन्दै 'रिस' शीर्षकको निबन्धमा मानवीय चेतनाबाट त्यसलाई साम्य पार्ने सन्दर्भमा आफ्नो दृष्टिकोणलाई र मानिस आत्मश्लाघाले आक्रान्त हुँदाको स्थितिमा अनेक किसिमका भावना उत्पन्न हुने कुरालाई यहाँ

व्यक्त गरिएको छ । यसमा भैरव अर्यालले मानिसको प्रवृत्तिलाई उद्घाटन गर्ने क्रममा भुँडीलाई प्रतीक बनाएर व्याख्या गरे जस्तै रिसको वर्गीकरण गरेका छन् निबन्धकारले – लाटोरिस, आरिसेरिस, झन्केरिस, हुप्पेरिस, आँख्लेरिस, फन्केरिस, हाँडिघोप्टेरिस आदि । शत्रु र मित्रुको कुरा गर्दै भनिएको छ– "कैयौँ मानिसको जीवनमा रिसले धेरै काम बिग्रेका छन् । कैयौँ अप्रतिम सम्बन्धहरू रिसका कारण क्षणभङ्गुर बनेका छन् । स्नेहका हराभरा फाँटहरू उराठ र उजाड बनेका छन् । कैयौँ आफन्तहरू रिसकै कारण टाढिएका हुन्छन् । मेरा पनि कति कामहरू रिसकै कारण बिग्रेका छन् । भत्केका छन् । तपाईंलाई लाग्दो हो – मेरा फलाना शत्रु छन्, अनि तिलाना मित्रु हुन् । त्यो पटक्कै होइन । सबैभन्दा ठुलो शत्रु त आफैँभित्रको रिस हो ।" *(पृष्ठ ६६)*

'निर्वर्जित मन' निबन्धमा विभिन्न समयावधिको इतिहासको सन्दर्भ ल्याउँदै हरिभक्त कुवालको कविताबाट प्रारम्भ गरिएको र विभिन्न व्यक्तिहरूको नाम उद्धृत गर्दै मनको स्थितिबोध गराइएको छ । यहाँ नारायणगोपालको गीत– 'मेरा आँखालाई राख्ने फूलबारी छैन, तिम्रो मुहारमा राखूँ कि !...' उद्धृत गर्दै आफ्नो मनको भावना व्यक्त गरिएको छ । देवकोटाको 'पागल' कविता र अन्य कविताहरू पुष्टि गर्ने क्रममा आएका छन् । यस सन्दर्भमा भनिएको अभिव्यक्ति यस्तो रहेको छ– "हामीले दृष्टिपात गर्ने एउटा कोण मात्रै हो । हाम्रो दृष्टिकोण नै सर्वस्वीकार्य हुन्छ भन्ने हुँदैन । कुनै समय आफैँले हेरेको दृश्यमा पनि हामीलाई भ्रम हुन जान्छ । मानिसले कुन समय, कुन परिस्थिति र अवस्थामा के निर्णय लिन्छ भन्ने हेक्का स्वयम्मा अज्ञात हुन्छ । कतिपय हाम्रो निर्णय मस्तिष्कबाट नभएर परिस्थितिले निर्धारण गर्छन् ।" (पृष्ठ ७८)

'सन्दिग्ध शताब्दी' शीर्षकको निबन्ध कृतिको मूल शीर्षक राखिएको निबन्ध हो । वर्तमानको सांसारिक स्थितिलाई अवलोकन गरिएको छ निबन्धमा । उत्तर आधुनिकको तस्वीरबाट आक्रान्त मानिसको जीवनलाई हेरिएको छ र अविश्रान्त घुमिरहने पानीघट्टजस्तै घुमिरहेको जीवनको सम्बन्धमा सूक्ष्म ढङ्गले आफ्नो भावना व्यक्त गरिएको छ । सन्दिग्ध समयलाई पुष्टि गर्न वैरागी काइँलाको कविता– 'मातेको मान्छेको भाषण...' लाई सम्झेर युगको पीडालाई व्यक्त गरिएको छ । जस्तै : म वर्तमानका आँखाले हाम्रा अतीतहरू चिनाउँछु । निरन्तर चिहाइरहन्छु, समयको त्यो शान्त अनुहार । म फर्केर फर्कन सक्दिनँ अतीत । म सम्झेर सम्झन सक्दिनँ अतीत । त्यो शान्त र स्निग्ध समय कहाँ पाऊँ म अब ? समयको विसङ्गत अनुहार भोगिरहेछु । यो समयसँग किञ्चित् सद्भाव छैन । बुख्याचा अनुहारहरूले हरेक रात ऐँठन गर्छन् । सपनाहरूमा जङ्गी हुङ्कार गरेर

तर्साइरहन्छ कालो रात । मानिसका अनुहारमा खुसी देख्न वर्जित छ । सुख देख्न वर्जित छ । चुपचाप छन् जीवनहरू ।" (पृष्ठ ८४)

यसरी 'सन्दिग्ध शताब्दी' भित्रका निबन्धहरूले आफूले भोग्नुपरेको समाजको यथार्थस्थितिलाई देखाइएका छन् । समाजका विविध क्षेत्र - चाहे राजनीतिसम्बन्धी कुरा होऊन्, चाहे नेपाल नेपालीसम्बन्धी कुरा होऊन्, चाहे धार्मिक तथा सांस्कृतिक विविधताका कुरा होऊन्, चाहे शैक्षिक गतिविधिका सन्दर्भ होऊन् वा जीवनका यथार्थ पक्षसँग सम्बन्धित कुरा होऊन् सबैतिरको अवस्थालाई सङ्केतात्मक रूपमा निबन्धमा उतारिएको छ । आजको परिस्थितिलाई हेर्दा मानिसको स्वभाव होस् वा संवेदनशीलताको कुरा होस् त्यसमा कमी आएको छ, मानिसले आफ्नो बाटो पहिल्याउन नसकेको अनुभूतिलाई स्पष्टसँग व्यक्त गरिएको छ ।

लेखनको सन्दर्भमा पीडादायी अवस्थाको वर्णनमा निबन्धहरूले समाजका विकृति-सिङ्गतिप्रति प्रहार गर्नु स्वाभाविक देखिन्छ र यसतिर ध्यान जानु स्वाभाविक कर्तव्य पनि हो तर निबन्धमा आफ्नो भावना व्यक्त गर्ने क्रममा धेरै व्यक्तिका कवितात्मक सन्दर्भहरू उद्धृत गर्दा उनकै अभिव्यक्तिको समीक्षण गरेजस्तो वा व्याख्या गरेजस्तो महसुस हुन्छ, यो विचारणीय पक्ष हो जस्तो लाग्छ । लेखकले कुनै पनि कुरा लेख्दा अरूको सन्दर्भ उठाएर पुष्टि गर्दा आफ्नो भावनामा अन्तर्भूत गरेर लेखनकार्य गर्दा अझ परिष्कृत हुने हुँदा त्यता ध्यान जानुपर्छ जस्तो लाग्छ । यसभित्रका निबन्धहरू अत्यन्त प्रभावशाली छन् र शैली सरल, सरस, बोधगम्य र मीठो पनि छ ।

## ४. विषयान्त एवं कवितात्मक भावना

निबन्धकार श्रीबाबु कार्कीद्वारा सिर्जित 'सन्दिग्ध शताब्दी'भित्रका निबन्धहरूमा भावनात्मक संवेदनशीलताको प्रचुरता छ, बौद्धिकताले भरिएका छन् निबन्धहरू । यस सन्दर्भमा मनमा उठेका भावनालाई कवितामा उतार्दै यो समीक्षात्मक लेखनबाट विश्राम लिन्छु ।

भावनामा बगेका छन् 'श्रीबाबु' बन्ध-कथ्यमा
मानवीय धरा आज खस्केको परिणाममा ।
यो 'सन्दिग्ध शताब्दी' हो भन्ने निष्कर्षमा पुगी
अभिव्यक्ति दिएका छन् लेखनी-धर्ममा झुकी ।१।

कवितात्मक शैली छ व्यञ्जनात्मक सार छ
मानवी चेतनाभित्र खुलेको व्यवहार छ ।

ढुङ्गा भएँछु ती भन्छन् ढुङ्गाको पनि दर्शन
नश्वर देहको चर्चा गर्दछन् विधि-चिन्तन ।२।

कतै छ गाउँको भाका कतै प्रेमिल भावना
कतै रिस छ आवेग कतै कल्पित चाहना ।
कतै विकृतिले गर्दा अँध्यारो मात्र खुल्दछ
उज्यालो छ कतै आशा-भरोसा प्राप्ति बन्दछ ।३।

सकारात्मक उद्घोष गुप्त सन्देश चाहमा
श्रीबाबु सरिताजस्तै बगेका छन् विचारमा ।
परिष्कृत भाषा छ शब्द चातुर्य भावमा
अग्रगामी बनून् स्रष्टा यही छ शुभकामना ।४।

**धुम्बाराही, काठमाडौँ ।**

# कवि अनिल श्रेष्ठको कवितामा संसद् र सरकार विषयक बहस



तेजविलास

अनिल श्रेष्ठ (जन्मः वि. सं. २०२८) नेपाली कविताको क्षेत्रमा स्थापित नाम हो । 'मृत्यु पर्व होइन', 'मेरो देश', 'आरू फुलेको साँझ', 'मफलर युद्ध', 'अनिल श्रेष्ठका प्रतिनिधि कविता', 'मध्यरातमा मुर्कट्टा' जस्ता आधा दर्जन कविता सङ्ग्रहहरूबाट कवि अनिल पाठकका बिचमा विचार लिएर प्रस्तुत भइरहेका छन् । २०४० कै दशकबाट निरन्तर कलम चलाइरहेका अनिलले २०४६ पछि प्राप्त भएको भनिएको प्रजातन्त्रले निम्त्याएको विकृति-विसङ्गतिलाई खुलेर विरोधपत्र दिएका छन् । २०६२/०६३ सालपछि पनि सत्ताले सिंहदरबारमार्फत जनतालाई खुलेआम लुटेको, त्यसलाई संसद् वा संविधान सभाले वैधानिक मञ्च उपलब्ध गराएको र सांसद मात्र एउटा किनबेचको वस्तु वा कठपुतली भएको विषयमा झन्डै एक दर्जन कविता लेखेका अनिलले समकालीन कविताको क्षेत्रलाई सूक्ष्म तहमा लैजाने काम गरेका छन् । विचारमार्फत जनतालाई जगाइरहने र निर्लज्ज नेतृत्वलाई चिमोटिरहने कर्ममा उनका शब्दहरूले महत्त्वपूर्ण सम्बोधन गरेको देखिन्छ । यस लेखमा कवि अनिल श्रेष्ठका 'मफलर युद्ध' (२०६९), 'प्रतिनिधि कविता' (२०७२) र 'मध्यरातमा मुर्कट्टा' (२०७८) तिनवटा कविता सङ्ग्रहभित्र परेका केही कविताहरूको विवेचना गर्ने प्रयास गरिएको छ ।

कवि अनिल श्रेष्ठ संसदीय प्रजातन्त्रलाई ठगी खाने भाँडो बनाउनेहरूले जनताको मतलाई पूर्ण रूपमा बेवास्ता गरेको र जनताले तिरेको करलाई जनता दबाउने माध्यम बनाएकोमा आक्रोश व्यक्त गर्दछन् । मफलर युद्ध कविता सङ्ग्रहभित्रका 'सिंहदरबार', 'एक पोट्रेटः संविधानसभा', 'सभासद् सपना मल्लको हाँसो', 'सांसदको रूघा', 'संसद् ठिकठाक चलिरहेछ महोदय ?' अनिल श्रेष्ठका प्रतिनिधि कविता सङ्ग्रहभित्रका 'यो देशको सबैभन्दा ठूलो मुर्दाघर हो सिंहदबार', र मध्यरातमा मुर्कट्टाभित्रका 'आजकल सिंहदरबारमा फूलहरू फुल्दैनन्', 'एक सभासदको डायरीबाट प्रणय दिवसको कविता', 'सत्ता', 'संसद्मा कोभिड' गरी दसवटा कवितालाई प्राथमिक सामग्री मानी कविले प्रस्तुत गरेका विषय र प्रस्तुति

शैलीलाई यहाँ पाठकीय प्रतिक्रिया र बोधपक्षको कोणबाट हेर्ने प्रयास भएको छ । नेपाली समाजलाई राजनीतिले ऊर्जा थपेको छैन । राजनीतिका नाममा भएका धन्दाले जनतालाई शोषण गरेको र देशलाई जर्जर बनाउँदै लगेको छ । सिंहदरबारलाई सेवकहरूको सर्वोच्च कर्मथलो बनाउनु पर्ने तर शोषक-सामन्तलाई पाल्ने थलो अनि जनतामाथि लुटतन्त्र मच्चाउने नाटक मञ्चन गर्ने अभ्यास स्थलको रूपमा स्थापित गर्दै लगेको प्रमाणसहित कवितामा प्रस्तुत गर्दछन् । यसका साथै संविधानसभामा रहेका प्रतिनिधि चरित्रलाई पनि अलि फरक शैलीमा प्रस्तुत गरेका छन् । कविले पछिल्ला घटनाको क्रममा जनता कोभिडले मरिरहेका बेला अनेकपटक चेकजाँच गरेर संसद् सञ्चालन गर्नेहरूले जनता बचाउन होइन आफ्नो सुविधा बढाउन गरेका हर्कतहरू पनि प्रस्तुत गरेका छन् ।

**सिंहदरबारको अग्लो छानामाथि**

**एउटा कालो गिद्ध छ**

... ....

**सिंहदरबारको छानामुनि**

**एउटा प्रशासन छ**

**त्यो गिद्धको नङ्ग्रा हो ।**

*(मफलर युद्ध, पृ.१२)*

सिंहदरबार हिजोआज गाउँ गाउँमै आइपुगेको छ । झन् कविताको सन्दर्भले व्याख्या गर्न मिल्ने भागहरू थपेको छ । जनताको सेवाका लागि भनेर गाउँ गाउँमा अर्थात् पालिका सरकारभित्र पनि वडा सरकार आइपुग्दा कर्मचारीको लुटतन्त्र सजिलै आएको तर जनमुखी कार्यक्रम नआएकोप्रति कविको तीव्र रोष छ । सिंहदरबार जनताको रगत पसिनामा जसरी मोजमस्ती गरिरहेको छ र थियो, साना सिंहदरबारको कार्यकारीहरू पनि सोही यात्रामा अविराम लागेका छन् । अपवाद त केही हुने नै भयो । राम्रा काम गर्नेप्रति कविले भनिरहनु पर्दैन, स्वाभाविक ढङ्गले जनताले सम्मान गरिरहेकै छन् । कम्तीमा जनताको सेवकले जनताको पिरमर्का बुझेर काम गरिदिए हुने भन्ने आशय कविको रहेको छ ।

२०६५ सालमा गठित संविधान सभाले जनताको माग र महत्त्वलाई सम्बोधन गर्न नसकेको मात्र होइन उद्देश्य के थियो र यात्रा कतातिरको भयो भन्ने सन्दर्भलाई ' एक पोर्ट्रेटः संविधानसभा' कवितामा कविले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

**एउटा माग्ने ठिटो**
**मागेरै सल्काउँछ एक खिल्ली चुरोट**
**र सडकको एक छेउमा**
**उभिएरै फुरूरूरू**
**एकोहोरो छाड्छ धुँवा**
**उसको सामुबाट**
**उठ्छ**
**र हराउँछ**
**धुँवाहरूले निर्मित**
**संविधानसभाको एक पोट्रेट**

*(मफलर युद्ध, पृ. १८)*




बुझ्नेलाई यति पङ्क्ति काफी छ । संविधानसभाले जनताको मुद्दालाई स्थापित गर्न नलागेर युरोपियन युनियन अनि विभिन्न देशको डलर पचाउन मात्र लाग्दा देशको राजनीतिले अन्तै यात्रा तय गरेको विषय यहाँ ध्वन्यात्मक रूपमा प्रस्तुत भएको छ । जनताको बलमा संविधानसभा आए पनि संविधानसभा गठन भइसकेपछि त्यसलाई विकृत बनाउन र जनताको मुद्दालाई ओझेलमा पार्न एउटा शक्ति लागि परेको हुनाले पैसाले न्याय किनबेच गर्नेहरूकै चलखेल भएको तर्फ उल्लिखित कविता सन्दर्भित हुन आउँछ । यसै सन्दर्भसँग सन्दर्भित भएर आएको कविता हो 'सभासद् सपना मल्लको हाँसो' । यस कविताले पनि न्याय र समानताको विचारलाई विचार र व्यवहार दुवैले न्याय नगर्नेहरू हाबी भएको विषयलाई अभिलेखका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

**बेचैन सुस्केराहरू**
**संसद्भित्र खेलिरह्यो**
**र, चारैतिर आलस्य बढिरह्यो**
**सांसदज्यू, सदनभित्र निर्जल्लजतापूर्वक**
**निद्रामा घुरिरहनु भएको**
**के त्यो तपाईं नै हो ?**

*(मफलर युद्ध, पृ. ७५)*

जनताको विषयमा छलफल गरेर समाधान निकाल्न हो कि सांसद पाल्न वा पोस्न संसद् चाहिएको हो ? कविले कविता लेख्दा ताका त झन् छ सय एक जना सांसद रहेको वास्तविकताभित्र यति धेरै घिनलाग्दो स्थिति छ कि मानौं सांसदको कुनै चेतना छैन । त्यसैले त मोलमोलाइमा संविधान सभाका सदस्य हुनेहरूले देशलाई गरिब बनाउने यात्रामा योगदान मात्र पुऱ्याएको स्थिति प्रस्ट छ । जनताको समस्याको विषयमा छलफल नहुने संसद्लाई पनि ठिकठाक चलेको भनेर भत्ता पचाउनेहरूलाई गतिलो व्यङ्ग्य यहाँ प्रस्तुत गरिएको छ । जनताको पक्षमा कानुन बनाउन होइन आफ्नै दुनो सोझ्याउन सांसदहरूको गतिविधि केन्द्रित रहेको तर्फ कवि सजग गराउँछन् । २०६५ सालदेखि २०६८ सालसम्म लेखिएका यी कविताहरूले जनता बिरामी हुँदा एउटा सिटामोल नपाउने स्थिति रहेको तर एउटा विधायकले विदेशमा उपचार गर्ने सुविधाले जनता आहत भएको विषयलाई केन्द्रित गरिएको देखिन्छ । 'सांसदको रूघा' शीर्षकको कवितामा समेत त्यस्तो विषय उद्घाटित हुन पुगेको छ । जनताको आवाज बोल्ने वाचा गरेर संसद् छिरेकाहरूले जनताप्रति उत्तरदायी नबन्दा देश र देशबासीको भविष्य अन्धकारतर्फ मोडिएको तथ्यमा कविले प्रकाश पारेका छन् ।

माथि उल्लिखित विषय र प्रसङ्गले नेपालको राज्य व्यवस्थालाई बलियो बनाउन र जनमैत्री शासन सुधारको प्रयासमा लाग्न दबाब दिएको देखिन्छ । २०६२/२०६३ पछि स्थापित गणतन्त्रले जनयुद्धको मूल मर्मलाई बिर्संदै गएको तर्फ कविले सङ्केत गरेका छन् । विरोध विरोधका लागि नभएर जनताको न्याय र समानताको लागि भएकाले अक्षरमार्फत आवाज उठाइरहने प्रक्रिया स्वरूप कवि निरन्तर यस मार्गमा लागिरहँदा यस्ता रचनाहरू थप सशक्त बन्दै जनतालाई जगाउँदै गएको सन्दर्भमा अनिल श्रेष्ठका प्रतिनिधि कवितामा समेत एउटा बलियो विचारको झिल्कोले स्थान पाएको छ । यो देशलाई लुट्नेहरू सिंहदरबारमा बस्ने र देश विदेशमा उपलब्ध सुविधा तिनीहरूले नै प्रयोग गर्दा जनता जिल्ल परेको विषय ' यो देशको सबैभन्दा ठूलो मुर्दाघर हो सिंहदरबार' कवितामा प्रतिध्वनित भएको छ ।

**हामी ओतौंला जसरी पनि**
**जाडोको यो शीत**
**सहौंला यो साँझको**
**नाङ्गो ठिही**
**जब चिसोले कराइ रहनेछन्**
**हाम्रा केटाकेटीहरू**

**चिर निद्रामा हाम्रै अघिल्तिर**
**मस्तले निदाइरहेको**
**मुर्दाघरको त्यो उज्यालोलाई**
**देखाउँदै आफ्ना नानीहरूलाई**
**हामी सुनाउँला**
**यो देशको एउटा**
**दुर्दान्त कथा**

*(प्रतिनिधि कविता, पृ.१४)*

**कवि थप विचार राख्दै कवितामै अगाडि लेख्छन्;**

**लैजाऊ, ती सबै राहतमा**
**ऊ त्यो मुर्दाघरलाई नै चाहिन्छ**
**चाहिँदैन हामीलाई**

*(पृ. १५)*

जनताको नाम बेचेर आर्थिक लाभ गर्ने अनि जनतालाई देखाई–देखाई लुट्ने काम सिंहदरबारले गरेको विषयले गहिरो अर्थ संवहन गरेको छ । यही देश हो आज गरिबीको यात्रामा ओरालो दौडिरहेको अनि यही देशको अर्थमन्त्रीले पाएको हो पुरस्कार बढी ऋण बटुल्न सफल भएको भनेर । हामी यस्तो देशमा छौँ जहाँ हामीलाई लगभग २/४ चोटि दिनमा बेच्दै हाम्रै टाउकोमाथि ऋण थोपर्ने शासक र प्रशासकहरू मोजमस्ती गरिरहेका छन् । हेर्ने हो भने कानुनमा मौलिक अधिकार कति छन् कति तर बाँच्ने अधिकारको घाँटी निमोठेर जनतालाई जिउँदै जलाउनेहरूले कब्जा गरेको सिंहदरबार र मिनी सिंहदरबारहरूको देशमा न्याय र समानताको कल्पना गर्न गाह्रो भएको विषय गम्भीर ढङ्गले उठान गरिएको छ । सिंहदरबारलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै जनता तालुकदार निकायबाट शोषण, दमन र उत्पीडनमा परेकाले त्यस विरूद्ध राम्ररी बुझेर सङ्घर्ष गर्न कवि आह्वान गर्दछन् । सरकारी कर्मचारी र कानुन निर्माताहरू किन प्रयोग गरिरहेका छन् सवारी साधन ? किन लिइरहेका छन् उपचार खर्च ? अनि किन स्वाद फेरेर खाइरहेका छन् अतिरिक्त भत्ता ? के हामीले चाहेको प्रणालीभित्रको कार्य सम्पादन यही हो ? होइन भने हामी किन चुपचाप चुपचाप छौँ ? कवि व्यञ्जनाको तहमा आफ्ना आनुभाविक विचारलाई जनताको वास्तविक दिनचर्यासँग जोडिदिन्छन् । कविताभित्र करौडौँ न्यायप्रेमी जनताको आवाज समवेत स्वरको रूपमा प्रस्तुत भएको पाइन्छ ।

नेपालको राजनीतिमा २०५२ साल फागुन १ गतेदेखि २०६२/०६३ सम्मको कालखण्ड एउटा ऐतिहासिक घटनावलीको कालखण्ड भएको र त्यसको पराकम्प स्वरूप २०६३ देखि २०७२ सम्म भएको विविध गतिविधिमध्ये संविधान निर्माणको कर्मकाण्ड पनि एक हो । २०७२ पछि यस संविधानले जनतामा उत्साह थपेको पाइएन । जे उद्देश्यले संविधानसभा भनियो, त्यो उद्देश्य प्राप्ति भएन । गैर सरकारी संस्थाको डलरे खेतीमा लय भएको संविधानले जनतालाई फस्ल्याङफुस्लुङ मात्र पाऱ्यो । उनै दमनकारी टाउकाको मूल्य तोक्नेहरूको छेउछाउमा भाग खोज्दै जानु पर्ने परिस्थितिले समग्र राज्यनीति बहुमतको खेलमा बिक्रीकक्षको वस्तु जस्तै बन्यो । समानुपातिक प्रतिनिधित्वको सिद्धान्तभित्र जहान-परिवारका सदस्यहरूको नामावली प्रकाशित भएपछि गरिएको आशामाथि तुषारापात हुने नै भयो । वर्गलाई होइन थरलाई, किसानलाई होइन काला व्यापारीलाई प्रतिनिधि बनाउने अभ्यासले देशको राजनीतिले फेसबुके पार्टीहरूलाई मलजल गर्न थाल्यो । काम नगर्ने तर अर्कालाई गाली गरेर समर्थन जुटाउनेहरूको जमात बढेसँगै राजनीतिले विश्व बजारको पैसालाई निर्णायक शक्ति बनाउन थाल्यो । यही र यस्तो परिदृश्य हेर्दै कविले २०७२ सालदेखि २०७८ सालसम्म लेखेका कविताहरूमा पनि पर्याप्त मात्रामा विरोधको स्वर उरालेका छन् ।

जनताको समस्या समाधान गर्न वाचा गर्ने नेता 'प्रणय दिवस' विशेष कविता रच्न थाले । सत्ता निर्माणको आधार बनेको करोडे सांसदले ठेक्कापट्टा र राष्ट्रिय महत्त्वका विषयमा थप निर्णायक भूमिका खेल्न थालेको परिदृश्य हाम्रो सामु प्रस्ट भयो । सत्तालाई मोजमस्ती र पटक पटक बाबुछिरी शेर्पाले सगरमाथा चढेको जस्तो ठानी हाक्का हाक्की यतिपटक प्रधानमन्त्री, मन्त्री र सभामुख हुने भन्ने उद्घोष हुन थाल्यो । एकाध कुलमान घिसिङहरू बाहेक कर्मचारी मुर्दा सावित भए । कोभिड १९ ले आक्रान्त पारेको बेला पनि लुट्ने र कमाउने धन्दाको नाम यति र ओम्नीहरूले लुटिरहे ।

**एउटी छोरी छे**

**आमाजस्तै**

**चुलोमा आमालाई सघाउँछे**

**तरकारी काट्छे**

**भात बसाउँछे**

**जुठाभाँडा माझ्छे**

**कसिङ्गर बढार्छे ।**

*(मध्यरातमा मुर्कट्टा, पृ. १९)*

यो लामो परम्पराको रूपमा चलेको प्रक्रिया हो । जतिसुकै समावेशी चरित्रको कुरा गरे पनि श्रममा पुरूषको समावेशिता भएको छैन ।

**एउटा छोरो छ**

**म जस्तै**

**भात खान्छ**

**हात चुठ्छ**

**र गाउँ डुल्न निस्कन्छ ।**

*(पृ. १९)*

सत्ता दमन–उत्पीडन, अन्याय अत्याचारको स्रोत हो । बर्षौ बर्षदेखि नफेरिएको पुरूष मानसिकता र दमनको चक्रमा परेका नारीले दिन-प्रतिदिन परम्परागत बन्धनमा जकडिन परेको र पुरूष जातिमा पुस्तान्तरण भए पनि रूपान्तरण नभएको यथार्थ 'सत्ता' कवितामा प्रतिविम्बित छ । चुलोदेखि सन्तानको रेखदेखसम्म नारीले गरेका दुःखमा पुरूषको साथ भएमात्र समाजको रूपान्तरण सही ढङ्गले हुने विचार कविको छ । समयले निर्माण गरेको सत्ता सङ्घर्ष गर्नुपर्ने स्थिति छ ।

जनताको प्रतिनिधित्व गर्ने सभासदले जनताको विषयमा आवाज उठाउने कर्मबाट पर हटेर प्रणय दिवसमा आफ्नो डायरीबाट सस्तो प्रेमका कविता सुनाएको प्रसङ्ग घतलाग्दो छ । आखिर सङ्घर्ष गरेर परिवर्तनको एजेन्डा स्थापित गर्न लागि पर्नेहरू नै बढी गलत बाटोमा फसेको विचार यहाँ प्रकट भएको छ । सङ्घर्षको क्रममा सहिद भएकाहरूको परिवारलाई मलम लगाउनु त कता हो कता आफूलाई खाँटी शान्तिवादी बनाउन तल्लीन पूर्व योद्धाहरूको वैचारिक स्तर निकै खस्किएको कुरा कविताले बोलेको छ ।

**आज प्रणय दिवस हो**

**र, जब केही प्रेमपूर्ण शब्दहरूले**

**प्रेमिल बनाउन बसेको छु**

**वीरबहादुर**

**किन तेरो विषादले भरिएको अनुहार**

**मेरो यो कलममा आएर बस्छ ?**

*(मध्यरातमा मुर्कट्टा, पृ. १५)*

राज्यसत्तामा बसेर सुविधाभोगी हुन चाहने अनि जनताको बिचमा आएर सबै समस्या समाधान गरिदिने आश्वासनले सिङ्गो राजनीतिलाई धमिलो बनाइ दिएको निष्कर्ष माथिको कविताले व्यक्त गरेको छ । संसदीय राजनीतिले धनी र दलालहरूको मात्र सेवा गर्ने पक्का छ भन्दै व्यवस्थाअनुरूप नेताले जनमुखी नभएको गणतन्त्रभित्र गणतन्त्रलाई चपाउने र पचाउने भस्मासुर जन्मिएको समेत तर्क गरिएको छ । लोकतन्त्रको फूलबारीमा सबै विचारको फूल फुल्न सकेमात्र सुन्दर राज्य बन्ने कुरा यहाँ प्रस्तुत छ । देशको प्रमुख प्रशासनिक निकायमा देखिने कुरूप दृश्यले प्रत्येक श्रम गर्ने नागरिक दुःखी भएका छन् ।

विश्वलाई आक्रान्त पारेको कोभिड-१९ ले आम नागरिक आक्रान्त भएको बेला राज्य सत्ता मृत्यु उत्सव मनाइरहेको देखियो । सिंहदरबारले जनतालाई राहत दिनुपर्नेमा कोभिड-१९ को छेको पारेर कमाउन कमिसनको चक्कर चलाएको कारण जनताको प्रतिनिधिले जनताप्रति गरेको व्यवहार निन्दनीय रहेको कवि उल्लेख गर्दछन् ।

**रोग छ**

**भोक छ**

**शोक छ**

**यहाँ सबथोक छ**

**केवल आँखामा आँसु छैन**

**साँच्चै**

**सरकार**

**के यो देशको सिंहदरबार पनि**

**यतिखेर कोभिड-१९ले**

**सङ्क्रमित छ ?**

*(मध्यरातमा मुर्कट्टा, पृ.३१)*

जनता पीडामा नुहाइरहँदा जड बन्ने सरकार स्वयम् कोभिड–१९ हो । जसले विश्वव्यापी महामारी फैलँदा जनताको सुरक्षामा ध्यान दिएन । जनताका प्रत्येक पीडामा साथ दिनुपर्ने सत्ताले जनताको समस्यालाई रमिते बनेर हेरेको विषय सामान्य होइन । यो निन्दनीय पक्ष हो । सरकार संवेदनाहीन भइसकेको छ । सत्ता जनप्रतिनिधिको आडमा मनलाग्दी गरिरहेछ । प्रत्येक संसद्को अधिवेशनमा कोभिडको जाँच गराउने सांसद र अक्सिजन नपाएर मर्ने सामान्य जनता बिच कहिले समानता होला ? हामीले प्रश्न गरिरहनु पर्दछ । सर्वसाधारणको मुहारमा मुस्कान छाए मात्र गणतन्त्र आएको पुष्टि हुने विचार कवितामा अभिव्यक्त भएको छ ।

## निष्कर्ष

सबै विषयलाई नेतृत्व राजनीतिले गर्दछ । राजनीतिलाई संस्कृतिले दिशानिर्देश गर्दछ । नेपालको मौलिक संस्कृति र प्राकृतिक स्रोत अनि साधनमाथि विदेशीले आँखा गाडिरहेको परिवेशमा राज्य सञ्चालनमा क्रियाशील स्थायी सरकार भनिने कर्मचारीतन्त्र र नीति निर्माता भनिने विधायकहरूले जनताको विचार बुझेर अगाडि बढ्ने र जनताको सेवामा समर्पित हुने कर्मले मात्र देश सम्पन्न हुन सक्छ । पैसा तिरेर माननीय बनेका अनि नातागोतालाई भण्डारको जिम्मा लगाएर परिवार पोस्ने कार्यले केही मान्छेको वर्ग उत्थान होला तर निम्न वर्गको हित नहुने विचार कविताहरूमा अभिव्यक्त रहेको छ । नेपालको सन्दर्भमा सत्ताको पर्याय बनेको सामन्ती चिन्तन अनि त्यही चिन्तनलाई मलजल गर्ने नोकरशाहीतन्त्र नफेरेसम्म जनताले सुखको सास फेर्ने दिन नआउने विचार माथिका दशवटा कवितामा सशक्त ढङ्गले व्यक्त भएको छ । निरन्तर क्रान्ति, निरन्तर खबरदारी अनि निरन्तर जीवनशैलीमा परिवर्तनले मात्र हाम्रो वैचारिक यात्राले सार्थकता पाउने जिकिर कविले गरेका छन् । समसामयिक विषयलाई जनजीविकासँग जोड्ने कवि अनिल श्रेष्ठ जनताका कविका रूपमा स्थापित व्यक्तित्व भएको प्रमाण कविताहरूले दिएका छन् ।

### सन्दर्भ सामग्री



अधिकारी, तेजविलास (२०६५), समीक्षा सन्दर्भ, काठमाडौँ, विवेक सिर्जनशील प्रकाशन

श्रेष्ठ, अनिल (२०६९), मफलर युद्ध, काठमाडौँ, पाठ्य सामग्री पसल,

श्रेष्ठ, अनिल (२०७२), प्रतिनिधि कविता, काठमाडौँ, बुक्सेलर,

श्रेष्ठ, अनिल (२०७८), मध्यरातमा मुर्कट्टा, विवेक सिर्जनशील प्रकाशन

श्रेष्ठ, अनिल (२०८०), दो. संस्करण, आरू फुलेको साँझ, बनेपा, जनमत प्रकाशन,



# 'ढुङ्गाको बीउ'लाई शब्दको उकेरा

प्रा.डा. भागवत ढकाल

## १. विषय प्रवेश

नेपाली साहित्य आफ्नो गतिमा गतिशील छ । श्रव्यदृश्य विधामा मानव जीवनमा विविध रूपको अङ्कन स्रष्टाहरूले गरेका छन् । सिर्जना प्रतिभाजन्य र अभ्यासजन्य दुवै बाटोबाट जन्मिन सक्छन् । अभ्यासको दीर्घ आयतनमा प्रतिभाको समिश्रण हुँदा कृति र कृतिकार युगीन बन्दछन्, सिर्जनामार्फत दीर्घजीवी बन्दछन् । सिर्जना जब अन्तस्करणबाट प्रस्फुटित हुन थाल्दछ, त्यतिखेर ढुङ्गा फल्न र फुल्न थाल्दछ, प्रकृति नाच्न र हाँस्न थाल्दछ, पहराले पहरेदारी गर्न र खेत खलाले नयाँ युग जन्माउन थाल्दछन् अनि जन्मिन्छ स्रष्टा र सिर्जना ।

सिर्जना एउटा व्यक्तिको घचघच्याइबाट जन्मिन्छ अर्को अन्तस्करण र प्रतिभाको घचघच्याइबाट, पहिलो वर्ग र समूहका स्रष्टा निश्चित विचारमा बाँधिएका हुन्छन् ती विचार सकिएपछि उनीहरूको कविता वा सिर्जनाको स्रोत पनि सुक्छ र आफैँ ओझेल पर्छन्, तर दोस्रो वर्गका स्रष्टाहरूमा ज्ञान र चेतनाको क्षितिज जति फराकिलो हुँदै जान्छ, प्रकृति र मानवका नवीन आयाम थपिंदै जान्छन्, उति सिर्जनाको स्रोत र सिर्जनाको स्तर उकासिँदै आउँछ अनि जन्मिन्छन् मातृदासहरू र फुल्छन् ढुङ्गाको बीउ ।

## २. को हुन ? रामेश्वर राउत मातृदास

प्रश्न साहित्यमा भर्खर बामे सर्न थालेका र सम्भावित भोलिका साहित्य सर्जकहरूका लागि हो, किनकि वर्तमान पुस्ता जो साहित्यसँग प्रत्यक्ष परोक्ष संलग्न छ, पठनपाठन अध्ययन अनुसन्धान, साहित्यिक गोष्ठी, क्रिया-प्रतिक्रियामा लाग्नेहरूका लागि रामेश्वर राउत 'मातृदास' परिचित नाउँ हो । काठमाडौँ मात्र होइन मोफसलका कैयन् साहित्यिक एवं सामाजिक गतिविधिमा क्रियाशील व्यक्तित्व हुन् मातृदास । यसर्थ उनका ती जीवन बुझ्नलाई यहाँ लिपिबद्ध गर्ने प्रयास

गरिएको मात्र हो । पिता दिलबहादुर राउत र माता चेतकुमारी सापकोटा राउतका पुत्र हुन् रामबहादुर राउत क्षेत्री जसलाई साहित्यिक फाँटमा रामेश्वर राउत मातृदास भनेर चिनिन्छ । २०२३ सालको वैशाख १ गते वशिष्ठधाम धकनी-१ सिन्धुपाल्चोकमा जन्मिएका राउतले एम.ए.बी.एल र सङ्गीतमा विशारदसम्मको औपचारिक शिक्षा लिएका छन् भने निरन्तरको अध्ययन अनुसन्धानले उनको ज्ञानको क्षितिजलाई अझ मुखरित गरेको छ । 'परोपकार' पत्रिकामा 'भालुलाई पुराण' (२०३४) शीर्षक कथा लिएर साहित्यमा ओर्लिएका राउत कविता, गीत, कथाजस्ता विधासँग बढी निकट छन् । उनको व्यक्तित्वलाई यसरी चिनाउँन सकिन्छ ।

### *२.१. स्रष्टा व्यक्तित्व*

कतिपय स्रष्टाको उदय र अन्त्य एउटै कृति वा स्थानमा भएको देखिन्छ । त्यस विपरीत नित्यनिरन्तर साधना र सिर्जनाका प्रतीक हुन् रामेश्वर राउत भन्नका लागि उनका रचनाहरूको लामो फेहरिस्त अघि सार्नु उपयुक्त हुनेछ । उनका रचनालाई विधागत आधारमा यसरी देखाउन सकिन्छ :-

**सप्रमाण इमान्दारी**

**(क) कवितासङ्ग्रहहरू**

(१) जगमा पसेको मुसाहरू (२०४९)

(२) उडेको पन्छी झरेको प्वाँख (२०५०)

(३) आफैँ बोल्छन् फूलहरू (२०५१)

(४) छुटेका कविता पाएँ (२०५४)

(५) अन्धकारमा कुथुर्किरहेको जून (२०५६)

(६) ढुङ्गाको बीउ (२०६५)

**(ख) गीतसङ्ग्रहहरू**

(१) मन बुझाउने गीत (२०५५)

(२) म त रून्नँ (२०५७)

(३) घामको घर जूनको छानु (२०६६)

**(ग) कथाहरू**

(१) मनका कथा  (२०५३)



(२) मूल बाटो (२०५६)

(३) हराएको हीरा (२०७१)

**(घ) नाटक**

(१) वागमतीको वेदना (२०७०)

(२) पृथ्वीको सङ्कल्प (२०७१)

### *२.२. स्तम्भकार व्यक्तित्व*

जीवन जगत्का यावत् भोगाइ साहित्यिक सीमामा मात्र व्यक्त गर्न गाह्रो हुन्छ । स्रष्टाले आफ्ना भावनालाई विभिन्न माध्यममार्फत व्यक्त गर्न सक्छ । यस्तै विभिन्न पत्रपत्रिकाको स्तम्भ लेखनमार्फत मातृदासले आफूलाई पाठक निकट राखेका छन् । उनले कामना, लोकपत्र दैनिक, श्रीरूपरेखा, खबर कागज, घटना र विचार, तरूण, साप्ताहिक आवाज, युगसंवाद, जनभावना, साप्ताहिकजस्ता पत्रिकाहरूमा साप्ताहिक रूपमा र अन्य दैनिक साहित्यिक पत्रपत्रिकाहरूमा विविध लेखरचना एवं व्यक्तित्व र जीवनी विषयक खोजमूलक रचना समेत प्रकाशित गरेर आफूलाई नित्यनिरन्तर गतिशील/सिर्जनशील स्रष्टाका रूपमा स्थापित गरेका छन् ।

### *२.३. सम्पादक व्यक्तित्व*

पत्रपत्रिकासँग नजिक रहने पाठकले थाह पाएकै कुरा हो रामेश्वर राउत, पत्रपत्रिकाको सम्पादनमा समेत दत्तचित्त भई लागेका छन् । उनको प्रधान सम्पादकत्वमा निर्झर, नानी, हिमाली, ज्ञानदायिनी, निर्झर न्याय भावगङ्गा, अमरज्योति पत्रिका प्रकाशित छन् भने कार्यकारी सम्पादकका रूपमा विद्युत तरङ्ग, ज्योति, सहीबाटो जस्ता पत्रिका प्रकाशित छन् । धुनभित्रका गीतहरू र कानून सम्पादक एवं पुष्प पुष्पाञ्जली र अनन्त सिर्जनाको उनले विशेष सम्पादन सहयोगी बनी कार्य गरेका छन् । यति धेरै पत्रपत्रिकासँगको संलग्नता, प्रकाशन, लेखन आदि कार्यले उनलाई सम्मान र पुरस्कार समेत दिएको छ ।

### *२.४ सम्मान*

गतिशील बनिरहने ऊर्जा हो सम्मान, सम्मानले आफ्नो जिम्मेवारी बढेको महसुस गराउँछ भने सही व्यक्तिमा सम्मान परेमा सम्मानको ओज पनि बढ्छ । लामो समयदेखि ‘सिर्जनशील कार्यमा तल्लीन व्यक्तित्व रामेश्वर मातृदासलाई पनि केही संघसंस्थाले सम्भेका छन् उनको कार्यलाई उत्प्रेरित गरेका छन् । यसैक्रममा उनले २०५६ सालमा पहिलो पटक लालीगुराँस सम्मान प्राप्त गरे भने त्यसपछि

क्रमश : सर्वदा वाङ्मय सम्मान (२०५७), बाबा ओमवीर सिंह प्रतिभा सम्मान (२०५८), आमा सम्मान (२०६२), दोलखा साहित्य सम्मान (२०६२), युवावर्ष मोती पुरस्कार (२०६२), स्वर्गद्वारी प्युठान साहित्य सम्मान (२०६४), सिन्धु गौरव प्रतिभा सम्मान (२०६६), बहादुर शाह प्रतिभा सम्मान जस्ता सामाजिक क्षेत्रबाट दिइने सम्मानहरू हालसम्म उनले प्राप्त गरेका छन् ।

## ३. 'ढुङ्गाको बीउ' कवितासङ्ग्रह प्रकाशन पूर्वको साहित्यिक यात्रा

यस लेखको मुख्य क्षेत्र 'ढुङ्गाको बीउ' कवितासङ्ग्रह रहेको छ । तर पनि ढुङ्गाको बीउ प्रकाशन पूर्व उनका बालगीत, बालकविता र कविता गरी भन्डै एक दर्जन कृति प्रकाशित गरिसकेका सन्दर्भमा ती कृतिबाट केही बीउ ग्रहण गर्न सकेमात्र उनको वास्तविक गुण–दोष पहिलिने हुँदा उनका पूर्ववर्ती प्राप्त केही कविताकृतिका आधारमा उनलाई यसरी चिन्न सकिन्छ । गीतकारका रूपमा उनी बालगीतका अतिरिक्त देशप्रेम, मानवता, प्रकृति, समाज जस्ता आफूले जीवनमा देखेभोगेका कथ्यलाई नै जीवनको कथा बनाउँछन् ।

**मुस्किल हुन लाग्यो यहाँ साग सिस्नु खान**
**कहिले हाल्नु भन्याङ दाजै चन्द्रमामा जान**
*(मुस्किल हुन लाग्यो, पृष्ठ ४३)*

यी दुई पङ्क्तिमा नेपाल/ नेपालीको पीडा र केही गर्ने चाहना व्यक्त भएको छ । त्यस्तै प्रकृति र पर्यावरणप्रति सचेत बन्दै उनी रूख रोपौँ भन्छन्–

**दिदी बहिनी दाजुभाइ गाउँघर सारा,**
**रूख सारे मात्र आउँछ पँधेरीमा धारा**
(रूख रोपौँ, पृष्ठ – ९२)

यसरी पृथ्वीदेखि चन्द्रलोकसम्मको चिन्तन गर्ने गीतकार रामेश्वर राउत नेपाली जीवनपद्धति प्राकृतिक सौन्दर्य, विकास निर्माण र असल मानवताका गायक हुन् । आफ्ना गीतमार्फत उनले प्रकृति, मानव र ईश्वर बीचको सम्बन्धसूत्र बाँध्ने प्रयत्न गरेका छन् । त्यस्तै पूर्ववर्ती कविता कृतिमध्ये 'छुटेका कविता पाएँ' र 'अन्धकारमा कुथुर्किरहेको जून' कृतिबाट उनको कविव्यक्तित्वको पूर्वयात्रालाई खोज्ने प्रयत्न गरौँ ।

संरचनागत दृष्टिले उनका कविताहरू गद्य संरचनामा बढी रमाएका छन् । प्रतीकात्मक शीर्षक चयन, शीर्षकबाट वस्तुनिर्देश उनको रूचिक्षेत्र देखिन्छ ।

उनको क्षेत्र नितान्त परम्परागत लेखन होइन, जीवन पनि त हामीले ठाने सोचेजस्तो मात्र कहाँ छ र ? यसर्थ नव नव प्रयोगमा उनी रमाउँछन् । भाव र शब्दको सोझो तादात्म्य उनका रचनामा खोज्ने होइन, उनका रचनाहरू शाब्दिक परम्परित अर्थबोध भन्दा समष्टिमा नविनता लिएर अर्थिनमा रूचाउँछन् । वर्तमान जीवनमा एउटा सामान्य असचेत व्यक्तिले भोगेका पीडा पनि उनले छोएका छन् त्यो वर्ग जसले कसैलाई आफ्ना कथा र व्यथा भन्न पनि पाउँदैन र कसैले लेखेको पढ्न पनि पाउँदैन तर पनि त्यो समूह ठूलो छ, तिनका सामूहिक पीडा पनि यहीँ छन् । अर्को वर्ग जसले जीवनमा जटिलता देखेभोगेको छ, शिक्षित भइटोपलेकाले मथिङ्गललाई बढी भारी दिएको छ । कतिपय पीडा लेखिन्छ, कतिपय भोगिन्छ, आफूले भोगेका ती सबै जीवनानुभवको जीवन्त पुञ्ज बनाएका छन् कवि मातृदासले आफ्ना रचनामार्फत–

**बेहोरा ठीक साँचो हो**
**परिस्थिति काबुबाहिर छ,**
**सुनिजान्नेका कान कागले लग्यो**
**देखिबुझ्नेका आँखा अन्धा छन्,**
**साक्षी खल्तीका सदर**
**इति संवत् ... ... ...**
**परिमाण हेर्दै आउँला**
(फिराद, पृष्ठ १५४)

यसरी एकैचोटि श्रमजीवी कृषकहरू जो माटोमा हराइरहेका छन् र अर्कातिर मानवताशून्य सचेत वर्गप्रति कविले आफ्नो आवेग प्रकट गरेका छन् । उनी सभ्य र सम्भ्रान्तका पक्षमा मात्र होइन काँधमा थोत्रा बोरा बोकेर फोहोरको डङगुरमा जीवन खोज्नेहरू प्रति पनि मान राख्छन् उनले भनेका छन्–

**भाते खाते पगरी पाएका**
**कन्टेनरको छेउमा बसेर प्रश्न गर्दै छन्**
**हामीलाई नाम जुराइदिनुपऱ्यो ।**
**एऽ ! विद्वान् इतिहासकारहरू हो !**
**हामीलाई देश चिनाइदिनु पऱ्यो**

के ती कन्टेनरमा जीवन खोज्ने बच्चाका लागि राष्ट्र, राज्य, उपस्थित हुनु पर्दैन ? कति मार्मिक अभिव्यक्ति त्यस्तै समाजमा वर्गीय द्वन्द्व र त्यसले समाजलाई दिएका पीडाबाट कवि अपरिचित छैनन् । कविले कविकै मुटु निचोरिरहेको पाएँ एवं देशमाथि परचक्री आइलागेको बखत म सत्य खोज्छु, तिमीहरू देश खोज, छुटेको कविता पाएँ (पृ. ५८, ५९) भनेर देश रहे मात्र हामी रहन्छौँ अतः अहिले आफू आफू लडेर देशलाई कमजोर बनाउने होइन भन्ने पीडा कविले कवितामा पोखेका छन् ।

अर्को प्रतिनिधि कवितासङ्ग्रह 'अन्धकारमा कुथुर्किरहेको जून' कृतिको शीर्षकले नै धेरै कुरा बोल्छ । अन्धकारको शोभा हो जून तर त्यो स्वतन्त्र, शालीन र प्रस्फुटित छैन, समाजका यावत् अन्धकार र जटिलताबाट ऊ कुथुर्किरहेको छ ।

**न्यायालयका ढोकामा भोटेताल्चा मारेर**

**रातको हाकुचाले बगैँचामा फेरि फूल चोर्न सक्छ ।**

*(२०५६, पृष्ठ ३३)*

न्यायको उज्यालो निभेपछि बगैँचाको फूल त अवश्य चोरिन्छ, नासिन्छ, मासिन्छ पनि कविलाई घामसँग पनि गुनासो छ ।

बेला कुबेला झमक्कै रात पारेर
**हाम्रा स्वर्णीम युगहरू बारम्बार बलात्कृत भैरहे**
**कोठाभित्र लुकेर यो घामले**
**चुपचाप सुन्तला खाएर बसिरहयो**
**यी लाटाबाङ्गा बुद्धिहरूले उसैको समर्थनमा ताली पिटिरहे !**

कविता पीडा, व्यथा र अन्धकारका भावमात्र होइन नेपाल र नेपाली, यहाँको प्रकृति, वनस्पति जीवजन्तुबाट पनि औधि प्रभावित छन् ।

**ए डाँफे मुजुर परेवा/परेवी !**

**तिमीहरूका आँखामा किन विरहको झरी ?**

**के पीर पर्‍यो ? केही छिन पर्ख,**

**यी वन पाखा एक्लै छन्**

**जान पाउँदैनौ फर्क**

*(ढुङ्गाको बीउ, पृष्ठ ८०)*

यसरी आशाको गीत गाउन पनि पछि पर्दैनन् कवि । कवि सौन्दर्य, सुख, सद्भाव चाहन्छन् । वितृष्णा र अमानवीय भारलाई फाल्न चाहन्छन् । स्वच्छ, समुन्नत, शान्त देश उनको परिकल्पना हो । अग्रजले विशिष्ट प्रतिभा, समाज, साहित्य, कला, नेपाल र नेपाली पनलाई आत्मसात गरे । तिनलाई टल्काएर कोरा अभिव्यक्तिबाट कलात्मक रूपमा सजाएर प्रस्तुत गर्नु उनको भावहरूबाट उनको काव्ययात्राको जगत्मा स्वच्छन्दवादले नै जरा गाडेको सहजै महसुस गर्न सकिन्छ । तर, पनि नित्यनिरन्तरको सिर्जना र जीवनजगत्को भोगाइमा सहजताभन्दा जटिलतासँगको सान्निध्यले गर्दा उनका रचनाहरू क्रमशः केही जटिल र प्रयोगवाद उन्मुख भएको अवस्थामा प्रकाशित रचना हो 'ढुङ्गाको बीउ' ।

## ४. ढुङ्गाको बीउ कृतिको अध्ययन

प्रकाशित रचनाक्रमका आधारमा 'ढुङ्गाको बीउ' स्रष्टा मातृदासको दशौं रचना हो, यो गद्य संरचनामा विभिन्न समयमा लेखिएका कतिपय प्रकाशित र कतिपय अप्रकाशित कविताहरूको पुञ्ज हो । यस कृतिभित्र ७६ वटा कविताहरू अटाएका छन् । यो स्रष्टाको दीर्घ साहित्यसाधना पछि जन्मिएको कृति भएकाले पनि यसमा उनको कवि प्रौढोक्ति यथेष्ट झल्किन्छ । यी कवितालाई केही उपशीर्षक अन्तर्गत राखेर चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

### *४.१. शीर्षक चयनमा नवीनता*

कविताको भावभूमिलाई शीर्षकले प्रतीकात्मक वा वस्तु निर्देशात्मक ढङ्गले व्यक्त गर्न सक्नुपर्दछ । हुनत आधुनिक कतिपय प्रयोगवादी रचनाहरू परम्परागत मान्यतालाई आत्मसात गर्दैनन् तर पनि झन्डै साढे छ दर्जन कविताको शीर्षक चयन पनि कविको क्षमता हो, कस्तो विषय र शीर्षकले लेखकलाई छुँदारहेछन् त भन्दा कृतिको शीर्ष कविता नै 'ढुङ्गाको बीउ' राखिएको छ । ढुङ्गा निर्जीवता, कठोरता, स्थिरता र जडताको प्रतीक हो भने, बीउ सिर्जना, विचार, चेतना र जागरणको प्रतीक यी विपरीत ध्रुवका बीचमा संश्लेषणकारी भूमिका खेलेर कविले आजको कठिन जीवनमा पनि बाँच्नका लागि आधार चाहिने त्यसका लागि जीवनजटिलताको प्रतीक बनेर ढुङ्गालाई कविले लिएका छन् भने आफूभित्रको आशावादीतालाई जीवित राख्न 'बीउ' सँग जोडेका छन्, जस्तो परिस्थितिमा पनि स्रष्टाहरू निराश हुने होइन बाटो देखाउने हो, यसर्थ यस किसिमको प्रयोगशील शीर्षक छनोट उनको वैशिष्टय बनेको छ । साथै सिङ्गो कृतिभित्र नेपाल र नेपाली समाजका मात्र नभएर विश्व समाजका मानवका लागि तोड्न र फोड्नै

पर्ने समस्यारूपी ढुङ्गालाई फुटाएर उनी विश्वबन्धुत्व र मानवता प्राकृतिक संरक्षण र सीमान्तकृत वर्ग र समूहको उत्थानको बीज चाहन्छन् । यस अर्थमा पनि कृतिको शीर्षकले सिङ्गो कृतिभित्रका रचनाको समेत प्रतिनिधित्व गरेको छ । कृतिमा शहीद, प्रकृति, प्रेमप्रणय, आँशु, व्यथा, ढुङ्गा, पुशपक्षी, इतिहास, धार्मिक, सांस्कृतिक व्यक्ति वस्तुजस्ता विविध पक्षलाई शीर्षकका रूपमा छनोट गरिएको छ, जसबाट कविको सिर्जना र सिर्जित रचनाको फाँट बृहत् छ भन्ने ठम्याउन सजिलै सकिन्छ ।

### *४.२. 'ढुङ्गाको बीउ', कृतिमा पर्यावरण*

प्राणीजगत् र वनस्पतिका लागि पनि उपयुक्त पर्यावरण आजको आवश्यकता हो । पर्यावरणमा औद्योगिक प्रदूषण फैलाउने कतिपय सम्पन्न राष्ट्रहरूले पीडित राष्ट्रहरूलाई क्षतिपूर्ति समेत दिने गरेका घटना समाजमा विद्यमान रहेको अवस्थामा एउटा देशभक्त पर्यावरण प्रेमी कवि आफ्ना रचनामा पनि त्यसको पक्षमा वकालत गर्छन्, आफ्ना धारणा राख्छन् । कवि मातृदास परम्परित शैलीको प्रकृति चित्रणमा भन्दा फरक रूपमा प्रस्तुत छन् । उनले आफ्नो युगले भोगेका समस्यालाई नै बढी स्थान दिएका छन् ।

**हिमाल भई पग्लिँदै हाँस्न**
**र, पन्छी उन्मुक्त आकाश उड्न**

यहाँ पग्लिँदा हिमालको हिउँका पक्षमा र वायुप्रदूषणबाट पीडित पशुपन्छीका पक्षमा कविले आफ्नो कलम उठाएका छन् । पृथ्वीको तापक्रम यसै गरी बढ्दै जाने हो भने सेता चुचुरा काला पत्थर बन्ने अवस्था छ । विश्वका कैयन् प्रजातिका जीवजन्तु लोप हुने अवस्थामा छन्, कवि यसैप्रति चिन्तित छन् । कवि मातृदास प्रकृति र यहाँको उब्जनीलाई मानवीकृत गरी सौन्दर्य र प्रेमलाई समेत प्रकृतिसँग साटेर प्रस्तुत गर्छन् ।

**अगाँलाभरि हिमालको मुस्कान**
**र निश्छल पहाडको आत्मा सुसेल्दै**
**धानका बाला पहेँलपुर**
**लहलहाउँदै गहुँका गान कानमा सिउरिएर**
**कण्ठमधुर कोइली र मदमत्त तरूनी यौवन**

कवि पर्यावरणीय सौन्दर्यभित्र लुकेको आध्यात्मिक चेतनालाई सजिलोसँग समन्वय गरी प्रस्तुत गरेका छन् । उनले लेखेका छन् :-

**वर पीपलका पातहरू**

**शालिग्रामका अजम्बरी मुटु छन्**

नेपाल र नेपालीको जीवनस्तर दिनप्रतिदिन अन्धकारमय बन्दै गइरहेको, उनीहरूमा चेतना र शिक्षाको उज्यालो पुग्ननसकेको पीडालाई पनि कवि प्रकृतिका माध्यमबाट सजिलै व्यक्त गर्दछन् । प्रकृतिलाई मानवीकरण गरेर उनले बूढो जूनलाई यस्तो चित्रण गर्छन :-

**लौरो टेकेर**

**कुप्रो परेर**

**एउटा बूढो जून**

**धमाधम उकालो लाग्दैछ**

**अन्धकार बस्तीमा आफैँ फलेर**

जून मानौं अन्धकारमा फलेको सुन्दर फल हो । जसले मानवले जस्तो वर्गीय विभेद गर्दैन र गरिब बस्तीमा पनि उज्यालोको तरङ्ग छरिदिन्छ, फल फलाइदिन्छ, कवि मातृदास प्रकृतिलाई टिपेर त्यसलाई आफू अनुकुल तुल्याई प्रस्तुत गर्छन् । यसो गर्दा परम्परागत अर्थमात्र नदिएर नवीनता थपिएको र जीवन्तता अनुभव गरिएको छ । उनले मानव अस्तित्व रक्षाका लागि यावत जीवजन्तु, वनस्पति आदिको संरक्षण र संवर्द्धन हुनुपर्ने, मानव प्रकृतिको बाधक होइन साधक हुनुपर्ने लक्ष्यार्थ उनका पर्यावरणीय कविताहरू पाउन सकिन्छ ।

### *४.३. ढुङ्गाको बीउ कवितामा समाज*

समाजको सचेत व्यक्ति हो स्रष्टा । अतः उसका रचनामा उसले समाजबाट पाएका शिक्षा, मान अपमान समाजका सत् असत् पक्ष र प्रवृत्तिमाथि आफ्नो गहन दृष्टि राखेको हुन्छ । आफूले समाजमा देखे भोगेको सकारात्मक एवं नकारात्मक पक्षबाट उसले केही पाठ सिकेको हुन्छ तर केही आफूले जानेको सत्य समाजलाई बाँड्न चाहन्छ । यसै सन्दर्भमा 'ढुङ्गाको बीउ' कृतिभित्र छरिएको समाजलाई खोज्ने प्रयास यहाँ गरिँदै छ । नेपाली समाजको एउटा पहिचान नै कृषि व्यवसाय हो, कवि भन्दछन् ।

**उखु पेली खुदो हाल्छु**
**खोसल्टा बटुली अगेनामा बाल्छु**
**बाटोका झारपात कन्टेनरमा फाल्छु**
**को छ मेरो लक्ष्य रोक्ने ? शीत बटुली घैला भर्छु**
**कृषकहरू शीत बटुलेर घैला भर्छन् त्यो** (पृ.२९)

मेहनत र कर्तव्यपरायणताको शृङ्खलाबद्ध प्रस्तुति यहाँ छ । नेपाली समाजको निर्माण ती अग्रज शहीदहरूको योगदान हामीले बिर्सनु हुँदैन जसले हाम्रो खुशीका लागि आफ्नो प्राणको आहुति दिए त्यस्ता फूलरूपी शहीदलाई कवि यसरी सम्झिन्छन्ः-

**आफ्नो सम्पूर्ण धरती र पूरै आकाश खरानी उडाइरहेर**
**पराइ गोठमा पराइकै जर्सी ग्वाला सप्रिरहेका छन् शहीद फूलहरू**
**र, आँशुको बाढी समुद्र पोखिएका छन् !**

आफ्नो लागि कर्म गर, तिम्रा कर्मले पराइ परचक्री मोटाइरहेको छ । नेपाल र नेपाली समाज दुब्लाइरहेको छ भनी कवि यसै कवितामा साइँली र काइँलाजस्ता समाजका उपेक्षित पात्रहरू आएका छन्, जो बलिका बोका बनेका छन् र क्रूर परचक्रीबाट पर्साइएका छन् ।

(शहीद फूलहरू पृ. १)

हो हाम्रो समाजमा शिर ठाडो गरेर बाँच्न गाह्रो छ । माथिकाले तल झार्न खोज्ने तलकाले माथि पुऱ्याएर स्वार्थपूर्ति गर्ने यस्तो चेपमा परेका महसुस गर्छन कवि, यसै समाजमा जागिरका क्रममा, होस् या समाज व्यवहारका क्रममा यस किसिमको थिचोमिचो हामीले यही समाजमा भोगको सत्य हो ।

**अहो म कस्तो चेपमा परेँ !**
**मास्तिरकाले तलतलै पेल्छन्**
**तलतिरकाले मास्तिरै ठेल्छन्**
*(निर्दयी बोझहरू, १४१)*

*४.४. ढुङ्गाको बीउ कवितामा राष्ट्रप्रेम*

कवि अन्तस्करणमा राष्ट्र नाचेको छ, राष्ट्र र राष्ट्रबासीका सुख, दुःख हावाहुरीसँग उनी परिचित छन् । देशका लागि रगत दिने शहीदहरूप्रति उनको श्रद्धा छ । राष्ट्र

बनाउने जिम्मा लिएका तर कर्तव्यबाट विमुख नेतृत्वप्रति उनको असन्तुष्टि छ । देशका पाखापखेरा हिमाल, पहाड, तराई सबै उनलाई उत्तिकै प्यारा छन् । यहाँका प्राकृतिक स्रोत, यहाँको सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता सबैको जगमा कवि रामेश्वर राउत मातृदासको राष्ट्रप्रेम अडेको छ ।

**सारङ्गीको स्वर रूँदै छ युग**

**सोरठी नाचेको आगँन यही हो**

**एउटै मुरलीमा बजौँ हामी एकसाथ**

नेपाली जीवन र संस्कृतिसँग सम्बद्ध सारङ्गी, मुरली, सोरठी र मुरली त्यसै आएका छैनन् कविलाई यी नेपाली लाग्छन, नेपाली सभ्यता र संस्कृतिप्रति उनको असाध्यै मोह छ । कवि गाउँ पाखामा रमाउन चाहन्छन्

**मलाई यही जिन्दगीको धुनसँग**

**जून नचाउने रहर छ,**

**आउँछु म गाउँछु र यी बस्तीहरूमा कोइली**

**बोलाएर उन्मुक्त नाच्छु**

**नदी छन् स्वागतद्वारमा**

**ए ! मलाई अविरल उत्साह खन्याउने तराई हो,**

**मेरा पाइला धरमराएका छन्**

**तिमीहरू बलियोसँग टेकिदेओ !**

कवि जीवनप्रति आशावादी छन् । उनलाई जीवनमा अन्धकारसँग होइन जूनसँग नाच्न रहर छ, आफ्नै पाखाका कोइलीका गीत सुन्ने चाहना छ, तराईको जगमा पहाड र हिमाल अडेको छ भनेर त्यहाँको आर्थिक र कृषिजन्य उत्पादन नेपाल र नेपालीको जीवन बनेको तथ्य अघि सारिएको छ । तिमी मारूनी नाच, म पुरूसुगे पछ्याउँछु (पृ.. १२८) भनी कवि नेपाली लोकपरम्परा र संस्कृतिप्रति औधि नजिक रहेको देखाउँछन् । कविलाई देशको सीमाप्रति पनि त्यत्तिकै चिन्ता छ । कसैले मेरो सिमानाको ढुङ्गो उप्काउँछ भने ती सबै गल्छैँडालाई टुङ्गोमा पुऱ्याउन (पृ. १३२) कवि इन्द्रावती ४४,१३२ स्वयम्भू, लुम्बिनी, (पृ. १३३) मात्र होइन लालीगुराँस, डाँफे र मुनाल (पृ.१३७) को भावमा खेल्छन्, रमाउँछन् उनलाई नेपाल र नेपाली चिनाउने यावत वस्तु प्रिय छन् । राष्ट्रप्रति उनको भावलाई यी कवितांशले साररूपमा प्रस्तुत गरेका छन् भन्न सकिन्छ :–

**हरेक हाँसोमा माटो मुस्कुराउँन सकोस्**

**प्रत्येक कदममा राष्ट्र लम्किँदै जाओस्**

**पाइला पाइलामा लाख वन्दना**

**प्राणप्राणमा कोटि आराधना**

*(ढुङ्गाको बीउ, पृष्ठ १३६)*

कवि शुभभाव पोखेर मात्र सन्तुष्ट हुँदैनन्, यो सानो सुन्दर देशलाई निल्न ब्वाँसाहरू लालायित छन्, त्यसतर्फ हामी सचेत हुनुपर्ने कुरा पनि उनले औंल्याएका छन् ।

**नजिकै डरलाग्दो मसानघाट छ**

**ब्वाँसोहरूले चिथोर्दाचिथोर्दै मूर्छित**

**आमाको मन पीडित छ**

**दिनदहाडै डकैत गर्ने डाँकाहरू छन् घरमा,**

**देशको भण्डार टाट छ !**

*(ढुङ्गाको बीउ, पृष्ठ १४२)*

यसरी कवि देशभित्रैका र देशबाहिरका डाँकाहरूबाट सचेत हुनुपर्ने कुरा औंल्याउँछन् ।

### *४.८ ढुङ्गाको बीउ कवितामा दर्शन*

ढुङ्गाजस्तो जड वस्तुलाई बीजका रूपमा चित्रण गर्नु आफैँमा दार्शनिक दृष्टिकोण हो । जड, चेतना र परमात्माको परिकल्पना होस् या ब्रह्म सत्य जगतमिथ्या, पौरस्त्य दर्शनहरूले एकातिर जडलाई पनि यथेस्ट चर्चा गरेका छन् । अर्कातिर त्यो ढुङ्गामा ईश्वरको आरोप गरेर शालीग्राम शिला होस् या शिव, कृष्ण, विष्णुका अवतार बनाएर पूजा गरिनुमा ढुङ्गाको बीउ लुकेको दार्शनिक पाटो छ ।

### *४.९ ढुङ्गाको बीउ कृतिमा स्वतन्त्रताको उद्बोधन*

उन्मुक्त चराहरू शीर्षक कवितामा होस् या अन्य रचनामा कवि रामेश्वरजीले स्वतन्त्रताको वकालत गरेका छन् । न्यायका पक्षमा, मानवताका पक्षमा र मानवीय स्वातन्य कविलाई औधी प्रिय छ । उनी आफ्नो सृजन स्वतन्त्रतासँग जोडेर सामाजिक स्वतन्त्रताको कुरा गर्छन्- 'मेरै हातले बुनेको बिहानीलाई र फर्कंदा मेरो

पूर्णता बुझेर आऊ' भनी एकातिर नयाँ सृजनशील बिहानीको आह्वान गरिएको छ भने अर्कोतिर मानवीय पूर्णताको पक्षमा वकालत गरिएको छ ।

## ५. प्रकृतिको मानवीकरण

षोडशी पहाड कविताको शीर्षकले पहाडलाई षोडशी विश्लेषण लगाएर युवतीसँग तुलना गरिएको छ । यसरी एउटा पहाडजस्तो जडलाई षोडशी युवतीका रूपमा चित्रण गर्दै पहाडले दिने खेतीपाती, फलफूल, पानीका मूल आदिलाई उन्मत्त वैंश बोकेकी युवतीका रूपमा चित्रण गर्नु कवि कल्पनाको विशिष्ट प्राप्ति हो ।

### *५.१ ढुङ्गाको बीउ कृतिमा विम्ब विधान*

कवि नितान्त परम्परागत लेखनबाट आफूलाई चिनाउन र स्थापित तुल्याउन सक्दैन, परम्परामा व्यक्तिप्रतिभाले स्थापित हुन केही नवीनता थप्नै पर्छ, केही वैयक्तिक पहिचान कायम गर्नै पर्छ कवि रामेश्वर राउत मातृदास पनि आफ्ना रचनालाई कलात्मक र भावलाई युगसापेक्ष तुल्याउन नवीन विम्ब/प्रतीकको प्रयोगमा रमाउँछन् उनी भन्छन् :-

**बुद्धलाई सिरान हालेर एउटा घाइते बाघ**

**जूनको आँगनमा गर्जिरहेको छ,**

कहाँ शान्तिको प्रतीक बुद्ध कहाँ घाइते बाघ, यी विपरीत ध्रुवका विपरीत विम्बलाई अघि सारेर आजको मान्छेको चाहना शान्ति हो जसको सिरानमा छ तर यथार्थ घाइते बाघ हो, जो मनमा विचार, चेतना र सामाजिक विकृति बनेर गर्जिरहेको छ, तर पनि निरीह मान्छे बाँच्न विवश छ ।

स्वतन्त्रता आंशिक रूपमा आएको छ, यसलाई जोगाउन सकिएन भने यसैको सदुपयोग गर्न सकिएन भने अवस्था कस्तो होला कवि कल्पना गर्छन् । कष्टको सिमाना पार गरेर उदाएको घाम, हात गोडामा नेल बाँधिएर जेल चलान हुन सक्छ !

कवि जीवनप्रति आशावादी छन् । उनी अन्धकारले आफ्नो यौवनलाई खर्च गरे पनि, अन्धकारमय युगले आफ्नो जीवनको महत्त्वपूर्ण पाटो आत्मसात गरे पनि, भोलिको सौन्दर्यबाट विमुख पटक्कै छैनन् । 'यौवन रित्तिएको रात बोकेर कुमारी बिहान पर्खिरहेको छु म' (पृ.८१) । यस्तै प्रकृतिबाट उनले यथेष्ट विम्ब ग्रहण गरेका छन् । गृष्मका वृक्षहरू फक्रिएर हराएका छन् वैँशालु पालुवाहरू (पृ. ६०) । हामी नेपालीहरू आत्मनिर्भरता र स्वाभिमानतिर भन्दा परनिर्भरतातिर अडेको

प्रसङ्गलाई पनि कवि कलात्मक अभिव्यक्ति दिन्छन् । वास्तवमा आफ्ना समस्या र आफ्ना कार्य आफैँले नगरेर पराइको मुख ताक्ने प्रवृत्तिले गर्दा देशका राजनैतिक समस्यासमेत ओझेलमा परेका छन् ।

**पराइको बैशाखी टेक्ने रहरले**

**आफ्ना गोडामा आफैले बन्चरो हान्छौँ**

**र, पतनोन्मुख लुन्ती वीरतामा**

**अरूका सिता खाएर अरूकै गीत गाएर**

**आफ्नो बगैँचाका फूल निमोठ्न**

*(ढुङ्गाको बीउ, पृष्ठ ३८)*

कवि जीवनप्रति आशावादी छन्, फूलले दुःखको रात रून हुँदैन अब (पृ. २२) भोका बाँदरको नाङ्गो घर (पृ.२३) जस्ता शब्दविम्बले नेपाल र नेपालीका पीडा र प्रवृत्तिलाई सङ्केत गरेका छन् । कविले पौराणिक (कृष्ण, कौरव, द्रौपदी, पृष्ठ ४) प्रकृति कालो बादल नाच्दा सिङ्गै आकाश बालकसँग रून्छ (पृ.६) जीवजन्तु (कुखुरी काँ) (पृ. ८) ढुङ्गा, हिमाल, ताजमहल, मेलम्ची, साहित्य, सङ्गीत, कला आदि विविध क्षेत्रबाट प्रतीक ग्रहण गरी तिनलाई नवीन अर्थबोधकताकासाथ पस्किएका छन् ।

### *५.२. ढुङ्गाको बीउमा आशावादी स्वर*

जीवनजगत्का जेजजि जटिलता देखे, भोगे, पचाए पनि कवि निराश छैनन् । आशावादीता उनका रचनाको अर्को प्राप्ति हो । अस्तित्वको प्रशस्त खोजी गरेर अस्तित्व रक्षासँगै स्वजाति, स्वधर्म, स्वसंस्कृति र स्वराष्ट्रको सुन्दर बिहानीको परिकल्पना कवि रामेश्वर राउतले कृतिमा जतातत‍ै गरेका छन् । जीवन कसैले देखेजानेकोजस्तो हुँदैन, त्यसलाई सजाउने, सुधार्ने हामी मानवकै कर्तव्य हो । कविले यसै विचारबाट प्रभावित बनी आशावादी भाव व्यक्त गरेका छन् । यो जीवनको सम्पूर्ण शिरपाउ मेरी आमाको म हमेसा पुकार गरिरहन पाऊँ । (पृ.९६) आफ्ना इच्छा नै मातृसेवा राष्ट्रसेवा गर्ने छन् र त्यसको इच्छातत्त्व भाव कविले पोखेका छन् । विनाश होइन उनी निर्माण र निर्मातामा रमाउँदैछन् ।

**कसैले तोड्न सक्दैन,**

**कसैले फोर्न सक्दैन**

**धरतीको मुहारमा हरदम बिहान फुल्न**

*(ढुङ्गाको बीउ, पृष्ठ १०२)*

**उनी आँशुका कविता मात्र लेख्न चाहँदैनन्**
**पीरले आशुँ नझार बेसरी कविता**

*(ढुङ्गाको बीउ, पृष्ठ १२८)*

**रङ भरेर कुँदेको**
**मन बारीमा सहकाल झरेको**
**शुभमुहूर्तका शुभदिन गनी**
**उभिइरहन्छिन् नेपाल जननी**

*(ढुङ्गाको बीउ, पृष्ठ १३०)*

**लुम्बिनीको आँगन पिँढीमा**
**डम्बरू ब्यूँझी बज्नेछन्**

*(ढुङ्गाको बीउ पृष्ठ १४०)*

यसरी कवि निराश छैनन् । शान्तिको प्रतीक लुम्बिनीमा हिंसाका होइन शान्तिका गीत पुनः बज्नेछन् भन्छन् उनी । देशमा सहकाल झरेको शुभमुहूर्तहरू आएको र एउटा असल समूह राष्ट्र बनेको हेर्ने चाह उनमा छ, र त्यो दिन अवश्य आउनेछ भनी कविले आफ्नो आशालाई जीवित राखेका छन् ।

### *५.३ ढुङ्गाको बीउमा प्रेमप्रणय*

परम्परित नारीको नखशिख वर्णन कवि रामेश्वर राउतको क्षेत्र होइन । यहाँ त प्रेम प्रणय र चुम्बन आदिलाई नवीन शैली र ढङ्गमा प्रस्तुत गरिएको छ । प्रेमप्रणय भनेपछि नायक, नायिकाका कुरा आउँछन् तर कवि प्रकृतिसँग राष्ट्रसँगै इन्द्रावती र मेलम्चीसँग मारूनी र सोरठीसँग आफ्ना प्रेम प्रणय प्रस्तुत गर्छन् । उनी प्रकृतिलाई औधि मन पराउँछन्, यसर्थ प्राकृतिक सौन्दर्य उनको प्रेमको आलम्बन विभाव बनेको छ । कविलाई पवित्र हिमालहरू प्रेम गर्छन् (पृ.४७) र आफूलाई प्रेम गर्ने पहाडलाई उनी भन्छन्–

**ए ! मलाई प्रेम गर्ने पवित्र पहाड हो !**
**मलाई सत्य र न्यायको आगोसँग**
**निर्धक्क खेल्न देओ**

*(ढुङ्गाको बीउ, पृष्ठ ४८)*

उनको प्रेममा वासना होइन, विवेक छ सत्य र न्याय छ, प्रेमको सतही आवरणमा

उनी अटाउँदैनन्, रमाउँदैनन् र अघाउँदैनन् पनि त्यसैले त उनी जवान नारीलाई यसरी सम्झाउँछन्–

**फूल हेरेर यो विधि हर्षित नहोऊ प्यारी..**

**र, एकफेर आफ्नै वैंसका गाला छामी हेर त नारी**

*(ढुङ्गाको बीउ, पृष्ठ ४९)*

उनी यहाँ प्रकृतिरूपी नारी र पहाडरूपी सौन्दर्यलाई यी कुरा भनिरहेका छन् । लाग्छ मानव प्यारीलाई, सौन्दर्यलाई यी कुरा भनिरहेका छन् । लाग्छ मानव प्यारलाई हो । यसरी प्रकृतिको मानवीकरण गरेर मानवीय संवेग र इन्द्रिय संवेदना प्रकृतिलाई दिएर जीवन्त प्रकृतिचित्रण त्यसमार्फत प्रेमको प्रकटीकरण उनको प्रस्तुति बनेको छ ।

**आइरहू तिमी मेरो हृदयमा गीत गाइरहू**
**मेरै प्रेमिकाको सुन्तला रसले छचल्किरहेका हुन्**
**जुगल शिखरलाई साक्षी राखेर**
**इन्द्रावतीलाई एक चुम्बन दुबोको माला सलाम**

*(ढुङ्गाको बीउ, पृष्ठ १३५)*

यसरी द्वयार्थक भावबाट पनि उनी अश्लिलता भन्दा प्राकृत र प्राकृतिक शालीनताभित्रको प्रेमलाई बढी रूचाउँछन् र त्यसैले कलात्मक प्रकटीकरणमा उनी रमाउँछन् । उनको सिर्जना प्रतिको मोह यसरी प्रकट भएको छ–

**अहोऽ मेरी प्यारी कविता,**
**तिम्रै प्रतीक्षा प्रणयमा छट्पटाइरहेको थिएँ म !**

*(ढुङ्गाको बीउ, पृष्ठ १३३)*

उनी युवतीको षोडसी रूपलाई होइन पहाडको सौन्दर्यमा षोडसी रूप देख्छन् ।

एऽ षोडषी पहाड हो,
के आफ्नो छातीको उन्मत्त वैंश खन्याउँछौं ?

*(ढुङ्गाको बीउ, पृष्ठ १५७)*

यसरी कवि प्रकृतिसँग कविता र समाज राष्ट्रसँगै माया गर्छन् । उनको प्रेमको परिभाषा फराकिलो छ । यो पाटो पनि समीक्ष्य कृतिको एउटा नवीन उपलब्धि हो ।

### *५.४. भाषाशैली*

'ढुङ्गाको बीउ' कृति सामान्य कवितासङ्ग्रह होइन । यहाँ कविताका नयाँ प्रविधि र प्रयोग छन् । नवीन पद्धतिको प्रयोग आफैँमा नयाँ शिला पक्ष हो । कविता परम्परित संरचनाभन्दा पृथक् स्वरूप र स्वभावमा छन् । विम्ब र प्रतीकले पनि परम्परितभन्दा भिन्न समष्टि अर्थबोध बोकेका छन् । यस सन्दर्भबाट हेर्दा उनको भाषा परिष्कृत एवं परिमार्जित त छँदैछ, जीवनका जटिलता र यथार्थतालाई व्यक्त गर्न पनि सक्षम छ । उनी ग्रामीण शब्दावलीदेखि शहरिया तत्सम तद्भव एवं आगन्तुक शब्दको प्रयोगमा सहज छन् । आफ्नो भावलाई व्यक्त गर्न उनलाई भाषिक समस्या परेको छैन । 'अग्लाहरूको मन' कविताको अंशबाट उनको भाषिक सीप हेरौँ–

**झर्नसम्म झरिसक्यौँ,**
**मर्नुभन्दा धेरै पहिला पटकपटक मरिसक्यौँ**
**र, मर्दामर्दै यस्तो निर्घृणी मरन त**
**कुनै जन्ममा पनि हुँदैन होला**
**उपरान्त हाम्रो** !
*(ढुङ्गाको बीउ पृष्ठ १५३)*

केही नितान्त नेपाली शब्दका बीचमा 'निर्घिनी' र 'उपरान्त' शब्द प्रयोग भएका छन् । पहिलो शब्द त नेपालीमा अप्रचलित नवीन प्रयोग हो भने उपरान्त शब्द पनि पाठक वक्ताले कम प्रयोग गर्ने शब्द हो । कविले आफ्नो रचनामा प्रचलित अप्रचलित सबै शब्दभण्डारप्रति न्याय गरेका छन् । स्वाभाविक सूक्ति, लोकोक्ति आफसेआफ बगेका छन् । शैलीका दृष्टिले गद्य संरचना उनको प्रस्तुति पक्ष हो । आकारका दृष्टिले क्षतिपूर्ति (३६) मौका (३५) चार चार हरफका अत्यन्त साना कवितादेखि लिएर कन्याङकुरूङ, रत्यौली रात ९१ पङ्क्ति हुँदै मेरो आँशु आँधीको सपना हैन १२१ पङ्क्तिसम्म फैलिएका छन् ।

परम्परित शब्दले नयाँ अर्थ र परिस्थितिजन्य घटनालाई बुझाउन सामर्थ्य सीपको प्रयोग कवितामा गरिएको छ ।

कुनै कुरालाई जोड दिनका लागि ए ऽ ! खण्डाकार चिन्हको प्रयोग गरिएको छ, जुन वैदिक साहित्यपछि प्रयोग शून्य अवस्थामा थियो । त्यसलाई पुनः कलात्मक स्थान दिइएको छ । अन्त्यानुप्रास मिलाउनकै लागि कनिकुथी गरिएको छैन तर पनि सहज स्वाभाविक ढङ्गले कैयन् कवितांशमा अन्त्यानुप्रासको संयोजन भएको

छ । कतिपय विम्बहरू दोहोरिएका छन् । ढुङ्गा, हिमाल, सुनको चम्चा आदि आदि । तर पनि प्रसङ्ग र परिवेशअनुरूप यी रचनाले भावक, पाठकको मन जित्न सक्षम छन् । थोरै शब्दावलीबाट धेरै गहन भाव व्यक्त गर्न सक्नु, परम्परित र नवीन विम्बको खोजी र सहज प्रयोग गर्नु, सजिलै नबुझिए पनि ओखर शैलीमा कवितात्मक भाव बुझ्नु, जीवनजगत्का प्रचलित र समाजमा भोगिएका विषय र घटनालाई पनि नवीन ढङ्गले प्रस्तुत गर्नु उनका शैलीशिल्पगत वैशिष्ट्य हुन् । कर्ते काइँला र साइँलाहरू आए पनि उनमा म पात्र र प्रकृतिबाट टिपिएका वस्तु र घटना नै पात्र बनेर आएका छन् । प्राणीजगत् र वनस्पतीलाई मात्र होइन, कलासंस्कृति र परम्परागत पाटोलाई समेत छोएर लेखिएका उनका रचनाको शैली पक्षकै सशक्तताले गर्दा उनलाई परम्परामा पृथक् स्रष्टाका रूपमा चिनाउँछ ।

## ५.५. *विश्राम पूर्व*

वास्तवमा सिर्जनामा अनन्त शक्ति हुन्छ, त्यसैले त ढुङ्गाको पनि बीउ हुन्छ । अन्यथा यति लामो विचार कसरी जन्मिन्थ्यो ? अब यहाँनिर आइपुग्दा लाग्छ 'ढुङ्गा' को बीउ समाजका लागि विचारको, चेतनाको र सम्भावित सुखद् भविष्यको बीउ बन्न सकोस् । कृतिका प्रत्येक कवितालाई फरकफरक सन्दर्भबाट विशद समीक्षा गर्न सकिन्छ, त्यहाँका प्रत्येक भाषिक र शैलीगत कलालाई चिरफार गर्न सकिन्छ तर यो लेखको पनि आफ्नै सीमा र मर्यादा हुन्छ । यस सन्दर्भमा आजलाई यहीँ नै विश्राम गर्नु अघि नेपाली साहित्य भोलिका दिनका लागि पनि समुज्वल छ । रामेश्वर राउतका मातृदास यस्तै सन्ततिहरू पाठकले अवश्य पाउनेछन् भन्ने शुभेच्छासहित आजलाई यति नै, अस्तु ।

**सन्दर्भग्रन्थ सूची**


१. पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोश काठमाडौँ, ने.रा.प्र.प्र. २०४०
२. मातृदास रामेश्वर राउत, छुटेका कविता पाएँ, काठमाडौँ, श्रीमती पार्वती राउत, २०५४
३. " " मन बुझाउने गीत, पार्वती राउत, २०५५,
४. " " अन्धकारमा कुथुर्किरहेको जून, काठमाडौँ : निर्झर दिलचेत वाङ्मय प्रतिष्ठान, पार्वती राउत २०५६
५. " " ढुङ्गाको बीउ, काठमाडौँ निर्झर दिलचेत वाङ्मय प्रतिष्ठान, २०६५
६. शर्मा मोहनराज र दयाराम श्रेष्ठ नेपाली साहित्यको संक्षिप्त इतिहास, (ते.सं. ) काठमाडौँ, साझा प्रकाशन २०६४ ।



# 'घाम झुल्किनुअघि': आलोचनात्मक यथार्थवाददेखि समाज यथार्थवादसम्म


डा. मधुसूदन गिरी

## १. पृष्ठभूमि

जीवन जगत्लाई हेर्ने र सत्यलाई पर्गेल्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणमा आधारित हुँदै निम्नवर्गीय किसान, मजदुर, सर्वहारा वर्गका पक्षमा, तिनको कल्याण र सुन्दर भविष्यको बाटो अपनाउँदै, यस वर्ग विभाजित समाजको वर्गीय द्वन्द्वमा तिनका विजयको अवश्यम्भावितालाई सङ्केत गर्दै आशावादी तुल्याउनु नै समाजवादी यथार्थवाद हो । आलोचनात्मक यथार्थवादले समाज यस्तो छ, समाजका समस्या यी हुन्, यी यति कुरा नराम्रा हुन् भनेरसम्म देखाउँछ तर ती समस्या समाधानको बाटोमा त्यो उदासीन हुन्छ, कुनै बाटो देखाउँदैन, स्पष्ट वर्गीय पक्षधरता देखाउँदैन । समस्या समाधानको बाटो चयनको जिम्मा पाठकलाई नै दिन्छ । समाजवादी यथार्थवादले समाधान पनि दिन्छ र त्यो समाधान तिनै निम्नवर्गीय शोषित, उत्पीडित किसान, मजदुर, सर्वहारा वर्गको मुक्ति र उत्थानका पक्षमा दिन्छ यसैले समाजवादी यथार्थवाद बढी जिम्मेवार पनि देखिन्छ ।

हृदयचन्द्रसिंह प्रधान आदिको प्रगतिशील कथा लेखनले निर्माण गरेको पृष्ठभूमि, वि.सं.२००९ सालको सेवा पत्रिकाको तेस्रो अङ्कमा प्रकाशित भवानीप्रसाद शर्माको 'यो अत्याचार हो', रमेश विकलको 'आँसुले भिजेको हाँसो' जनकबहादुर कर्माचार्यको 'नारीत्वको ऋय' कथाबाट आरम्भ भएको समाजवादी यथार्थवादी कथा लेखन (पौडेल, २०७९, पृ.१८) को परम्परालाई संसदीय (२००९-२०१६), पञ्चायती (२०१७-२०४५), जनयुद्ध (२०३६-२०६२) र गणतन्त्र काल (पौडेल, २०,७९, पृ.२०-२१) मा विभाजन गरेको पाइए पनि यो विभाजन नेपाली कथाले लिएको प्रवृत्तिगत मोडभन्दा सामाजिक राजनीतिक गति र प्रवाहले लिएको मोडमा आधारित छ जसले नेपाली कथा लेखन मात्र नभएर समग्र कला, साहित्य अर्थात् उपरी संरचनालाई नै प्रभावित गर्दछ । यति भए तापनि आधार र उपरी संरचनाको गति र प्रवाह एकैसाथ सँगसँगै आरम्भ हुँदैनन् । अर्कोतर्फ वास्तवमा आधारले उपरी संरचनाको निर्माण गरेकै भए पनि कतिपय सन्दर्भमा 'आधार परिवर्तनमा

अधिरचनाले मनोभूमिगत पृष्ठभूमिको काम गर्दछ । अतः नेपाली कथाका प्रवृत्तिगत मोड र घुम्तीहरूको पहिचान गरी समाजवादी यथार्थवादी कथा लेखनको कालगत रेखाङ्कन गर्नु बढी औचित्यपूर्ण हुन्छ । यति हुँदाहुँदै पनि यहाँ उक्त समग्र परम्परा यस लेखनको अभीष्ट नभएकाले प्रगतिवादी साहित्यकार मातृका पोखरेलका कथालेखन क्रमका 'सन्त्रस्त आँखाहरू, (२०६१) पछिको कथासङ्ग्रह 'घाम झुल्किनुअघि' मा सङ्कलित कथाहरूको विवेचना गरी त्यसका आधारमा पोखरेलका कथालेखनको प्रवृत्ति ठम्याउनु रहेको छ ।




## २. कथाकार मातृका पोखरेल र उनको 'घाम झुल्किनुअघि' सङ्ग्रह

कथाकार मातृका पोखरेलको 'घाम झुल्किनुअघि' नामक यस कथासङ्ग्रहको लेखकीय मन्तव्यकै दुइटा भनाइ उनको लेखनको सूत्रका रूपमा रहेका छन्-

(१) "सचेत ढङ्गले सुरू गरिएका जुनसुकै क्रान्ति, आन्दोलन र लेखकहरूको मूल अभीष्ट समाजलाई रूपान्तरण गर्नु हो । केही कमी कमजोरीहरू रहे पनि विगतको बाह्र वर्षको जनयुद्ध नेपाली समाजको रूपान्तरणका लागि एउटा कोसेढुङ्गो थियो (पोखरेल,२०६७, मन्तव्य-पृ.१) ।"

(२) "समाजमा नङ्ग्याउनु पर्ने मानिसहरू अझैसम्म नाङ्गिन सकेका छैनन् । शोषण, अत्याचार र भ्रष्टाचारको भन्ज्याङमाथि चढेर बनेको इज्जत र प्रतिष्ठालाई समाजले अझैसम्म पनि आवश्यक घृणा गर्न सकेको छैन" (पोखरेल, २०६७, पृ.२)।

कथाकारका यी कथा मूलतः यिनै दुई सूत्र वाक्य, दृष्टिकोण वा विचारका आख्यानीकरण हुन् भन्न सकिन्छ । सरल, सम्प्रेषणीय र प्रायः रैखिक शैलीमा लेखिएका यी कथाहरूका आधारमा कथाकार पोखरेलको कथा लेखनको लगभग समग्र अन्तर्वस्तुगत प्रवृत्ति ठम्याउन सकिन्छ । प्रस्तुत प्रवृत्तिलाई निम्नलिखित उपशीर्षकहरूमा प्रस्तुत गर्नु सजिलो हुनेछ ।

### *२.१. समाजवादी यथार्थवादी कथाहरू*

क्रान्ति, परिवर्तन र तिनको उत्कर्ष रूप जनयुद्धलाई सकारात्मक रूपमा हेर्ने र नेपालको प्राचीन कालदेखिको सामन्तवादद्वारा दंशित निम्न वर्गीय मजदुर, किसान

श्रमिक वर्गको मुक्तिका निमित्त क्रान्तिलाई अपरिहार्य आवश्यकता ठान्ने दृष्टिकोण समाजवादी यथार्थवादी दृष्टिकोण हो । यसमा मालिक र नोकर, शोषक र शोषित, उत्पीडक र उत्पीडित दुई वर्गको द्वन्द्वमा शोषित, उत्पीडित निम्नवर्गीय नोकर वर्गको विजय तथा शोषण, पीडक मालिक वर्गको पराजय अपरिहार्य हुन्छ । यद्यपि कतिपय स्थानमा उक्त निम्न वर्गको मुक्ति, विजय र सुनौलो भविष्यको अवश्यम्भाविताका अभिलक्षणद्वारा आशावादिता मात्रै भए पनि प्रस्तुत गरिएको हुन्छ । यस सङ्ग्रहका 'धुवाँ', 'घाम झुल्किनुअघि', 'मौन सङ्केत', 'अँध्यारो गाउँ', 'मुक्ति', 'बाध्यता', 'घोडाको गन्ध', 'देवीदत्तको चिन्ता' यही कित्ताभित्र पर्ने कथा हुन् ।

त्यसो त 'धुवाँ' मा कथाकार पोखरेल वि.सं. २०४६ पछिको स्थितिका निरपेक्ष प्रशंसक देखिँदैनन् । उनी प्रजातन्त्रको पुनः प्राप्तिपछि सिर्जित विकृति, विसङ्गतिमाथि आँखा चिम्लिँदैनन् । उनी प्रस्तुत अँध्यारा पक्षहरूको चित्रण विश्लेषण पनि गर्दछन् । त्यसैले अन्ततः उक्त अनपेक्षित परिस्थितिमाथि उत्पीडित सत्य पक्षको आक्रमण भएको छ, हस्तक्षेप भएको छ र असत्यको पराजय भएको छ ।

वि.सं. २०६५ को रचना पत्रिकामा प्रकाशित भए पनि यसले २०४६ को परिवर्तनपछिको यथार्थलाई चित्रण गरेको छ । त्यसो त २०४६ पछिको विसङ्गतिलाई धेरैले लेखेका छन् । स्वयम् ध्रुवचन्द्र गौतमको 'उपसंहार अर्थात् चौथो अन्त्य' मा यही सत्य छ । त्यसमा पनि 'रवि' जस्तो परिवर्तनप्रति निष्ठावान्, कर्तव्यनिष्ठ, इमान्दार पात्र मारिएको छ र लक्ष्मीजस्ता प्रतिगामी, अवसरवादी फटाहाको रजाइँ चलेको छ तर त्यसमा केवल यथार्थ छ, समस्या छ, समाधान छैन, सुन्दर भविष्यको सम्भावना छैन, आशावाद छैन । यहाँ भने त्यो सम्भावना प्रबल छ । २०४६ को परिवर्तनपछि सबै राजनीतिकर्मी साथीहरू पद, पैसा र अवसरका पछाडि दौडेर देश र जनताप्रति जिम्मेवार नबनेपछि त्यस्तो राजनीति छोडेर र घरजग्गा जो भएको जेथा गाउँको विद्यालयलाई दिएर आफू त्यसैमा निःशुल्क स्वयंसेवक शिक्षक भएको शशीराम थापा परिवर्तनपछि एकाएक रङ बदलेर जनतापार्टी खोली अध्यक्ष र गा.वि.स. अध्यक्ष बनेको पञ्चायत कालको प्रधानपञ्च रङ्गध्वजहरूबाट मारिने प्रबल सम्भावनालाई मध्यनजर गरी त्यसबाट बचेर आफ्नो विचार प्रवाह गर्न बोरा ओडेर हिंड्ने जस्तै असामान्य प्रकृतिको व्यवहार गर्छ, फलतः प्रतिगामी अन्यायी फटाहाहरूले उसलाई फ्रस्टेड बौलाहाको बिल्ला भिराइदिन्छन् । तर ऊ सधैँ सत्य र न्यायका पक्षमा बोल्छ । मूल चोकबजारमा रङ्गध्वजजस्ता पुरातनपन्थी, प्रतिगामी, यथास्थितिवादी, अवसरवादी फटाहाहरूले आफ्नो पार्टीको भ्रष्ट नेताको सालिक राख्न कसरत गरिरहेका छन् तर शशीरामले राख्न दिएको छैन र सम्पूर्ण नयाँ पुस्तालाई सत्य र न्यायका पक्षमा एकत्रित गरेर उसले त्यहाँ भ्रष्टहरूको सालिक राख्नु हुँदैन, देश र जनताका निमित्त जीवनोत्सर्ग

गर्ने महान् सहिदहरूको सालिक राख्नुपर्छ, सहिदहरूलाई बिर्सेर यहाँ भ्रष्टहरूको सालिक राखिन्छ भने अब यस ठाउँमा मानिसहरू नबसेर मुर्दा मात्र बसे हुन्छ, भनेर जुलुसबाटै आवाज उठाउँछ ।

केही नलागेर रङ्गध्वज शशीराम र उसले प्रशिक्षित गरेका विद्यार्थी आदि नयाँ पुस्ताका मानिसहरूका विरूद्ध एउटा मोर्चा बनाएर त्यसमार्फत उनीहरूको पनि विरोध गर्ने र भ्रष्टको सालिक स्थापना गर्ने आफ्नो उद्देश्य पूरा गर्ने प्रयत्न गर्छ । तर यस कार्यका लागि उसको मोर्चाले आयोजना गरेको जुलुस/ऱ्यालीमा जम्मा १५ जना मात्र मानिस आउँछन् । त्यतिबेलै उसले फ्रस्टेड बौलाहा नाम राखेको शशीरामद्वारा निर्देशित युवा ऱ्यालीमा विशाल जनसङ्ख्या उपस्थित भएको देख्छ । यसबाट आत्तिएको रङ्गध्वज र उसका भिजिलान्तेहरू अब अर्को उपाय नदेखेर गोप्य रूपमा शशीरामको हत्या गर्छन् ।

भोलिपल्ट जम्मा भएको विशाल भीडले रङ्गध्वजको घरमा आगो सल्काइ दिन्छन् । यसरी त्याग र बलिदानको नमुना, स्पष्ट, निर्भीक, सिद्धान्तनिष्ठ, कर्तव्यनिष्ठ क्रान्तिकारी पात्र एकजना मारिए पनि उसको विचार र चिन्तनका समर्थनमा सयौँ सयौँ युवाहरूको भीड बढिरहेको छ । यसैले शशीराम मारिए पनि उसको विचार विजयी भएको छ, उसको पक्ष, पीडित पक्ष, परिवर्तनकारी पक्ष विजयी भएको छ । यसैले यस कथालाई समाजवादी यथार्थवादी भन्न सकिन्छ ।

यस्तै 'मौन सङ्केत' भने कारखानाका मजदुर र मालिकको उत्पादक-उत्पादन सम्बन्ध र वर्गीय द्वन्द्व, वर्गीय प्रेम र दृष्टिकोण देखाउने कथा हो । उद्योगपति, पुँजीपति साहुहरू कसरी मजदुरहरूको रगत चुसेर मोटाउँछन् तर मजदुर मर्न लाग्दा आफूले पालेका कुकुरलाई जति पनि माया, प्रेम र सहयोग गर्दैनन् । ती निर्धन मजदुरको रगत र पसिना चुसेर मोटाएका हृदयहीन, संवेदनाहीन पशुका लागि निम्न वर्गीय मजदुर, किसानको जीवनको कुनै मूल्य हुँदैन भन्ने सत्य उद्घाटन गरिएको छ । यहाँ मजदुरको उपचार नपाएर, उपचार गर्ने पैसा नपाएर मृत्यु भएको छ, त्यसको जिम्मेवार मालिकमाथि कुनै कार्यवाही भएको छैन तर भाविष्यप्रति आशावादी हुने सङ्केत केसम्म छ भने मौरीको रानीलाई जस्तै मृतक भीमबहादुरलाई घेरिरहेका मजदुरहरूका अनुहारमा पढ्न सकिने मौन सङ्केत थियो र त्यो आँधी आउनुपूर्वको वातावरणजस्तै थियो भनिएको छ, जुन मौन सङ्केत गणेश र शिवरामले बुझेर त्यही समूहमा गएर मिसिए भनिएको छ । यत्तिले पनि यस कथालाई समाजवादोन्मुख, समाजवादी भन्न सकिन्छ ।

अर्को कथा 'अँध्यारो गाउँ' को परिवेश हेर्दा त्यो गाउँको परिवेश पूरै माओवादी र

माओवादी पक्षधर मात्र भएको परिवेशजस्तो देखिन्छ । छन त त्यहाँ माओवादी र माओवादी जनयुद्धको सामाजिक परिवर्तन र मुक्ति कर्ममा नलागेको र अझै गाउँले जनतालाई माओवादीको आरोप लगाएर निर्भयतापूर्वक मार्ने पुलिस, आर्मीको पाशविक दैत्य प्रवृत्तिको विम्ब यहाँ छ । कुनै विषयमा मत बाझिएको वा मतभिन्नता भएका आधारमा एकजना पुलिसले गाउँको आदर्श व्यक्ति मास्टर काकालाई जबर्जस्ती 'तँ माओवादी नै होस्' भनेर गालीगलौज र मार्ने धम्की मात्र दिँदैन, थप बल ल्याएर अपहरण गरी लैजान्छ । मास्टरकी सानी छोरीले सहित 'मेरो बाबालाई नमारी दिनुहोस् अङ्कल, हामी जे भने पनि मान्छौँ भन्दै रूँदै कराउँदै अनुनय विनय गर्दा पनि हृदयहीन जल्लादहरू पाषण भएर मार्छन् । यसले सोझै पीडित वर्गको विजय भएको र उसले न्याय पाएको स्थिति त छैन, तर त्यस घटनाले पूरै गाउँका मान्छेहरू उक्त पुलिसको यस्ता विरोधी भएका छन् कि गाउँमा भेट्नेबित्तिकै कुटीकुटी मार्ने निश्चय जस्तै भएको छ । त्यति मात्र होइन सबैले त्यस पुलिसका छोराछोरी र परिवारलाई समेत पुलिसका छोराछोरी र परिवार भनेर चरम घृणा गर्ने स्थिति छ । यसैले मनोवैज्ञानिक सजाय पनि दिइएकाले यसलाई समाजवादी यथार्थवादीमै राख्न सकिन्छ ।

'मुक्ति' मा वर्गीय द्वन्द्व भन्दा वर्ग–चरित्रको चित्रण गरिएको छ । धन, सम्पत्ति त जीवन चलाउने साधन हो । यसको सही प्रयोग भएन भने यसले जीवन नष्ट पनि गरिदिन सक्छ । यस्तो प्रायः धनी बाबुका बिग्रेका सन्तानका सन्दर्भमा लागु हुन्छ । यहाँ निम्न वर्गका कश्यपजस्ता पात्र मेहनत गर्छन् र आफ्नो पसिनाको आर्जनमा बाँच्छन् तर आनन्दरामजस्ता उपल्लो वर्गका बिग्रेका सन्तान कश्यपजस्ताले कमाएको कमाइ खाएर बाँच्छन् । सहर पसेर पनि कश्यपजस्ताले मजदुरी गरेर दुःखजिलो गरी कमाएको ४० हजार चोरेर लागु औषध पान गर्छ र आफ्ना गुन्डा समूहको ग्याङफाइटमा मर्छ । यहाँ वर्गीय द्वन्द्व त होइन तर आनन्दजस्तो उपल्लो वर्ग धन र त्यसद्वारा निर्मित खराब चरित्रका कारण समाप्त भएको र निम्न श्रमिक मजदुर वर्ग बाँकी रहेको छ । वर्ग द्वन्द्व नभए पनि उत्पीडक वर्गको समाप्ति र श्रमिक वर्गको यथावत अस्तित्वका दृष्टिले यसलाई पनि समाजवादी यथार्थवादी नै भन्न सकिन्छ ।

'बाध्यता' शीर्षक कथामा पनि निम्न वर्गीय किसान, मजदुर श्रमिकहरूको मुक्तिका लागि गरिएको जनयुद्ध एक दिन अवश्य सफल हुनेछ र उनीहरूका सुनौलो दिन अवश्य आउनेछन् भन्ने भावना नै देखिन्छ । त्यही जनयुद्धमा माइलीजस्ता सेना र पुलिस पीडित महिलासमेत सब छोडेर अन्ततः जङ्गल पस्न बाध्य भएका छन् । यस अर्थमा जनतालाई जङ्गल पसेर माओवादी हुन बाध्य पार्ने सेना र प्रहरी नै माओवादी जनयुद्ध फैलाउने मुख्य कारक थिए भन्ने देखिन्छ ।

'घोडाको गन्ध' मा घोडा सामन्तवादको प्रतीक हो । २०४६ र २०५२–२०६२ पछि २०६५ गरी दुई खेपमा मधेशमा जमिनदारीकै भरमा आधिपत्य जमाइरहेका ठुला जमिनदार अर्थात् सामन्त रवीन्द्रशमशेरको अस्तित्व मधेशबाट समाप्त हुनु एउटा वर्गको अस्तित्व समाप्त हुनु हो । यसैले ती सामन्तको मधेशको सत्ताको प्रतीक घोडाका दिन पनि गएका छन् । अब मधेशमा न उनी आउँछन् न उनको घोडो आउँछ । यसरी उनी झर्दा घोडो बाँध्ने चौतारोबाट अब घोडाको गन्ध पनि बिस्तारै हराउँदै गएको छ । यसबाट सामन्तवादको पराजय र झन्डै अवसान देखाइएको छ त्यसैलाई निम्न वर्गीय किसान, मजदुर, सर्वहारा श्रमिकको जित हो भन्न त सकिएला तर त्यो विजय र पराजय २०४६ सालको जस्तै हुने हो कि भन्ने आशङ्का छ । जे होस् सत्ताको सनातन सामन्तवादी वर्चस्व समाप्त भएकाले आशावादी हुँदा समाजवादी यथार्थवादोन्मुखतामा यस कथालाई राख्न सकिन्छ ।

'देवीदत्तको चिन्ता' मा प्रजातन्त्र प्राप्तिपछिको लामो सङ्क्रमण अवधिभरि उनै पञ्चायती सामन्त, जिम्वाल, मुखिया र तिनका छाउराहरूकै बोलवाला भएको, तिनकै दबदबा रहेको, तिनका शोषण, दमन र उत्पीडनले गाउँमा बस्न नसक्ने स्थिति भएको, सिधासादा वा भिन्न विचार राख्नेलाई बाँच्न मुस्किल भएको, माओवादी जनयुद्ध कालमा तिनको ताण्डव हराए पनि शान्ति प्रक्रियापछि त्यसपूर्वको उक्त जनयुद्ध कालमा गाउँमा बस्न नसकेर सदरमुकाम र अझ राजधानी पसेका ती पुनः गाउँ पसेर आतङ्क मच्चाउन थालेको, पुलिस प्रशासनले पनि तिनैलाई साथ दिएकाले तिनले निर्दोष जनतामाथि दमन गरेकाले तिनले रमाकान्तहरूको हत्या गरेको र रमेशजस्तालाई अपहरण गरेर बेपत्ता पारेको तर अब जनता सचेत भइसकेकाले त्यो हत्या, अपहरण र आतङ्कका विरूद्ध नारा जुलुस गरी विरोध गरेपछि ती मण्डलेहरू गाउँमा बस्न नसकी पुनः सहर नै फर्केको देखाइएको छ । अपराधीहरूलाई पक्रेर कानुनी कारबाही नगरी सहरका साँढे हुन छोडिएको जस्तो भए पनि गाउँ सामन्तमुक्त भएको र गाउँलेको जित भएकाले यस कथालाई पनि समाजवादी यथार्थवादी कथामै राख्न सकिन्छ ।

आलोचनात्मक यथार्थवादी कथाहरूमध्येको कथा हो, 'घाम झुल्किनुअघि' । यसमा समस्या छ, समाधान छैन । यथार्थ छ । मजदुर, किसान, उत्पीडित श्रमिक वर्गको उज्यालो भविष्यको बाटो छैन, सङ्केत छैन । यहाँ सामन्तवादी सत्ताको ताबेदार, रक्षक प्रतिनिधिका रूपमा रहेका तातो फलामले संवेदना डामिएका हृदयहीन, संवेदनाहीन क्रूर, पशु र अझ दानवका रूपमा प्रस्तुत सेना र प्रहरी छन् । परिवेश कटारी–ओखलढुङ्गा सडक परिसर र त्यहीँ वरपरको छ । यहाँ गाउँ, सडकका निर्धन निमुखा छोरी, चेली र नारीहरूलाई जबर्जस्ती पत्नी बनाएर रासलीला गर्ने र गर्भिणी बनाएर त्यत्तिकै छोडेर जाने सेना र प्रहरी छन् ।

जनयुद्धकालीन परिवेश छ, एउटा निहत्था मानिसलाई गोलीगट्ठा र लाठीधारी तेइसजना सेनाको जत्थाले पक्रेर ल्याएका छन् । जनयुद्धमा अझ माओवादीमा लागेको कुनै प्रमाण छैन, ऊ म माओवादीमा लागेकै छैन, "म माओवादी हुँदै होइन, मलाई नमार ।" भन्दैछ । उसको भाइ माओवादी भएको र एक वर्ष अगाडि एक रात उसको भाइ उसकहाँ बस्न आएको थियो, यत्ति मात्र । यस्तैमा उसलाई रातभर अत्यन्त चिसोमा हिंडाएर बिहान उज्यालो हुनुअघि उनीहरू बुटैबुटले लात्ते भकुन्डो बनाएर कुट्छन् र घाइते बनाउँछन्, भागे बाँच्छस् भनेर भाग्न लगाउँछन्, ऊ बाँच्ने आशले सकीनसकी उठ्छ र अलिकति पर भाग्छ, दुष्टहरू गोली हानेर मार्छन् ।

यो यथार्थ हो तर सम्भावना र आशावादितारहित । यसैले यो पनि आलोचनात्मक यथार्थवादी कथा हो भन्न सकिन्छ ।

यही कित्ताको अर्को कथा 'कमरेड पाताल' हो । यसमा क्रान्ति र परिवर्तनका ठुल्ठुला कुरा र चर्को भाषण गर्ने, ठुल्ठुला आदर्श अगाडि सारेर सपना देखाउने सर्वहारा संस्कृतिका कुरा गर्ने, नेपाली कम्युनिस्ट आन्दोलनमा सांस्कृतिक रूपान्तरण नै भएन भन्ने पातालजस्ता क्रान्तिकारी नेताहरू शान्ति प्रक्रियामा आएर अवसरको उपत्यकामा पौडी खेल्न थालेपछि एकाएक सत्ता र शक्तिका बलमा उपभोक्तावादका सिकार दलाल पुँजीवादी उपभोक्तावादी नवसामन्त भएको यथार्थ उद्घाटन गरिएको छ जसले सच्चा, इमान्दार, आदर्श, निष्ठावान्, सिद्धान्तनिष्ठ कार्यकर्तालाई मन पर्दैन, ऊ त्यसलाई किन खबर नगरेर बैठकमा आएको ? भनेर झपार्छ किनकि अब त्यो बैठकमा ऊजस्तै सिद्धान्तका तस्करहरू भरिसकेको र सोझा, सिद्धान्तनिष्ठ, इमान्दारको नेतृसमेत त्यस्तै ढोँगी, अवसरवादीले गरेका छन् । यही सत्य तथ्यको यस कथामा आलोचनात्मक प्रस्तुति छ, त्यसको समाधान के ? लेखक मौन छन् ।

'सपनाहरूको खोजी' मा एउटा प्रश्न छ, शान्ति प्रक्रियामा आएपछि जनयुद्धमा सहादत प्राप्त गर्ने मृतकका चिहानजस्तै जनयुद्वमा देखिएका, देखाइएका सपनाहरू पनि हराउँदै जाने त होइनन् ? तर उत्तर छैन ।

यसै गरी 'भत्किएको घरनेर' मा पनि नेपाली राजनीतिको मूल्यहीनता र पतनको चित्रण छ । लामो त्याग, बलिदान र समर्पण गरेको आदित्य जस्तो इमान्दार, कर्तव्यनिष्ठ, सिद्धान्तनिष्ठ; पार्टी, देश र जनताप्रति बफादार आफ्नो व्यक्तिगत सम्पूर्ण सम्पत्तिलाई पार्टीकरण गर्ने त्याग र बलिदानको नमुना एक आदर्श व्यक्तिलाई परेको बेला पैसा हाल्न नसक्ने निर्धन भएको आरोप लगाउँदै मजदुर सङ्गठनको नेतृत्व उसबाट छिनेर देश र जनताको रगत, पसिना रूपान्तरित

सम्पूर्ण सम्पत्ति थुपारी मालामाल भएको चरम अवसरवादी, फटाहा, दुईजिब्रे, धूर्त, चाटुकार, आर्थिक रूपले अत्यन्त भ्रष्ट, लाजिम्पाटमै ठुलो भव्य महललगायतमा बस्ने र भाडा दिने छुट्टाछुटै घरहरू जोडिसकेको, प्रशस्त जग्गाजमिनको मालिक रमणजस्तो ब्वाँसो नेता (अध्यक्ष) भएको देखाई अब जनयुद्ध लडेको पार्टी वर्गीय किसान, मजदुर, श्रमिक सर्वहारा वर्गको पार्टी नरहेर दलाल, भ्रस्टाचारी, अवसरवादी, तस्करहरूको पार्टी हुन गएको विचार यस कथामा प्रस्तुत गरिएको छ । यसमा पर्याप्त आलोचना छ, यथार्थ छ, समस्या छ तर समाधान छैन ।

यी बाहेक निर्धनातिनिर्धन दयनीय अवस्थाको दनुवार समाजको तथा तिनका सपनाको अपहरणकारी उत्थानको बाधक जल्दोबल्दो समस्या निर्धनताको जीवन्त विम्ब उतारिएको कथा 'निधो', नेपालका चरम बेरोजगारीको समस्याको विम्बयुक्त 'कालोचस्मा', आजका द्रव्यपिसाच, अत्यन्त स्वार्थी, अवसरवादी प्रवृत्तिको विम्बयुक्त कथा 'खाडल' सबैमा नेपाली समाजका एउटा एउटा समस्या छन्, समाधानको मार्ग चयनको जिम्मा पाठकलाई नै दिएको छ ।

## ३. निष्कर्ष

यसप्रकार यी कथामा नेपाली समाजका आजको युगले देखे भोगेका समस्याहरू छन्, तिनको प्रस्तुतिका आख्यानीकृत विम्बहरू छन्, कतै समाधान पनि छन् र ती निम्नवर्गीय पक्षधरतायुक्त छन् । कतिपय कथा यथार्थलाई यथार्थकै रूपमा छोडिएका देखिन्छन्, तिनलाई लेखकीय कथाकलाको प्रयोगद्वारा भिन्न रूपमा ढालेर पाठकको रूचिमुखी बनाउन सकिने सम्भावना भए पनि त्यस्तो गरिएको छैन । जस्तो 'घाम भुल्किनु अघि' को टुङ्ग्याउनीमा अबला नारी पात्र माइलीलाई हृदयहीन, संवेदनाहीन, नृशंस पशु बनेका सेनाको जत्थाले त्यहीँ बलात्कार गरेर मारेको र उता त्यसरी नै दौडन लगाएर गोली हानेर मारिएको पुरूषका घरमा उसका ८/१० वर्षे छोराछोरी, २२/२४ वर्षे श्रीमती र बुढा आमाबुबा ऊ आउने बाटो पर्खेर बसेको देखाएको भए अझै मार्मिक हुन सक्ने थियो ।

समग्रमा कथाकारका प्रायः कथा हेर्दा र नेपाली समाजको, परिवर्तनकर्मी, क्रान्तिकारी योद्धा र नेताको आजको परिवर्तनको स्वरूप हेर्दा एन्टोनियो ग्राम्सीले सोभियत सङ्घका सम्बन्धमा गरेको टिप्पणी ठिक्क यहाँ लागु भएको छ ।

**सन्दर्भसामग्री सूची**


१. गौतम, देवीप्रसाद (२०५४, सम्पा.), नेपाली कथा, काठमाडौँः नवीन प्रकाशन ।
२. चापागाईँ, निनु र अन्य (सम्पा.२०४६), प्रतिनिधि नेपाली कथाहरू काठमाडौँः स्रष्टा प्रकाशन ।
३. बराल, ऋषिराज (२०४८), प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति विद्यावारिधि शोध प्रबन्ध, कीर्तिपुर : त्रि.वि. ।
४. पोखरेल, मातृका (२०६७), घाम झुल्किनुअघि, काठमाडौँ : साझा प्रकाशन ।
५. पौडेल, गोपीन्द्र (२०७९), भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौँ ।



# 'सागरदेखि सगरसम्म'मा विचरण गर्दा

मुकुन्द्रप्रसाद प्रसाईं

## परिचय


वि.सं. २०२२ साल जेठ २१ गते बिहीबारका दिन भोजपुर जिल्लाको याकु गा.वि.स.-३, कट्टी गाउँमा जन्मेर नेपाली विषय लिई स्नातक उत्तीर्ण गरेका हरिप्रसाद अधिकारीको साहित्यिक नाम एच.पी. अधिकारी हो । पिता मोहनप्रसाद अधिकारीकी धर्मपत्नी खड्क कुमारी अधिकारीका ३ सन्तानहरू मध्ये हरिप्रसाद अधिकारी जेठा हुन् । नेपाल विद्युत प्राधिकरणको प्रशासनिक सेवा अन्तर्गत सहायक निर्देशकसम्मको सेवा गरी हाल निवृत्त जीवन बिताइरहनु भएका श्री हरिप्रसाद अधिकारीको स्थायी बसोबास मोरङ्ग जिल्लाको विराटनगर म.न.पा.-६ सम्झना टोलमा पर्दछ ।

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजका आजीवन सदस्य एच.पी. अधिकारी साहित्य र समाजसेवामा उत्तिकै रूचि राख्नुहुन्छ । विद्युतकर्मी साहित्यिक समाजको प्रकाशन, विद्युत्तरङ्ग, ज्योति साहित्यक त्रैमासिकमा कविता प्रकाशित गर्दै गराउँदै अगाडि बढेका उनी कथाकार र नियात्राकार पनि हुन् । वि.सं. २०५० सालदेखि नै कविता विधाबाट साहित्य सेवामा प्रवेश गरी कथा विधा हुँदै नियात्रा विधामा समेत कलम चलाउन पुगेका हुन् । सोही परिणामस्वरूप उहाँको नियात्रा विधाको कृति हो- 'सागरदेखि सगरसम्म' ।

## पृष्ठभूमि

तारानाथ शर्माको मौलिक यात्रा संस्मरणयुक्त कृति 'बेलाइततिर बरालिँदा' कृतिको आधारमा हामी तारानाथ शर्मालाई नेपाली भाषामा नियात्रा साहित्यको जन्मदाता मान्न सक्छौँ । नेपाली साहित्यमा देखापरेको नवीन मान्यता अनुसार छुट्टै विधा नियात्रा विधा हो । सोही अनुसार नै मान्यता पाउनुपर्छ भनी विविध तर्कले आफ्नो भनाइ बलियो पारेर अगाडि ल्याएको अनुसन्धानात्मक कृति नियात्रा

विधा परिचयमा जय छाङ्छाको विचारले अबका दिनमा नियात्रा नेपाली साहित्य छुट्टै विधाको रूपमा चिर परिचित भएर जान सक्ने कुरामा मद्दत मिल्ने छ ।




यात्रा साहित्य विश्व साहित्यिक जगत्मा लोकप्रिय विधाको रूपमा चिनिन थालेको छ । यात्रै यात्राको जीवन गतिशील जीवनको भोगाइहरू, सभ्यता, संस्कृति अनि जीवन दर्शनको चेतनालाई पाठकसमक्ष जस्ताको तस्तै राख्न सक्ने क्षमताको प्रयोग यात्रा संस्मरणमा पाइने गर्दछ । त्यसैले पनि पछिल्लो समय नियात्रा विधाले पनि पाठकहरूको मन जित्न सफल हुँदै गइरहेको छ ।

## विषय प्रवेश

'सागरदेखि सगरसम्म' शीर्षक राखिएको नियात्रा भित्र लेखक हरिप्रसाद अधिकारीले समेट्नु भएको बीसवटा नियात्राहरू सङ्गृहीत छन् । देशभित्र तथा देश बाहिर समेत गरिएको यात्रालाई यस सङ्ग्रहमा समावेश गरिएका छन् । वि.सं. २०७९ सालमा नियात्राकार तथा कथाकार हरिप्रसाद अधिकारीको दोस्रो कृतिको रूपमा विद्युतकर्मी साहित्यिक समाजद्वारा प्रकाशित यस नियात्रा सङ्ग्रह सागरदेखि सगरसम्म भित्र मान्छे भित्रै ईश्वर हुँदोरहेछ, भोजपुरमा भ्रमणिदा, विष्काम कर्म गर्दै विश्रान्ति, म त हेरेको हेऱ्यै भएँछु, चिनिएको ठाउँमा चिनाउँदालगायत २० (बीस) वटा नियात्राहरू समेटिएका छन् । यस सङ्ग्रहभित्रको पहिलो नियात्रा मान्छे भित्रै ईश्वर हुँदो रहेछ मा भारतको जगन्नाथपुरीको धार्मिक यात्राको पाटोलाई प्रस्तुत गरिएको छ । यात्राले ईश्वरको रूपमा प्रत्येक मानवलाई परिभाषित गर्ने र चिन्ने जनचेतना जागृत गराउन मद्दत गर्दछ । यात्राले विभिन्न स्थान, परिवेश, मानिसहरूलाई एक आपसमा जोड्छ । भारतको विभिन्न धार्मिक स्थानहरूको अवलोकन भ्रमणले सहरलाई र समुन्द्र (सागर) लाई जोड्न यस नियात्रामा कर्णाटकको सूर्य मन्दिर, उडिसाको लिंगराज मन्दिर, जगन्नाथ मन्दिर, गङ्गासागर लगायतको धार्मिक यात्रा लेखकले गराएका छन् । मान्छेको सबैभन्दा ठूलो मन्दिर आस्था र विश्वास हो भन्ने सन्देशलाई बडो सुन्दर ढङ्गले विश्लेषण गर्नु भएको छ यस नियात्राभित्र ।

त्यसपछि विराटनगरदेखि बैंककसम्मको वैदेशिक यात्रा जागिरे जीवनमा लेखकले तालिमको सिलसिलामा गरिएको वैदेशिक भ्रमण पनि हो । विदेशी समाजको अनुशासन अनि सामाजिक जीवन पद्धतिलाई देखाएर त्यहाँको विकास निर्माणको प्रगतिलाई समेत उजागर गर्ने गरी नेपाली समाजमा पनि सोही अनुसार अनुसरण गर्न उत्प्रेरित गर्ने काम यस नियात्रामा भएको देखिन्छ । साथै थाइल्याण्डको बैंकक, पटायालगायतको ठाउँहरूको पनि शयर गराएका छन् नियात्राकारले । साथै समुन्द्रको किनारबाट माथि देखिएका दृश्यलाई जोडेका छन्, समुन्द्रसँग भेट गराएका छन् यस नियात्रामा ।

पूर्वजको पौरखमा त्यस दिन भित्र शिखरबास पावर हाउसको इतिवृत्तान्त पस्किनु भएको छ लेखकले । काठमाडौँ बाहिरको पहिलो जलविद्युत उत्पादन गृहको नाम शिखरबास पावरहाउस हो भन्ने इतिहासको छनक पनि यस नियात्रामा भेटिन्छ । यति मात्र नभई शिखरबास पावर हाउस तत्कालीन समयमा नेपालको सबैभन्दा ठूलो जलविद्युत गृहको रूपमा रहेको प्रसङ्ग पनि यसमा उल्लेख गरेको पाइन्छ । अमेरिकी कम्पनी GEC ले ८०० कि.वा. क्षमताको २ वटा टर्वाइन जडित भएको शिखरबास पावरहाउसमा खिचिएका फोटोहरू तथा पावरहाउसको  दुर्लभ तस्बिर भन्नुभएको लेखकीय प्रसङ्गले यस नियात्रामा लेखकले सम्बन्धित यात्राको तस्बिरहरू पनि समावेश गरेको भए सुनमा सुगन्ध हुने थियो ।

'हलेसी यात्रा कोसी किनारमा दुई रात' शीर्षकको नियात्रामा हलेसी महादेव (खोटाङ्ग) को ऐतिहासिक, पौराणिक, सांस्कृतिक पाटोलाई उजागर गर्ने कार्य गर्नुभएको छ । पूर्वको पशुपति मानिने थलो हलेसीको दर्शन गर्न निस्केको १० जनाको टोलीले पर्यटकीय, धार्मिक, ज्ञानवर्द्धक बनाउने उद्देश्य राखिएको पाइयो । मान्छे युगको प्रतिनिधि र प्रकृति त्यसको साक्षी हो भन्ने प्रसङ्ग नियात्राकारले यसमा प्रस्तुत गर्नुभएको छ । हलेसी महादेवको मन्दिर धार्मिक यात्रुलाई पवित्र तीर्थस्थल, पर्यटकहरूलाई राम्रो गन्तव्य, जल यातायातको लागि प्रचुर सम्भावनायुक्त क्षेत्र, जैविक विविधताका दृष्टिबाट उपयोगी क्षेत्र, अनुसन्धानमूलक स्थान, गुफा पहाड भएको एक पटक पुग्नै पर्ने गन्तव्यको रूपमा व्याख्या गरेका छन् । एउटा सम्भावनायुक्त गन्तव्यस्थल बन्न सक्ने कोसीपूर्व ट्याम्के पश्चिम, कोसी उत्तरको क्षेत्र तथा दक्षिण सगरमाथा यस क्षेत्रको रूपमा बिस्तारित गर्न सकेमा नेपालको लागि राम्रो गन्तव्य बन्न सक्ने सुझाव समेत यस नियात्रामा पेश गरेका छन् । 'भोजपुरमा भ्रमणिदा' चाहिँ नियात्राकारले भोजपुरको भ्रमणको सन्दर्भलाई जोडेर आफ्नो जन्मस्थान भोजपुरको पौराणिक, ऐतिहासिक, धार्मिक लगायत विविध सामाजिक, सांस्कृतिक रीतिस्थिति, महत्त्व र परम्परा बोकेको सन्दर्भलाई उल्लेख

गरेका छन् यस नियात्रामा । अनेकौं जाति, भाषा, रहनसहन, तथा रितिस्थितिलाई जोगाएर राखेको भोजपुरले दिङ्ला टक्सार, पौवा, हतुवा, दिल्पा, सिक्तेललाई समेत स्मृतिपटलमा ल्याउन सफल देखिन्छ । यसमा थुप्रै तिर्थस्थल, गन्तव्य स्थल, अवलोकन क्षेत्र, अनुसन्धानमूलक विषयहरू पनि भोजपुरसँग जोडिएको प्रसङ्ग लेखकको रहेको छ । लेखकको जन्मस्थानप्रतिको मायालाई भोजपुरसित जोडेर लेख्ने नियात्राकार हरिप्रसाद अधिकारी सफल भएका छन् यस नियात्रामार्फत ।

भोजपुरको सडकको दुर्दशा, विकास निर्माणमा पछि परेको प्रसङ्ग, लेखकको मित्रमिलन भएको प्रसङ्ग आदि कुराहरू पनि पढ्न पाइयो । जसबाट आफूले जेजति कुराहरूको बाल्यावस्थाका भोगाइहरू थिए त्यसलाई आकर्षक पाराले अभिव्यक्त गर्नसम्म नियात्राकारको विशेष खुबी नै मान्नुपर्छ ।

त्यस्तै 'हिउँ परेको लेक, ग्रहण जागेको सूर्य' मा हिउँ परेको कारणले सिक्किममा र सूर्य ग्रहण लागेको कारणले दार्जीलिङमा यात्रा छोट्याउन परेको परिस्थितिलाई उहाँले उल्लेख गर्नु भएको छ । सिक्किमको राजधानी गान्तोकलाई नजिकबाट नियाल्ने कार्य गरिएको पाइयो । गान्तोक शहरको वर्णन फूलैफूलको शहर, सुन्दर सफा अनि मानिसहरू पनि मिजासिला स्वभाव भएका सहयोगी भावनाका लागि प्रसिद्ध भएको शहर गान्तोक भन्ने कुराको रहस्योट्घाटन पनि नियात्राकारले यस नियात्रामा गरेको पाइन्छ ।

पूर्वको प्रसिद्ध देवी पाथिभरा देवी माताको दर्शनसँग जोडिएको आध्यात्मिक यात्रा ' मनको बाघले मात्र खाने रहेछ पाथिभरा जाँदा' भन्ने शीर्षकको नियात्रामा समेटिएको छ । अगाध विश्वास, आस्थाको धरोहर एवम् पवित्रताकी प्रतिमूर्ति पाथिभरा माताको दर्शनका लागि उकालिएको अनि यात्रारत जिन्दगीलाई डोऱ्याउँदै माताको घरमा पुग्ने अभिलाषा बोकेर हिंडेको यथार्थ वृत्तान्त नियात्राकारले बडो आकर्षक ढङ्गले प्रस्तुत गर्नुभएको छ । सामुन्द्रिक सतहदेखि ३७९४ मिटरको उचाइमा अवस्थित पाथिभरा माताको मन्दिरसम्म पुग्दा वरिपरिको लेकाली वन जङ्गल, चिप्लो बाटो, ढुङ्गा बिच्छाइएको ठाडो उकालो उक्लिँदै गर्दा बाटोमा परेको स्थानहरूको व्याख्या पनि गरेका छन् । तल्लो फेदीबाट माथिल्लो फेदीसम्मको यात्रा, असहजतालाई चिर्दै बाटोमा पर्न सक्ने समस्याहरूको निराकरणको लागि अपनाइएका उपायहरू जस्तै लसुन खाने, अदुवा खाने, जुन High Attitude मा हुनसक्ने समस्याको लागि चालिएका कदमहरूको पनि प्रस्ट पार्ने कोसिस लेखकले गरेका छन् । स्थानीय लिम्बू भाषामा मुक्कुम्लुङ्ग भनिने पाथीमा अन्न भर्दा देखिने आकारको सुन्दर एवम् मनमोहक पहाडी टुप्पो र सोही स्थानमा उत्पत्ति भई विराजमान हुनुभएकी देवीको

नाम पाथिभरा रहेछ भन्ने व्यहोरा लेखकले आफ्नो नियात्राका क्रममा प्रस्तुत गरेका छन् । अनुपम प्राकृतिक दृष्यले भरिपूर्ण, दुर्लभ वन्यजन्तु वनस्पति, गुराँस फुल्ने लेकाली डाँडाको अलावा सूर्योदयको लागि प्रसिद्ध स्थान पनि रहेको यस पवित्र स्थलको व्याख्या शब्दमा मात्र सम्भव नहुने कुरा लेखकीय शैलीमा पाइन्छ । पावन भूमिमा भेटिने मान्छेहरूको मन पनि पावन नै हुने रहेछ भन्ने प्रसङ्ग पनि नियात्राकारले राखेको पाइन्छ । भयभीत चिसो वातावरण, घन्टीको कर्णप्रिय आवाज, भक्तजनबाट  बेला बखत हुने जयजयकारको ध्वनि, उत्साहयुक्त मानवीय मन, केही मानसिक र शारीरिक श्रमपश्चात् गन्तव्यमा पुगेको प्रसङ्गले मन आल्हादित बनाउँछ । हिमालको फेदीबाट उत्पत्ति भएको तमोर नदी फराकिलो क्षेत्र, निकै दर्शनीय र दृष्यावलोकनको लागि महत्त्वपूर्ण गन्तव्य रहेछ पाथीभरा माताको मन्दिर । सुकेटार विमानस्थलको स्तरोन्नति गरी होटेल र सडकको सुधार, वैकल्पिक यातायातको व्यवस्था, यथेष्ट प्रचारप्रसार, चिकित्सा र समय सापेक्ष औषधोपचारको आवश्यक प्रबन्ध गरिनुपर्ने निचोडका साथ नियात्राकारले पाथिभरा सोचेको भन्दा सहज यात्रा गर्न सकिने गन्तव्यको रूपमा लिन र 'मनको बाघले मात्र खाने रहेछ' पाथीभरा जाँदा भनेर नियात्राको बिट मारेका छन् ।

महाभारत कालीन राजा विराटको दरबार विराटनगरमा रहेको भनिन्छ । महाभारतका एक पात्र किचकसमेत राजा विराटको दरबारमा बसेको प्रसङ्ग रहेको मान्यताका कारण पनि यो क्षेत्र परिचित रहेछ । सो दरबार र नाट्यशाला रहेको स्थानसम्म पुग्दा जे देखियो, त्यसैलाई हुबहु दरबारको त्यो गतिमा वर्णन गरिएको छ । विराट दरबारको नामबाट नेपालको औद्योगिक नगरी विराटनगरको नाम रहन गएको हो भन्ने किंवदन्ती प्रचलित रहेको छ । महाभारतसँग जोडिएको यस विराट दरबार जहाँ पञ्च पाण्डवहरूले गुप्तबास गरेको विश्वास गरिएको छ । पौराणिक कालको कला, संस्कृति र सभ्यता झल्किने दरबारको निर्माण गरी नेपालको औद्योगिक नगरी विराटनगरलाई विश्वव्यापी रूपमा चिनाउन सके अझै सशक्त र ठोस कदम हुने विश्वास लेखकीय सन्दर्भमा अभिव्यक्त भएको छ । विराट दरबारको संरक्षणको लागि दिगो कार्य योजना बनाई कार्य गर्न सम्बद्ध निकायलाई घच्घच्याउन पनि नियात्राकार सफल देखिन्छन् यस नियात्रामा ।

नियात्राकारको अर्को धार्मिक तीर्थ यात्रा रहेको छ– 'खडेबाबा जलेश्वरधाम र अर्जुन धारा' ।  झापा जिल्लामा अवस्थित अर्जुनधारा पनि महाभारतसँग जोडिएको अर्को महत्त्वपूर्ण स्थान हो । साथै अर्जुनधारामा अवस्थित खडेबाबाको प्रसङ्ग पनि आएको छ । झापा जिल्लाको विर्तामोड बजारबाट करिब ६ कि.मी. उत्तरमा शनिश्चरे बजारनजिकै अर्जुनधारा पर्ने रहेछ । अर्जुनधारा धाममा प्रवेश गर्नासाथ परिसरमा

बायाँबाट क्रमशः लक्ष्मीनारायण मन्दिर, आध्यात्मिक पुस्तकालय, हनुमान मन्दिर, व्यासाश्रम, गुरूकुल स्कुल, गणेश मन्दिर, यज्ञशाला, धान्याचल मन्दिर नाग मन्दिर आदि पर्दछन् भने दायाँतिर मुलद्वारबाट भित्रिनासाथ पोखरीको बीचमा आफ्नो गाण्डिवसहित वाण प्रहार गर्न लागिरहेको अर्जुन र गाईको दर्शन गर्न पाइने व्यहोरा लेखकले प्रस्तुत गरेका छन् । यस पोखरीलाई वाणगङ्गा भनिँदो रहेछ । पोखरीको समिपमै जलेश्वर मन्दिर पर्दोरहेछ । मन्दिरपछाडि वाणगङ्गाबाट उत्पत्ति भएको जलबाट पञ्चधारा निर्माण गरिएको रहेछ । भक्तजनहरूले पञ्चधारा सहित जलेश्वर मन्दिरको परिक्रमा गर्ने गर्दा रहेछन् । यस क्षेत्रमा पुग्दा पहिले अर्जुनखाडी भनिने उक्त ठाउँको वि.सं. २०२३ सालमा खडेबाबाले अर्जुनधारा नामकरण गरेको कहावत पनि यसमा उल्लेख छ । गुरूकुल शिक्षाको अवधारणा पनि यस अर्जुनधारा धाममा रहेकाले पनि शिक्षाको लागि केही न केही योगदान यस धार्मिक क्षेत्रले दिएको महसुस हुन्छ । झापा जिल्लाको शनिअर्जुन न.पा. २ स्थित धाम परिसरमा नै खडेबाबाको नेतृत्वमा विकास निर्माण, गुरूकुल शिक्षा, पूजाआजा, रेखदेख, पर्व व्यवस्थापन आदि कार्य भई आएको सन्दर्भ पनि यस नियात्रामा उल्लेखित छ । धार्मिक, आध्यात्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा विकसित हुँदै गएको अर्जुनधारा धामको सम्बद्ध सबै पक्षबाट यथासक्य प्रचार प्रसार र अवलोकन गरी धार्मिक पर्यटकीयस्थलको रूपमा यसलाई अघि सार्न सक्नुपर्दछ । यसको विकासको लागि गुरूयोजना तयार गरी अघि बढ्न ढिलाइ गर्न नहुने सुझाव पनि लेखकले प्रस्तुत गर्नुभएको छ ।

'निष्काम कर्म गर्दै विश्रान्ति' शीर्षक दिएको नियात्रा पनि पठनीय नै देखिन्छ । हाम्रो देशको नदी नाला, पहाड, लेक बेसीलाई तस्बिर जस्तै गरी प्रस्तुत गरिएको धनकुटाका बुद्धिजीवि, धार्मिक, सामाजिक, संघसंस्था र आम धनकुटेली जनताको आवश्यकता र चाहना अनुसारको भेला, छलफल र सरसल्लाहबाट गरिएको परिकल्पनाको परिणति नै विश्रान्ति भन्ने वाक्यांश श्री टीका प्र. लामिछाने को रहेको प्रशङ्ग यसबाट हामीले बुझ्न सकिन्छ । विश्रान्ति भन्नेबित्तिकै आराम गर्ने, असहाय वृद्धवृद्धाहरूको वृद्धाश्रम भन्ने पनि बुझिन्छ । तमोर नदीको किनारमा अवस्थित विश्रान्ति एक धार्मिक, सामाजिक, संस्कारजन्य कुराहरू सिकाउने थलोको रूपमा विकसित हुँदै गएको स्थान रहेछ विश्रान्ति । धरान–धनकुटा सडक खण्डको मुलघाटस्थित तमोर नदी पार गर्नासाथ पुग्न सकिने स्थानको नाम हो विश्रान्ति, अर्थात् वृद्धाश्रम । जहाँ विश्रामेश्वर शिव पाञ्चायन मन्दिरको स्थापना समेत गरिएको रहेछ । मुठीदान प्रथाबाट चलेको विश्रान्ति मन्दिर व्यवस्थापन समितिले आवश्यक कार्य सञ्चालन गर्ने गरेको समेतको प्रसङ्ग यस शीर्षकको नियात्रामा समाहित छ ।

धन हुनेले धन, मन हुनेले मन दिनुपर्दछ विश्रान्ति सञ्चालन गर्नको लागि भनेर उत्प्रेरणा दिएको छ यस नियात्राले । 'सेवाही परमो धर्मः' भन्ने भावनाले केही गर्ने र उत्प्रेरणा जगाउने काम गरेको छ ।

धनकुटा जिल्लाको भेडेटार गा.वि.स. वडा नं. ३ र ५ को सिम्सुवा खोलामा पर्ने नमस्ते झरना अर्को आकर्षक गन्तव्य स्थल रहेको छ । यहाँको भ्रमण पनि उत्तिकै रमाइलो रहेको, प्राकृतिक छटाले युक्त पर्यटकीय, ज्ञानवर्द्धक अनि मनोरञ्जनात्मक भएको छ नियात्राकारलाई । लेखकले झरनाको खुलेर व्याख्या गरेका छन् । मूलतः नमस्ते झरना अवलोकन गर्न योग्यस्थल रहेको कुरा पनि लेखकले आफ्नो नियात्रामा प्रस्ट पारेका छन् । नमस्ते झरना जाने बाटोमा महाकाली गुफा मन्दिर पनि पर्ने वर्णन गरिएको छ । पिकनिक स्पटको रूपमा विकसित यस स्थान हेर्ने अवलोकनकर्ताहरूले तस्बिर खिच्ने, प्राकृतिक दृश्यको अवलोकन भरपुर गर्न सक्ने अवस्थाले झनै यसलाई लोभलाग्दो गन्तव्यको रूपमा चिनाएका छन् ।

'गडतीरै गडतीर खाँदबारी' शीर्षकको अर्को नियात्रामा संखुवासभाको सदरमुकाम खाँदबारी बजारको यात्रा वृत्तान्त समेटेका छन् । खाँदबारी बजार परम्परालाई धान्दै आधुनिकतातर्फ लम्किरहेको, कलात्मक झ्याल ढोका, परम्परागत नेपाली तानबाट बुनेको अल्लोको कपडा, रूद्राक्ष आदिका लागि पनि प्रसिद्ध रहेको छ । यसै जिल्लामा पर्ने गहिरो अरूण उपत्यका, गुफा तथा सभापोखरी पनि मनोहारी छन् । संखुवासभा जिल्लामा पर्ने मकालु बरूण राष्ट्रिय निकुञ्जको अधिकांश क्षेत्र पनि यही जिल्लामा पर्ने रहेछ । तुम्लिङटार विमानस्थल पनि यसै संखुवासभा जिल्लामा पर्ने रहेछ । चैनपुर जिल्लाको पुरानो सदरमुकाम रहेछ । अरूण नदीको किनारै किनार एकातिर धनकुटा, अर्को पट्टि भोजपुर बीचमा अरूण नदी दायाँ बायाँ पहाडहरू बीच गएको बाटोबाट अघि बढ्दै गर्दा संखुवासभा जिल्ला प्रवेश गरेसँगै खाँदबारी सदरमुकामलाई नजिकबाट नियाल्ने क्रममा गरिएको यात्रा वृत्तान्त यसमा समावेश छ । मकालु हिमालको जिल्ला भनेर पनि चिनाउन सकिन्छ- संखुवासभालाई ।

विराटनगरको नाट्यशाला रहेको स्थानलाई किचकवध मानिन्छ । राजाको रमाइलो गर्ने ठाउँको नाम किचकवध हो भनेर महाभारतकालीन युद्धकला, वास्तुकला लगायतका क्षेत्रमा अनुपम उदाहरण पाइन्छ । किचकवध जो झापा जिल्लाको भद्रपुर न.पा. मा पर्दछ, बजारबाट करिब १० कि.मी. दक्षिण कच्ची बाटाले जोडेको स्थानमा रहेको किचकवध नै विराट राजाको रमाइलो गर्ने स्थल हो भनेर

लेखकले प्रस्ट पारेका छन् । किचकवधको परिसरमा सतीदेवीको मन्दिर, शिव मन्दिर, किचकलाई वध गर्दै गरेको मूर्ति, दुईवटा पोखरी पनि छन् । किचकवध पोखरीको नामले समेत चिनिने यस स्थानको संरक्षण, विकास,उत्खनन कार्यका साथै पर्खाल, गार्डेन निर्माण, घेराबार, तटबन्ध, मन्दिर निर्माण, पिकनिक स्पट, चिल्ड्रेनपार्क निर्माणकार्यको गुरू योजना बन्दै गरेको जानकारी मिल्दछ । यसका लागि किचकवध पोखरी संरक्षण विकास समिति कृयाशील छ । किचकवध पोखरी महाभारतकालीन इतिहाससित जोडिएको पौराणिक स्थल भएकाले पनि यस्ता स्थलको संरक्षण, संवर्द्धन अनि प्रचार-प्रसारमा अग्रसरता लिन सकेमा साँच्चै नै यस क्षेत्रको विकास हुनेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

अर्को नियात्राको शीर्षक छ– 'बाटाबाटै महानगरीय' । यस शीर्षकको नियात्रामा विराटनगरदेखि ताप्लेजुङ, ताप्लेजुङदेखि फेरि झापाको केचनाकबल (नेपालको सबैभन्दा होचो भूभाग) सम्मको यात्रा वर्णन यसमा समाविष्ट छ । नियात्राकारले आफ्नो यात्रा अवधिमा विभिन्न स्थानमा देखेका अनुभवहरूलाई पाठकसमक्ष छर्लङ्ग पार्नु भएको छ । साथै मेचीका सवब जिल्लाहरूलाई एकैसाथ चिन्न चिनाउन सफल भएको प्रसङ्ग उल्लेख गर्नु भएको छ । विराटनगरबाट थालनी गरेको यात्राको सिलसिलामा इलाम आई बास बसेको दिन विराटनगर र विरगंजलाई एकैदिन महानगपालिका घोषणा गरेको थियो । उक्त दिनको मिति लेखकले उल्लेख गरेनन् तर बाटोमा नै आफ्नो घर विराटनगर भएकाले आफू महानगरीय जनता (महानगरबासी) बन्न पुगेको प्रसङ्गलाई समेटेका छन् । ताप्लेजुङ, इलाम, पाँचथर र झापाका महत्त्वपूर्ण स्थानहरूको अवलोकनीय भ्रमणले सार्थकता पाएको पुष्टि हुन्छ ।

'त्रिवेणीसम्म त्यो दिन' शीर्षकीय नियात्राको उद्देश्य विशुद्ध साहसिक र पर्यटकीय भनेर नियात्राकारले चित्रण गरेका छन् । त्रिवेणी धनकुटा जिल्लाको दक्षिण, भोजपुर जिल्लाको पूर्व- दक्षिण र उदयपुर जिल्लाको पूर्व-उत्तर भागमा पर्ने त्रिवेणी छिन्ताङ पर्वतको काखमा बसेको त्रिवेणीबाट सप्तकोशी नदी बहने कुरा आफ्नो नियात्रामा उल्लेख गरेका छन् । धरानबाट चतराधामसम्मको करिब १४ कि.मी.को यात्रा गरी चतराधाम पुगेर सप्तकोशीको दर्शन गरेको प्रसङ्ग, १२ वर्षे महाकुम्भ मेला लाग्ने धार्मिक स्थल बराहक्षेत्रधाम चतराधामबाट करिब ३ कि.मी.उत्तरमा सप्तकोसी नदीमाथि पक्की पुल निर्माण भएको छ जुन चतरापूर्वी नेपाल जोड्ने प्रमुख नाकाको रूपमा विकास हुँदै गइरहेको साथै सप्तकोसी नदीमा पानीजहाज समेत सञ्चालनमा आएको छ अचेल । सप्तकोसीको पुलबाट करिब ४.५ कि.मी.उत्तरमा बराहक्षेत्र पर्छ । चतराधामबाट बराहक्षेत्र ८ कि.मी. दूरीमा पर्दछ ।

कौशिकी र कोका नदीको सङ्गमस्थलबाट केही मिनेटकै उचाइमा बराहक्षेत्र मन्दिर रहेको छ । भगवान् बराहको मन्दिर रहेको क्षेत्रलाई बराहकूट पर्वत पनि भनिँदो रहेछ । यस बराहक्षेत्रलाई धर्तीको पहिलो तीर्थस्थल पनि भन्ने गरेको पाइन्छ । यहाँ करिब ७८ किलोग्राम वजन भएको ताम्रशीला जसलाई उचाल्न सक्ने धर्मात्मी कहलाउने विश्वास गरिन्छ । बराहक्षेत्र हुँदै त्रिवेणीसम्मको यात्रा, तमोर नदी पारि धनकुटा जिल्लाको खाल्सा छिन्ताङ शहीदभूमि गा.पा.-०१ मा पर्ने त्रिवेणी नेपालको धनकुटा, भोजपुर र उदयपुरसम्मको मिलनविन्दु पनि रहेछ । त्रिवेणी प्रकृति निर्मित भू-भाग हो । त्रिवेणीमा अवस्थित देवी देवताको दर्शन गर्ने, वनबिहार, जलबिहार गर्ने तथा नदी तटमा विश्राम गर्ने आश्रमको रूपमा विकसित गर्न सकिए त्रिवेणी बहुचर्चित गन्तव्य बन्न सक्ने निश्चित प्रायः छ । त्रिवेणीसम्म जान जल यातायातको व्यवस्था गर्न सके अझै सुगम र सहयोगीसिद्ध हुनसक्ने विचार पनि नियात्राकारको रहेको छ ।

'अतिथि देवो भवः पो रहेछ होमस्टे' नियात्रामा नियात्राकारले धनकुटा जिल्लाको भेडेटारबाट करिब ५ कि.मी. पूर्व उत्तर कच्चीसडक पार गरेपछि पुगिने ठाउँ रहेछ– नाम्जे । जहाँ खरीमाया मगरको होमस्टेमा गएर बसेको रमाइलो पल र प्रसङ्गका आफ्ना अनुभव प्रस्तुत गर्नु भएको छ लेखकले । नाम्जेको प्रकृति, नाम्जेमा पाइने अर्गानिक खानेकुराहरू, त्यहाँका असल मानवीय व्यवहार, स्वच्छ, सफा, गाउँको आनन्द, अनुकुल मौसमले ल्याउने एक खालको मनोरम आनन्द समेतलाई चिटिक्क पारेर लेख्नु भएको छ, नियात्राकार हरि प्रसाद अधिकारीले आफ्नो नियात्रा– "सागरदेखि सगरसम्म"मा । नाम्जे विश्वको उत्कृष्ट गन्तव्य मध्येको एक भनेर चिनिएको लोकप्रिय स्थानमा घुम्ने सौभाग्य पाउने मध्येका लेखक र उनका सहकर्मीहरू सम्मिलित उक्त भ्रमण दलले अतिथि देवो भवःको आतिथ्यता ग्रहण गरिरहेको थियो । उक्त होमस्टेबाट धनकुटा जिल्लाको सागुरीगढी गा.पा.-०६, नाम्जेमा पर्ने र थुम्की लगायतका स्थानमा होमस्टे सञ्चालन भइरहेको जानकारी यस नियात्राबाट पाउन सकिन्छ । मुख्यतः मगर जातिको बसोबास रहेको यो क्षेत्रको थुम्की डाँडामा पुर्खाहरूको स्मृति स्थल पनि निर्माण गर्दै रहेछन् उनीहरूले ।


'मान्छे पनि घडीको सुई जस्तै घुम्दो रहेछ' शीर्षकको नियात्रामा लेखकले झापाको भद्रपुरस्थित मेची पुलबाट भारत जोड्ने यो पुल (हुलाकी मार्गको पूर्वी विन्दु) भद्रपुर बजार र यहाँ रहेको मेची पुल पार गरिसकेपछि भारतको किशनगंज भारतीय रेल्वेले जोडिएको स्थान हुँदै भारतको विहार राज्य पुगिए पनि पश्चिम बंगाल राज्य हुँदै फूलबारी बङ्गलादेशको सीमावर्ती स्थानसम्म पुगेको यात्रा

संस्मरण यस शीर्षकमा अटेको छ । मेची पुलबाट करिब ३२ कि.मी. दुरीमा पर्ने रहेछ भारत र बंगलादेश जोड्ने सीमावर्ती स्थल फूलबारी, स–सानो बजार, सुरक्षा चौकी, भन्सार कार्यालय समेत रहेको यस नाका संभवतः नेपालबाट सबैभन्दा नजिकै पर्ने तेस्रो मुलुकको सिमाना क्षेत्र हो– फूलबारी । यसलाई भारतमा पर्ने  महानन्दा नदीले छुट्टयाएको छ । यस  दशगजा क्षेत्रलाई भारत र बंगलादेशको फराकिलो सडक सञ्जालले जोडेको छ । भारत र बंगलादेशलाई जोड्ने भू–भाग फूलबारीमा टेकेर समय जनाउने घडीको सुई फनफनी घुमेर थाहा नपाए झैँ आफ्नो घुमेको समयले नेटो काटेको पत्तै भएन भनेर नियात्राकारले आफ्नो व्यस्तताको छनक दिएको प्रतीत हुन्छ यस नियात्रामा । फर्किंदा भारतको सिलगुढी हुँदै पानीटंकी– काँकडभिट्टा सिमा हुँदै मेचीपुल कटेर पुनः नेपाल नै फर्किएको सबिस्तार चर्चा गरेका छन् नियात्राकार हरिप्रसाद अधिकारीले ।

नियात्राको अर्को शीर्षक छ– 'उठे सगरसम्म, बसे गजधम्म, हिँडे सागरदेखि सगरसम्म' । नियात्राको नामकरण पनि यही शीर्षकमा गरेर यात्रावर्णन रोचक बनाउनु भएको छ लेखकले । विराटनगरबाट खुर्कोट हुँदै घुर्मी अनि ओखलढुङ्गाको रूम्जाटारसम्मको यात्रा तय गर्दै  अगाडि बढ्दै जाँदा रामेछाप र ओखलढुङ्गा जिल्लाको सिमाना लिखु नदीसँगै सप्तकोसीका अन्य सहायक नदीहरू बाहेक तामाकोसी, सुनकोसी तथा इन्द्रावती नदी समाहित भइसकेको प्रसङ्ग लेखकले प्रष्ट्याएका छन् । चतरा– घुर्मी सडकको आवश्यकता किन परेको छ भन्ने विषय माथि प्रकाश पार्नु भएको छ लेखकले । 'विश्वको सर्वोच्च शिखर सगरमाथा' नियात्रामा सगरमाथासम्मको रोमाञ्चकारी यात्रालाई विश्लेषण गरेका छन् ।

## उपसंहार

नियात्राकार हरिप्रसाद अधिकारीका २० वटा नियात्राहरू अद्योपान्त पढेर के बुझियो भने एउटा राष्ट्रसेवकले देशभित्र तथा बाहिरका केही स्थानहरू अवलोकन गरेर ती स्थानको परिचय, ऐतिहासिक महत्त्व र महिमालाई सुन्दर ढङ्गले प्रस्तुत गर्न सक्ने खुबी तारिफयोग्य छ । सन्देशमूलक, जानकारीमूलक नियात्रा लेख्न अरूलाई पनि उत्प्रेरित गर्नसक्ने क्षमता पनि उहाँमा प्रशस्त भेटिन्छ । जागिरे जीवनको बचेखुचेको समय सिर्जनात्मक रूपमा एउटा कृति पस्किन सक्नु सफलता नै मान्नु पर्दछ । अरूहरूलाई पनि केही लेखनमा तत्पर बनाउन बारम्बार झक्झक्याउन सफल नियात्राकार हरिप्रसाद अधिकारीको यो कृति सबैले पढ्न र मनन गर्न आवश्यक ठान्छु ।



# 'अचानक यो साँझ' मा घोत्लिँदा


**डा. रामदयाल राकेश**

ठाकुर बेलवासेको एक दशक अघि प्रकाशित कवितासङ्ग्रह सागरको वरिपरि मनहरूको समारोहको बारेमा मैले लेखेको कुरा स्मरण गर्दछु– ठाकुर बेलवासे नेपाली समसामयिक काव्यधाराका एउटा सशक्त कवि हुनुहुन्छ। उहाँ प्रतिभावान्, अर्थवान् र सामर्थ्यवान् रचनाकार हुनुहुन्छ । उहाँको काव्यरचना संसारमा रङहरूको राम्रो संयोजन र सम्यक समन्वय भएको पाइन्छ भने कथ्यको काव्यात्मक सङ्गुम्फन पनि। उहाँको काव्य पङ्क्ति पङ्क्तिमा बौद्धिक पुट प्रशस्त मात्रामा पाइन्छ जसले गर्दा भावपक्ष दबिएको आभासित हुन्छ । आजको वैज्ञानिक र बुद्धिप्रधान युगमा हृदयको भन्दा बुद्धिको प्रधानता हुनु सर्वथा स्वाभाविक कुरा हो, सान्दर्भिक कुरा हो। तसर्थ ठाकुरका कविताहरू हृदयभन्दा मस्तिष्कलाई र हाम्रो मथिङ्गललाई घचघच्याउन पुग्छन् ।

ठाकुर बेलवासेको भर्खरै प्रकाशित कवितासङ्ग्रह 'अचानक यो साँझ' आदिदेखि अन्त्यसम्म अध्ययन गर्दा अहिले पनि उक्त कुरा सान्दर्भिक लाग्छ। उहाँ हृदयभन्दा बुद्धिलाई बढी प्राथमिकता दिने कवि हुनुहुन्छ। एउटा नयाँ आयाम अवश्यमेव यहाँ उद्घाटित हुन पुगेको छ कि उहाँको कवितामा राजनैतिक संचेतना अझ बढी घनीभूत भएर अभिव्यक्त भएको छ। आजको विश्व कवितामै राजनीति प्रधान हुन थालेको बेलामा उहाँका कवितामा राजनीतिक रूप रङ र रेखाको रेखाङ्कन हुनु सर्वथा स्वाभाविक नै हो। आजको राजनीतिक माहोलमा राजनीतिले सडक छाप मानिसदेखि संसद्को शीतताप निर्मात्रित सभागृहमा बस्ने मानिसलाई समानरूपमा गाँज्न थालेको छ र त्यसको प्रभाव आजको साहित्यमा र विशेष गरेर कवितामा गुन्जिन थालेको छ ।

ठाकुर बेलवासे एउटा राजनीति सचेत व्यक्ति भएकाले पनि कवितामा राजनीति संचेतनाको सघन प्रस्तुति प्रशंसनीय नै मान्न सकिन्छ । उहाँलाई आफ्नो देशकोमात्र अभिरूचि छैन अपितु छिमेकी मुलुक म्यानमारको राजनीतिमा पनि

उत्तिकै चासो र चाख छ । हुन त म्यानमारकी नेतृ आङ्सान सुकी निजी नजरबन्दबाट मुक्त भइसकेकी छिन् । तर उनको देशमा अझ लोकतन्त्रको लालिमा फैलिन लामो समय लाग्ला जस्तो छ ।




कवि ठाकुर पनि निरङ्कुश शासकको प्रवृत्ति र प्रकृतिसँग राम्रोसित परिचित हुनुभएकाले उहाँको एउटा सर्वसाधारण सिद्धान्त नै निर्मित भइसकेको छ । संसारका निरङ्कुश शासकहरू, तानाशाहहरूको एउटै नियत र नियति हुँदोरहेछ । उनीहरूको मन र मनोविज्ञान राम्रोसँग बुझ्ने कवि ठाकुर बेलवासे आफ्नो कवितामा यसरी चरित्र चित्रण गर्न पुग्नु सर्वथा औचित्यपूर्ण लाग्छ । हेरौँ काव्यपङ्क्तिहरू–

**बारूदले आँखा टालेर**
**जब मान्छेभन्दा बढ्ता शासक बन्न खोज्छ मान्छे**
**आँखा, मन, मुटु सबै सबै अङ्गबाट**
**संवेदना हराउँदोरहेछ**
**र बाँच्दो रहेछ तीव्र आक्रोश**

**मान्छे सत्तामा पुगेपछि मुर्कट्टा पो बन्दारहेछन्**
**अँध्यारो जथाभावी हिँडने**
**र जगत् तर्साइरहने**

*पृष्ठ, ७०*

कवि ठाकुरको ठहर के छ भने निरङ्कुश, सामन्तवादी र साम्राज्यवादी मात्र होइन जुनसुकै मानिस शासक बनेपछि, सत्तामा आसीन भएपछि मदोमत्त, मदान्ध र उन्मादी हुँदोरहेछ । जन निर्वाचित शासक भए पनि उसमा पनि थोरबहुत

सत्तालिप्साको साथसाथै सत्तालिप्सा उन्मादको रनक चढ्दो रहेछ । आफ्नो धरातलीय यथार्थ बिर्संदा रहेछन् । युगीन यथार्थ भुल्दारहेछन् । उनीहरूसित स्वतन्त्रताको कुरा, स्वाभिमानको कुरा गर्नु वाहियात हुन्छ किनभने उनीहरू मान्छेभन्दा बढी मुर्कट्टा हुन्छन् । मुर्कट्टामा संवेदनाको लेश मात्र पनि हुँदैन ।

ठाकुरको काव्यिक संवेदना कतिचोटि घाइते भएको छ । उहाँ सामाजिक सरोकारप्रति मानवीय संवेदनाप्रति सजग, सतर्क र सावधान कवि हुनुहुन्छ । हुन त आजको संसारमा संवेदना हराइसकेको छ । तर यो सम्पूर्णतः हराएको छैन । कवि बेलवासे बस्तीबाट हराइसकेको संवेदनामाथि एउटा मानव सभ्यताको विकासका पक्षधर भएर उभिनु आफ्नो कर्तव्य ठान्नुहुन्छ । उहाँको आदर्श छ एउटा नयाँ मानव सभ्यताको निमार्ण त्योचाहिँ काल्पनिक होइन वास्तविक हुनु पर्ने -

**यो आकाश हेरेर मात्र हुँदैन**
**टेकेर प्रत्येक ग्रहका अङ्ग अङ्ग**
**एउटा मानव सभ्यताको विकास गर्नुपर्छ**

*पृष्ठ, ४७*

यसै क्रममा उहाँले मानवतावादी कविको रूपमा आफूलाई अग्रसारित गर्नु अभिनन्दनीय कुरा हो । उहाँको काव्यमा मानवतावादी स्वर सजिलोसित सुन्न सकिन्छ । उहाँ मान्छेको गीत सुन्न आकुलव्याकुल देखिनुहुन्छ । मान्छेको गीत उहाँको नारा बन्न पुगेको छ । मानवता हराउँदै गएका बेलामा मान्छेको गीत सुन्ने कविको लालसा सराहनीय छ । कविको चाहनालाई जति प्रशंसा गरे पनि पुग्दैन । अतःमानवताका शङ्ख फुक्दै आफ्नो गन्तव्यलाई अग्रगति दिन चाहनुहुन्छ । ठाकुर बेलवासेमा मानवतावादी स्वरको सर्वदा स्वगतयोग्य मान्न सकिन्छ ।

**परेवा उडाउँदै सगरमाथाको चुलीबाट**
**मानवताको शङ्ख फुक्दै**
**मान्छेका गीत सुन्ने बेला आएको छ ।**

*पृष्ठ, ४६*

कवि ठाकुर बेलवासेको काव्यकारिता संसारमा मानवतावादी स्वर मात्र गुन्जित छैन अपितु उहाँले उज्यालोको पक्षधर भएर आफ्नो काव्यधाराबाट उज्यालोको अजस्र राशि फैलाउने अठोट पनि लिनुभएको छ । कविता उज्यालोको पक्षमा

लेखिन्छ । कविता यस निम्ति पनि लेखिन्छ कि मानवीय मूल्य, मान्यता र मर्यादाको पनि रक्षा होस् । यस्तो अमानवीय समयमा कविको अन्तर्मनबाट अभिव्यक्त काव्यपङ्क्ति हेरौँ–

**अब उज्यालो हुनुपर्छ मेरा हरेक दृश्य अगाडि**

**प्रमिथस जागेको छ**

**मभित्र**

*पृष्ठ, २०*

'अँध्यारो विरूद्ध' शीर्षक कवितामा पनि कवि ठाकुर बेलवासे स्वतन्त्रताको र उज्यालोको पक्षधर भएर आफ्नो अभिव्यक्ति यसरी अग्रसरित गर्नु भएको छ । निरङ्कुशताको नाश होस् भन्ने कविको अभिलाषा राम्रो छ -

**पहाडको छाती टेकेर**

**स्वतन्त्रताको शङ्ख फुक्ने यात्रामा छु**

**सायद उसकै नलिहाड फुक्नेछु**

*पृष्ठ, ६७*

यसबाट के प्रस्ट हुन्छ भने ठाकुर बेलवासे प्रकाशका कवि हुनुहुन्छ । यसबाहेक उहाँ स्वतन्त्रताका पक्षधर कवि पनि हुनुहुन्छ । उहाँका धेरै जसो कवितामा स्वतन्त्रताको गीत गाइएको छ ।

समालोचक तथा यस काव्यसङ्ग्रहका भूमिका लेखक डा.गोविन्द भट्टराईले स्वतन्त्रताका विम्बहरू शीर्षकमा लेख्नु भएको छ– सबै कविता स्वतन्त्रताका गीत हुन् । स्वतन्त्र विचारका, मुक्त समाजको खोजी मुक्तिका । .उनी स्वतन्त्रताको लामो सङ्घर्षमा उत्रे, सडक कविता आन्दोलनमा लागे, देखिए, कुटिए थुनिए - निरङ्कुशताका बर्बर बुट उनीमाथि वज्रिए । त्यसले उनलाई अझ सुदृढ र झन् बढी आस्थावान् गरायो । उनी झन् अविचलित भएर मुक्तिको लागि शङ्खघोष गर्दै हिंडे । सङ्ग्रहभरि स्वतन्त्रताका विम्बहरू बारम्बार आएका छन् । उनले कति ठाउँमा आङ सान सुकी विम्ब पुकारेका छन् । *पृष्ठ, ११*

पाश्चात्य लेखक रोर्बेटा बोलाजोको अनुसार "अल लिटरेचर, इन अ सरटेन सेन्स, इज पोलिटिकल ।" अर्थात् सम्पूर्ण साहित्य एउटा निश्चित अर्थमा राजनैतिक हुन्छ । यस कसीमा कस्ने हो भने ठाकुर बेलवासेका बेजोड कविता मूलतः राजनैतिक नै हुने गर्छन् ।

आलोच्य कविता सङ्ग्रहमा सङ्कलित अधिकांश कविताहरू राजनैतिक संचेतनाबाट अगाडि बढेका छन् । राजनीतिले अहिले सबै क्षेत्रलाई प्रभावित र प्रेरित गर्दै गएको सन्दर्भमा यी कविताहरूमा राजनीतिक रङ political colour को प्रभाव पर्नु कुनै आश्चर्यको कुरो होइन । राजनीतिका बदनाम तानाशाहहरू उहाँका कवितामा एउटा सशक्त प्रतीकका रूपमा अभिव्यक्त भएका छन् । संसारभरमा बदनाम भएका हिटलर कवि बेलवासेको मनमस्तिष्कमा जरा जमाएर बसेका छन् । उहाँ हिटलरको मार्फत आजका तानाशाहहरूलाई सबक सिक्नका लागि अर्ती उपदेश दिनु आफ्नो कर्तव्य र दायित्व ठान्नुहुन्छ । हेरौँ उहाँका अभिव्यक्ति–

**हिटलरको उपहार सजाएर**

**जगत् तर्साइरहेका शासकहरू**

**आकाश छेक्न खोज्दै**

**हुटिट्याउँ बाँचिरहेका छन्**

*पृष्ठ, २१*

राजनीति प्रधान कविता लेखनमा कवि ठाकुर बेलवासे अग्रस्थान ओगट्न सफल हुनुभएको छ । उहाँको कलमबाट कविता मिश्रित राजनीतिको राप र ताप तप तप खस्दो रहेछ । आजको प्राणी सामाजिक भन्दा राजनीतिक बढी भएको छ । बौद्धिक भन्दा पनि बढी राजनीतिक हुनुमा आजको राजनैतिक माहोल कारक तत्त्व हुन गएको छ । कवि बेलवासेका कवितामा बौद्धिक स्वरूपमा राजनीतिक रङ मिसिएको भेटिन्छ । कवि बेलवासेले देशलाई नै खाने भाँडो बनाउनेहरूसित आक्रोश पोख्नु सर्वथा स्वाभाविक हो । देशलाई रेष्टुराँ र होटेल बनाउनेसित उहाँको गुनासो छ । त्यस्ता व्यक्तिहरूप्रति गर्जनु कवि बेलवासेले आफ्नो कर्तव्य ठान्छन् । कवि बेलवासेको अभिव्यक्तिमा कृत्रिमता कम र वास्तविकता बढी छ जस्तो लाग्छ ।

अहिले देशको राजस्वले सत्तरी प्रतिशत नेता र कर्मचारीको खल्तीको शोभा बढाएको छ भने तीस प्रतिशत मात्र सरकारको ढुकुटीमा जान्छ । यो सरकारी तथ्याङ्क नभए तापनि मिथ्याङ्क भने चाहिँ होइन् । तसर्थ, ठाकुर बेलवासेको राजस्वको आकलन सही नहोला तर यसमा सत्यताको पुट प्रशस्त पाइन्छ । हेरौँ उहाँको आकलनको आँकडा जुन गणितीय जोडघटाउको आधारमा होइन काव्यिक आधारमा अभिव्यक्त भएको छ–

**देश–**

**कार्यकर्ताको रेस्टुराँ बनेपछि**

**सत्ता**

**शासकहरूले भन्सार नाका सम्भेपछि**

**नागरिकका आखाँबाट तप तप खस्दोरहेछ**

**देश**

*पृष्ठ, ३०*

आज देशमा सत्ता–सुख उपभोग गर्नेहरू मात्र नागरिक भएका छन् । हुन त रैती प्रजा हुँदै आजका देशबासी सही नागरिक हुनुपर्ने हो । तर सबैभन्दा विडम्बना के छ भने देशमा गणतन्त्रको स्थापना भए पनि आम मानिस नागरिक हुन पाएका छैनन् । सुकिला मुकिलाहरूले जुनसुकै व्यवस्थामा पनि नागरिक हुने सौभाग्य पाउँछन् । तर आम मानिस प्रजातन्त्र होस् कि लोकतन्त्र होस् कि गणतन्त्र होस्, उनीहरू नागरिकको उपाधिबाट विभूषित हुन पाउँदैनन् । वास्तबमा कुनै पनि देशमा नागरिक हुनु सौभाग्यको कुरा हो । तर नागरिक शब्दको गरिमा आज पनि नेपालमा स्थापित हुन सकेको छैन । संविधानमा लेखिँदैमा आम मानिस नागरिक हुन सक्दैनन् । नागरिक हुनका लागि आवश्यक सर्त के छ भने देशका सबै निकायहरूमा उनीहरूको प्रवेश र पहुँच समान ढङ्गबाट हुनुपर्छ । आज नेपालमा नेता, कार्यकर्ता र कर्मचारी मात्र नागरिक भएका छन् । कवि, कलाकार, लेखक, सङ्गीतकार र चित्रकारहरू सिंहदरबारको मूल गेटमा अनागरिक भएर उभिएका छन् । उनीहरूलाई देशले आफ्नो हक अधिकारको रोक लगाउन व्यस्त छ । यस अर्थमा कवि ठाकुर बेलवासेका कविता नारा अर्थात् राजनीतिक नारा मात्र नभएर सत्य–तथ्यको निरूपणमा निरन्तर गतिशील छन् । हुन त अचेलको सन्दर्भमा सहिदहरूको पनि कुनै सम्मान छैन । सम्मान र मानको संस्कृतिमा पनि रानीतिक सारको झलक भेटिन्छ । तसर्थ, देशका लागि उत्सर्ग र बलिदान दिने सहिदहरू पनि सम्मानबाट वञ्चित भएका छन् । जसप्रति ठाकुर भित्रको कवित्व धेरै सजग र सचेष्ट भएर देखा पर्छ । उहाँमा ऐतिहासिक र सांस्कृतिक चेतना घनीभूत भएर सघन भएको छ । एउटा उदाहरण–

**बुद्ध, जनक, सीता या सहिद यस्तै देश चिनाउने**

**फोटोहरू च्यातचुत पारेर**

**सहन नसकेर पीडा**

**ती फोटो कागज मुख बुजो लगाएर**
**नागरिकताको गलपासो लगाएर**
**अनागरिक नाङ्गै उभिएको छु**
**यो सिंहदरबारको मूल गेटमा**

*पृष्ठ, ३१*

समग्रमा भन्दा समीक्ष्य कवितासङ्ग्रहमा राजनीति, प्रेम, विरह, र मृत्युको अभिव्यञ्जनाको स्वर प्रतिध्वनित भएको छ । केही प्रेमिल कविताहरू स्मरणीय, पठनीय र लालित्यपूर्ण छन् । तर राजनीतिक रङ भएका कविताको सामुमा यी प्रेमको रास र रङ फिका देखिन्छ । राजनीति नै मुख्य उपजीव्य हो र यो नै यसको उपलब्धि पनि हो ।


'सागरको वरिपरि मनहरूको समारोह' पहिलो कवितासङ्ग्रह लिएर काव्य संसारमा देखा पर्दा कवि बेलवासे क्लिष्ट लाग्थे । अचानक यो साँझमा आउँदा उनी अलि सरल तर गहिरो लागेका छन् । कविले समयक्रमसँगै आफ्ना सिर्जनाको स्वरूपलाई परिवर्तन गर्न सक्नु ठूलो क्षमता मान्दछु म ।

बेलवासेको अर्को परिचय भनेको उहाँ निडर र कुशल पत्रकार र सामाजिक अभियन्ता पनि हो । अझ पचासको दशकदेखि उहाँले साहित्यको उन्नयनका लागि गरेको कार्य स्तुत्य छ । निरन्तर साहित्यिक सभा–समारोह गोष्ठी गर्ने, स्रष्टाहरूको सम्मान गर्ने, स्रष्टाहरूको पोस्टर र पोस्टकार्ड (छाँया चित्र) प्रकाशन गर्नेलगायतका कार्यहरू गरेर बेलवासेले स्रष्टाहरूको उच्च सम्मानको थालनी गर्नुभएको थियो । सिर्जनामा शक्ति भएका स्रष्टाहरू यसरी अभियानमा लाग्नुको विशेष अर्थ पनि हुन्छ ।

आलोच्य कविता सङ्ग्रहका सबै कविता नयाँ शैली र बान्कीका छन् । समसामयिक नेपाली कविता लेखनमा ठाकुर दोस्रो सङ्ग्रहमा पनि भिन्न र उत्कृष्ट स्रष्टाका रूपमा देखिएका छन् । यो सङ्ग्रह भित्रका सबै कविता बेजोड लाग्छन् तर पनि 'नाङ्गो पीडा' शीर्षक मास्टर पिस कविताका रूपमा मननीय छ ।

बेलवासेजीलाई मैले मिहिन ढङ्गबाट पढेको छु । उहाँ विद्रोही कवि हो । उहाँ मानवीय कवि हो । उहाँले ईश्वरलाई विम्ब बनाएर मानिसको दम्भको सत्ता भत्काउने कवि हो । चालिसको अन्त्य र पचासको आरम्भले जन्माएको एउटा बलियो र मानक कवि हो, ठाकुर बेलवासे ।

# 'पर्दाभित्र...' उपन्यासमाथि समालोचकीय दृष्टिपात



वासुदेव गुरागाईं

कतिपय व्यापारीहरू भन्छन् अरे– हाम्रा अगाडि नाचिरहेका हावाका प्रत्येक कणमा पैसा उडिरहेको छ । मसँग केही छैन भनेर रोइकराइ गर्ने नै होइन । त्यसरी हावामा उडिरहेको पैसालाई देख्ने र समाउने कला हुनुपर्छ । त्यही किसिमको सोच र अठोट हुनुपर्छ । जसले त्यसो गर्नसक्छ त्यो आर्थिक रूपमा अगाडि बढ्छ, थप केही गरिरहनै पर्दैन ।

यो भयो व्यापारिक कौशल र आर्थिक पक्षको कुरो । साहित्यमा पनि त्यस्तो हुन्छ । एउटा साहित्यकारका अगाडि अरबौँ विषय हुन्छन् लेख्नका लागि । त्यसलाई कुन दृष्टिकोणबाट हेर्ने, कसरी टिप्ने, कसरी लेख्ने र कसरी सम्प्रेषण गर्ने भन्ने कुरा उसको लेखनकलामा भर पर्छ । बनाइतुल्याइ र पस्काइको तौरतरिकामा भर पर्छ । यसैका आधारमा पाठकीय दृष्टिकोण बन्छ त्यस्ता साहित्यिक कृति वा रचनाहरूमा ।

यतिखेर मेरा हातमा छ, वि. सं. २०८० को उत्तरार्द्धतिर प्रकाशनमा आएको उपन्यासकार गंगाप्रसाद भेटवालद्वारा लिखित पर्दाभित्र... नामधारी उपन्यास । केही दिनअघि मेरा हातमा यो कृति पऱ्यो । नयाँ चिनजान भएका लेखकको नयाँ कृति विनामूल्य मेरा हातमा परेपछि त्यसलाई अध्ययन गर्नु मेरो कर्तव्य बन्यो र यही आत्मबोधका साथ त्यस कृतिका पाना पल्टाउन थालैँ ।

पेसाले कानुन व्यवसायी गंगा भेटवालको साहित्यिक लगाव, विषय छनोटको तौरतरिका र लेखन शैली कस्तो रहेछ भनेर सुरूदेखि नै कौतूहल थियो मनमा । यही कौतूहल वा पूर्वाग्रहले हो वा किन हो पढ्दै जाँदा उपन्यासको तेस्रो अङ्क (शृङ्खला) सम्म म त्यतिविधि सन्तुष्ट हुन सकिनँ । एक हिसाबले बिचैमा छाड्दिऊँ कि भन्ने सोच पनि बनाएँ । हैन, यत्रो दुःख गरेर लेखिएको र प्रकाशनमा ल्याइएको कृतिलाई यसरी कम आकलन गरेर, पूर्वाग्रहमा परेर छाड्नु मेरो धर्म होइन भन्ने लाग्यो । त्यसपछि यसभित्र केही न केही त पक्कै छ भनेर निष्कर्ष निकालैँ र अध्ययनलाई निरन्तरता दिएँ ।

इनार खन्दै जाँदा सुरूमै त पानी आउन्न । विरसिलो परिश्रम गर्नुपर्छ पानी निकाल्नका लागि । पानी आउन निकै गहिराइसम्म खन्नुपर्ने हुन्छ । यस्तै भयो यो कृतिको अध्ययनमा पनि । जब म चौथो शृङ्खलाभित्र प्रवेश गरेँ तब पर्दाभित्र...को पर्दाफास सुरू भयो । मैले सोचेभन्दा धेरै अगाडि रहेछ गंगा भेटवालको पर्दाभित्र... उपन्यास । विषयवस्तुको छनोट मलाई सही लाग्यो । प्रस्तुतिको तौरतरिका याने कि शैली सही जँच्यो । पढ्दै गएँ, बढ्दै गएँ । चौथो शृङ्खलापछि पट्यारको अनुभूति कतै गर्नुपरेन । अहो ! अब यसपछि को आउला ? अब के होला ? हुँदै उपन्यास अध्ययनको सिलसिला अन्तिममा पुग्यो । पाठकको सन्तुष्टिले शिखर चुम्यो ।

यति भनेपछि यस समालोचनात्मक आलेखका पाठकका मनमा अवश्य पनि कौतूहल जाग्न सक्छ । स्वाभाविक हो । यो जो कोही पाठकलाई हुने कुरा हो । यसरी कुराको उठान गरिएको उपन्यास पर्दाभित्र... के छ त त्यस्तो कुरो । एक पटक यसलाई यसरी विश्लेषण गरिहेरूँ । यसो गर्दा पाठकका लागि उपन्यासको मोटामोटी पक्ष बुझ्न सजिलो हुन सक्छ ।

## कथानकको स्वरूप

पर्दाभित्रको औपन्यासिक कथालाई नियाल्दा यसलाई तीन भागमा बाँड्न सकिन्छ । पहिलो भागमा नेपालको पूर्वी जिल्ला पाँचथरमा रहेबसेको वसन्ते नामको एउटा केटाको द्विविधात्मक मनस्थितिबाट उपन्यास सुरू हुन्छ । बाह्र कक्षा उत्तीर्ण गरेको वसन्तेलाई सबै साथीभाइ धमाधम विदेसिएको दृश्यले लोभ्याउँछ । घरको आर्थिक अवस्था सन्तोषजनक नभएको उसका मनमा यस्तो लालसा पलाउनु अन्यथा पनि थिएन । तर उसलाई स्वदेशका आफ्ना डाँडापाखा नियालिरहँदा तिनले 'हामीलाई छाडेर विदेश नजा' भनेझैँ लाग्छ । डाँडापाखाको यस आग्रहलाई ऊ गम्भीर रूपमा मनन गर्छ । गाउँमा थप शिक्षा आर्जनको बाटो नदेखेपछि ऊ अब उच्च शिक्षा आर्जनकै लागि देशको राजधानी काठमाडौँ जाने निधोमा पुग्छ र आफ्ना बाबुलाई त्यो कुरा बताउँछ । कहिल्यै घर छाडेर नहिँडेको वसन्तेलाई झापा ओर्लँदा नै कता हो कताको भूगोल लाग्छ त्यो ठाउँ । उसका लागि अपरिचित ठाउँ । हिँड्ने बेलामा बाबुले बताएका सुन्दर लावतीको खोजी गर्छ । पाउँदैन । बस चढिसकेपछि उसैसँग टाँसिएको सिटमा त्यही नाउँ गरेका मान्छे आउँछन्, तर अर्कै । बसमा धेरै आपसी कुराकानी हुन्छ । काठमाडौँ आइपुगेपछि लावतीले अलिकति आर्थिक सहयोग पनि गर्छन् वसन्तेलाई र पशुपति जाने, त्यहाँ बस्नेखाने आदि विषयमा केही बताउँछन् । वसन्ते पशुपति पुगेर उसले भने बमोजिमका कुराको पछि लाग्छ र केही रात त्यहीँ बिताउँछ ।

वसन्ते पशुपति क्षेत्रको गुह्येश्वरीमा गएर उसको मित बा ज्योतिष हरिनारायणको खोजीमा तल्लीन हुन्छ । घरबाट निस्कनुअघि उसका बुबाले उसलाई गुह्येश्वरीमा आफ्नो बाल्यकालीन मित हरिनारायण ज्योतिषी काम गरेर बसेको बताएका हुन्छन् । उनलाई भेट्दा उसलाई आवश्यक सहयोग हुनसक्ने उसको अपेक्षा छ । उसको बा र हरिनारायण कसरी मित बने भन्ने प्रसङ्ग पनि रोचक छ । धर्मशालाको बसाइ, खुवाइ र मित बा हरिनारायणको खोजीमा लागिरहेकै अवस्थामा उसको सम्पर्क झापाका खनाल बाजेसँग हुन्छ । खनाल बाजेले उनलाई निकै ठुलो सहयोग पुऱ्याउँछन् । उनैको सहयोगमा ज्योतिष हरिनारायण भेटिन्छन् गुह्येश्वरीमा । वसन्ते त्यहीँ पुग्छ र त्यहीँ बस्छ । ऊ परिवारको सदस्य जस्तो भएर रहन्छ त्यहाँ । हरिनारायणका दुवै छोरा विदेश हुन्छन् । मितको छोरो आएर बस्दा उसलाई छोराकै व्यवहार गर्छन् । आमाले पनि उत्तिकै रूचाउँछिन् उनलाई । उसको पढाइ पनि अगाडि बढ्छ । यतिसम्मको औपन्यासिक कथा बुनाइ पहिलो खण्डमा राख्न सकिन्छ ।

अब सुरू हुन्छ उपन्यासको दोस्रो खण्डको कथानक । पर्दाभित्र... के-के हुन्छ ? कस्ता-कस्ता मानिस त्यहाँ भेटिन्छन् भन्ने कुराको पर्दाफास यस खण्डमा हुन्छ । उपन्यासको यो खण्ड पढिरहँदा पाठकको मन अतालिन्छ । अहो ! यहाँ यस्तो पनि हुन्छ भनेर ऊ चकित पर्छ ।

हरिनारायण त्यस क्षेत्रका प्रख्यात ज्योतिष हुन्छन् । उनकोमा परामर्श गर्न आउने मानिस सामान्य मानिस नभएर मुलुकभित्रका विशेष-विशेष मान्छे मात्र हुन्छन् । हरिनारायणले त्यस्ता मानिसका विषयमा उनीहरूसँग भएको संवाद गोप्य रूपमा वसन्तेलाई सुनाउने व्यवस्था मिलाउँछन् । ऊ गोप्य कोठामा बसेर उनीहरूबिचका सबै कुराकानी सुन्छ । आममानिसलाई पर्दाभित्र के-के हुन्छ भन्ने सुनाउनका लागि वसन्तेको उपयोग गरिएको हुन्छ । उसलाई ती कुरा सुनाउनु भनेको आम मानिसलाई त्यस किसिमको सन्देश पुऱ्याउने उपन्यासकारको अभीष्ट देखिन्छ । जो अत्यन्त सान्दर्भिक र उपयुक्त लाग्छ । पर्दाभित्र... धेरै कुरा हुने गरेका छन् । ती सबै कुरा यहाँ उतार्नु सम्भव छैन । त्यसैले उपन्यासकारले यहाँ वकिल, पूर्वन्यायाधीश, व्यापारी (साहुजी), विभिन्न हन्डर खाएकी महिला राजनीतिकर्मी, आफ्नै परिश्रममा अगाडि बढ्ने क्रममा मिटरब्याजीभन्दा पनि चर्को मूल्यका साहुहरूबाट पीडित एक नारी सरला, क्रान्तिकारी भनाउँदाहरूबाट पीडित तर पछि सम्पत्तिका लागि आफ्नै बाबुको हत्या गर्ने एक छोरा विक्रम, अनौठो तरिकाबाट धनी बन्ने अवसर पाएका तर आफ्नै छोरा र श्रीमतीको हत्या गर्ने एक होटेल व्यवसायी, विभिन्न राजनीतिक पार्टीमा लागेर गलत तरिकाबाट राज्य

दोहनमा संलग्न डम्बरध्वज, सरकारी जागिरमा प्रवेश गरेर अथाह सम्पत्ति कमाएर वृद्धावस्थामा एक्लिएका एक पिताम्बर नामका व्यक्ति, गैर सरकारी संस्थाका माध्यमबाट नारी हिंसालगायत विभिन्न कुकर्ममा लागेर अथाह पैसा कमाएका तिवारीजी, अथाह पैसा पनि कमाएका र बुद्धि पनि बिग्रेका एक प्रोफेसर, स्वास्थ्य क्षेत्रमा लागेर लुट मच्चाउने डाक्टर आदिको पर्दाभित्रको पर्दाफास औपन्यासिक कथाको दोस्रो खण्डमा पाइन्छ ।

अनि, तेस्रो खण्डमा वसन्ते परिपक्व बनेको कुरा, हरिनारायणका घरमा पण्डितनीसँग एक आपसमा त्यति आत्मीयता नभएका कुराको प्रसङ्ग, खनाल अङ्कलसँग सूचना सङ्कलनको प्रयास, हरिनारायणको अपराधको खोजी, प्रहरीको फन्दामा हरिनारायण र उनको जेल यात्रा, जेलमा एकदिन हरिनारायणको जेल नाइकेसँग कुरा मिलाएर वसन्तेसँग लामो बातचित, हरिनारायणले आफ्ना सबै कथा ओकलेको, विदेशमा रहेका छोराहरूलाई खबर गर्दा खासै चासो नदेखाएको, जेलमा लामो कुराकानी भएकै भोलिपल्ट ज्योतिष हरिनारायणले आत्महत्या गरेको, विदेशबाट छोराहरू नआएर काजक्रिया वसन्तेले गरेको, हरिनारायणले भनेअनुसारका कागजात पाएको, जुम्ला सिन्जाका एक विद्वान्ले लेखेको पत्र पाएको, त्यसका मुनि वसन्तेलाई हरिनारायणले चिठी लेखेर छाडेको, पाँचथरमा बसेका बाबु र भाइलाई काठमाडौँ बोलाएको, हरिनारायणको आग्रह बमोजिम मितिनी आमालाई आफ्ना बाबुसँग बिहे गराएको, आमाका मुखबाट नेपालमाथि चारैतिरबाट नदेखिने रूपमा आक्रमण भइरहेको, त्यस क्रममा भाषामाथि आक्रमण, संस्कृतिमाथि आक्रमण, राजनीतिमाथि आक्रमण, राज्यका सबै क्षेत्रमा आक्रमण, कतै विदेशीबाट, कतै नेपाली नै मतियार बनेका, राज्यका न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका व्यक्तिहरू नै विकृत बनेर फोहोरी आहाल बनेकाले अब तँ जस्ता युवाले यसमा शुद्धीकरण गर्नुपर्ने सुझाव व्यक्त गराएको र अन्त्यमा अब हामी युवाहरू उठ्छौँ भनेर वसन्तेले 'नेपाल आमा जिन्दाबाद' भनेर नारा लगाएसम्मका कुरा तेस्रो खण्डमा विभाजन गर्न सकिन्छ । यसरी हेर्दा सत्र अङ्कमा विभाजित यस उपन्यासमा तीन अङ्कसम्म पहिलो खण्ड, चारदेखि सोह्रसम्म दोस्रो पर्दाभित्रको पर्दाफास खण्ड र सत्रौँ अङ्क देशप्रति समर्पित भाव जागेर राष्ट्रियताप्रति जागरण आएको खण्डका रूपमा पाइन्छ ।

## उपन्यासको कथानकले समेटेका विषयवस्तु

पर्दाभित्र... नामधारी यस उपन्यासभित्रका औपन्यासिक कथा एकै प्रकृतिका छैनन् । एउटै विषयवस्तु र त्यसैको लयमा उनिएका कथा नभएकाले यसभित्र विविध

स्वाद समेटिएको छ । तर जति कथाको विषयवस्तु यहाँ समेटिएको छ ती सबै समाजभित्रका विकृत पक्षको उद्‌घाटन गर्न सक्षम छन् । यसरी हेर्दा भने उपन्यासको विषय कथावस्तु एकै जस्तो पनि देखिन्छ । समाजभित्रका विविध क्षेत्रका विसङ्गति र विकृत पक्षलाई समेटिएका कारण यसलाई समग्रमा एकै प्रकृतिको त भन्न सकिएला तर कथानकको विषयवस्तु भने एउटा कुनै निश्चित विषयमा मात्र सीमित छैनन् । अर्थात्, सबै कथाका शृङ्खला नितान्त फरक–फरक छन् ।

यसभित्र कुनै एक अधिवक्तालाई आफ्नो पेसालाई अघि बढाउने क्रमको सुरूको अवस्थामा सोझो हिसाबले अघि बढ्दा बाँच्न पनि धौ–धौ परिरहेको, न अदालत न सर्वसाधारण झगडियाहरूले नै पत्याएको स्थिति एकातिर वर्णित छ भने अर्कातिर गलत काम गर्न थालेपछि अकल्पनीय रूपमा अनैतिक शारीरिक सम्पर्कदेखि धन दौलत, सवारी साधन आदि जोड्ने, ब्ल्याकमेलिङ गर्ने, पार्टीमा प्रवेश, राजनीतिक व्यक्तित्वहरूले पत्याउने र कमाउने तौरतरिका समेत सिकाउनेसम्मको अवसर जुरेको देखिन्छ । पर्दाभित्र... हुने यो कथा बहुत रोचक छ ।

मुद्दामामिलाका क्रममा भेटिने झगडियाहरूसँग पहिलो सम्पर्क हुने अधिवक्ता मात्र नभएर त्यसपछि मुद्दा हेर्ने न्यायाधीशको पर्दाभित्रको कथा पनि बहुत रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ उन्यासमा । कुनै एक वकिल आफ्नो व्यवसायबाट टपक्क टिपिएर न्यायाधीश बन्न पुग्छ । देशको सर्वोच्च अदालतसम्म न्यायाधीश बन्न सफल हुँदा उसले गरेका चर्तिकलाको फेहरिस्त यसमा छ । न्यायाधीश बनेपछि हरेक चरणमा पैसा कमाएको, प्रहरी र वकिलसँग सेटिङ मिलाएर उनीहरूले दायर गरेबमोजिम मुद्दा फैसला गरिदिएको, सात पुस्ताभन्दा बढीलाई पुग्ने सम्पत्ति कमाएको, आफन्तहरूसम्मलाई दिँदा पनि नसकिने घर घडेरी जोडेपछि मितसालीसम्मका नाममा सम्पत्ति राखेको, मुद्दाका सन्दर्भमा अनेक महिलासँग अपरिचित ठाउँहरूमा पुगेर शारीरिक सम्बन्ध स्थापित गरेको, नेपालमा कमाएको पैसा विदेशमा गएर लेनदेन गरेको, पछिल्लो समय वकिल देख्दा पनि डर लाग्ने, झगडियाहरू देख्दा पनि डर लाग्ने, पत्रकारहरू पछि लाग्ने, ब्ल्याकमेलिङमा पर्ने हुन थालेपछि अनुहार हँसिलो देखिए पनि मन भने अशान्त बनिरहेको कथा यसमा छ । एक हिसाबले न्याय क्षेत्रको पर्दाफास छ यसमा ।

न्याय क्षेत्र मात्र नभएर व्यापारिक क्षेत्रको कुरूप इतिहास पनि वर्णित छ उपन्यासका कथामा । पुर्ख्यौली पेसा नै व्यवसाय भएका एक व्यापारीले ओकलेको कथा यथार्थपरक ढङ्गमा यहाँ प्रस्तुत छ । सुरूमा सामान्य व्यवसाय भएका

ती व्यापारीका बाबुका पालादेखि ल्हासाबाट सुन तथा त्यसका गरगहना ल्याएर व्यापार व्यवसाय विस्तार गरेका ती व्यापारी र तिनको समुदायले पछि मुलुकको विभिन्न उद्योग नै कब्जा गरेको, उसको व्यवसायका विषयमा सबै जानकार, तत्कालीन राजासँगको भेटघाट र उनको लगानी, पछि त्यो लगानी सबै आफ्नो भएको प्रस्टोक्ति । अथाह धन आर्जन । पछि सरकारले सुइँको पाएर च्याप्न खोजे पनि कानुनी रूपमा आफू अगाडि, उनका समुदायका मानिस पार्टीमा प्रवेश गर्न थालेपछि आफू पनि पार्टीमा प्रवेश र तिनलाई चन्दा, त्यसपछि कारबाहीको शृङ्खलामा न्यूनता, पछि सांसद्सम्म बन्ने अवसर, विदेशतिर रकम लगानी, अपहरण, फिरौती, जोगिने प्रयास र अन्ततः सुरक्षाको खोजी जस्ता रोचक विषयवस्तु यसमा वर्णित छ ।

एकपछि अर्को विषयका औपन्यासिक विषयवस्तु समेटिएका यस पर्दाभित्र... उपन्यासमा राजनीतिक क्षेत्रभित्रको कुरूप संस्कृति पनि यसमा उजागर गरिएको छ । राजनीतिको आडमा हुने कालाधन्दाहरूको पर्दाफास पनि यसमा छ । सुरूमा अध्ययनको सिलसिलामा पहाडी जिल्लाबाट तराई झरेकी एक विद्यार्थी महिलाको दिनचर्या र भविष्यको गोरेटो कसरी कुन हदसम्म बाङ्गिन्छ, विकृत बन्छ भन्ने लामो वर्णन यसमा छ । पढाइका लागि खर्च जुटाउन नसकेपछि उनलाई कसरी राजनीतिक मान्छेले आफ्नो कब्जामा पारे, कसरी दुरूपयोग गरे, कसरी विद्यार्थी राजनीतिमा प्रवेश भयो, नैतिक वा अनैतिक के कुन हदसम्मको चरित्र निर्माण हुँदै गयो, पछि कसरी तिनै महिला राजनीतिक आडमा अन्तर्राष्ट्रिय तहसम्मको चेलीबेटी बेचबिखनमा संलग्न हुन पुगिन्, कसरी उनको विवाह भयो, सोझो अधिकृत लोग्नेको आँखा छलेर वा उनलाई भौगोलिक हिसाबमा दूर गराएर कसरी राजनीतिक व्यक्तित्वहरूसँग शारीरिक लसपसमा डुबियो, मन शान्तिका लागि जन्मेका छोराहरूको डिएनए परीक्षण गराउँदा तिनै राजनीतिज्ञहरूसँग मेल खाएको, समाधानका लागि कुरा राख्दा कि तिमीलाई सांसद् बनाइदिने कि छोराहरू मारिदिनेसम्मका उपाय बाहिर आएको, अन्तमा आफू सांसद् बन्ने विकल्प रोजेर सांसद् बनेको आदि जस्ता पर्दाभित्रका .... विविध घिनलाग्दा कथावस्तु यसमा समेटिएको छ ।

उपन्यासभित्र गलत ढङ्गबाट धनार्जन तथा पद प्राप्त गर्नेको मात्र कथा छैन । यसमा त सामान्य पेसा वा व्यवसायमा लागेर विभिन्न कठिनाइ भोग्नुपरेका महिलाको अवस्था, छोराछोरी पढाउन ऋण गर्नुपरेका, त्यसैका आडमा आफूलाई गलत प्रस्तावहरू आएका, कोरोनाको प्रकोपका समयमा व्यापार व्यवसाय नभएकाले थप पीडामा परेका, लिएको ऋणभन्दा दोब्बर पैसा बुझाइसक्दा पनि

तिर्नुपर्ने रकम जत्तिका तत्ति रहेर लोग्ने जेल परेको जस्ता कारूणिक कथा पनि यसभित्र समेटिएको छ । गलत काम गर्नेको तरक्की भएको र सोझो गर्ने पाताल भासिएको जस्तो सामाजिक विषयवस्तुमा आधारित कथाले उपन्यासलाई निकै मार्मिक बनाएको अवस्था पनि यसभित्र छ ।

यहाँ एउटा यस्तो कथावस्तु पनि समेटिएको छ जसमा सम्पत्तिका लागि बाबुको हत्या हुन्छ । रोजगारीका सिलसिलामा भारतीय भूमिमा काम गर्ने एक व्यक्ति खासै कमाइ पनि नहुने, कमाएको पैसा नेपाल पठाउन पनि नसक्ने अवस्थामा रूमिलइरहेको हुन्छ । यस्तोमा के बसाइ ? भनेर ऊ नेपाल फर्कन्छ । विक्रम नामको त्यो व्यक्ति नेपाल आउँदा क्रान्तिका नाममा दुःख दिनेहरूको बिगबिगी मच्चिइरहेको हुन्छ । नेपालमा बस्न सक्ने अवस्था नै हुँदैन त्यतिखेर । ती क्रान्तिकारी भनाउँदाहरूले विक्रमको बाबुको नाममा पनि जग्गा जमिन लगायतका सम्पत्ति थुपारेका हुन्छन् । पछि विक्रमलाई त्यो कुरा सबै थाहा हुन्छ । क्रान्ति अलिक सेलाउँदै जान थालेको अनुभूति गर्छ ऊ । अनि, नेपाल फर्कन्छ । नेपाल फर्कनुअघि उसले बाबुका नाममा भएको अथाह सम्पत्ति आफ्नो नाममा बनाउन भारतबाटै पेसेवार सार्पसुटरहरू पारिश्रमिक बापत निश्चित रकम तोकेर नेपाल ल्याएको हुन्छ । तिनीहरूले उसको बाबुको हत्या गरिदिन्छन् र आफ्नो पारिश्रमिक लिएर फर्किन्छन् । केही समयपछि आमाले पनि आत्महत्या गर्छिन् । विक्रम विवाह गर्छ र त्यो अथाह सम्पत्तिको मालिक बनेर काठमाडौंमा भौतिक रूपमा ऐसको जीवन बिताउँछ । उसले पहिला बाबुको हत्या गरेको लगायतका कुरा उसकी श्रीमती र बच्चाबच्ची कसैलाई थाहा हुँदैन । यही कारण ऊ दिनमा हाँसे जस्तो गरे पनि रातमा पुरापुर छटपटाहटमा रहन बाध्य हुन्छ ।

यस पर्दाभित्रको उपन्यासभित्र एउटा होटेल व्यवसायी र उस कहाँ आउने सेवाग्राहीको रोचक विषयवस्तु पनि समेटिएको छ । यो विषय पनि नेपालमा लामो समय चलेको सशस्त्र द्वन्द्वकालको घटनासँग सम्बन्धित छ । होटेलमा बास बस्ने क्रममा एक दिन गह्रुङ्गा-गह्रुङ्गा झोला बोकेका दुई महिलासहित आठ जनाको जत्था बास बस्न आउँछन् । चार कोठा लिएर रात बिताउँछन् । भोलिपल्ट दिनभर बसेर साँझ हिँड्छन् । जानुअघि हिजो ल्याएका सामान त्यहीँ राखेर जान्छन् पछि लिन आउने शर्तमा । महिनौँ दिन बित्दा पनि ती आउन्नन् । बुझ्दै जाँदा तिनीहरू बैङ्क लुट्ने क्रममा सुरक्षाकर्मीहरूबाट मारिएको जानकारी मिल्छ । तिनले राखेका झोलाका सामान पछि खोलेर हेर्दा अन्यत्र कतै बैङ्क लुटेरै ल्याएको नगद र सुन चाँदीको डुङ्गुर हुन्छ । होटेलवालले फोकटको सम्पत्ति त पायो तर त्यसलाई पार लगाउन उसलाई निकै समस्या पर्छ । नगदका

सम्बन्धमा उसले जसोतसो गरेर व्यवस्थापन गर्छ तर अथाह सुन उसलाई पासो बन्छ । सुन बेच्ने कुरामा उसले सुरक्षाकर्मीहरूलाई रासन सप्लाइ गर्ने ठेकेदारको सहयोग खोज्छ । ऊ तयार हुन्छ । होटेलवाला डराउँछ कतै घटनाको पर्दाफास हुन्छ कि भनेर । घरका आफूसहित श्रीमती र छोरा गरी तीन जना र सुन बेच्ने जिम्मा लिने ठेकेदार बिचमा मात्र यो कुरा सीमित हुन्छ । ठेकेदार दुई नम्बरी काममा कुनै खतरा हुँदैन, डराउनु पर्दैन भनेर उसलाई आश्वस्त पार्छ । यो कारोबारपछि तीन करोड रूपैयाँ उसको भागमा आउँछ । पछि गएर यो कुरा बाहिर आउला भनेर उसले एउटा बहाना मिलाएर श्रीमती र छोरालाई भिरबाट लडाएर मारिदिन्छ । आफू चोखो पल्टिन्छ । कतैबाट ऊ फस्दैन । अर्को विवाह गर्छ । अहिले काठमाडौँमा होटेल छ । भिआइपीहरू व्यापक रूपमा आउँछन् उसकोमा । सबै राम्रै छ । तर विगतको घटना र अपराधले उसलाई रातमा कहिल्यै निद्रा पर्दैन । सधैँको छटपटाहट हुन्छ । अनौठो प्रकृतिको यो औपन्यासिक कथा यथार्थताको नजिकबाट अघि बढेको भान हुन्छ ।

राजनीतिक विकृतिको पराकाष्ठा झल्कने अर्को एउटा कथानक पनि यसभित्र छ । एउटा व्यक्ति नमुना पार्टी मार्फत राजनीतिमा प्रवेश गर्छ । चन्दा सङ्कलनमा संलग्न हुन्छ । त्यसबाट पनि ऊ अथाह जग्गा जमिन जोड्छ । पछि जिल्ला तह हुँदै केन्द्रीय राजनीतिक तहसम्म ऊ पुग्छ । उसको जीवनस्तर उसले सोचेभन्दा कता हो कता बढ्दै जान्छ । पार्टीको हिमचिम गतिला मानिससँग हुँदो रहेनछ भन्ने चाल पाइराखेको हुन्छ उसले पहिलादेखि नै । ठेक्कापट्टा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तस्करहरूसँगको साँठगाँठ, विभिन्न किसिमका माफियाहरूले पार्टी कब्जा गर्ने सन्दर्भ, उच्च तहका नेताहरूको ऐयासी जीवन शैली, उनीहरूले पैसा कमाउने बेठेगान स्रोत, अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्दा पनि दाम आउने सन्दर्भ र पार्टी पटक–पटक सरकारमा जाँदा पनि जनता र देशका लागि केही गर्न नसकेको, खाली कागजमा सही गरेर पार्टीलाई बुझाउनुपर्ने र त्यसको दुरूपयोग हुने, अनेक तरिकाबाट राज्यको दोहन हुने आदि सन्दर्भ यसमा रोचक ढङ्गले उजागर गरिएको छ । यी सबै घटना परिघटना र परिवेशपछि ऊ यतिखेर निकै पीडामा रहेको अवस्था यस कथामा छ ।

निजामती सरकारी सेवासँग सम्बन्धित एउटा विषयवस्तु पनि यसभित्र समाविष्ट छ । सुरूमा अधिकृत पदमा जागिर प्रवेश गरेको ऊ पछि सचिवसम्म हुन्छ । उपसचिव हुँदा ऊ जिल्लाको प्रशासन प्रमुख अर्थात् सिडिओ पनि बनेको हुन्छ । प्रहरी प्रमुखसँग मिलेर त्यहाँ पनि उसको अथाह आम्दानी हुन्छ । एउटा साँच्चिकै पर्दाफास छ यस कथामा । उसले यति सम्पत्ति कमाएको हुन्छ कि त्यो लुकाउन

उसले सालासाली, सासूससुरा र अन्य चिनेजानेका आफन्तका नाममा घर घडेरीको थुप्रो लगाउँछ । अनेकौँ केटीहरूसँग शारीरिक सम्बन्ध हुन्छ, दोहोरी, डान्सबार जस्ता ठाउँमा गएर त्यहीँका गार्डले बोकेर गाडीमा राखिदिनुपर्ने अवस्थासम्म मदिरा सेवन गरेका सन्दर्भ, कार्यालयकै महिला कर्मचारीहरूसँग पनि पटक-पटक लसपस भएका सन्दर्भ, सासूससुराका नाममा राखेको सम्पत्ति उनीहरूको अवसानपछि आफ्नो नाममा ल्याउन नसकेको, सालासाली सम्पर्कमै नरहेको, पत्रकारहरूले दुःख दिएर प्रसाद लैजाने गरेको, अख्तियार पछि लागेको, त्यही पिरले श्रीमती बिरामिएर मृत्यु भएको, अर्को विवाह गर्दा एक वर्षमै सम्बन्ध विच्छेद मात्र नभई सम्पत्ति पनि लिई गएको जस्ता वर्णन यसमा छ । पछिल्लो समय पश्चाताप बाहेक अरू केही नभएको रोचक प्रस्तुति यसमा छ ।

यति मात्र नभएर उपन्यासभित्र गैरसरकारी क्षेत्रमा काम गर्ने व्यक्तिको चरित्र र तिनले लाहुरे बस्तीका गाउँमा गरेका नारी हिंसासँग सम्बन्धित अनेकन् कुकृत्य, लाहुरे बिदेसिएका महिलाहरूसँग अनेकौँ प्रपञ्च गरेर शारीरिक सम्पर्कमा रही पछि तिनैलाई त्यही कुकृत्यको भिडियो देखाएर ब्ल्याकमेलिङ गरेका सन्दर्भहरू, बिचमा प्रेम प्रसङ्गमा रहेकी केटीसँग यिनै कुराको पर्दाफासका कारण सम्बन्ध टाढिएको, ती प्रेमिकाले सेतीमा हाम्फालेर आत्महत्या गरेकी, पछि अन्य केटीसँग विवाह भएको र पहिलाका कुरा सार्वजनिक भएको जस्ता सयौँ विकृत घटनाको पर्दाफास पनि यसमा छ । यसका अतिरिक्त एक प्रोफेसरले आफ्नो पेसागत मर्यादा छाडेर गरेका कुकृत्यहरूको भण्डाफोर पनि यसमा छ । सामान्य अवस्थामा सोच्नसम्म पनि नसकिने घटनाको वर्णन प्रोफेसरका सन्दर्भमा वर्णित छ । यहाँ पनि अन्य कुराका अतिरिक्त नारी हिंसाका विषय मिहिन रूपमा उठाइएको छ, याने कि त्यसको पर्दाफास गरिएको छ । समाजको एउटा प्रतिष्ठित वर्गका रूपमा चर्चित हुँदै आएका यी प्रोफेसरहरूको यसमा वर्णित घिनलाग्दो चित्रले उनीहरूप्रति समाजले हेर्ने दृष्टिकोण नै बदलिने अवस्था छ यहाँ । मौका पर्दा अरूलाई बाध्यताको सिकार बनाउन जोसुकै पनि अघि सर्छन् भन्ने उदाहरण बनेको छ प्रोफेसरको कथा प्रसङ्ग ।

उन्यासकारको आँखामा स्वास्थ्य क्षेत्रको विकृति पनि नराम्रोसँग बिझेको छ । उनले स्वास्थ्य क्षेत्रको विकृत पक्षलाई उजागर गर्न एक जना डाक्टरलाई कथामा उपस्थित गराएका छन् । सुरूमा मेडिकल सञ्चालन गरेका एक डाक्टर पछि औषधी व्यवसाय छाडेर आफ्नो चिकित्सकीय पेसामा मात्र सीमित हुन खोज्छन् । अस्पताल खोलेर गरिएका अतिरिक्त आम्दानी र गलत हर्कतहरूको यथार्थ शब्दचित्र छ यसमा । कोरोना महामारीका समयमा गर्नु नगर्नु गरेको, यसै क्रममा आफू

कार्यरतभन्दा अन्यत्र अस्पतालमा एक नजिकका आफन्तलाई उपचारका लागि पठाउँदा उनको मृत्यु भएको कहालीलाग्दो कहानी पनि यसमा छ । एजेन्टहरू मार्फत सस्तो मूल्यमा मृगौला सङ्कलन गरेर त्यसबाट करोडौँ आम्दानी गरेका प्रसङ्गदेखि विभिन्न अस्पतालहरूमा सेयर लगानी गरेका जस्ता अनेकौँ हर्कत यसमा उजागर गरिएको छ । यो सर्वसाधारणले वर्तमानमा भोगिरहेको कथाको यथार्थ वर्णन नै हो भन्दा फरक पर्ने स्थिति छैन उपन्यासभित्रको स्वास्थ्य सम्बन्धी यो प्रसङ्ग अध्ययन गर्दा ।

काठमाडौँको गुह्येश्वरीमा ज्योतिष केन्द्र खोलेर बसेका ज्योतिषको कहालीलाग्दो कहानी पनि यसमा छ । जसमाथि विश्वास गरेर ज्योतिषी देखाउन आएका हुन्छन् उनै ज्योतिषको पर्दा पछाडिको कहानी झनै रोचक र खोजपूर्ण छ । जन्मेका केही समयदेखिको शब्दचित्र समेटिएको उनको कथा वाराणसीमा अध्ययन गर्दा कुलतमा फसेको, नेपाल आएर पनि बाहिरी रूपमा अरू पेसा गरे पनि भित्री रूपमा आफूले विगतमा गरी आएको धन्दा नछोडेकै कारण उनी प्रहरीको फन्दामा परेको र अन्त्यमा आत्महत्यासम्म गरेको कथानक यसमा वर्णित छ । उपन्यासको त्यसपछिको बाँकी कथा अझै उदेकलाग्दो र अपत्यारिलो ढङ्गबाट अघि बढेको छ । तर पनि उपन्यासको टुङ्ग्याउनीमा पुगेर नेपालको पूर्वी जिल्ला पाँचथरबाट अध्ययन तथा रोजगारीका लागि अरू साथीभाइ जस्तै बिदेसिनुको सट्टा काठमाडौँ भित्रिएको वसन्तेमा राष्ट्रप्रेमको भावना उचाइमा पुगेर देशका लागि उसले नारा लगाएसम्मको कथा औपन्यासिक कथाको विषयवस्तु बनेको छ ।

## औपन्यासिक परिवेश र कथासार

उपन्यासभित्र भूगोलका हिसाबले नेपालको पूर्वीक्षेत्रको जिल्ला पाँचथर, झापा, मध्यक्षेत्रका केही जिल्ला र काठमाडौँ उपत्यका, पश्चिम नेपालको लम्जुङ, कास्की, दाङ, प्युठान, बाँके, जाजरकोट, कैलाली आदि स्थान यसले ओगटेको छ भने नेपाल बाहेक भारतको दिल्ली, वाराणसी लगायतका स्थानको उल्लेख पनि उपन्यासमा छ । यसरी हेर्दा मूलतः नेपालकै भौगोलिक परिवेशभित्र उपन्यास घुमेको छ ।

उपन्यासमा समेटिएको कथा प्रसङ्गका आधारमा मूलतः यसको परिवेश पर्दाभित्रको सामाजिक, राजनीतिक, प्रशासनिक, व्यावसायिक आदि परिवेश नै हो । त्यसभित्र कानुनी बहसको क्षेत्र, अदालत तथा त्यसभित्रको न्यायिक विचलन, प्रशासनिक क्षेत्र, व्यावसायिक क्षेत्र, सामान्य व्यापारिक क्षेत्र, अध्ययन रोजगारी र कर्जाको क्षेत्र, सरकारी बाहेक अरू क्षेत्र दुधले धोइएका हुन्छन् भने जस्तै गरी चर्चामा आइरहने गैर सरकारी सङ्घसंस्थामा आबद्ध व्यक्तिहरूको गतिविधि र अनैतिक चारित्रिक परिवेश पनि यस उपन्यासले समेटेको छ । यसका अतिरिक्त

सुरक्षासँग सम्बन्धित क्षेत्रको परिवेश, लागु औषधको बिक्रीधन्दाको भन्डाफोर, स्वास्थ्य क्षेत्रमा मौलाएको कमाउधन्दाको पराकाष्ठा, प्राध्यापक भनाउँदाहरूको गलत क्रियाकलाप, नारी हिंसाका विविध रूप, पुरूषहरूको निन्दनीय चारित्रिक क्रियाकलाप, क्रान्तिका नाममा भएका तमाम कमाउजन्य क्रियाकलाप, पैसाका नाममा गरिने विविध प्रकृतिका अपराध, गरिबी, भविष्यवाणी, परम्परा विरूद्धको वैवाहिक प्रसङ्ग आदि परिवेश पनि उपन्यासको विषयवस्तुभित्र समेटिएको छ । यसरी हेर्दा उपन्यासको परिवेश सामाजिक भए पनि यसले छोएको क्षेत्र भने व्यापक देखिन्छ ।

उपन्यासकारले थोरै बाहेक अरू कथा आफैँ फोएका वा चिरफार गरेका छैनन् । जुन कथा प्रसङ्गको पात्र छ ऊ स्वयं नै ज्योतिषका अगाडि उपस्थित भएर प्रहरीका अगाडि अपराधीले बयान गरेजस्तै गरी बयान गरेर आफ्ना सम्पूर्ण कर्तुत ओकलेको छ । यसैका आधारमा ज्योतिष हरिनारायण उनीहरूको ग्रहशान्ति गराउने निहुँमा सरला बाहेकका अरू सबैसँग एक लाख पचास हजार रूपैयाँ र अरू पूजा सामग्रीको तयारीका लागि प्रस्ताव गर्छन्, जब कि उनीहरू एक लाख पचास हजार मात्र होइन त्यसभन्दा धेरै गुणा रकम माग गरे पनि दिन सक्ने अवस्थाका पात्र छन् । उपन्यासभित्रकी सरला एक मात्र त्यस्ती पात्र हुन् जसलाई ज्योतिषले ग्रहशान्तिका लागि एक सय पचास रूपैयाँ मात्र माग गर्छन् । र, यी सबैलाई के कुन कारणले हो थाहा छैन, सोमबार नै ग्रहशान्तिका लागि बोलाइन्छ । त्यसपछिको परिवेश र घटना के कसरी अघि बढ्यो भन्ने विषयमा उपन्यास मौन छ ।

जहाँसुकै र जुनसुकै गलत क्रियाकलाप कानुनका आँखा छलेर गरिएका पाइन्छन् । त्यसैले त्यस्ता काम पर्दाबाहिर नभएर पर्दाभित्र गरिन्छन् । देखिने रूपमा एउटा र यथार्थ रूपमा अर्को क्रियाकलाप हुन्छ यस्तो अवस्थामा । त्यस्ता अपराध र अपराध घटाउने अपराधी राज्यको अनुसन्धान गर्ने निकायले कहीँ न कहीँबाट पत्ता लगाएर कारबाहीको घेरामा ल्याउँछन् र अपराधीलाई दण्डित गराउँछन् । तर यहाँ ज्योतिष हरिनारायण प्रहरीको फन्दामा पर्नुबाहेक अरू सबै गलत क्रियाकलाप राज्य वा अरू कुनै पनि निकायबाट कारबाहीको घेरामा आएका छैनन् ।

उपन्यास पढ्दै जाँदा यसभित्र पाइने मुख्य कथासार भनेको मुलुकभित्रका विभिन्न क्षेत्रको गलत क्रियाकलाप त्यसमा पनि नारी पुरूष दुवैको अनैतिक चारित्रिक प्रसङ्ग, पैसाका लागि जे पनि गर्ने गराउने क्रियाकलापको उजागर र अन्त्यमा पश्चाताप तथा अशान्तिपूर्ण जीवन प्राप्तिको अवस्था नै हो । 'असत्को धनले जतिखेर पनि पोल्छ' भन्ने कुरा यहाँ प्रस्ट रूपमा देखाइएको छ । विश्वास

कसैमा गर्न सकिँदैन भन्ने सन्देश पनि यसभित्र त्यत्तिकै पाइन्छ । विश्वास गर्नुपर्ने निकाय र व्यक्ति सबै ढलेका छन् यस उपन्यासभित्र । वसन्ते, सरला बाहेक मुख्य पात्रका रूपमा उपस्थित गराइएका अरू कसैको कथा प्रसङ्ग र चरित्रले पनि ठाडो मुन्टो लगाउन सकेका छैनन् । राज्यका कुनै पनि क्षेत्रका व्यक्ति चोखो देखिएका छैनन् । हुन त गलत क्रियाकलापको भन्डाफोर नै उपन्यासकारको अभीष्ट भएकाले पवित्र पात्रको उपस्थिति यहाँ त्यतिविधि आवश्यक पनि देखिन्न । यसरी हेर्दा उपन्यासको मुख्य कथासार भनेको देशप्रतिको चिन्ता, जुनसुकै क्षेत्रमा पनि पर्दाभित्र हुने गरिने गलत क्रियाकलापको भन्डाफोर र त्यसपछि राष्ट्रियताप्रति युवा पुस्तामा चासो बढाउनु नै हो । हर क्षेत्रका ती गलत क्रियाकलापको उजागर र बोधपछि मात्र वसन्तेमा पनि राष्ट्रियताप्रतिको भावना कडा रूपमा जागृत भएको देखिन्छ । यसलाई उपन्यासको सकारात्मक पक्षका रूपमा लिइनुपर्छ ।

## उपन्यासभित्र कथानक प्रस्तुतिको शैली

उपन्यासभित्र पूर्वी नेपालमा जन्मेको र बाह्र कक्षासम्म त्यहीँ अध्ययन गरेको वसन्ते नामधारी व्यक्तिको थप अध्ययन तथा रोजगारीका लागि भएको काठमाडौँसम्मको यात्रा वर्णनात्मक शैलीमा अघि बढेको छ । उसको यो यात्रा वर्णन झट्ट हेर्दा प्रतिवेदनको भाषिक शैलीझैँ अघि बढेको जस्तो पनि लाग्छ कतिपय पाठकलाई । त्यसदेखि बाहेक उपन्यासभित्र मुख्य पात्र बनेर उपस्थित भएका सबै पात्रलाई ज्योतिषका अगाडि बयान गराइएको छ । ज्योतिष उनी कहाँ आउने सेवाग्राहीलाई उसको ग्रहशान्तिका निमित्त पहिलादेखिकै सबै कुराको यथार्थ ओकल्न भन्छन् । त्यसो गरे मात्र ग्रहशान्ति उपलब्धिपूर्ण हुनसक्ने उनको अडान हुन्छ । सेवाग्राही अरू कसैलाई नभन्ने वा नसुनाउने शर्तमा ज्योतिषका अगाडि आफ्ना सबै कुरा खोल्न तयार हुन्छन् र बयान दिन थाल्छन् । उनीहरूको बयान अड्डाअदालतमा मुद्दाका साक्षी वा अभियुक्तहरूले दिने अपराध वा मुद्दासम्बन्धी वक्तव्यजस्तो प्रतीत हुन्छ । यसरी हेर्दा संवादात्मक शैलीमा कथाको विषयवस्तु बाहिर आउँछ । उपन्यासकार उपन्यासभित्र बोल्दैनन् । यी सबैको अपयश लिन उनी तयार छैनन् । उपन्यासकारले नै यी कुरा बोलेको भए यी सबै कुरा बनावटी जस्ता पनि लाग्न सक्थे । तर जो अपराधी हो उसैले आफ्नो कर्तुत वा समस्या ओकलेपछि त्यसमा अरूले औँला ठड्याउने ठाउँ रहन्न । यस हिसाबले उपन्यासको कथानक प्रस्तुतिको यो शैली उपयुक्त छ । सुरूदेखि नै यी सबैका बयान वसन्तेलाई सुनाउने ज्योतिष हरिनारायणको उद्देश्य हुन्छ । त्यसैले बयानका लागि उपस्थित पात्रले चाल नपाउने गरी गोप्य रूपमा वसन्तेलाई त्यो बयान सुनाउने प्रबन्ध ज्योतिषले गरेका हुन्छन् । वसन्ते सबैको बयान सुन्छ । वसन्तेलाई यसरी सबैको घिनलाग्दो कथा सुनाउनुको

तात्पर्य देशभित्र विद्यमान आजका विकृतिहरूको जानकारी गराएर भोलिका युवालाई देशको हित हुने काममा मानसिक तथा शारीरिक रूपमा अग्रसर गराउनु रहेको देखिन्छ ।

## उपन्यासका पात्रहरू

उपन्यासकारले उपन्यासभित्र कतै पात्रलाई सनाम उपस्थित गराएका छन् भने कतै पदीय नाममा । कतै सेवाग्राही भनेर उल्लेख गराएका छन् भने कतै डाक्टर, प्रोफेसर, साहुजी, वकिल, पूर्व न्यायाधीश, महिला आदि भनेर उल्लेख गरेका छन् । त्यसैले पात्रको उपस्थिति र प्रस्तुति फरक–फरक छ । वसन्ते लगायत चौध पात्रले मुख्य पात्रका रूपमा उपन्यासमा प्रविष्टि पाएका छन् भने खनाल बाजे, सुन्दर लावती, ज्योतिषीनी बजै, विभिन्न मुख्य पात्रका परिवार, रासन ठेकेदार, वसन्तेका बुबा र भाइ, प्रहरी तथा अन्य व्यक्ति सहायक पात्रका रूपमा उपस्थित छन् । वकिलले कानुनी क्षेत्रको, पूर्वन्यायाधीशले मुद्दामामिला फैसला क्षेत्रको, डाक्टरले स्वास्थ्य क्षेत्रको, प्रोफेसरले विश्वविद्यालयभित्रको, पिताम्बरले निजामती सरकारी क्षेत्रको, साहुजी (व्यापारी)ले व्यापार र राजनीतिक आडमा हुने कालाधन्दाको, सरलाले सरल रूपमा बाँच्न चाहनेको हबिगत र मिटरब्याजीभन्दा अग्ला लगानीकर्ताको ज्यादती, विद्यार्थी पात्रकी रूपमा उपस्थित गराइएकी महिला नामकी पात्रले अध्ययन तथा रोजगारीका लागि गरेको सङ्घर्ष र विद्यार्थी राजनीतिदेखि केन्द्रीय राजनीतिसम्मका पर्दाभित्रका गतिविधिको पर्दाफास, पैसाका लागि जे पनि गर्न तयार हुने विक्रम र होटेल व्यवसायी, राजनीतिक पात्रका रूपमा उपस्थित गराइएको डम्बर नामको पात्रबाट राजनीतिक विकृति र देशकै विरूद्धमा त्यसभित्र हुने काला कर्तुतहरूको पर्दाफास, गैर सरकारी क्षेत्रमा संलग्न भएर धनका लागि जे गर्न पनि तयार हुने तिवारीजीका माध्यमबाट गैर सरकारी क्षेत्र तथा लाहुरे संस्कृतिभित्रको अपत्यारिलो सामाजिक परिवेशको प्रस्तुति गराइएको छ । सेवाग्राही भनिएको पात्र बाहेक अरू पात्रको उपस्थिति र तिनका सम्बन्धमा ओकलिएको कथाका बिच तादात्म्यता छ । उपयुक्त कथाका लागि उपयुक्त पात्रको उपस्थिति गराइएको छ । तर सेवाग्राही पात्रमा अमूर्त सेवाग्राहीलाई पात्र बनाउनुभन्दा होटेल व्यवसायीलाई नै पात्र बनाएको भए हुन्थ्यो जस्तो पनि लाग्छ कतिपय पाठकलाई । तर उपन्यास पढिसकेपछि क्रान्तिकारीहरूको छविमाथि प्रश्न उठाउन सेवाग्राही पात्र उपस्थित गराइएको प्रतीत पाठकलाई हुने भएकाले यसलाई ठाडै अनुपयुक्त भन्न सक्ने स्थिति भने यहाँ छैन । उपन्यासका मुख्य पात्र मध्येका एक ज्योतिष हरिनारायणको वसन्तेका बाबासँगको बाल्यकालीन मितेरी सम्बन्धदेखि नै कपटपूर्ण चरित्र सुरू हुन्छ । जसको वाराणसी बस्दा होस् वा काठमाडौँ जता बस्दा पनि उनको व्यवहार सधैँ कपटपूर्ण अवस्थामै सीमित हुन्छ र उनको अन्त्य पनि त्यसरी

नै हुन्छ । उपन्यासको सुरूतिर उपस्थित भएका देखिने खनाल बाजेको चरित्र भने सहयोगी किसिमको र कसैले खोट लगाउन नसक्ने किसिमको देखिन्छ । समग्रमा पात्रको भूमिकाअनुसार तत् तत् भूमिकाका लागि उपस्थित गराइएका पात्र छनोटमा उपन्यासकारलाई औंलो ठड्याउने ठाउँ छैन ।

## उपन्यासको भाषा

उपन्यासकारले पर्दाभित्र... उपन्यासमा प्रयोग गर्नुभएको भाषा सरल छ । भाषिक क्लिष्टता कहीँ कतै छैन । सरल भाष्यमा कथानक अघि बढेको छ । घुमाउरो भाषाको प्रयोग नभएकाले जस्तोसुकै पाठकले पनि उपन्यास अध्ययनमा कहीँ कतै कुनै किसिमको भाषिक कठिनाइ भोग्नु वा झेल्नु पर्दैन । सामान्य वर्णविन्यासगत कमजोरी र प्रूफिङमा ध्यान नपुग्ने समस्या पछिल्ला समयमा प्रकाशनमा आएका अधिकांश कृतिका विशेषता नै भइसकेकाले त्यसका विषयमा यहाँ केही उल्लेख गरिरहनु आवश्यक देखिन्न । भाषा र त्यसभित्रको शाब्दिक प्रयोगमा अन्यथा अर्थ नलागेपछि यस्ता कमी कमजोरी स्वतः क्षम्य हुन्छन् । पछिल्लो साहित्यिक परिस्थिति र परिवेश यस्तो भए तापनि यस उपन्यासभित्र भने त्यो स्थिति छैन । बरू एउटा कुरा के भन्न सकिन्छ भने उपन्यासभित्र उपन्यासकार नबोलेर आआफ्ना कथा सम्बन्धित पात्रले नै ओकलेका कारण उपन्यासको भाषा कम साहित्यिक भएको आक्षेप भने कतिपय पाठकले उपन्यासकारलाई लगाउन सक्छन् । यस किसिमको पाठकीय दृष्टिकोणलाई उपन्यासको कथानक प्रस्तुतिको शैली नै त्यस्तै प्रकारको भएकाले उपन्यासकारले यसलाई सामान्य रूपमा लिनु उपयुक्त हुन्छ ।

## कुतूहलका दृष्टिले उपन्यास

उपन्यास, कथाजस्ता आख्यानात्मक लेखनमा कुतूहल सिर्जना गरिनुपर्छ । जति कुतूहलपूर्ण लेखन हुन्छ उति नै पाठकमा निरन्तर अध्ययनको रूचि जाग्छ । यस पर्दाभित्र उपन्यासमा वसन्तेको पाँचथरसीमित वर्णन, त्यसपछि झापा हुँदै काठमाडौँ आउँदासम्मको स्थितिमा त्यति कुतूहल पाठकमा पैदा नहुन सक्छ । पशुपतितिर आएर केही दिन धर्मशालाको बास र त्यतैतिरको निःशुल्क सामाजिक भोजनका समयमा भने के भयो होला ? कसो भयो होला ? भन्ने जस्ता जिज्ञासा पाठकमा उत्पन्न हुन्छ । तर यो सामान्य रूपमा । पछि गएर जब ज्योतिष हरिनारायणले आत्महत्या गर्छन्, त्यसपछि पनि पाठकमा अब कसरी उपन्यास टुङ्गिएला भन्ने सामान्य जिज्ञासा पलाउँछ । यी सामान्य जिज्ञासा हुन्, सामान्य कुतूहल हुन् । विशेष कुतूहल त पाठकमा त्यतिखेर उत्पन्न हुन्छ जतिखेर विविध भूमिकाका पात्रलाई सेवाग्राही बनाएर ज्योतिष हरिनारायण आफूकहाँ उपस्थित

गराउँछन् । यतिखेर प्रत्येक पाठक र सेवाग्राहीका कुरा सुन्न गोप्य रूपमा लुकी बसेको वसन्तेमा निकै कुतूहल जाग्छ । उपन्यासको चौथो शृङ्खलाबाट पन्ध्रौँ शृङ्खलासम्म यस्ता पात्रको उपस्थिति हुन्छ । सोह्रौँमा हरिनारायणकै आत्मकथा भइहाल्यो । जब चौथो शृङ्खला सुरू हुन्छ तब उपन्यासका पाठकमा अब ज्योतिष कहाँ कस्तो पात्रको उपस्थिति रहला र त्यसले कुन क्षेत्रका विषयमा के भन्ला भन्ने कुतूहल पैदा गराउँछ । एक पात्र एक घटना । कथा सिद्धियो । अर्को शृङ्खलामा अर्को घटना अर्को कथा । सिद्धियो । यसले पाठकमा स्वाभाविक रूपमा कुतूहल सिर्जना गराउँछ र उपन्यास पठनमा जाँगर पैदा गराउँछ । त्यसैले पाठकमा कुतूहल सिर्जनाका हिसाबले उपन्यास सफल छ ।

## उपन्यासको सामाजिक धरातल

उपन्यासले मुलुकको राजनीतिक, न्यायिक, प्रशासनिक, व्यापारिक, गैर सरकारी क्षेत्र, स्वास्थ्य, अध्ययन-अध्यापन, रोजगारी सबै क्षेत्र ओगटेकाले यी सबैलाई मुलुकको सामाजिक धरातलका विषयवस्तु भन्दा फरक पर्ने स्थिति छैन । यी सबैमा सुधारको अपेक्षा उपन्यासकारमा देखिन्छ । शिक्षा, स्वास्थ्य, प्रशासनिक, न्यायिक, व्यापारिक, स्वदेशी तथा वैदेशिक रोजगारी लगायतका क्षेत्रमा मौलाएका कमाउधन्दा सबैको चर्चाको विषय बनेको अवस्थामा शिक्षा क्षेत्रको विद्यालयीय गतिविधि र त्यसभित्रको विकृतिमा उपन्यास मौन छ । यो किन भयो भन्ने चासो सबैका लागि खोजको विषय हुनसक्छ । शैक्षिक निकायहरूले गरेका पर्दाभित्रका काला कर्तुत उपन्यासकारले किन प्रकाशमा ल्याएनन् भन्ने विषय अनौठो लाग्दो छ । यो विषय यसमा आउनै पर्थ्यो, किन आएन ? जुनसुकै पाठकले पनि यो खोज्छ । यसदेखि बाहेक जे जति सन्दर्भ यहाँ प्रस्तुत गरिएका छन् ती सबै सशक्त छन् र सामाजिक तथा तत् तत् धरातलीय यथार्थतामा आधारित छन् भन्ने महसुस गर्न सकिन्छ । राज्यलाई सजग बनाउने काम उपन्यासले गरेको छ । कतिपय पाठकले नारी हिंसाका कुरा भनूँ वा नारीलाई बढी उदाङ्गो पारिएको आरोप पनि उपन्यासमाथि लगाउन सक्छन्, तर त्यो स्थिति यहाँ किन छैन भने पुरूष पनि हिंसामा परेका घटना यसमा चित्रित छन् । त्यसका अतिरिक्त उपन्यासमा नसमेटिए पनि मुलुकमा पछिल्लो समय यदाकदा उजागर भइरहेका नारी वा पुरूष हिंसाजन्य घटनाको सार्वजनीकरणले पनि उपन्यासमा वर्णित घटना वा चरित्रलाई सामान्य रूपमा लिन सहयोग पुऱ्याउँछ । त्यसैले यस्ता विषयमा थप बहसको जरूरी नहोला भन्ने आमपाठकलाई लाग्न सक्छ । किनकि, यी सबै घटना र चरित्र सामाजिक धरातल सुहाउँदिला छन् ।

## निष्कर्ष

नेपाली भाषाकै कुनै एक क्षेत्रमा विद्यावारिधिका लागि लागिपरिरहनुभएका उपन्यासकार गंगाप्रसाद भेटवालले जुन अभीष्टका साथ उपन्यास तयार गरी प्रकाशनमा ल्याउनुभएको छ त्यो सार्थक छ । सामान्य रूपमा जो कसैले थाहा पाउन नसक्ने पर्दाभित्रका विषयवस्तुलाई सम्बन्धित क्षेत्रका पात्रको प्रयोग गरेर उनीहरूकै मुखारविन्दबाट निर्भयका साथ घटनाको पर्दाफास गराएर उनले आफ्नो कलमी पौरख सबैका सामु तेर्स्याएका छन् । यसले राज्यशक्तिमा रहेका जो कसैलाई राम्रैसँग घच्घच्याउने र सतर्क गराउने काम गरेको छ । राज्यको अपराधको अनुसन्धानका क्षेत्रमा लागेका जो कोही व्यक्ति वा संस्थालाई पनि यसले अपराध कहाँ–कहाँ कुन–कुन तहमा कस्ता–कस्ता व्यक्तिबाट कसरी हुँदो रहेछ भन्ने गहन सुइँको दिन पनि सघाउ पुऱ्याउने देखिन्छ । पैसाका लागि मरिहत्ते गर्नेहरू अथाह पैसाका मालिक बनेपछि कसरी बिग्रँदा रहेछन् भन्ने कुराको छनक पनि उपन्यासले राम्रोसँग दिएको छ । धन, सम्पत्ति र अन्य जायजेथाले सम्पन्न व्यक्तिलाई मात्र ठुलो मान्छे देख्ने हाम्रो जस्तो निर्घिनी समाजलाई यो उपन्यास ठुलो पाठ हुनसक्छ । समाजका हुनेखाने भनिएका सम्पन्न व्यक्तिहरूले आफू बाँचेको त्यही समाजका निम्न वर्गलाई कसरी प्रताडित गर्दा रहेछन् भन्ने कुराको साङ्केतिक उदाहरण पनि बनेको छ यो उपन्यास । त्यसरी नै सबैको श्रद्धाको विषय हुनुपर्ने राजनीतिक क्षेत्रमा के कस्ता व्यक्ति कसरी पुग्दा रहेछन् र तिनको भित्री धन्दा के कस्तो हुँदो रहेछ भन्ने कुराको खुलासा पनि यस उपन्यासले गरेको छ । समग्रमा उपन्यासले समेटेको विषयवस्तु, उजागर गरेका घटना र पात्र समय सापेक्ष छन् । उपयुक्त पात्रलाई उपयुक्त स्थानमा उभ्याएर गरिएको घटनाको याथार्थिक प्रस्तुतिले उपन्यास सबल बनेको छ । यति मात्र नभएर अर्काका राम्रा कुराभन्दा नराम्रा कुरा सुन्न पढ्न बढी लालायित हुने आम मानिसका आम प्रवृत्तिलाई सन्तुष्टि दिन यो उपन्यास सफल बनेको छ । त्यसैले पनि भविष्यसम्म यस उपन्यासले आम पाठकको ध्यान राम्रैसँग खिच्न सक्ने देखिन्छ ।

# 'हिमालका आवाज' कविताकृतिका कवितामा प्रतिरोध चेतना



उपप्रा. हेमबहादुर भण्डारी

## सारसङ्क्षेप

'हिमालका आवाज' कविताकृतिमा हिमाली सौन्दर्यलाई कविताको विषय बनाई पर्यावरण संरक्षणका पक्षमा आवाज उठाइएको छ । हिमसंस्कृतिलाई नेपाली संस्कृतिको पहिचानका रूपमा उभ्याई हाम्रो सांस्कृतिक गरिमालाई संरक्षण र विस्तार गर्नुपर्ने विचार प्रस्तुत गरिएको छ । जाति, वर्ग, लिङ्ग, पर्यावरण, राष्ट्रियता, मानवताजस्ता विषयमा कायम गरिएको शासकीय प्रभुत्व र त्यसले पुऱ्याएको असरको समीक्षा गरी यसमा नेपाली मौलिकताको जगेर्नाका पक्षमा प्रतिरोध निर्माण गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा प्रकटित प्रतिरोध नै प्रस्तुत अध्ययनसम्बद्ध प्रमुख प्राज्ञिक समस्या हो । यही समस्यालाई पृष्ठभूमिमा राखी यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय तथा राष्ट्रियता र मानवताका विषयमा अभिव्यक्त प्रतिरोधी विचार विश्लेषण तथा मूल्याङ्कनको उद्देश्य लिइएको छ । यस उद्देश्यको परिपूर्तिका निम्ति उद्देश्यमूलक नमुना छनोट विधिको अवलम्बन गरी पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक तथा पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध विषयमा प्रकटित प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरी कवितामा अभिव्यक्त प्रतिरोधी विचारको मूल्याङ्कन गरिएको छ । विश्लेष्य कवितामा संस्कृति, पर्यावरण, स्वाधीनता र मानवताको संरक्षणका पक्षमा विचार प्रकट गरी सभ्य र समुन्नत समाज निर्माणका लागि सचेतनाको सन्देश प्रस्तुत गरिएको छ । सचेत स्रष्टाको सिर्जनशीलता समाज रूपान्तरणका पक्षमा अग्रसर हुनुपर्ने मान्यता प्रकट गरिएका यी कवितामा वर्गीय, जातीय तथा लैङ्गिक समानताको अभिव्यक्ति पाइन्छ । राष्ट्रप्रेम, मानवता, पर्यावरण र संस्कृतिका पक्षमा सचेतनाको अभिमत प्रकट गरिएका कविताको विश्लेषणमार्फत प्रस्तुत अध्ययनमा हिमसंस्कृति नेपाली संस्कृतिको पहिचानको आधार भएको निष्कर्षमा पुगिएको छ । यसका साथै, नेपालीहरूले सामाजिक,


सांस्कृतिक, आर्थिक तथा नैतिक धरातल निर्माण गरी मानवता, संस्कृति, पर्यावरण र स्वाधीनताको संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी : पर्यावरण, प्रतिरोध, मानवता, संस्कृति, राष्ट्रियता ।

## १. विषय परिचय

हिमालका आवाज दामोदर पुडासैनी 'किशोर' (२०१९) को नवौ कविताकृति हो । भ्रमणमा रूचिपूर्ण सहभागिता देखाई त्यसलाई साहित्यका पृष्ठमा उतार्ने पुडासैनीले ग्रामीण तथा मौलिक विषयलाई कवितामा प्रस्तुत गरेका छन् । भ्रमणमा भेटिएका विषयका माध्यमबाट कविताको लय सिर्जना गरी उनले समसामयिक राजनीतिक तथा सांस्कृतिक परिवेशको चित्र खिचेका छन् । कार्यका सिलसिलामा नेपालको हिमाली क्षेत्रमा रहँदा उनले त्यस समयलाई कविताको विषय सङ्कलन गर्ने अवसरका रूपमा सदुपयोग गरेका छन् । कविताको बोलीमा हिमाललाई राष्ट्रको प्रतीकका रूपमा प्रयोग गरी उनले वर्तमानका तमाम विकृति र विसङ्गतिप्रति गहिरो चिन्ता प्रकट गरेका छन् । प्रकृतिलाई नजिकबाट अवलोकन गरी उनले पर्यावरणप्रति चिन्ता र चासो व्यक्त गरेका छन् । उनको यस्तो विचार प्रतिरोधका तहमा प्रकट भएको पाइन्छ । विश्वपरिवेश, मानवता, प्रकृति, संस्कृति, राष्ट्रप्रेमजस्ता विषयलाई उनले कविताको विषय बनाएका छन् । वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवताका विषयमा प्रकटित प्रतिरोधी विचारका पृष्ठाधारमा अभिव्यक्त नेपाली संस्कृति, पर्यावरण र स्वाधीनता नै प्रस्तुत अध्ययनका मुख्य प्राज्ञिक समस्या हुन् । यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक र पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त भएको प्रतिरोधी विचारको विश्लेषण गरी स्वाधीनता, पर्यावरण र संस्कृतिको मूल्याङ्कन गर्ने उद्देश्य लिइएको छ । प्रतिरोध प्रभुत्वका विरूद्ध प्रतिप्रभुत्वको अवस्था हो । प्रतिप्रभुत्वले परिधीय शक्तिलाई क्रियाशील बनाउँछ । प्रतिप्रभुत्व प्रतिरोधी विचारका माध्यमबाट देखा पर्ने विषय हो । शक्तिमा रहेको वर्गको दमन बढ्दै जाँदा परिधिमा प्रतिरोध जन्मिन्छ । समाजमा हुने महत्त्वपूर्ण परिवर्तनले प्रतिरोधलाई मजबुत बनाउँछ । ग्राम्सीले परिकल्पना गरेको अर्गानिक बुद्धिजीवीका माध्यमबाट पनि प्रतिरोधको विकास हुन्छ । प्रभुत्वसँग जोडिने प्रतिरोधको विषय सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषय हो । प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनको प्रभुत्वसम्बन्धी यही मान्यताका सैद्धान्तिक धरातलमा रही वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय प्रतिरोधका साथै राष्ट्रियता र मानवतासम्बद्ध

विषयमा अभिव्यक्त भएको प्रतिरोधलाई कृतिविश्लेषणको मानदण्डका रूपमा प्रयोग गरी विश्लेष्य कविताकृतिका कवितामा प्रकटित प्रतिरोधी विचारको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।




## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा दामोदर पुडासैनीको हिमालका आवाज कविताकृतिलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । सांस्कृतिक अध्ययनको सैद्धान्तिक पृष्ठाधारमा रही प्रतिरोधका आधारहरू पहिचान गर्नका लागि यससँग सम्बन्धित शोधप्रबन्ध, अनुसन्धानग्रन्थ, लेख, समीक्षा र समालोचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस कविताकृतिका कवितामा अभिव्यक्त प्रतिरोध चेतनाको अवस्था मूल्याङ्कन गर्नका लागि वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरिएको छ । विश्लेष्य कविताको सूक्ष्म पठनपछि विश्लेषणात्मक पद्धतिसमेतका आधारमा कवितामा अभिव्यक्त प्रतिरोधको विश्लेषण गरी नेपाली संस्कृति, पर्यावरण, मानवता र राष्ट्रियतासम्बद्ध स्वाधीनताको अवस्था मूल्याङ्कन गरिएको छ ।

## प्रतिरोधको सैद्धान्तिक पृष्ठभूमि

जीवसँग रहेको चेतनाको तहगत क्षमता शक्तितर्फ उन्मुख हुने भएकाले मानिसको चेतना पनि शक्तिप्राप्तिको प्रयत्नशील अभ्यासमा रहन्छ । शक्तिको अभ्यास र प्रभुत्व सत्तामा सधैँ रहिरहने चाहनाद्वारा निर्देशित हुन्छ । सत्ताबाहिर बसेकाहरूमा पनि सत्ताप्राप्तिको चाहना जागृत हुन्छ । दुवै पक्षमा हुने यस्तो चाहनाका कारण सिर्जना हुने द्वन्द्वात्मक अवस्थाले परिधीय शक्तिलाई गति दिएपछि प्रतिरोधको निर्माण हुन्छ । सीमान्त वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हकअधिकार

प्राप्तिका लागि र आफूमाथि भएका अन्याय, अत्याचार, विभेद आदिका विरोधमा उभिन आवाज उठाउन सक्ने चेतना नै प्रतिरोधी चेतना हो (राई २०७९, पृ.१५७) । प्रभुत्वशाली वर्गद्वारा कायम गरिएको प्रभुत्वका कारण परिधिमा निर्माण हुने प्रतिप्रभुत्व जागृतिको अवस्था नै प्रतिरोध चेतना जागरणको प्रक्रिया र कारण हो । सीमान्त जनजीवनलाई अझै सीमान्त बनाउन सत्ताले भूमिका खेल्छ । यस्तो परिस्थितिमा प्रतिरोधको जन्म हुन्छ (भण्डारी २०७५, पृ.८४) । सत्ताले सिर्जना गर्ने दबाबका कारण प्रतिरोध चेतनाले अस्तित्व प्राप्त गर्छ । फुकोले जहाँ शक्तिको अभ्यास देखिन्छ त्यहाँ प्रतिरोधको सम्भावना पनि जीवित रहन्छ भनेका छन् । फुकोको अभिव्यक्ति प्रस्तुत गर्ने क्रममा उप्रेती (२०६८) ले भनेका छन् : "फुकोले भनेझैँ जहाँ शक्ति हुन्छ त्यहाँ शक्तिको प्रतिरोध पनि स्वतःस्फूर्त उब्जिन्छ । ....जहाँ शक्तिको अभ्यास देखा पर्छ, त्यहाँ त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागका रूपमा हेरिनुपर्छ" (पृ.३३-४१) । उप्रेतीले प्रभुत्व र शक्तिसम्बन्धलाई प्रतिरोधको कारणका रूपमा विश्लेषण गरेका छन् ।

प्रभुत्वशाली वर्ग निम्नवर्गलाई सीमान्तीकरण गर्ने प्रक्रियामा अग्रसर हुन्छ । यही प्रक्रियाले प्रतिरोधी विचारको बाटो निर्माण गर्छ । समाज शक्तिसम्बन्धमा अडिएको हुन्छ र त्यस सम्बन्धमा कोही प्रभुत्वशाली हैसियतमा रहन्छन् र कोही अधीनस्थ वा सीमान्तीकृत अवस्थामा रहन्छन् । सांस्कृतिक अध्ययनले यस प्रकारको सम्बन्धको उद्घाटन गर्नुका साथै प्रतिनिधित्व र पहिचानको निर्माणमा घटित हुने विकेन्द्रणको अवस्था, नयाँ पहिचान निर्माणको अवस्थासमेतलाई उद्घाटित गर्दछ (पाण्डेय २०७३, पृ.८९) । प्रभुत्वका कारण प्रतिप्रभुत्व निर्माण भई अधीनस्थ वर्गका लागि पहिचान निर्माणको ढोका खुल्छ । श्रमिकलगायत विभिन्न वर्ग र समुदायलाई राजनीतिक खुराक र प्रेरणा दिएर समाजलाई रूपान्तरणमा लैजान ग्राम्सीले आङ्गिक बौद्धिक अपेक्षित भएको सोचे (गौतम २०७५, पृ.४४) । ग्राम्सीले प्रतिरोध चेतना उत्पादनमा सीमान्तीकृत वर्गको क्रियाशीलताका लागि अर्गानिक बुद्धिजीवीको भूमिकाको चर्चा गरेका छन् । सिर्जनात्मक प्रक्रिया अवलम्बन गरी सीमान्तीकृत वर्गमा प्रतिरोधी चेतना जागृत गराउन सकिने मान्यता हलले अभिव्यक्त गरेका छन् । हलको मान्यता अघि सार्ने क्रममा सुवेदी (२०६८) ले भनेका छन् : "संस्कृतिका दुईवटा पाटा हुन्छन् । एउटा पाटो मूल धार हो । यसका मान्यताहरू निश्चित हुन्छन् । यो मानक पनि हो । अनि अर्कोतिर सीमान्तीकृत वर्ग हुन्छ । त्यस वर्गले त्यही संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ"

(सुवेदी २०६८, पृ.१३१) । उनले सीमान्तीकृत वर्गको सचेत क्रियाशीलताबाट प्रतिरोधको संस्कृति विकास हुने मान्यता प्रस्तुत गरेका छन् । त्यस्तै, प्रतिरोध चेतनाको जागृतिको कारणका सम्बन्धमा भण्डारी (२०७२) ले यसो भनेका छन् : "शासकवर्गले आफ्नो प्रभुत्वको निरन्तरताका लागि सबै खाले सम्भव-असम्भव प्रयत्न गरिरहेकै हुन्छ र जनताले त्यसविरूद्ध सङ्घर्ष पनि चलाइरहेका हुन्छन् । यस्तो सङ्घर्षमा कुनै वेला जनताको शक्तिका अगाडि प्रभुत्वशाली वर्गले घुँडा टेक्छ र प्रतिप्रभुत्वको अवस्था देखा पर्छ । यसका लागि सामाजिक शक्ति संरचनामा बदलाब आउनु जरूरी छ" (पृ.९८) । प्रभुत्वशाली वर्गले कायम गरेको प्रभुत्वका कारण किनारामा उत्पन्न हुने प्रतिप्रभुत्वको जागरणलाई उनले प्रतिरोध चेतनाका रूपमा समीक्षा गरेका छन् । प्रभुत्व स्थायी हुन सक्दैन किनभने कुनै न कुनै क्षण यस्तो आउँछ जहाँ तिनै आवाज निकाल्न नसक्नेहरूकै बिचबाट अर्को शक्तिको निर्माण हुन्छ र त्यसले शक्तिको केन्द्रमा पुग्नका लागि प्रयत्न गर्न थाल्छ (ज्ञवाली २०७३, पृ.१९४) । शक्तिको अस्थिर चरित्र नै प्रतिरोधको कारण हो ।

शक्तिको अभ्यासमा रहने वर्गहरूका बिच शक्तिसङ्घर्ष हुन्छ । शक्तिको प्रतिद्वन्द्विताका कारण आफ्नो अस्तित्वलाई गतिशील बनाउनका लागि प्रतिरोधको सम्भावना रहन्छ । शक्तिमा रहेको प्रभुत्वशाली वर्गको व्यवहारका कारण परिधिमा रहने वर्गमा प्रतिरोधको जन्म हुन्छ । प्रभुत्वशाली वर्गको प्रभुत्वविरूद्ध अधीनस्थ वर्गले अस्तित्वका लागि प्रारम्भ गर्ने सङ्घर्षका कारण प्रतिरोधको जन्म हुन्छ । प्रतिरोध निर्माणको कारण र प्रक्रियाका सम्बन्धमा ज्ञवाली (२०७५) ले निम्नलिखित विचार प्रस्तुत गरेका छन्-

शक्तिको केन्द्र माथि अर्थात् सत्तामा मात्र हुन्छ र त्यो परिधितिर बिस्तारित हुन्छ भन्ने मान्यताको विपरीत ज्ञान र शक्तिको आधार परिधिमा पनि रहेको हुन्छ जो शक्तिकेन्द्रको प्रतिरोध गर्दै माथितिर जाने प्रयास गरिरहेको हुन्छ । ...परिधिको शक्तिमाथि सधैँ केन्द्रको शक्तिले शासन चलाइरहन चाहन्छ, त्यसलाई दबाएर आफ्नो शासनलाई निरन्तरता दिन चाहन्छ तर जहाँ शक्ति हुन्छ त्यहाँ त्यसको विरोधी शक्ति पनि रहेको हुन्छ । त्यसैले यी दुई शक्तिका बीचमा सधैँ द्वन्द्वको स्थिति रहन्छ । परिधिको शक्ति समान हैसियतमा आउने प्रयासमा लागिरहेको हुन्छ । यिनै शक्तिकेन्द्रसँग सम्बद्ध रहेर उच्च र लोकप्रिय संस्कृतिको विकास भइरहेको हुन्छ । उच्च संस्कृतिको नेतृत्व केन्द्रीय शक्तिले गरिरहेको हुन्छ भने त्यसकै समानान्तरमा परिधिको शक्तिले पनि लोकप्रिय संस्कृतिलाई अगाडि बढाइरहेको हुन्छ । (पृ.६२)

ज्ञवालीले परिधीय शक्तिले केन्द्रीय शक्तिविरूद्ध प्रस्तुत गरेको प्रतिप्रभुत्वलाई प्रतिरोधका रूपमा चिनाएका छन् । शक्तिको अभ्यासका क्रममा किनारामा रहेको वर्गले केन्द्रीय शक्तिका विरूद्धमा सङ्घर्ष गरिरहेको हुन्छ भन्दै उनले परिधीय शक्तिले गर्ने शक्तिआर्जनको प्रयत्नका कारण प्रतिरोधको जन्म हुने धारणा राखेका छन् । उनले प्रतिप्रभुत्वले प्रस्तुत गर्ने शक्तिको प्रयत्नशील अभ्यासलाई प्रतिरोधका रूपमा परिभाषित गरेका छन् । शक्तिको स्वभाव चक्रीय प्रकृतिको हुने भएकाले हरेक अवस्थामा प्रतिरोधको सम्भावना रहने उनको ठम्याइ छ ।

प्रतिरोधलाई शक्तिको अभ्यासले दिशानिर्देश गर्छ । मास (सन् २०१७) ले आधुनिक पूँजीवादी समाजमा शक्ति र प्रभुत्वको कार्यढाँचासम्बन्धी अन्तर्निहित अनुमानका आधारमा दैनिक अभ्यासमा देखिएको सामान्य राजनीतिक क्षमता र प्रतिरोधको अवधारणासम्बन्धी दृष्टिकोण निर्धारण गर्न सकिन्छ भनेका छन् । शक्तिकेन्द्र र जनस्तर राजनीतिक रूपमा एकअर्काका विरूद्धमा उत्रिने कार्य विवेकपूर्ण नभएको विश्लेषण गर्दै उनले यिनीहरूबिचको प्रतिद्वन्द्वितालाई एकअर्कामा छुट्ट्याएर विश्लेषण गर्न नसकिने तर्क राखेका छन् (पृ.५७) । त्यस्तै, रेबी (सन् २००५) ले शक्तिलाई प्रभुत्व र अधीनस्थताका बिचको सम्बन्धका रूपमा चिनाएका छन् । उनले प्रभुत्वशाली वर्गले स्वामित्व ग्रहण गरी अधीनस्थ वर्गका विरूद्धमा प्रयोग गर्ने विषयका रूपमा शक्तिलाई परिभाषित गरेका छन् । उनले अधीनस्थ वर्गले प्रतिरोधका माध्यमबाट शक्ति हात पार्न सक्ने तर्क राखेका छन् । युवावर्गले राजनीतिक असमानता, सामाजिक कुसङ्केतन, वर्गीय प्रभुत्व, पर्यावरणीय प्रभुत्वजस्ता विषयमा प्रतिरोधी विचार प्रस्तुत गरी सांस्कृतिक वातावरणको स्वरूपलाई नवीन अर्थ र मान्यताका साथ प्रस्तुत गर्न सक्ने उनको ठम्याइ छ (पृ.१५२-१५७) । प्रतिरोध चेतनाको जागरणका कारण सांस्कृतिक प्रभुत्वको अन्त्य गरी संस्कृतिको नवीन सन्दर्भ उद्घाटन गर्न सकिन्छ । सांस्कृतिक अध्ययनले प्रतिरोध चेतनाको अध्ययनमा विशेष रूचि राखे तापनि प्रतिरोधका माध्यमबाट कुनै पनि विषयलाई निचोडमा पुऱ्याउने वा पुऱ्याउनुपर्ने मान्यता भने राख्दैन । यसले केन्द्रीकृत सङ्घर्ष वा प्रतिरोधलाई भन्दा खण्डित र टुक्रे प्रतिरोधलाई बढी महत्त्व दिन्छ र क्रान्तिको सम्भावनालाई निषेध गर्छ (पाण्डेय २०७३, भूमिका खण्ड) । प्रतिरोधी विचार निर्माणका सम्बन्धमा सांस्कृतिक अध्ययनमा प्रस्ट धारणा प्रकट भएको पाइए पनि यसमा सङ्गठित प्रतिरोधलाई भने निषेध गरिएको पाइन्छ ।

यस अध्ययनमा विश्लेष्य कवितामा अभिव्यक्त प्रतिरोध चेतना विश्लेषणका लागि कृतिमा प्रस्तुत सांस्कृतिक, सामाजिक, पर्यावरणीय तथा स्वाधीनता र

मानवतासम्बद्ध सन्दर्भलाई लिइएको छ । प्रतिरोध निर्माणको प्रक्रिया र कारणलाई मूल्याङ्कन गर्नका यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक र पर्यावरणीय विषयमा अभिव्यक्त भएको प्रतिरोधको अवस्थालाई विश्लेषण गरिएको छ । यसका साथै, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई पनि विश्लेषण गरी प्रस्तुत कविताकृतिमा ध्वनित भएको प्रतिरोध चेतनाको मूल्याङ्कन गरेर यस्तो चेतना निर्माणको प्रक्रिया र कारणमाथि विमर्श गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति तथा छलफल

हिमालका आवाज कविताकृतिमा हिमालको आवाज शीर्षकमा पचासवटा कविताको सिलसिला विस्तार गरिएको छ । यसमा हिमाली संस्कृतिका सन्निकटमा पुगी प्रकृति र संस्कृतिलाई समानान्तर रूपमा अवलोकन गरिएको छ । यस सङ्ग्रहका कवितामा शासकीय प्रभुत्वका कारण हिमसंस्कृतिमाथि कायम गरिएको प्रभुत्वका विरूद्धमा प्रतिरोध ध्वनित गरी पर्यावरण संरक्षणका पक्षमा आवाज उठाइएको छ । कवितामा अभिव्यक्त प्रतिरोधी विचार विश्लेषणका लागि यस अध्ययनमा वर्गीय, जातीय, लैङ्गिक, पर्यावरणीय, राष्ट्रियता र मानवतासम्बद्ध विषयमा अभिव्यक्त प्रतिरोधलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत कविताकृतिका कविताहरूमा अभिव्यक्त प्रतिरोधी विचारको मूल्याङ्कनका सन्दर्भमा सङ्कलित सामग्रीलाई निम्नानुसारका उपशीर्षकहरूमा राखी विश्लेषण गरिएको छ ।

## वर्गीय विषयमा अभिव्यक्त प्रतिरोध

वर्गीय प्रभुत्वका कारण अधीनस्थ वर्गमा प्रतिरोध जागृत हुन्छ । अधीनस्थ वर्गमा यस्तो चेतना स्वतःस्फूर्त जागृत हुने फुकोको धारणा छ । यस्तो चेतनाले वर्गीय प्रतिरोधलाई अस्तित्व प्रदान गर्छ । दामोदर पुडासैनी सामाजिक जनजीवनको भोगाइका साथै सीमान्त जनजीवनको सरोकारको विषयलाई कविताका माध्यमबाट प्रस्तुत गरी सामाजिक चेतना जागृतिको प्रयत्नमा रहेका कवि हुन् (भण्डारी २०७८, पृ.३०) । प्रस्तुत कविताकृतिमा उनले निम्नवर्गीय नेपाली जनतामाथि उच्चवर्गले कायम गरेको प्रभुत्व तथा शासकीय दमनमा परेका अधीनस्थ जनताले उठाएको प्रतिरोधी आवाजलाई कविताको विषयवस्तु बनाएका छन् । उनले निरङ्कुश शासकले निरीह जनतालाई शोषण गरी उत्सव मनाएको प्रसङ्ग प्रस्तुत गरी त्यस्तो शासकीय प्रभुत्व जनताका लागि सह्य नहुने विचार अघि सारेका छन् । निम्नवर्गीय जनताको प्रतिरोधी विचार व्यक्त गर्ने क्रममा उनले निम्न कवितांश प्रस्तुत गरेका छन् :

**निरङ्कुश बादसाहको ओभरडोज**
**कुनै थुम्काहरूले सहन सक्दैनन्**
**गाँस लुटेको बहाना उत्सवको भोजखर्च पनि**
**अब देशले बेहोर्न सक्दैन ।** (पृ.६७)

उद्धृत कवितांशमा कविले थुम्कालाई उत्पीडित निम्नवर्गीय जनताको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्ता निरीह जनताको गाँस लुटेर उत्सव मनाउने शासकीय स्वभाव र अभिमानलाई जनताले सहन नसक्ने वैचारिक अभिमत प्रस्तुत गरी उनले निरङ्कुशतामा मौलाएको शासकीय प्रभुत्वको प्रवृत्तिलाई प्रस्ट पारेका छन् । धेरै वर्षसम्म जनताले शासकको निरङ्कुश शैलीमा बाँधिएर शोषित बन्नुपरेको यथार्थलाई खुलासा गरी उनले त्यस्तो अत्याचारलाई सहेर बस्नु नहुने विचार अभिव्यक्त गरेका छन् ।

कविले हिमाली संस्कृतिलाई नेपाली पहिचानका रूपमा अघि सार्ने इच्छा व्यक्त गरेका छन् । जनतालाई बेवास्ता गर्ने शासकको शैली सदियौँदेखि अस्तित्वमा रहेको विश्लेषण गर्दै उनले रोगी, भोका र नाङ्गा जनताको अवस्थामाथि सत्तामा रहनेहरूको आँखा कहिल्यै पुग्न नसकेको धारणा व्यक्त गरेका छन् । शासक परिवर्तन भए पनि जनताको वर्गीय अवस्था परिवर्तन हुन नसकेको प्रसङ्गलाई उनले निम्नानुसार व्यक्त गरेका छन् :

**रवाफी महाराजहरू बिउँझन्छन् र ढल्छन्**
**रोगी, भोका र नाङ्गाहरू जन्मेदेखि नै आलाप हाल्दै छन्**
**कान थुनेर हिँड्नेहरू हिँडिरहेछन् आदिम युगदेखि**
**ग्राफमा पिक्टोग्रामले तिम्रो र मेरो सम्बन्ध नाप्न सकिरहेको छैन ।** *(पृ.६९)*

यस कवितांशमा कविले हिमसंस्कृतिको महत्त्व उजागर गरी हिमाली सौन्दर्यमार्फत पर्यटन व्यवसायलाई उन्नत स्तरमा अघि बढाई हाम्रो देशको गरिबी उन्मूलन गर्न सकिने धारणा राखेका छन् । यस दिशामा शासकहरू क्रियाशील हुन नसकेको उनको ठम्याइ छ । शासकहरूले विस्तार गरेको विलासिताको संस्कृतिका कारण गरिबहरू झन्झन् गरिब बन्दै गएको तर सम्बन्धित पक्षले यसका प्रति सधैँ बेवास्ता गरेको प्रसङ्ग प्रस्तुत गरी उद्धृत दृष्टान्तका माध्यमबाट मजदुर वर्गलाई हिमाली पर्यटनसँग जोडेर गरिबी अन्त्यका दिशामा महत्त्वपूर्ण कदम चाल्न सकिने धारणा राखिएको छ । यसका साथै, शासकीय अकर्मण्यताका कारण निम्नवर्गीय

जनताहरू गरिबीका जाँतामा पिसिन बाध्य बन्नुपरेको समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरी निम्नवर्गप्रति सहानुभूतिसमेत दर्साइएको छ ।

शिक्षा आर्जन गर्न भनी बाहिरिएकाहरू फर्किएर फेरि आफ्नो गाउँमा जाँदैनन् । देश विकासको नारा लगाउँदै हरेक चुनावमा ग्रामीण इलाकामा प्रवेश गर्ने नेताहरू फेरि त्यहाँ पुग्दैनन् । गरिबी अन्त्य गर्छौं भन्नेहरूले गरेको बाचा बाचामै सीमित रहन्छ । हाम्रो समाजमा गरिबहरू जहाँको त्यहीँ रहन बाध्य छन् । गरिबहरूमाथि गरिएको राजनीति तथा शिक्षित भनिएकाहरूबाट आफ्नै गाउँठाउँप्रति भइरहेको विश्वासघातको विवरणलाई पुडासैनीले कविताको विषय बनाएका छन् । उनी लेख्छन् :

**हरेक मान्छेहरू**
**थिचिएका छन् दुःखका पहाडहरूले**
**दुःखका पहाडहरूका रीत पनि आआफ्नै छन्**
**जहाँ**
**हिँडिसकेपछि क्रमशः बिर्सिन्छन् बाटाहरू**
**निस्किसकेपछि क्रमशः बिर्सिन्छन् बासहरू**
**बिर्सिन्छन् क्रमशः भोक र तिर्खा मेटाइदिनेहरू ।** *(पृ.६९-७०)*

प्रस्तुत साक्ष्यमा कविले शिक्षित भनिएकाहरूबाट जन्मभूमिप्रति भएको धोकाको विवरण सार्वजनिक गरेका छन् । उनले नेतृत्व वर्गले विपन्न ग्रामीण जनतामाथि गरेको राजनीतिलाई प्रस्ट पारेका छन् । ग्रामीण इलाका गरिबीको मारबाट उम्किन नसक्नुको कारणमाथि समीक्षा गर्दै यस कवितांशमा सदियौँदेखि कायम भएको वर्गीय अधीनस्थताको कारण प्रस्तुत गरिएको छ । यसमा नेपाली समाजका ग्रामीण इलाकालाई सत्ताको भऱ्याङभन्दा बढी सोच्न नसकिएको प्रतिरोधी अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

उत्पादन गरे पनि बजार नपाइने समस्याले हाम्रो देशका किसानहरू ग्रस्त छन् । बिचौलिया संस्कृति फस्टाउँदो छ । उत्पादनमा श्रमको सम्मान गर्ने संस्कृतिलाई बिचौलिया संस्कृतिले किनारातिर धकेलेको छ । उत्पादन सम्बन्धसँग असम्बन्धित बिचौलियाहरूलाई संरक्षण गरी शासकहरू किसानको उन्नतिमा ध्यान दिएको झुटो नारा प्रस्तुत गर्न अभ्यस्त छन् । किसानका विरूद्धमा देखिएको यस्तो

विकृतिको चित्र प्रस्तुत गरी कविले नेपाली समाजमा रहेको वर्गीय उत्पीडनको अवस्था उल्लेख गरेका छन् । कविताको प्रस्तुतिका क्रममा उनी भन्छन् :

**बिचौलियाहरू बस्दै छन् उच्च आसनमा**
**किसानहरू र व्यापारीहरू थिचिएका छन्**
**बिचौलियाका पैतालाहरूले ।** *(पृ.८१)*

प्रस्तुत दृष्टान्तमा निम्नवर्गीय किसानका विरूद्धमा सञ्चालन गरिएको बिचौलिया संस्कृति र त्यसले पुऱ्याएको असरको समीक्षा गरिएको छ । निम्नवर्गलाई चुसेर समृद्ध बनेको नव धनाढ्यवर्गको अवस्था प्रस्तुत गरी यस प्रसङ्गमा नेपाली समाजका निम्नवर्गले बेहोर्नु परेको अधीनस्थताको कारणको समीक्षा गरिएको छ । मल, बीउ, बजार आदिजस्ता किसानसम्बद्ध विषयमा राज्य किन सचेत छैन भन्ने प्रश्नको उत्तर पहिचान गर्ने क्रममा प्रस्तुत प्रसङ्गमार्फत राजनीतिका पृष्ठाधारमा विकसित बिचौलिया संस्कृतिजस्तो कुसङ्केतनका विरूद्धमा प्रतिरोधी आवाज ध्वनित गरी यस दिशामा सचेत रहनका लागि आग्रह गरिएको छ ।

## जातीय विषयमा अभिव्यक्त प्रतिरोध

जातीय विषयमाथि भइरहेका सांस्कृतिक अतिक्रमणका विषयलाई पुडासैनीले कविताको विषय बनाएका छन् । हाम्रो मौलिक संस्कृतिमाथि भइरहेको अतिक्रमणबाट यसलाई कसरी संरक्षण गर्ने भन्ने विषयमा उनले चिन्ता व्यक्त गरेका छन् । हिमाली इलाकाको भ्रमणपछि उत्पन्न अनुभूतिलाई अभिव्यक्त गर्ने क्रममा उनले हिमाली संस्कृतिको जगेर्नाप्रति चिन्ता र चासो देखाएका छन् । उनको चिन्ता यसरी प्रस्तुत भएको छ :

**किन कम्पनमा छन् लुङ्दरहरू**
**किन अनवरत घुमिरहन्छन् मानेहरू**
**संसार नै चलायमान बनिरहेका बेला**
**किन क्षणक्षणमा बदलिँदै छन् पौभाका रूप र रङहरू ।** *(पृ.२)*

प्रस्तुत दृष्टान्तमा कविले हिमाली संस्कृतिको परिचय दिई यस संस्कृतिमाथि भइरहेको अतिक्रमणप्रति चिन्ता व्यक्त गरेका छन् । उनले लुङ्दर र मानेमा उत्पन्न भएको अस्वाभाविक गतिशीलताको सन्दर्भ प्रस्तुत गरी हिमाली संस्कृतिमा रमाउनेहरूको जातीय अस्तित्व सङ्कटापन्न रहेको उद्घोष गरेका छन् । उनले पौभाको रूपरङ्गमा आएको परिवर्तनको प्रसङ्गमार्फत जातीय संस्कृति र पहिचान

देशीविदेशी षड्यन्त्रकारीहरूका नियन्त्रणमा परिसकेको धारणा राखी जातीय संस्कृति र पहिचानको संरक्षणका दिशामा प्रतिरोधी विचार प्रस्तुत गरेका छन् ।

कविले हिमाली संस्कृतिलाई नेपाली संस्कृतिका रूपमा विश्वभर परिचित गराउने चाहना अभिव्यक्त गरेका छन् । हिमाली संस्कृति संसारभर नेपाली जातिको पहिचान बन्न सक्ने तर्क राखी उनले नेपाली समाजमा देखिएको जातीय सङ्कीर्णताभन्दा माथि उठ्नुपर्ने धारणा राखेका छन् । नेपाली भूमिका हरेक संस्कृति नेपाली संस्कृति हुन् भन्ने धारणा राखी उनले यसलाई विश्वभर बिस्तार गरी हाम्रो साझा पहिचानको जगेर्ना गर्नुपर्ने धारणा राखेका छन् । हिमाली संस्कृतिलाई नेपाली संस्कृतिका रूपमा परिचित गराउनुपर्ने मान्यता अघि सार्दै उनी लेख्छन् :

**ढुङ्गामा कुँदिएका मन्त्रहरूमा लेउ जमिसक्यो**
**जीर्ण जीर्ण भइसके लुङ्गदरका अक्षरहरू**
**'ओम मणिपद्मे हुँ' को नाराले बोक्न सक्दैन अब**
**संसारको स्थिति र गतिलाई**
**ढुङ्गा, कपडा र कागजका मन्त्रहरूले**
**बोक्न सक्दैनन् अब मान्छेका ओजनदार आशालाई**
**संसारलाई उचाल्न सक्ने एउटा मन्त्र**
**म आफैँ हिमाल उभ्याइरहेछु ।** *(पृ.४१)*

प्रस्तुत कवितांशमा कविले हिमाली संस्कृति समग्र मानवजातिको संस्कृति भएको उद्घोष गरी यस संस्कृतिमाथि फराकिलो दृष्टि राख्न आग्रह गरेका छन् । उनले हिमाली संस्कृतिलाई नेपाली जातिको पहिचान उद्घाटन गर्ने विषयका रूपमा अघि सार्नुपर्ने धारणा राखेका छन् । उनले यस संस्कृतिलाई समयमै चिन्न नसकिएकाले यसको महत्त्व उजागर हुन नसकेको सन्दर्भ प्रस्तुत गरी नेपाली जातिको जातीय अस्तित्व जगेर्नाका लागि यसलाई मानवताका दृष्टिले मूल्याङ्कन गर्नुपर्ने तर्क राखेका छन् । हिमाली संस्कृतिमा रमाएका जातजातिको अस्तित्व र पहिचानलाई जगेर्ना गर्नका लागि हिमसंस्कृतिलाई नेपाली जातिको साझा संस्कृतिका रूपमा स्थापित गर्नुपर्ने मान्यतासहित उनले सङ्कुचित र पुरातन धारणाका विरूद्धमा प्रतिरोधी विचार व्यक्त गरेका छन् ।

कविले जातीय विभेदका कारण उत्पन्न भएका समस्याहरूलाई समाधान गर्ने उपायको खोजी गरेका छन् । राज्यले जातीयताका आधारमा विभेदकारी नीति अवलम्बन गर्न नहुने तर्क राख्दै उनले उत्पन्न समस्यालाई समानताको दृष्टि रचना

गरी समयमै समाधान गर्नुपर्ने अभिमत राखेका छन् । विभेदका कारण द्वन्द्वको जन्म हुने भएकाले यसका लागि सबै निकाय समयमै सचेत बन्नु आवश्यक रहेको सचेतना प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित कविताको सन्दर्भलाई अघि सारेका छन् :

**मैले विभेद सोचेर**
**कुनै सन्तति जन्माएको होइन**
**म सन्ततिहरूलाई फैलँदै फैलँदै**
**नीलो समुद्र फिँजारिन भन्छु**
**पाखा लागेर फरक कित्तामा**
**कुनै सन्तति उभेको हेर्न चाहन्नँ ।** *(पृ.४२)*

उद्धृत कवितांशमा कविले जातीय विभेदविरूद्ध प्रतिरोधी आवाज ध्वनित गरेका छन् । उनले जातीय प्रभुत्वको विरोध गर्दै समानताको दृष्टि निर्माण गर्न आग्रह गरेका छन् । नेपालीहरूले विश्वभर आफ्नो पहिचान बिस्तार गर्नुपर्ने धारणासहित उनले जातीय विभेदका कारण सिर्जना हुनसक्ने द्वन्द्वका प्रति सचेत रहन आग्रह गरेका छन् । उनले प्रस्तुत गरेको यस्तो आवाजमा जातीय प्रभुत्वका विरूद्धमा प्रतिरोधी आवाज प्रकट भएको पाइन्छ ।

## लैङ्गिक विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिका कवितामा पुडासैनीले नारीमाथि हुने शोषण र दमनका विरूद्ध आवाज उठाएका छन् । उनले नारीको सम्मान गर्ने विभेदविहीन संसारको परिकल्पना गरी लैङ्गिक प्रभुत्वको विरोध गरेका छन् । हिमाली सौन्दर्यको परि दृश्यलाई कवितामार्फत अभिव्यक्त गर्ने क्रममा उनले नारीको महत्त्वलाई सृष्टिको निरन्तरतासँग जोडेर हेरेका छन् । नारी संरक्षणको विषय प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित प्रसङ्ग अघि सारेका छन् :

**म ढुङ्ग्याने झाडी हुँ**
**म तिमीलाई झाडीमा फूल बनाएर फुलाउन चाहन्छु**
**मैले झाडीमा फुलाएको फूलले अँगालोमा बोक्न सक्नुपर्छ हिमफूललाई**
**मेरो झाडीले सहन सक्तैन बलात्कार**
**मेरो झाडीमा**

**अल्झेको छ नयाँ संसार जन्माउने वीर्य**
**तिमी त्यसलाई खोतलेर सँगाल**
**अथवा, सजाऊ अक्षरका बारीहरूमा ।** *(पृ.६२)*

प्रस्तुत साक्ष्यमा कविले नारीलाई हिमफूलको उपमा दिई नारीसौन्दर्यको प्रशंसा गरेका छन् । वर्तमान नेपाली समाजमा बढ्दै गएको बलात्कारजस्ता घटनाका कारण मौलाएको लैङ्गिक हिंसाको अवस्थाप्रति प्रतिरोधी विचार व्यक्त गरी उनले सचेत र समुन्नत नेपाली समाजको परिकल्पना गरेका छन् । मौलिक नेपाली समाज स्थापनाको आकाङ्क्षा सार्वजनिक गर्दै उनले त्यस्तो समाजमा नारीको सम्मान हुने तार्किक अभिमत प्रस्तुत गरेका छन् । आदर्श समाजको परिकल्पनामा रहेका कविले वर्तमानका विकृति र त्यसका कारण सिर्जित लैङ्गिक हिंसाका विरूद्धमा प्रतिरोधी विचार व्यक्त गरेका छन् ।

धार्मिक आस्थालाई समाजमा प्रचार गरी त्यसका आडमा बिस्तार गरिएको हिंसाका स्वरूपका सम्बन्धमा कविले प्रतिरोधी विचार व्यक्त गरेका छन् । धर्मको खोल ओढेर लैङ्गिक हिंसामा संलग्न भएको जमातले जनतालाई देखाएको नाटक र त्यसका कारण सिर्जित लैङ्गिक उत्पीडनको अवस्था प्रस्तुत गरी उनले धर्मको राजनीतिमा विकसित हिंसा र उत्पीडनको अवस्था प्रस्तुत गरेका छन् । यस सन्दर्भमा कवि भन्छन् :

**बाबाहरू व्यस्त छन्**
**कि बलात्कार गर्न कि बिहे गरेको नाटक गर्न**
**कि चटक देखाएर देवताको भ्रम बाँड्दै योनिको उपासना गर्न**
**बाबा र माताका पीत वस्त्रहरू**
**बुनिरहेछन् काला कर्तुत छोप्ने साइनबोर्ड ।** *(पृ.८२)*

प्रस्तुत कवितांशमा धर्मका आडमा फस्टाएको विकृति र त्यसका कारण सिर्जित लैङ्गिक हिंसाको विश्लेषण गरिएको छ । पितृसत्ताको मार्ग अनुशरण गरी धर्मको ठेकेदारी गर्नेहरूले नारीको संरक्षणका नाममा बलात्कारजस्तो कार्यमा सामेल भई लैङ्गिक हिंसालाई प्रश्रय दिने गरेको सन्दर्भ प्रस्तुत गरी यस दृष्टान्तमा लैङ्गिक उत्पीडनको कारण र स्वरूपको विवेचना गरिएको छ । यसका साथै, यस्ता ठेकेदारहरूको असली अनुहारलाई बेलैमा पहिचान गरी तिनका विरूद्धमा प्रतिरोधी कदम चाल्न ढिलाइ गर्नु नहुने तर्क पनि प्रस्तुत गरिएको छ ।

## पर्यावरणीय विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिका कवितामा कविले पर्यावरणीय चेतना अभिव्यक्त गरेका छन् । उनले भौतिक पर्यावरणको चित्रण गरी पर्यावरणलाई चेतनाका तहमा विश्लेषण गरेका छन् । उनले प्राकृतिक सङ्कटको विषयका साथै मानिस र प्रकृतिका बिचको सम्बन्धलाई कविताको विषय बनाएका छन् । कविले पर्यावरणको वर्तमान अवस्थाका साथै त्यस विषयमा बढ्दै गएको विकृतिको समीक्षा गरेका छन् । उनले हिमाल प्रकृतिको सुन्दर विषय भएकाले हिमालको प्राकृतिक संरचना जोगाउन सके जीव तथा वनपस्पतिको भविष्य सङ्कटमुक्त बनाउन सकिने धारणा राखेका छन् । पुडासैनीले प्रकृतिको सबभन्दा ठूलो जादु हिमाल हो र हिमालका निम्ति अमूल्य जादु मान्छे हो भनी प्राकृतिक पर्यावरण एवं मानवका बिचको सहसम्बन्ध औँल्याएका छन् (अवस्थी २०७६, भूमिका खण्ड) । हिमाली पर्यावरणको संरक्षण गरी प्राणीहरूको अस्तित्वरक्षामा अग्रसर हुनुपर्ने वैचारिक अभिमतसहित हिमालको अन्तिम आवाज शीर्षकको कवितात्मक भूमिका प्रस्तुतिका क्रममा पुडासैनीले निम्नलिखित अभिव्यक्ति प्रस्तुत गरेका छन् :

**मान्छेहरू**
**मलाई कोपर्न र चिथोर्न नखोज**
**नसोच मलाई सम्याउन वा ड्याङ र कुलेसो बनाउन**
**मलाई 'म' नै रहन देऊ**
**मैले संसारको रखबारी गरेसम्म**
**हराउन दिनेछैन संसारबाट**
**मान्छेको एउटा अजीव चित्र ।** *(पुडासैनी २०७६, भूमिका खण्ड)*

उद्धृत दृष्टान्तमा कविले हिमालको पर्यावरण जोगाउन मान्छेले आफ्नो चेतनाको सही उपयोग गर्नुपर्ने सन्देश दिएका छन् । मानिस प्रकृतिको सुन्दर रचना भएकाले जीव तथा वनस्पतिको अस्तित्वलाई निरन्तर अघि बढाउनका लागि पर्यावरणको संरक्षण गर्नु अपरिहार्य भएको आवाज प्रस्तुत गरी उनले पर्यावरणीय चेतना ध्वनित गरेका छन् । चेतनशील प्राणी भएका नाताले प्रकृतिको संरक्षणमा मानिस सबैभन्दा सचेत हुनुपर्ने कविको धारणा छ । पर्यावरण संरक्षणका लागि सचेतनाको आवाज अघि सारी मानव जातिलाई त्यस दिशातिर क्रियाशील हुन आह्वान गर्दै उनले प्रकृतिविरूद्ध भइरहेका गतिविधिप्रति प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् ।

प्रकृतिमा प्रदूषण भरिएको विषयप्रति कविले पटक–पटक खबरदारी गरेका छन् । प्रकृतिमा आएको सङ्कटका कारण जीवहरूको अस्तित्व पनि सङ्कटापन्न भइरहेको यथार्थ ज्ञात गराउँदै उनले सचेतनाको आवाज व्यक्त गरेका छन् । पूँजीवादी अर्थसंस्कृतिको बिस्तारले पर्यावरणमा पर्न गएको गम्भीर असरप्रति कविको विचार अभिव्यक्त भएको पाइन्छ । पर्यावरणलाई ध्वस्त बनाउन खोज्नेहरूलाई खबरदारीको औँलो ठड्याउँदै कवि लेख्छन्–

**संसारमा**
**कसले पोत्दै छ कालो**
**र कसले पोत्दै छ उज्यालो**
**होसपूर्वक नियाल्दै छन् हिमालहरू**
**....किन कैदमा छन् सुकिला फूलहरू ?**
**किन बतासहीन बनेका छन् रूखहरू ?** *(पृ.१–१४)*

प्रस्तुत साक्ष्यमा कविले विश्वमा बढ्दै गएको पर्यावरणीय प्रदूषणको अवस्थालाई प्रस्ट पारेका छन् । विश्वभरि बढ्दै गएको प्रदूषणको असर नेपाली भूमिमा पनि परिरहेको सन्दर्भ प्रस्तुत गर्दै उनले समयमै सचेत बन्न नसके यसका कारण मानवको अस्तित्व नामेट हुने विचार राखेका छन् । विश्वमा बढ्दै गएको प्रदूषणको असरका कारण वनस्पतिहरूको अवस्था सङ्कटग्रस्त बन्दै गएकाले हाम्रो अक्सिजनको स्रोत घटिरहेको वास्तविकता प्रस्तुत गरी उनले यसबाट मुक्त हुनका लागि मानवजातिमा पर्यावरणीय चेतना बिस्तार गर्नुपर्ने धारणा राखेका छन् । पर्यावरणमा वृद्धि भएको प्रदूषणको परिदृश्य सार्वजनिक गर्ने क्रममा उनले कविताको अर्को प्रसङ्गलाई निम्नानुसार प्रस्तुत गरेका छन् :

**साना नानीहरूले छोपेका हिममलेवाहरू**
**र मैले ढुङ्गे भित्तामा लेखेको मान्छेको ढुकढुकी**
**सङ्कटमा छन् दुवै ।** *(पृ.९)*

उद्धृत दृष्टान्तमा पर्यावरणीय प्रदूषणका कारण सङ्कटग्रस्त अवस्थामा पुगेका प्राणी तथा वनस्पतिको अवस्था विश्लेषण गरिएको छ । यस प्रसङ्गमा पूँजी सञ्चयको होडबाजीमा अग्रसर वर्तमान विश्वमा बिस्तार भएको स्वार्थ र त्यसले प्रकृतिलाई केकसरी सङ्कटग्रस्त मोडमा पुऱ्याएको छ भन्ने विषयको समीक्षा पनि गरिएको छ ।

मानिस चेतनशील प्राणी हो । प्रकृतिको संरक्षण गर्ने जिम्मेवारी मानिसको काँधमा छ । मानिसको सचेत प्रयत्नले मात्र प्रकृतिको उचित स्याहार र संरक्षण हुन सक्दछ । मानिसको स्वार्थी प्रवृत्ति नै आज वृद्धि भएको पर्यावरणीय प्रदूषणको प्रमुख कारण हो । कविले कवितामार्फत प्रकृति संरक्षणका लागि मानिसको सचेतनाको अपेक्षा गरेका छन् । मानिसहरू सचेत भए प्रकृतिमा आएको सङ्कट स्वतः न्यूनीकरण हुने अभिमत प्रस्तुत गर्दै कवि भन्छन् :

**हिमालमा**
**चराहरू समयजस्तै गीत गाउँछन्**
**गीतले नै हिमाल बिउँझाउँछन्**
**उकालो र ओरालोलाई जीवन दिन्छन्**
**हिमाल चढ्दा चराहरूको ख्याल गर्नू**
**हिमालमा हल्ला चल्यो भने चराहरू ओरालो झर्छन्**
**चरा र हल्लाहरू कहिल्यै एकसाथ बस्न सक्दैनन् ।** *(पृ.४४)*

उद्धृत कवितांशमा प्रकृति संरक्षणका लागि मानवीय सचेतनाको भूमिका खोजिएको छ । मानिसले आफ्नो स्वार्थलाई केन्द्रमा राख्दा प्राकृतिक विषय ओझेलमा पर्नुका साथै त्यसको परिणाम मानिसकै लागि प्रत्युत्पादक हुने विश्लेषण गरी यस प्रसङ्गमा सचेतनाको सन्देश प्रवाहित गरिएको छ । प्रकृति संरक्षणका लागि मानिसहरू एकजुट हुनुको विकल्प नभएको पेट बोली अघि सारी कविताको यस प्रसङ्गमार्फत पर्यावरणीय प्रतिरोधको लय बिस्तार गरिएको छ ।

नेपाली समाजमा राजनीति सेवामुखी बन्न नसक्दा यसका असरहरू चारैतिर देखिएका छन् । राजनीतिलाई सही दिशा दिन नसक्दा यसले सामाजिक-सांस्कृतिक अवस्थाका साथै पर्यावरणीय विषयलाई समेत सङ्कटको मोडमा पुऱ्याएको छ । नेपाली राजनीतिको धमिलो अवस्थाप्रति असन्तुष्टिको आवाज प्रस्तुत गर्दै पुडासैनीले यस विषयलाई पर्यावरण प्रदूषणको मुख्य कारणका रूपमा चिनाएका छन् । राजनीतिक प्रदूषणका पृष्ठभूमिमा विकसित पर्यावरणीय प्रदूषणको अवस्था चित्रण गर्ने क्रममा कवि भन्छन् :

**याक र झोक्पेहरू प्रतिस्पर्धामा उभिएका छन् निर्वाचनमा**
**हिमबाघ र रेडपाण्डाहरू हटेका छन् मतदाता सूचीबाट**
**हिमाल शासन रूचाउँदैन**

**हिमाल शान्त सागरको सपना कोरल्छ**

**म हिमाल नाघ्छु र हरेक पटक हिमाल उचाल्छु ।** *(पृ.५९)*

प्रस्तुत साक्ष्यमा प्राकृतिक विषयमा परेको राजनीतिक असरको समीक्षा गरी राजनीतिले प्राकृतिक विषयलाई सही रूपमा दिशानिर्देश गर्न नसकेका प्रति प्रतिरोधी आवाज अभिव्यक्त गरिएको छ । राज्यको मूल नीति राजनीति हो भने यसले सबै विषयलाई सही रूपमा दिशानिर्देश गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गर्दै उद्धृत प्रसङ्गमा प्राकृतिक विषय मानिससँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसका लागि सचेत राजनीतिक नेतृत्वको सही निर्देशन आवश्यक हुने विश्लेषण गरिएको छ । यसका साथै, सचेत राजनीतिक नेतृत्वका माध्यमबाट मात्रै पर्यावरण संरक्षणका दिशामा क्रियाशील हुन सकिने धारणा सार्वजनिक गरिएको छ ।

विकासका नाममा विनाश बढ्दै गएको वर्तमान विश्वमा मानवीय स्वार्थले उचाइ नाघेको छ । पूँजीलाई अन्तिम सत्य मानी अघि बढेको जमातले पर्यावरणमाथि व्यापारको दृष्टि निर्माण गरेको छ । पर्यावरणीय सङ्कटको अवस्थालाई कविले वर्तमानको यसै वास्तविकतामा रहेर प्रस्तुत गरेका छन् । विश्वपरिवेशको वर्तमान अवस्था विश्लेषण गरी उनले हाम्रो सामाजिक धरातललाई यसै परिवेशसित जोडेर हेरेका छन् । स्वार्थको पाठ पढिरहेका आजका मानिसको असली चरित्र देखाउने क्रममा कविले निम्नलिखित कवितांशलाई अघि सारेका छन् :

**तिम्रो र मेरो लहलहाउँदो सम्बन्धलाई**

**अक्सिजनविहीन भड्खालोमा कोच्नेहरू जमजमाइरहेछन्**

**....अकबरे खुर्सानीका ढिँडी सोकेसमा सजाएर**

**इँटाको धुलो बेच्नेहरूको छिनाझपटी छ सहरमा ।** *(पृ.७१-७५)*

यस कवितांशमा मानवीय स्वार्थले निम्त्याएको अमानवीय कार्यको विश्लेषण गरिएको छ । मानिसमा बढ्दै गएको स्वार्थले पर्यावरणीय विषय केकसरी सङ्कटको दलदलमा फस्दै गएको छ भन्ने विषयको समीक्षा गरी यसमा मानवीय स्वभावको विवेचना गरिएको छ । यसका साथै, आफूबाहेक अरूलाई नसोच्ने स्वभाव विकास हुँदै जाँदा मानिसको अस्तित्व कसरी सङ्कटापन्न बन्दै छ भन्ने विषयमाथि पनि विमर्श गरिएको छ । यस कवितात्मक आक्रोशलाई पर्यावरणीय प्रतिरोधको विशिष्ट दृष्टान्त मान्न सकिन्छ । अर्को प्रसङ्गमा यस्तै पर्यावरणीय प्रतिरोध प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

**तिमी नेता बन्दै छौ कि दलाल**
**...कृषक बन्दै छौ कि क्यान्सरका पिता ?** *(पृ.९७)*

जैविक विषादीको बढ्दो प्रयोगले क्यान्सरजस्तो प्राणघातक रोग वृद्धि गर्न उचित वातावरण निर्माण गरेको छ । यो नेपाली समाजले स्वास्थ्यक्षेत्रमा भोग्नुपरेको कठिन परिस्थितिको नमुना हो । उन्नतिका नाममा भइरहेको वातावरण विनाशका कारण पर्यावरण मात्रै होइन मानव स्वास्थ्यमा पनि जटिलताका अनेक सङ्केतहरू देखा परेका छन् । उल्लिखित कवितांशका माध्यमबाट कविले राजनीतिलाई माध्यम बनाएर विकासका नाममा भइरहेको पर्यावरण विनाशको घटनालाई प्रस्ट पारेका छन् । नेपाली समाजको वास्तविकता चित्रण गरी उनले पर्यावरणीय चेतनाका पक्षमा प्रतिरोधी आवाज ध्वनित गरेका छन् ।

## राष्ट्रियताका विषयमा अभिव्यक्त प्रतिरोध

शासकीय प्रभुत्वका कारण नेपाली समाजमा वर्गीय, जातीय, लैङ्गिक तथा पर्यावरणीय अधीनस्थता सिर्जना भएको छ । प्रभुत्वशाली भई सत्ताको निरन्तरतामा रहने शासकको चाहना बिस्तार हुँदै जाँदा स्वार्थमा आएको बढोत्तरीका कारण देशीविदेशी शक्तिको क्रियाशीलतामा वृद्धि हुन गएको देखिन्छ । यसबाट राष्ट्रिय स्वाधीनताको विषय स्वतः कमजोर बन्न गएको छ । सुन्दर, सानो र गरिब राष्ट्र भएकाले ठूला तथा सम्पन्न राष्ट्रहरूद्वारा पटक–पटक नेपालमाथि आक्रमण भएको तर त्यसको प्रतिकार गर्दै अघि बढिएको हाम्रो इतिहास छ । स्वतन्त्र, स्वाधीन र सार्वभौम राष्ट्र भए तापनि सुगौली सन्धि भएपश्चात् प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नेपालमाथि वैदेशिक हस्तक्षेप हुँदै आएको पाइन्छ । यसै परिप्रेक्ष्यमा नेपालमाथि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा वैदेशिक हस्तक्षेप हुँदै आएको चित्रण गर्दै त्यस्तो हस्तक्षेपको विरोध गरेर राष्ट्रिय स्वतन्त्रता र स्वधीनताका पक्षमा थुप्रै नेपाली कविता रचिएका छन् (घिमिरे २०७९, पृ.२१) । शासकले आफ्नो स्वार्थसिद्धिका निम्ति चालेको कदमका कारण हाम्रो स्वाधीनता, स्वाभिमान, संस्कृति, पर्यावरणजस्ता विषयहरू आज खतरामा परेका छन् । त्यसका विरूद्धमा कवितामा प्रतिरोधी आवाज सिर्जना भएको पाइन्छ । प्रस्तुत कविताकृतिका कवितामा पुडासैनीले राष्ट्रप्रेमको स्वरलाई उच्च बनाएका छन् । उनले हिमाललाई प्रतीकका रूपमा प्रयोग गरी देशको अवस्था सार्वजनिक गरेका छन् । शासकहरूको अदूरदर्शिताले हाम्रो स्वाधीनता खतरामा पर्दै गएका प्रति उनको चिन्ता र चासो प्रकट भएको पाइन्छ । कृतिको कवितात्मक भूमिका प्रस्तुत गर्दै उनले भनेका छन् :

**देशमाथि अँध्यारो थोपर्ने हक कसैलाई छैन**
**देश टोकेर सम्राट बन्न खोज्नेलाई**
**चपरी र ढुङ्गाहरूले पुर्छु म ।** *(पुडासैनी २०७६, भूमिका खण्ड)*

प्रस्तुत प्रसङ्गमा कविले देशलाई अँध्यारो बाटामा हिँडाउन खोज्ने शासकीय अभिमानका विरूद्धमा प्रतिरोध व्यक्त गरेका छन् । देशप्रतिको चिन्ता र चासो उनको कवितामा प्रकट भएको पाइन्छ । देशमा मौलाइरहेको विकृतिका कारण उत्पन्न भएको जटिलतालाई उनले कविताको विषय बनाएका छन् । देश कतातिर जाँदै छ भन्ने चिन्ताको विषय उनको कवितामा अभिव्यक्त भएको पाइन्छ । यस्ता विकृति र विसङ्गतिबाट मुलुकलाई बाहिर ल्याउनका लागि हामीमा उत्पन्न हुनुपर्ने सचेतनाका लागि उनले उत्प्रेरणाको आवाज अघि सारेका छन् । कवि भन्छन्–

**हिमालको आँखामा आगो दन्किरहेछ**
**तिमीले र मैले**
**एक एक पसर आगो सापटी लिनुपर्छ हिमालसँग**
**र पगाल्नुपर्छ ढिक्का बनेर बसेको**
**हामीभित्रको अँध्यारो डरलाई ।** *(पृ.३२)*

प्रस्तुत कवितांशमा कविले शासकको खराब शैली र चरित्रका कारण मुलुक सङ्कटको दलदलमा फस्दै गएको विश्लेषण गरेका छन् । शासकीय प्रभुत्वका विरूद्धमा उत्रिन ढिलो गर्न नहुने उनको धारणा छ । उनले उज्यालो यात्रामा अघि बढ्न ढिलाइ गर्न नहुने प्रतिरोधी विचार अघि सारेका छन् । कविले स्वाधीनताका पक्षमा आवाज ध्वनित गरेका छन् ।

जस्तोसुकै विषम परिस्थितिमा पनि देशको स्वाभिमान झुक्नुहुन्न भन्ने राष्ट्रवादी अडानलाई कविले अघि सारेका छन् । देशको स्वाभिमान सङ्कटमा पर्दा अग्र पङ्क्तिमा रहेर हरेक देशभक्तले काँध थाप्न तयार हुनुपर्ने मान्यता राख्दै उनले कविताको विषय निर्माण गरेका छन् । देशको स्वाभिमान र अस्तित्व बचावटका पक्षमा उनले गम्भीर आवाज सम्प्रेषण गरेका छन् । राष्ट्रमाथि उत्पन्न भएका खतराका सङ्केतहरूलाई उनले निम्नलिखित कवितांशमा प्रस्तुत गरेका छन् :

**हातखुट्टामा घाउ लाग्न सक्छ**
**तर हिमाललाई कहिल्यै घाउ लाग्न दिनु हुँदैन**

**आँखा र कानहरूमा फल्न सक्छन् भ्रमका लहरहरू**
**हिमालमा धमिलो रङ मिसिन सक्दैन**
**हिमाललाई हिमाल नै रहन देऊ**
**हिमालको बर्खिलापमा कुनै सपना र कुनै तेलचित्र कोरिन सक्दैन ।**

*(पृ.४४)*

उद्धृत कवितांशमा कविले नेपाल र नेपालीको स्वाधीनता बचावटका पक्षमा प्रतिरोधी आवाज प्रस्तुत गरेका छन् । नेपाली भूमिमाथि उभिएर धमिलो खेलको सपना देख्नेहरूमाथि खबरदारी गर्दै उनले स्वाधीनता रक्षाका पक्षमा प्रतिरोधी आवाज ध्वनित गरेका छन् । उनले राष्ट्रियताका विरूद्धमा हुने कुनै पनि क्रियाकलाप सच्चा देशभक्तका लागि सह्य नहुने विचार व्यक्त गरी राष्ट्र र राष्ट्रियताको बचावटका पक्षमा प्रतिरोधी अभिमत व्यक्त गरेका छन् ।

परिवर्तनका पक्षधर भनिएकाहरूले सत्तामा उक्लिएपछि धरातल बिर्सिएका कारण देशको अवस्था नाजुक बन्न पुगेको विषय प्रस्तुत गरी कविले देशलाई आफ्नो स्वार्थपूर्तिको माध्यम बनाई खतराको भुमरीमा फसाएर नाफाको राजनीति गरिरहेका सत्ताधारीप्रति असन्तुष्टि र असहमति प्रकट गरेका छन् । । देशलाई दुर्दशामा फसाउनेहरूका विरूद्धमा प्रतिरोध प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

**देशलाई च्युरा मुछेर चपाइरहेछन् केही मान्छेहरू**
**जसले जे गरे पनि चुपचाप सहने मेरी आमाजस्तो**
**युगौ युगदेखि उठेको देशको नीलडामविरूद्ध उभिएको छु**
**...म देश कफनमा च्यानाकुटीझ्याइँ बजेर हिँडिरहेको हेर्न सक्दिनँ ।**

*(पृ.५७)*

प्रस्तुत प्रसङ्गमा स्वार्थसँग देशलाई साट्न तयार हुनेहरूका विरूद्धमा प्रतिरोध अभिव्यक्त गरिएको छ । देशमाथि भएका धोकाहरूको समीक्षा गर्दै त्यसका विरूद्धमा आवाज उठाई देशको दुर्दशा टुलुटुलु हेरेर बस्न नहुने धारणा अभिव्यक्त गरिएको यस प्रसङ्गमा देशप्रेमका पक्षमा आवाज उठाइएको छ ।

कविले देशलाई हिमालका सादृश्यमा राखेर हेरेका छन् । उनले नेपाली स्वाभिमानका विरूद्ध षड्यन्त्र गर्नेहरूको अस्तित्व समाप्त भएर जाने दाबी गरेका छन् । उनले देशविरूद्ध उत्रिनेहरू नेपालीहरूको प्रतिरोधका अघि टिक्न नसक्ने धारणा राखेका छन् । स्वाधीनताका पक्षमा आवाज उठाउँदै उनले भनेका छन् :

**हिमालबाट होसियारीपूर्वक सेकिनु**
**जथाभावी हिमाल ताप्न थाल्यौ भने**
**डढेर खाक बन्नेछौ कुनै क्षण ।** *(पृ.७२)*

उद्धृत कवितांशमा कविले नेपालीहरूको स्वाधीनताको परिचय दिएका छन् । नेपाली स्वाभिमानलाई गलत रूपमा बुझ्ने र व्याख्या गर्ने परिपाटीका विरूद्धमा उनले प्रतिरोधी विचार प्रस्तुत गरी स्वाधीनताको चेतनालाई प्रकाशमा ल्याएका छन् । नेतृत्वको असल चरित्र नदेखेपछि आक्रान्त भएका नेपाली जनताको प्रतिरोधी आवाज उठाएर कविले राष्ट्रियताका सन्दर्भमा सबल वैचारिकता निर्माण गरेका छन् । नेपाल र नेपालीको स्वाभिमानलाई कुर्सीमोहमा परी नामेट पार्ने षडयन्त्र भइरहेको अवस्थालाई सङ्केत गर्ने क्रममा कवि लेख्छन् :

**कुर्सी ठिङ्ग उभिइरहन्छ**
**मान्छेलाई भुलाइरहन्छ**
**हिमाल स्वाभिमानको धरोहर हो**
**हिमालमाथि कुनै कुर्सीको पाइताला पर्न दिने छैन ।** *(पृ.८६)*

प्रस्तुत कवितांशका माध्यमबाट कविले नेपाली राजनीतिमा निर्मित षडयन्त्र र त्यसको चरित्रलाई प्रस्ट पारेका छन् । स्वार्थी राजनीतिक नेतृत्वका कारण नेपाल र नेपालीको स्वाभिमान सङ्कटमा परेको सन्दर्भ उद्घाटन गरी उनले त्यस्ता फोहोरी खेलविरूद्ध उभिन ढिलाइ गर्न नहुने प्रतिरोधी आवाज ध्वनित गरेका छन् ।

यस कविताकृतिका कवितामार्फत कविले मौलिक नेपाली संस्कृति निर्माणका पक्षमा रूचि देखाएका छन् । हामीले निर्माण गरेको संस्कृतिमा आयातित संस्कृतिको वर्चस्व रहेको प्रस्ट पार्दै उनले आफूलाई नचिनी आफ्नो भूमिलाई सही पहिचान र दिशा दिन नसकिने विचार व्यक्त गरेका छन् । नेपालीहरूले सांस्कृतिक औपनिवेशिकताविरूद्ध उभिई माटोअनुसारको मौलिक संस्कृति निर्माण गनुपर्ने उनको ठहर छ । पहिचानको बाटो निर्माण गर्दा आफूलाई चिन्न सक्नुपर्ने धारणा प्रस्तुत गर्दै उनले निम्नलिखित विचार अघि सारेका छन् :

**आर्किमिडिजहरूले मात्र पुग्दैन हिमाललाई**
**हब्स, लक र रूसोहरूसँग पनि सन्तुष्ट छैन हिमाल**

**मार्क्सका ठेलीहरू अपूरा भए, भए अपूरा सबै धर्मका दर्शनहरू**
**हिमाल छुँदैमा कहाँ गाँसिन्छ र हिमालसँगको नाता**
**हिमालका दर्शन र आविष्कार**
**अहिलेसम्म कसैले कोट्याएकै छैन ।** *(पृ.६०)*

प्रस्तुत कवितांशमा कविले नेपाल निर्माणका लागि नेपालीहरूको साझा संस्कृति निर्माण हुनुपर्ने विचार राखेका छन् । अरूको अन्धानुकरणले हाम्रो माटोलाई सही दिशा दिन नसक्ने धारणा सार्वजनिक गरी उनले सांस्कृतिक प्रभुत्वका विरूद्धमा प्रतिरोध प्रस्तुत गरेका छन् । माटाको सुगन्ध बुझी संस्कृति चिनेर विकासका प्रयासहरू अघि बढाउन सकेमा सांस्कृतिक औपनिवेशिकताबाट मुक्त हुन सकिने उनको विश्लेषण छ ।

भूमण्डलीकरणका नकारात्मक प्रभावहरूको तीव्र विस्तारका सम्बन्धमा कविले सचेतनाको आवाज प्रस्तुत गरेका छन् । पूँजीवादी अर्थसंस्कृतिको विस्तारका कारण हामीले भोग्नुपरेको सांस्कृतिक प्रभुत्वको विषयलाई उनले कविताको विषय बनाएका छन् । हामीले बेहोर्नु परेको सांस्कृतिक अधीनस्थताको सन्दर्भ उद्घाटन गरी उनले स्वाधीनताको आवाज अघि बढाएका छन् । सांस्कृतिक अधीनस्थताको विषय अभिव्यक्त गरी स्वाधीनतासम्बद्ध सचेतना प्रस्तुत गर्ने क्रममा उनले निम्नलिखित विचार व्यक्त गरेका छन् :

**गाउँ भत्किएको छ सडक खन्ने नाममा**
**मान्छेहरू सबै काम छोडेर नेता बन्न दौडिएका छन्**
**सेलफोनमा टाँसिएका छन् अहोरात्र आँखाहरू ।** (पृ.८१)

उल्लिखित कवितांशमा विकासको मौलिक शैली निर्माण हुन नसक्दा भोग्नुपरेको विनाशको परिणाम सार्वजनिक गरिएको छ । उपलब्धिलाई सही मूल्याङ्कन गर्न नसक्दा प्राप्त भएको परिणाम नै भारी बन्न पुगेको यथार्थको खुलासा गर्दै यस प्रसङ्गमार्फत साइबर संस्कृति र पूँजीवादी अर्थसंस्कृतिको प्रभावमा परेको हाम्रो सांस्कृतिक धरातल र त्यसका कारण निम्तिन सक्ने खतरालाई सङ्केत गरिएको छ । यसका साथै, यस दिशामा समयमै सचेत हुन सबैलाई आग्रहसमेत गरिएको छ ।

साइबर संस्कृतिको प्रभावले नेपाली समाजमा पुऱ्याएको असरको लेखाजोखा गरी कविले सचेत आवाज अघि बढाएका छन् । हाम्रो सांस्कृतिक अधीनस्थताको

अवस्थामाथि चिन्ता व्यक्त गर्दै यतातिरको सचेतनाका सम्बन्धमा कविको विचार निर्माण भएको देखिन्छ । भर्चुअल विश्वको अनुकरणमा रहेको नेपाली संस्कृतिको अवस्था प्रस्तुत गर्ने क्रममा कवि भन्छन् :

**खेलाडीहरू खेलाडीसँग होइन**
**प्रतिस्पर्धारत छन् डोपिङसँग**
**यो सारा विश्व लुकिसकेको छ**
**भर्चुअल विश्वका मुठीभित्र**
**लुकाउने जतिको बजार फैलिरहेछ**
**देखाउने जतिको व्यापार खुम्चिरहेछ ।** *(पृ.८३)*

उद्धृत कवितांशमा साइबर संस्कृतिको प्रभावको विश्लेषण गरिएको छ । यसमा साइबर संस्कृतिप्रतिको चासो र चिन्ता नेपाली मौलिक संस्कृतिको जगेर्नाका पक्षमा रहेको देखिन्छ । पूँजीवादी अर्थसंस्कृतिले व्यापारका नाममा खेलेको खेललाई समीक्षा गरिएको कविताको उल्लिखित प्रसङ्गमा नेपाली समाजले भोग्नुपरेको सांस्कृतिक अधीनस्थताको समीक्षा गरिएको छ । सांस्कृतिक प्रभुत्वका विरूद्धमा प्रकटित प्रस्तुत प्रतिरोधी विचार स्वाधीनता जागृतिको उपयुक्त दृष्टान्त बन्न पुगेको छ ।

## मानवताका विषयमा अभिव्यक्त प्रतिरोध

प्रस्तुत कविताकृतिमा कविले मानवीय संवेदना फितलो बनी मानवताको विषय कमजोर हुनपुगेको विषयलाई उठान गरी कविताको विषय प्रस्तुत गरेका छन् । उनले मानवीय संवेदनाको बढ्दो क्षयीकरणको सन्दर्भ उल्लेख गरी त्यसका विरूद्धमा प्रतिरोधी विचार प्रस्तुत गरेका छन् । उनले हिमाल र हिमसंस्कृतिको सन्दर्भ अभिव्यक्त गरी मानवीय स्वभावको विषयलाई चिनाएका छन् । मानिस–मानिसबिचको नाताका अघि अन्य सबै विषय फिका हुने उनको तर्क छ । हिमाल जात, धर्म, भाषा र रङ्गभन्दा माथिको मन्त्र हो भन्दै उनले हिमालका छातीमा समुद्र रहेको र त्यसलाई विनासर्त दान गर्ने हिमाकाङ्क्षा पनि रहेको रम्य कल्पनासमेत प्रस्तुत गरेका छन् (अवस्थी २०७६, भूमिका खण्ड) । उनले मान्छेलाई पहिलो स्थानमा राखी त्यसपछि मात्र अन्य विषयलाई स्थान दिइनुपर्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । मानवताको विषयलाई कवितामा प्रस्तुत गर्ने क्रममा कवि लेख्छन् :

**हिमाल मात्र होइन**
**हिमकुहिरो मात्र बन्न सक्छौ भने तिमी**
**संसारभर खुसी नै खुसीको तरङ्गमा**
**डाँडा र मैदान जता मन लाग्छ**
**फुरफुर फुर्किएर समयसँगै हिँड्नुको विकल्प छैन ।** *(पृ.२)*

प्रस्तुत साक्ष्यमा कविले मान्छेका बिचको नातालाई असल रूपमा स्थापना गरी शान्तिको लहर सिर्जना गर्न सकिने मानवतावादी विचार व्यक्त गरेका छन् । विश्वमा बढ्दै गएको द्वन्द्व र यसले निम्त्याएको अशान्तिलाई शान्तिमा रूपान्तरण गर्ने उनको चाहना यस सन्दर्भमा प्रकटित छ । मानवताको नातालाई हृदयमा सजाउने मान्छेको खोजी गर्दै उनले विकास हुन नसकेको मानवीय नाताका सम्बन्धमा तीव्र असन्तुष्टि जाहेर गरेका छन् । यो उनको मानवताविरोधी भावनाका विरूद्धमा जागृत भएको प्रतिरोधी विचार हो ।

धर्म, राजनीति, जातीयता आदिसँग जोडिएको असान्दर्भिक राजनीतिक आवाजले मानवताको नातालाई जरैबाट हल्लाएको विषयमा कविको सचेत कलम सचेतनाको लय सिर्जना गर्दै अघि बढेको छ । विश्वपरिवेशदेखि नेपाली जनजीवनसम्म मानवताविरोधी अभिमत प्रस्तुत गर्नेहरूका विरूद्धमा उनको सचेतना खबरदारीका रूपमा प्रकट भएको देखिन्छ । मानवताको नातालाई नजोगाई अन्य विषयमा प्रवेश गर्न नहुने सन्दर्भ प्रस्तुत गर्ने क्रममा कवि बोल्छन् :

**...तर तिनीहरू सधैँ मसँग**
**राजनीतिक रङ्गको प्रमाणपत्र माग्छन्**
**धर्मको गन्धको प्रमाणपत्र माग्छन्**
**जात र रूपको वर्गीकरण माग्छन्**
**मलाई सग्लो हिममान्छे बनेर बाँच्न किन दिइएको छैन ?**
**कि यो संसारमा विभाजित नभई कसैलाई बाँच्ने अधिकार छैन ?**
**मेरा प्रश्नको मूल फुट्न थालेपछि कान थुन्न थाल्छन् कुर्सीहरू ।** *(पृ.८२)*

प्रस्तुत कवितांशमा राजनीतिक स्वार्थले खेलेको विभाजनको खेलमा मिसिएको स्वार्थी प्रवृत्तिको विश्लेषण गरिएको छ । मानिसको प्रथम परिचय मानिस नै हो भन्ने बिर्सिएर आजका मानिसले थालेको स्वार्थको राजनीति मानवताविरोधी

अभिव्यक्तिबाहेक अरू केही पनि हुन नसक्ने निचोडमा उद्धृत प्रसङ्गलाई पुऱ्याइएको छ । सत्ताको मोहमा परी मानवताको नाता कुल्चिएर अघि बढ्ने प्रवृत्तिप्रति असन्तुष्टि प्रकट गरी कविताको यस सन्दर्भमार्फत मानवताका पक्षमा विशिष्ट प्रतिरोध ध्वनित गरिएको छ ।

## निष्कर्ष

हिमालका आवाज कविताकृतिका कवितामा हिमसंस्कृतिको अवलोकनपश्चात् हिमाली भूभागको विविधतालाई पर्यावरणीय चेतनासँग जोडेर प्रस्तुत गरिएको छ । पर्यावरणीय चेतनाको प्रस्तुतिका दृष्टिकोणबाट प्रस्तुत कृतिका कविता महत्त्वपूर्ण देखिएका छन् । जातीय, वर्गीय र लैङ्गिक विषयमा कायम गरिएको प्रभुत्वलाई निस्तेज पार्नका लागि सचेत प्रतिरोध आवश्यक भएको तर्क राख्दै विश्लेष्य कवितामा नेपाली संस्कृतिको संरक्षणका लागि उत्पन्न विकृतिविरूद्ध प्रतिरोधी कदम चाल्न ढिलाइ गर्न नहुने निष्कर्ष निकालिएको छ । यसका साथै, देशप्रेमका विषयमा सचेतनाको आवाज उठान गरी सांस्कृतिक, प्राकृतिक तथा मानवीय सम्बन्धको संवेदनशीलताप्रति सजग रहन आग्रहसमेत गरिएको छ । यसमा सत्ताले अभ्यास गरेको शक्तिका कारण सिर्जित प्रभुत्वविरूद्ध प्रतिरोध प्रकट गरी राज्यसत्ताको स्वार्थी चरित्रका कारण राष्ट्रियता खतरामा परेको विषयमा चिन्ता र चासो व्यक्त गरिएको छ । स्वाधीनताको आवाजलाई बुलन्द गरी यी कविताहरूमा मानिसको गैरजिम्मेवार चरित्र नै पर्यावरणीय सङ्कटको प्रमुख कारण बन्न पुगेको विश्लेषण गरिएको छ । साथै, पर्यावरणीय सङ्कटको विषयलाई न्यूनीकरण गर्नका लागि समयमै सचेत हुन नेपाली जनतालाई आग्रह गरिएको छ । सांस्कृतिक सचेतनाका सन्दर्भमा वर्तमान नेपाली समाजको परिदृश्य प्रस्तुत गरी हामीले बेहोरेको सांस्कृतिक अधीनस्थता र त्यसको कारणको समीक्षा गरिएको छ । मानवीय सम्बन्ध, स्वभाव र मानवतामा प्रवेश गरेको राजनीतिक स्वार्थ तथा त्यसको असरमाथि विमर्श गरी त्यसविरूद्ध एकजुट हुन सचेतना ध्वनित गरिएको छ । वर्गीय, जातीय, लैङ्गिक र पर्यावरणीय विषयमा हाम्रो समाज सचेत हुन नसकेको ठहर गरी त्यस दिशामा प्रतिरोध बिस्तार गर्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ । शासकीय अकमर्ण्यताका कारण राष्ट्रियता र मानवतामाथि भइरहेको सांस्कृतिक अतिक्रमणविरूद्ध उभिन ढिलाइ गर्न नहुने तर्क अघि सारिएको छ । नेपाली संस्कृतिलाई हिमसंस्कृतिका रूपमा चिनाउँदै साझा संस्कृतिमार्फत हाम्रो साझा पहिचान निर्माण गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गरी स्वाधीनताका पक्षमा सचेत सन्देश प्रवाह गरिएको छ । नेपाली समाजको साझा संस्कृति निर्माणका पक्षमा अभिव्यक्त विचार, पर्यावरणीय चेतना तथा स्वाधीनताको जागरणका पक्षमा

प्रकटित विचार नै प्रस्तुत कविताकृतिका कविताको वैचारिक निष्कर्ष हो, जसलाई यस अध्ययनको मुख्य प्राप्तिका रूपमा स्विकार्न सकिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


अवस्थी, महादेव (२०७६). पुडासैनीको साहित्ययात्रागत परिपक्व जैविकीका नवीन प्राप्तिका रूपमा हिमालका आवाज. दामोदर पुडासैनीद्वारा लिखित हिमालका आवाज (भूमिका खण्ड). दोभान प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८ असार/२०६८ साउन). सिद्धान्तका कुरा (दोस्रो संस्क.). अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०७५). मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ज्ञवाली, विष्णुप्रसाद (२०७५ असार). गहुँगोरो अफ्रिका कवितामा ज्ञान, पहिचान र शक्तिसंरचना. RR Interdisciplinary Journal, २, ५०-६४ ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). सांस्कृतिक अध्ययन र विकलका उपन्यास. तन्नेरी प्रकाशन ।

घिमिरे, निमग्ना (२०७९). नेपाली कवितामा राष्ट्रिय स्वाधीनता चेत. नेपाल प्रज्ञाप्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). साहित्य पठन र मीमांसाको पृथक् अभ्यास. विष्णुप्रसाद ज्ञवालीद्वारा लिखित सांस्कृतिक अध्ययन र विकलका उपन्यास (भूमिका खण्ड). तन्नेरी प्रकाशन ।

पुडासैनी, दामोदर (२०७६). हिमालका आवाज. तन्नेरी प्रकाशन ।

भण्डारी, यादवप्रसाद (२०७२). अलिखित उपन्यासको सांस्कृतिक अध्ययन अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

भण्डारी, हेमबहादुर (२०७५, मङ्सिर). उज्यालो खोजिरहेको घाम कविताकृतिमा नारी. दीक्षान्त, १ (१), ७१-९३ ।

भण्डारी, हेमबहादुर (२०७८, कार्तिक). शहरविनाको शहर कविताकृतिमा पर्यावरणीय चेतना. कलादर्पण, २ (१), ३०-४० ।

राई, यशोदा (२०७८ माघ-२०७९ असार). खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना. प्रज्ञा, १२३ (१), १५४-१६५ ।

सुवेदी, अभि (२०६८). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड (पृ.१२५-१३९). रत्न पुस्तक भण्डार ।

Maase, Kaspar (2017).Popular Culture, Resistance, Cultural Radicalism and Self-Formation. Resistance edited by Martin Butler, Paul Mecheril & Lea Brenningmeyer (p.45-70). Center for Migration, Education and Cultural Studies.

Raby, Rebecca. (2005 June). What is Resistance?. Journal of Youth Studies, 8 (2), 151-171.

# वसन्त काव्य गोष्ठी, पुस्तक लोकार्पण तथा अमरज्योति साहित्य सम्मान– २०८१ समर्पणको कार्यक्रम सम्पन्न



नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले वसन्त काव्य गोष्ठी, पुस्तक लोकार्पण तथा 'अमरज्योति सम्मान–२०८१ समर्पण'को कार्यक्रम आयोजना गरेको छ ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'को सभाध्यक्षतामा २०८१, वैशाख २१ गते शुक्रवारका दिन नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयस्थित रूफटप हलमा सो कार्यक्रम सम्पन्न भएको हो ।

संस्कृतिविद्, पत्रकार एवम् गजलकार धीरेन्द्र प्रेमर्षिको प्रमुख आतिथ्यतामा सञ्चालन भएको सो कार्यक्रममा विद्युतकर्मी साहित्य समाजका पूर्व उपाध्यक्ष राजु शर्माको यात्रा संस्मरणात्मक कृति 'गन्तव्यतिर' को लोकार्पण गरिएको थियो ।

सोही समारोहमा नेपाल विद्युत प्राधिकरणको सेवामा आबद्ध रहँदै साहित्य, कला र गीत/सङ्गीत क्षेत्रको स्तरोन्नतिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएबापत तीन विधाका चार जना स्रष्टाहरूलाई सम्मानित गरिएको थियो ।

उक्त कार्यक्रममा 'अमरज्योति साहित्य सम्मान- २०८१' बाट कवि शान्ता सुवेदी र कथाकार/ नियात्राकार राजु शर्मालाई सम्मान गरिएको थियो भने 'अमरज्योति कला सम्मान- २०८१' बाट उपेन्द्र शिवाकोटी र 'अमरज्योति सङ्गीत सम्मान- २०८१ 'बाट गायक रूद्रबहादुर पालुङ्वालाई सम्मान गरिएको थियो । प्रमुख अतिथि संस्कृतिविद् धीरेन्द्र प्रेमर्षिले माला,दोसल्ला, सम्मान पत्र र नगद रू. पाँच हजार पाँचसहित सर्जकहरूलाई सम्मान गर्नु भएको हो ।

सो कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उपकार्यकारी निर्देशकद्वय तुलाराम गिरी र मदन तिम्सिना, निर्देशक बेलप्रसाद शर्मा लगायत ने.वि. प्रा. का उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू- कुलप्रसाद पराजुली, विष्णुबहादुर सिंह, वीरेन्द्र पाठक, पुण्य घिमिरे र रामेश्वर राउत 'मातृदास' तथा भाषा आयोगका माननीय सदस्य मातृका पोखरेल समेतको उपस्थिति रहेको थियो ।

सो समारोहमा आयोजित 'वसन्त काव्य गोष्ठी' मा नेपाल विद्युत प्राधिकरण बाहिरका आमन्त्रित अतिथि कविहरू- प्रज्ज्वल अधिकारी, दुर्गाकिरण तिवारी, नारायण निरासी, अन्जना पौडेल, सोझो गाउँले, ज्ञानराज सुवेदी, पद्म दाहाल लगायतले रचना वाचन गरेका थिए ।

त्यस्तै नेपाल विद्युत प्राधिकरणको सेवामा कार्यरत लक्ष्मण मण्डल, रीता खत्री र अनिल पौडेल तथा विद्युतकर्मी साहित्यिक समाजका पूर्व अध्यक्ष त्रय- कुलप्रसाद पराजुली, पुण्य घिमिरे र रामेश्वर राउत 'मातृदास' को उक्त समारोहमा काव्यिक प्रस्तुति रहेको थियो । सो अवसरमा सम्मानित स्रष्ट्राहरूको तर्फबाट राजु शर्मा र रूद्रबहादुर पालुङ्वाले सङक्षिप्त मन्तव्य सहित रचना वाचन गरेका थिए ।

सो कार्यक्रममा सङ्क्षिप्त मन्तव्य राख्दै प्रमुख अतिथि वरिष्ठ साहित्यकार धीरेन्द्र प्रेमर्षिले राजनीति लडखडाउँदा साहित्यले सम्हाल्ने गरेको दृष्टान्त प्रस्तुत गरेका थिए । उनले साहित्यिक सुकर्महरूले विविध भाषाभाषीलाई भावात्मक रूपले जोड्न सक्ने धारणा समेत राखेका थिए ।

त्यस्तै ने.वि.प्रा.का कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतकर्मी साहित्यिक समाजले निरन्तर नौलो साहित्यिक कार्यक्रम आयोजना गरेर कर्मचारी वृत्तमा उदाहरणीय काम गरेकोमा प्रसन्नता जाहेर गर्दै यस्ता कार्यक्रमहरूमा आफूले सक्दो साथ र समर्थन दिँदै आएको कुरा बताएका थिए । अर्का वक्ता विद्युतकर्मी साहित्यिक समाजका पूर्व अध्यक्ष केशवप्रसाद रूपाखेतीले राजु शर्माकृत विमोचित काव्यकृति 'गन्तव्यतिर' माथि सङ्क्षिप्त समीक्षा गरेका थिए ।

उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले 'भौतिक र भावात्मक बिजुलीको एकसाथ प्रवर्द्धनः हाम्रो अभियान' भन्ने मूल नारालाई साकार रूप दिन विद्युतकर्मी साहित्यिक समाज निरन्तर प्रतिबद्ध रहेको विचार व्यक्त गर्दै कार्यक्रममा उपस्थित अतिथिहरूलाई न्यानो स्वागत गरेका थिए ।

यस अघि'तीन तियाँ','गजल मुशायरा', 'पुस्तकसँग पाठक', 'बहुभाषिक काव्यगोष्ठी' 'लेखन प्रशिक्षण कार्यशाला', 'पर्यटन साहित्य', 'त्वदियं वस्तु गोविन्द तुभ्ययमेव समर्पणम्' लगायत विविध स्वाद र शैलीका साहित्यिक कार्यक्रमहरू सञ्चालन गरिसकेकोले यसपटक कर्मचारीहरूमा सिर्जनशील उत्प्रेरणा अभिवृद्धि गर्ने हेतुले सम्मान र रचना वाचनको कार्यक्रम आयोजना गरिएको संस्थाका सचिव विष्णु आचार्य 'अतृप्त' ले सो अवसरमा जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि धीरेन्द्र प्रेमर्षि र ने.वि.प्रा.का स्रष्टा लक्ष्मण मण्डलले मैथिली भाषाका साहित्यिक सामग्री पस्किएर कार्यक्रममा बहुभाषिकता र समावेशिताको स्वाद थपेका थिए । करिब ३ घन्टासम्म सन्चालन भएको सो कार्यक्रमको सहजीकरण विद्युतकर्मी साहित्यिक समाजका सचिव विष्णु आचार्य 'अतृप्त' ले गरेका थिए ।

कार्यक्रमको अन्त्यमा भाषाआयोगका माननीय सदस्य मातृका पोखरेलले प्रमुख अतिथिलाई मायाको चिनो प्रदान गरेका थिए । सो अवसरमा रचना वाचनका लागि आमन्त्रण गरिएका नेपाल विद्युत प्राधिकरण बाहिरका अतिथि स्रष्टाहरूलाई समेत मायाको चिनो प्रदान गरिएको थियो ।

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरूः
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरूः**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी - ९८४१६८१४७५
४. शान्ता सुवेदी - ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा - ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा - ९८५१०१८८४४
८. देवराज प्रसाईं - ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती - ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे - ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी - ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल - ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान - ९८५११०६१०७
१५. कौशल भट्टराई - ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल - ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा - ९८४१४११६४४
२१. मातृका बजिमय - ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा - ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य - ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली - ९८४२०२७७५६
३२. विन्दु शर्मा - ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य - ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५
४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९

५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५

१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२
१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०

२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी....
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३११६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५

३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

१. कुलप्रसाद पराजुली २०६७
२. मोहनबहादुर कायस्थ २०६८
३. पुष्पनाथ शर्मा २०६९
४. विष्णुबहादुर सिंह २०७०
५. कृष्णमोहन जोशी २०७१
६. केशव रूपाखेती २०७२
७. वीरेन्द्र पाठक २०७३
८. पुण्य घिमिरे २०७४
९. मोहनकृष्ण उप्रेती २०७५
१०. भुवनचन्द ठकुरी २०७५
११. मातृकाप्रसाद सङ्ग्रौला २०७५
१२. पुष्कर पुरी २०७५
१३. जुजुकाजी रञ्जित २०७६
१४. देवेन्द्र अधिकारी (दुःखी माइला) २०७६
१५. कमला श्रेष्ठ २०७७
१६. आर.आर. चौलागाईं २०७८
१७. मातृका पोखरेल २०७९
१८. रमेशप्रसाद न्यौपाने २०७९
१९. मञ्जुलाल श्रेष्ठ २०८०
२०. गङ्गा अधिकारी २०८०
२१. राजु शर्मा २०८१
२२. शान्ता भट्टराई सुवेदी २०८१
२३. उपेन्द्र शिवाकोटी (कला सम्मान) २०८१
२४. रूद्र ब.पालुङ्वा (सङ्गीत सम्मान) २०८१

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०
२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०

# 'अमरज्योति साहित्यिक त्रैमासिक'का लागि लेख रचना उपलब्ध गराउने बारेको सूचना

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको **अमरज्योति** साहित्यिक त्रैमासिकका लागि निम्नानुसारका लेख रचनाहरू उपलब्ध गराइ दिनुहुन समस्त सर्जक महानुभावहरूलाई अनुरोध गरिन्छः

१ साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू

२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक–साहित्यिक लेख रचनाहरू

३. साहित्यका विभिन्न सिद्धान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू ।

४. नेपाली र विश्व साहित्यमा देखापरेका नयाँ मान्यताहरू

५. अनुवाद साहित्य

६. कला, संस्कृति, दर्शन एवम् भाषावैज्ञानिक आलेखहरू

उपर्युक्त अनुसारको लेख रचना प्रीति फन्ट (१४) मा तयार गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइ दिनुहुन समस्त सर्जक–समीक्षक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनु हुन समेत अनुरोध गरिन्छ ।

**लेख रचना पठाउने विद्युतीय ठेगानाः**

amarjyoti@nea.org.np


विनीत :

**विद्युतकर्मी साहित्यिक समाज परिवार**

**नेपाल विद्युत प्राधिकरण**

नोटः प्रकाशित लेख–रचनाहरूका लागि उचित पारिश्रमिक प्रदान गरिनेछ ।

साथै ४४ औँ अङ्कदेखि यताका अङ्कहरूको pdf.Digital version www.nea.org.np मा गई अध्ययन गर्न सक्नुहुनेछ ।


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।



सस्तोमा बिजुली दिंदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।
नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'